



हाम्रो नाम्खा

स्थानीय पाठ्यक्रम

# हाम्रो नाम्खा

आधारभूत तह (कक्षा १–८)




**नाम्खा गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
नाम्खा, हुम्ला (कर्णाली प्रदेश)

"सुन्दर, शान्त, विशाल : समृद्ध नाम्खा हाम्रो अभियान"

स्थानीय पाठ्यक्रम

# हाम्रो नाम्खा

आधारभूत तह (कक्षा १–८)


## नाम्खा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नाम्खा, हुम्ला (कर्णाली प्रदेश)

## स्थानीय पाठ्यक्रम निर्माण समिति

समिति गठन : २०८० साउन २८ गते

| | |
|---|---|
| संयोजक | – सम्क्याप तामाङ |
| सदस्य | – पद्मा लामा |
| सदस्य | – पाल्जोर तामाङ |
| सदस्य | – सुनाम लामा |
| सदस्य | – ग्याम्जो तामाङ |
| सदस्य | – लातार लामा |
| सदस्य | – पाल्जोर लामा |
| सदस्य | – कञ्जोक लामा |
| सदस्य-सचिव | – मनराज बुढा |

## निर्माण सहयोगी तथा सल्लाहकार

| | |
|---|---|
| प्रेमबहादुर लामा | – अध्यक्ष |
| तक्दिर लामा | – उपाध्यक्ष |
| मोहनबहादुर शाही | – नि. प्रमुख प्रशासकीय अधिकृत |


प्रकाशक : नाम्खा गाउँपालिका, हुम्ला

विषयवस्तु सङ्कलन, लेखन र निर्माण : कञ्जोक लामा
सुझाव सङ्कलन तथा सम्पादन सहयोग : कृष्ण प्रसाद आचार्य

आवरण/सज्जा : वसन्तराज अज्ञात

प्रकाशन : प्रथम, वि.सं. २०८१
सङ्ख्या : २०० प्रति
मूल्य : रु.४००/-
मुद्रण : प्रज्ञा छापाखाना, कमलादी, काठमाडौँ

# शुभकामना !

मितिः २०८१ असार २०

आधारभूत तहका विद्यालयमा अध्यनरत बालबालिकाहरूको आधारभूत, व्यावहारिक, यथार्थ एवं वास्तविक जीवनसंग सम्बन्धित स्थानीय ज्ञान, सिप र क्षमताको अभिवृद्धि र समृद्धि होस भन्ने उद्देश्यलाई आत्मसात् गरी स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित) - २०७६ अनुसार स्थानीय पाठ्यक्रम निर्माण सहजीकरणलाई आधार मानी निर्माण गर्ने कार्य नाम्खा गाउँपालिकाले प्रारम्भ गरेको छ। शिक्षालाई व्यावहारिक, जीवन उपयोगी र जीविकोपार्जन गराउने, स्थानीय आवश्यकताको पहिचान, विशेषता, ज्ञान, सिपको खोजी, अभिलेखिकरण गरी संरक्षण गर्ने मूल उद्देश्यका साथ नाम्खा गाउँपालिका भित्रका शैक्षिक, प्राज्ञिक, बौद्धिक तथा सरोकारवालाहरूसँगबाट रचनात्मक एवम् सिर्जनात्मक सुझावहरू सङ्कलन गरी शिरोधार्यका साथ स्थानीय परिवेशलाई आधार मानेर तयार गरिएको यो पाठ्यक्रम र यसबाट हुने सिकाइ अत्यन्तै सान्दर्भिक रहेको छ।

प्राकृतिक र सामाजिक विविधतामा एकता भएको हाम्रो समाज र यसभित्र रहेका सर्वपक्षीय विषयवस्तु, ज्ञान, सिपहरूलाई समेटी सिकाइलाई प्रभावकारी र व्यावहारिक बनाउने प्रयत्न गरिएको छ। स्थानीय ज्ञानलाई व्यावहारिक शिक्षा आर्जनको आधार स्तम्भको रूपमा लिइ राष्ट्रिय एवं विश्व परिवेशको ज्ञान हासिल गर्ने तहगत, क्षेत्रगत व्यापकतालाई आत्मसात् गरिएको छ। स्थानीयताको गरिमालाई अभिवृद्धि गर्दै बालवालिकाको मानसपटलमा आफ्नोपनको विकास र रुचिका विषयलाई समेटी सिकाइ अभिवृद्धि गर्दै उनीहरूमा आत्म ज्ञान, अनुशासन, सिप, अभिवृत्ति, मूल्य र क्षमता जस्ता सक्षमताहरू हासिल गर्नमा यो पाठ्यक्रम सफल हुनेछ भन्ने आशा राख्दै पूर्ण कार्यान्वयन हुने विश्वास सहित सफलताको शुभकामना दिन चाहन्छु।

..........................

प्रेम बहादुर लामा

अध्यक्ष

(नाम्खा गाउँपालिका)

# भूमिका

नेपाल प्राचीनकालदेखि पूर्वीय दर्शन र वेदमा आधारित वेदव्यास जस्ता महान् ऋषिमुनिहरूले गरेका ज्ञान, ध्यान र तपस्याको माध्यमबाट लामो समयको वैदिक परम्पराको शिक्षा, सिकाइ, अभ्यास, प्रयोग र हस्तान्तरण हुँदै आएको थियो । त्यसपछि शिष्य वा चेलाले गुरु कहाँ गएर विद्या हासिल गर्न गुरुकुल, देवकुल, संस्कृत र बौद्ध दर्शन, गुम्बा/विहार धर्मशिक्षा हुँदै राणाकालमा जङ्गबहादुरले बेलायत भ्रमणपछि विक्रम संवत् १९१० मा खोलिएको दरबार हाईस्कुलबाट औपचारिक रूपमा विद्यालय शिक्षाको अवधारणा र विकास प्रारम्भ भएको मानिन्छ । जहानियाँ राणाकालीन शिक्षापछि विक्रम संवत् २००७ मा प्रजातन्त्र प्राप्तिपछि देशमा विद्यालय खोल्ने र शिक्षा दिने काम तीव्र गतिमा अघि बढे तापनि देशको अवस्था, समयको माग, कस्तो खालको शिक्षा दिने सन्दर्भमा भने व्यवस्थित शिक्षा प्रणाली र संरचनाको विकास हुन सकिरहेको थिएन । त्यसपछि २०१७ सालमा पञ्चायती व्यवस्थापश्चात् २०२८ सालमा राष्ट्रिय शिक्षापद्धति योजना र शिक्षा ऐनको नीतिगत व्यवस्थापश्चात् देशमा एक खालको शैक्षिक संरचना र प्रणाली त बन्यो तर यस किसिमको शिक्षाले देशको सबै भूगोल, भाषा, धर्म, जातजाति, संस्कृति, वर्ग र विविधताको पहिचान, सम्मान र सम्बोधन गर्ने खालका भएनन वा एकल हिन्दु राज्य, जाति, भाषा, धर्मलाई प्रवर्धन गर्ने खालको शिक्षा प्रणाली बन्यो । यसले एकल जाति, भाषा, धर्मको वर्चस्व कायम रहने खालका एउटै भाषा एउटै भेष, हिन्दु राज्य जस्ता नारा, सन्देश दिने, राज संस्थाको मात्रै गुणगान गाउने खालका शिक्षा नीतिले देशको समग्र नागरिकको हितमा शिक्षाले स्थान पाउन सकेन । यस अवस्थामा विद्यालय स्थापना गर्ने काम मात्र नभई शिक्षक व्यवस्था, शिक्षक तालिम, व्यावसायिक र प्राविधिक शिक्षा हुँदै उच्च शिक्षासम्म अध्ययन गर्ने सङ्ख्यात्मक र गुणात्मक शिक्षा विकासको जग निर्माण भई निरन्तरतामा लागिपरेको थियो । ती सबैका लागि उपयुक्त र पर्याप्त शिक्षा भने हुन सकेको थिएन ।

२०४६ सालको बहुदलीय व्यवस्थापश्चात् शिक्षालाई नयाँ तरिकाले समावेशी र सबैका लागि पहुँचयोग्य, सर्वसुलभ बनाउने शिक्षा नीतिअनुसार २०४९ को राष्ट्रिय शिक्षा आयोग गठन गरी प्राप्त सुझावअनुसार प्राथमिक पाठ्यक्रममा ३ पाठ्यभारको स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक छनौट गरी पढाउने व्यवस्था गरेको थियो । त्यसैगरी प्राथमिक पाठ्यक्रम २०६३ मा ५ पाठ्यभारको स्थानीय विषय र २०७६ को राष्ट्रिय पाठ्यक्रम प्रारूपले आधारभूत (१-३) मा मातृभाषा विषयसम्बन्धी क्रियाकलाप समावेश गरी ५ पाठ्यभार र वार्षिक १६० पाठ्यघण्टा र ४-८ सम्म मातृभाषा तथा स्थानीय विषयवस्तुमा आधारित ४ पाठ्यभारको वार्षिक १२८ पाठ्य घण्टाको अनिवार्य व्यवस्था गरिएको छ । स्थानीय आवश्यकता, स्थानीय विषयवस्तुमा आधारित स्थानीय विज्ञ र सहभागितामा निर्माण हुने गरी स्थान विशेष दर्शन, ज्ञान, स्थानीय सन्दर्भलाई ध्यानमा राखी विविधतालाई सम्मान र सम्बोधन गर्दै सामाजिक पुनःसंरचनावादी सिद्धान्तमा आधारित भई पाठ्यक्रम निर्माण र लागु गर्ने काम स्थानीय तहलाई जिम्मा दिएको छ ।

विद्यार्थीहरूलाई प्रारम्भिक कक्षादेखि नै स्थानीय परिवेशसँग परिचित गराउनका लागि स्थानीय पाठ्यक्रमको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय ज्ञान, सिप, प्रविधि, संस्कृति, प्रकृति, संस्कार, कला, भाषा, साहित्यको संवर्धन र सबलीकरणबाट मात्र अन्तर्राष्ट्रिय रूपमा प्रतिस्पर्धा गर्न सक्ने सोच, क्षमता विकास र वस्तु उत्पादन गर्न सकिने आधार निर्माण र तथ्यलाई दृष्टिगत गरी स्थानीय पाठ्यक्रमको अवधारणालाई अगाडि सारिएको हो । 'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' ले आधारभूत तहमा एउटा विषयका रूपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम स्थानीय तहले तयार गरी पठनपाठन गराउनुपर्ने व्यवस्था गरेको छ । नेपालको संविधानले पनि विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्य क्षेत्रभित्र राखेको छ । यो पाठ्यक्रम निर्माणको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने, विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृद्धिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्धन गर्ने रहेको छ । परम्परागत र स्थानीय ज्ञान, सिप र प्रविधिको संवर्धन तथा संरक्षण गर्दै वैज्ञानिक खोज एवम् अनुसन्धानबाट प्रतिपादित नवीनतम् प्रविधिलाई मुलुकको समग्र विकास प्रक्रियामा उपयोग गर्ने रणनीति तय गरेको छ ।

नाम्खा गाउँपालिकाको भौगोलिक र जनसाङ्ख्यिक परिचय, नक्साङ्कन र इतिहास, पालिकाभित्रको रीतिरिवाज, लोक साहित्य र भाषा, संस्कार र लोक संस्कृति, स्थानीय धार्मिक र पर्यटकीय स्थलहरू, स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधि, खेलकुद, स्थानीय प्रकोप र जोखिमको पहिचान तथा व्यवस्थापन र वन पैदावार जस्ता पक्षहरू समावेश गरी देखेर, गरेर, खोजेर सिक्ने पद्धतिमा आधारित भई सिकाइ सहजीकरण गर्ने र विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट प्राप्त ज्ञान, सिप र अभिवृत्तिलाई विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापलाई जोड दिई यो पाठ्यक्रम निर्माण गरिएको छ ।

पाठ्यक्रम निर्माण कार्यमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग र योगदान गर्नुहुने सम्पूर्ण निर्माण समिति सदस्य, विद्यालयका प्रधानाध्यापक (प्रअ) तथा शिक्षक, अग्रज, विज्ञ महानुभावहरू, सुझावकर्ता, सल्लाहकारज्यूहरू सबैमा हार्दिक आभारसहित हृदयदेखि धन्यवाद दिन चाहन्छ । यस पाठ्यक्रममा कुनै प्राविधिक कारण हिज्जे वा अन्य कुनै किसिमको गल्ती तथा त्रुटि फेला पारेमा सरोकारपक्ष, शिक्षक, विद्यार्थी तथा आम पाठक वर्गमा सुधार र सुझावको अपेक्षा गर्दछौँ ।

**नाम्खा गाउँपालिका**

# विषय-सूची


| | | |
|---|---|---|
| स्थानीय पाठ्यक्रम : हाम्रो नाम्खा | | १ |
| १. | परिचय | १ |
| २. | स्थानीय तह पाठ्यक्रमका तहगत सक्षमता | ३ |
| कक्षागत सिकाइ उपलब्धि | | ५ |
| १. | कक्षागत सिकाइ उपलब्धि (कक्षा १–३) | ५ |
| २. | कक्षागत सिकाइ उपलब्धि (कक्षा ४–५) | १० |
| ३. | कक्षागत सिकाइ उपलब्धि (कक्षा ६–८) | १६ |
| थीमगत सिकाइ विस्तृतीकरण तालिका | | २४ |
| १. | हाम्रो नाम्खा | २४ |
| २. | हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास | ३५ |
| ३. | हाम्रो धर्म, संस्कृति र परम्परा | ४८ |
| ४. | हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत | ५९ |
| ५. | हाम्रो कला, सिप र सूचना प्रविधि | ६९ |
| ६. | हाम्रो खेल, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास | ७६ |
| ७. | हाम्रो सामाजिक संस्था, विकास र सेवा प्रवाह | ८५ |
| ८. | हाम्रो वातावरण संरक्षण र विपद व्यवस्थापन | ९६ |
| सिकाइ सहजीकरण विधि र प्रक्रिया | | १०६ |
| १. | सिकाइ सहजीकरण विधिहरू | १०६ |
| २. | समालोचनात्मक चिन्तन विधिहरू | १०७ |
| ३. | शिक्षण सिकाइ क्रियाकलाप | १०९ |
| ४. | विद्यार्थी मूल्याङ्कन | ११० |
| ५. | आन्तरिक मूल्याङ्कनको तालिका | १११ |
| ६. | सैद्धान्तिक पक्ष | ११२ |
| ७. | तहगत पाठ्यक्रमको थिमगत पाठ्यघण्टा अङ्क विभाजन (कक्षा १–३) | ११३ |
| ८. | तहगत पाठ्यक्रमको थिमगत पाठ्यघण्टा अङ्क विभाजन (कक्षा ४–५) | ११३ |
| ९. | तहगत पाठ्यक्रमको थिमगत पाठ्यघण्टा अङ्क विभाजन (कक्षा ६–८) | ११४ |
| १०. | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया | ११४ |

| | | |
|---|---|---|
| ११. | विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू | ११६ |
| १२. | विद्यार्थीको सिकाइ उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या | ११६ |
| १३. | क्षेत्रगत तथा थिमगत सिकाइ उपलब्धि र प्रतिशत | ११६ |
| १४. | विद्यार्थीको व्यक्तिगत विवरण | ११७ |
| १५. | स्थानीय पाठ्यक्रमको ढाँचा | ११८ |
| १६. | पाठ्यक्रमको परिमार्जन | ११८ |
| १७. | पाठ्यक्रम मूल्याङ्कन | ११८ |
| १८. | सिकाइ वा शिक्षाको माध्यम | ११८ |
| १९. | पाठ्यक्रम कार्यान्वयन योजना | ११९ |
| २०. | विशिष्टकरण तालिका | ११९ |
| २१. | प्रयोगात्मक तथा आन्तरिक मूल्याङ्कन | १२० |

थीमगत विषय विस्तृतीकरण र स्थानीय शब्दावली तालिका

| | | |
|---|---|---|
| १. | थिमगत विषयवस्तु र शीर्षकरपाठ | १२१ |
| २. | स्थानीय पाठ्यक्रमको अवधारणा र विकासका चरणबद्ध कार्य | १२६ |

सुझाव सङ्कलन तथा अन्तर्क्रिया १२८

# स्थानीय पाठ्यक्रम
## हाम्रो नाम्खा

### १. परिचय

प्रस्तुत '**हाम्रो नाम्खा**' स्थानीय पाठ्यक्रम आधारभूत तहअन्तर्गत कक्षा १-८ का लागि तयार गरिएको स्थानीय पाठ्यक्रम हो । यसमा राष्ट्रिय पाठ्यक्रमले नसमेटिएका नाम्खा गाउँपालिकाको परिचय, भौगोलिक, राजनीतिक, प्रशासनिक, साङ्गठानिक संरचना, सञ्चालन, ऐन नियम, कानुन, विषयगत समिति काम कर्तव्य अधिकार, बस्ती, समुदाय, जनसङ्ख्या, इतिहासलाई समेटिएको छ । अर्कोतिर नाम्खाभित्र रहेका काम, पेसा, आय आर्जनका स्रोत र धर्म-संस्कृतिलाई समेटी स्थानीय विषयवस्तुहरू उल्लेख गरिएको छ । यस पाठ्यक्रममा भएका विषयवस्तुहरूले नाम्खा गाउँपालिकाभित्र रहेका आय आर्जनका स्रोतहरू साथै नाम्खाको संस्कृति पहिचान गरी तिनीहरूको संरक्षण, संवर्धन र उपयोगको जानकारी दिनुका साथै विद्यार्थीहरूमा ज्ञान, सिप र अभिवृत्तिमा सहयोग पुऱ्याउने छ । यस पाठ्यक्रममा नाम्खा गाउँपालिकाभित्र परम्परागत तथा प्रचलित कृषि, पशुपालन व्यवसाय जसमा रैथानेबाली, तरकारी खेती, पशुपालन, फलफूल खेती, घरेलु सामान निर्माण, जडीबुटी र पर्यटनलाई मुख्य आयआर्जनको रूपमा समेटिएको छ । कृषिमा मौसमी र बेमौसमी तरकारी खेती साथै सिमी, आलुखेती र अन्य व्यावसायिक सम्भावनालाई दृष्टिगत गरी सिकाइमा जोड दिइएको छ । पशुपालनमा स्थानीय र उन्नत जातका बाखा, कुखुरा, भेडा, च्याङ्ग्रा, गाई, चौरीगाई, खच्चड र मौरी पालनसमेतको विषयवस्तु दिएको छ । स्थानीय स्रोत र साधनको प्रयोग गरी घरेलु सामग्रीको निर्माण, कला, सिप विकास गर्न सकिने साथै आयआर्जनका लागि व्यावसायिक सम्भावना रहेको र प्रचलित तरकारी, फलफूल खेती, जडीबुटी र पर्यटन व्यवसायलाई उल्लेख गरिएको छ । नाम्खा गाउँपालिकाभित्रको जल, माटो, ढुङ्गा, वनजङ्गल, जडीबुटी मानव, संसाधन मुख्य स्रोतको रूपमा रहेका छन । परम्परागत सिकर्मी, डकर्मी, हस्तकला, कृषि, व्यापार, पर्यटन तथा घरेलु सामग्री निर्माण, छ्याङ, रक्सी (घरेलु मदिरा) निर्माण, प्रयोग, महत्त्व, ज्ञान, सिप सिकाइलाई जोड दिइएको छ । यसै गरी धार्मिक, ऐतिहासिक, भौगोलिक हिसाबले आफ्नै विशेषता रहेको छ । यस गाउँपालिकामा हुम्लो भोटे-लामा जातिको एकल बाहुल्यता र बसोबास रहेको छ । यहाँ बसोबास गर्ने मानिसहरूको आफ्नो पुर्खाको जात जातिअनुसार बौद्ध धर्म, संस्कृति, वेशभूषा, रहनसहन, चाडपर्व र धार्मिक स्थलहरू छन् जुन नाम्खा गाउँपालिकाको सांस्कृतिक सम्पदा हुन् । गाउँपालिकाभित्रको सांस्कृतिक प्रवर्धन हुनु भनेको नाम्खा गाउँपालिकाको लोक सांस्कृतिक संरक्षण र विकास हुनु हो । आफ्नो घर परिवार समाज र गाउँपालिकाभित्रको संस्कृति प्रवर्धन गर्नुपर्छ भन्ने ज्ञान, सिप र प्रवृत्ति गाउँपालिकाभित्रका हरेक नागरिकमा हुनुपर्दछ । यस गाउँपालिकाले हाम्रो स्थानीय कला, संस्कृतिलाई पाठ्यक्रममा समावेश गरी यससम्बन्धी बाल मस्तिष्कदेखि नै ज्ञान, सिप र प्रवृत्तिको विकास गर्नुपर्छ जुन कुरा केन्द्रीय पाठ्यक्रमले समेटेको पाइँदैन । त्यसकारण यहाँको मौलिक पहिचान र संस्कृतिलाई बढी आवश्यकताको महसुस गरी यस स्थानीय पाठ्यक्रममा समेटिएको छ । विद्यामान सामाजिक कुरीति, विकृति र समस्याको समाधान, स्वास्थ्य, उपचार, सरसफाइ, सौन्दर्यता,

निरोगी, व्यक्तित्व विकास, सकारात्मक सोच व्यवहार, समुदाय स्तरबाटै वन, वातावरण, वन्यजन्तु संरक्षण विपत व्यवस्थापन पक्षलाई समेटेर रोकथामका उपाय, ज्ञान, सिप प्रदान गर्न स्थानीय व्यावहारिक विषयवस्तु दिएको छ।

यस पाठ्यक्रममा तहगत र कक्षागत उद्देश्य तथा सक्षमताहरूलाई स्पष्ट किटान गरिएको छ। यसमा विद्यार्थीको उमेर, रुचि र क्षमतालाई दृष्टिगत गरी विषयवस्तुको क्षेत्र, क्रम मिलाइएको छ। सैद्धान्तिक पक्षलाई भन्दा व्यावहारिक पक्षलाई आत्मसात् गरी बाल केन्द्रित प्रयोगात्मक शिक्षण विधिलाई जोड दिँदै शिक्षण सिकाइ सामग्री र क्रियाकलाप निर्धारण गरिएको छ। १-३ मा निरन्तर मूल्याङ्कन प्रणालीका माध्यमबाट विद्यार्थी सिकाइ सक्षमताको मापन गरिने छ भने ४-८ मा ५०% व्यावहारिक र ५०% सैद्धान्तिक मूल्याङ्कनको आधारमा सिकाइ उपलब्धि मापन गरिने छ। स्थानीय पाठ्यक्रमका विषयवस्तु र ज्ञान बालबालिकाहरूका लागि अन्य विषयभन्दा बढी व्यवहारमैत्री सिकाइ हुने भएकाले विद्यार्थीहरू स्वयमले देखेर, गरेर, खोजेर बढी मात्रामा सिक्ने सम्भावना रहनुका साथै अन्य विषयमा समेत सिकाइको पूर्व ज्ञान र आधार स्तम्भ निर्माण गर्दछ। सिकाइको तह र क्षेत्रको हिसाबले कक्षा १-३ पूर्ण व्यक्ति, परिवार र समुदायमा केन्द्रित सिकाइको विषयवस्तु दिएको छ भने ४-५ मा व्यक्ति, परिवार र समुदायका साथै छिमेकी समुदाय र गाउँपालिकाभित्रका विषयवस्तु सिकाइसँग जोडिएको छ। कक्षा ६-८ मा गाउँपालिकाभित्रका विषयवस्तु र आवश्यक बाहिरका विषयवस्तुहरू तहगत रूपमा समेटिएको छ।

पहिलो पटक नाम्खा गाउँपालिकाले आफ्नो मातृभाषामा सम्भोटा लिपिको प्रयोग गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने लक्ष्य लिएकोमा यसको प्रारम्भिक मस्यौदा भने देवनागरी लिपिको प्रयोगले नेपाली भाषामा तयार पारिएको छ किनभने नेपालको पाठ्यक्रम निर्माणका राष्ट्रिय मूल कानुन, कार्यविधि, पाठ्यक्रम निर्देशिका, सन्दर्भ सामग्री, विषय विज्ञ, अनुभव सिद्ध र सबैका लागि स्थापित लिपि, साझा एवं राष्ट्रिय भाषाको माध्यम नेपाली हो। नेपाली भाषामा तयार गरेको पाठ्यक्रमको मस्यौदा सबै जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी, अभिभावक तथा समुदाय सबै पढ्न, बुझ्न, लेख्न र सुझाव गर्न सजिलो हुने भएको छ। स्थानीय समुदाय आफैले बुझेर बनाएको यस पाठ्यक्रम स्थानीय मौलिक परिवेश र ज्ञान प्राप्त हुने भएकाले सबैको अपनत्व र स्वामित्व रहने गरी कम खर्चिलोमा तयार गरिएको छ। यस पाठ्यक्रमका मूल शीर्षक आठ वटा थिम, विषयवस्तु र पाठहरू शीर्षक दिएको छ। स्थानीय विषयवस्तु, भाषा र लिपिलाई बिस्तारै एकै ठाउँमा ल्याउन पाठ्यक्रमलाई दोस्रो चरणमा मातृभाषामा अनुवाद-ट्रान्सलेसन) गरी लिपिबद्ध गर्ने काम बौद्ध गुम्बा शिक्षाको सहयोगमा हुनेछ र यो पाठ्यक्रम मूल स्रोत वा ग्रन्थको रूपमा रहने छ। भावी दिनमा यस पाठ्यक्रमको कार्यान्वयनका लागि स्थानीय बहुभाषी शिक्षक व्यवस्थापनको माध्यमले आफ्नो परिवेश अनुकूल सिकाइका क्रियाकलापहरू सञ्चालन गर्न सकिने छ। यसरी निर्माण गरेको पाठ्यक्रमले छिट्टै गति लिई गन्तव्यमा पुऱ्याउन वा कार्यक्रम सफल बनाउन मदत मिल्नेमा हामी विश्वस्त छौँ। यस पाठ्यक्रम निर्माण आवश्यकताको महसुस र प्रयास एक दशकअघिबाट सुरु भए तापनि औपचारिक निर्माण कार्य भने २०८० सालबाट प्रारम्भ भएको हो।

कार्य प्रारम्भदेखि सम्पन्न गर्न झन्डै ६ महिना विषयवस्तु अध्ययन, सङ्कलन, थिम निर्माण, लेखन कार्य र दुई पटक सरोकारपक्षको सुझाव सङ्कलन गोष्ठी र आवश्यकताअनुसार विषयरक्षेत्र विज्ञको राय सुझावमा सम्पादन गरी तयार गरिएको हो।

## २. स्थानीय तह पाठ्यक्रमका तहगत उद्देश्य तथा सक्षमता

आधारभूत तह (कक्षा १-८) को अन्त्यमा विद्यार्थीहरूमा निम्नलिखित उद्देश्यहरू र सक्षमता हासिल हुने छन्।

१. आफू, परिवारका सदस्य, साथीभाइ, छरछिमेक, समुदायको नाम, काम र आवश्यकता बताउन।

२. नाम्खा गाउँपालिकाको परिचय, भूगोल, इतिहास, जाति, समूह, घरधुरी, जनसङ्ख्या, बस्ती, समुदायको बारे जानकारी दिन, यहाँका सार्वजनिक स्थान, संस्था, वडा र गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधा एवम् प्रशासनिक संरचना र कार्यसम्बन्धी जानकारी दिन ।

३. स्थानीय मूल्य, मान्यता, संस्कार र संस्कृतिलाई मानव मूल्यसँग सामञ्जस्यता कायम गरी व्यवहारमा उतार्न ।

४. मानव, प्राकृतिक र वन्यजन्तुको अन्तरसम्बन्धको पहिचान गरी यसबाट लाभका क्षेत्रहरू पहिचान गरी उपयोग गर्न ।

५. स्थानीय प्राकृतिक सम्पदाको पहिचान, उपयोग एवम् वातावरण संरक्षण र सम्वर्धन गर्न ।

६. व्यक्तित्व विकास, सकारात्मक सोच, व्यवहार, सरसफाइ तथा फोहोरमैला व्यवस्थापन गरी स्वच्छ भौतिक वातावरण निर्माण र साथै स्थानीय स्तर रोगका पहिचान, लक्षण, कारण बुझेर प्राथामिक उपचार रोकथामका उपाय अवलम्बन गर्न ।

७. धर्म, दर्शन, संस्कृति, ध्यान, गुफा, गुम्बा, मन्दिर, आदिको परिचय, आत्म अनुशासन, नैतिकताको पालना र अभ्यास कार्यबाट समाजमा सकारात्मक विचार, भावको विकास र प्रभाव पार्न ।

८. स्थानीय खेलसम्बन्धी ज्ञान, सिप र कलाको संरक्षणका साथै प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाको संरक्षण, सम्वर्धन गर्दै पर्यटन व्यवसाय र विकासको पूर्वाधार, अन्तरसम्बन्ध पहिचान एवम् उपयोग गर्न ।

९. स्थानीय स्तरमा रहेको परम्परागत निर्वाहमुखी उत्पादनलाई व्यवसाय, बजारमुखी र अर्गानिक खेतीका साथै उद्यम, व्यवसायको सम्भावना, प्रभाव पहिचान र उपयोग गर्ने ज्ञान र सिप प्राप्त गर्न ।

१०. सूचना र प्रविधिसँग परिचित हुँदै प्रारम्भिक ज्ञान र सिप प्राप्त गरी व्यवहारमा उपयोग गर्न ।

११. स्थानीय विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन र यसका असरहरूको पहिचान गरी न्यूनीकरण कार्यमा सघाउन ।

१२. स्थानीय सडक सुरक्षा, ट्राफिक सङ्केत र नियमका बारेमा सामान्य जानकारी प्राप्त गरी सुरक्षित यात्रा गर्न ।

१३. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरूको पहिचान, विश्लेषण तथा समाधान गर्न ।

**(क) कक्षा: १–३ का सक्षमता**

१. आफू, घरपरिवार, छिमेकी, गाउँ, बस्ती र वडाको बारे बताउन, सामान्य जानकारी लिन र परिचय दिन ।

२. आफ्नो वरिपरिको वस्तु, वातावरण र स्थानीय प्राकृतिक स्रोतबारे थाहा पाउन वा चिन्न र बताउन ।

३. आफ्नो वंश, नाता, जाति, भाषा, संस्कृति, भूगोल, धर्म, चाडपर्व, शिक्षाबारे जानकारी राख्न वा बुझ्न ।

४. स्थानीय परम्परागत काम, पेसा, व्यवसाय र प्रविधिसँग परिचित हुन ।

५. घरभित्र र घरबाहिर हुने विपत् र घटनाको सामान्य जानकारी राख्न ।

६. आफूलाई मनपर्ने खेलको नाम भन्न, खेल्न, मनोरञ्जन र रमाइलो ठाउँको बारे जानकारी राख्न ।

७. आफ्नो स्वास्थ्य, सरसफाइबारे थाहा पाउन र सामान्य र दैनिक सरसफाइका क्रियाकलाप गर्न र सिक्न ।

८. आफ्नो समुदायमा रहेका सार्वजनिक तथा सङ्घ-संस्था र समूहका बारे सामान्य परिचित हुन ।

९. स्थानीय नाप र गणितका आधारभूत ज्ञान र सिप हासिल गर्न ।

**ख) कक्षा ४–५ का सक्षमता**

१. गाउँपालिकाको सङ्क्षिप्त परिचय, घरधुरी, बस्ती, वडा, भूगोल, जनसङ्ख्या, नक्साङ्कन र अवस्था पहिचान गर्न ।

२. स्थानीय चाडपर्व, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्त्वबोध गर्न ।

३. स्थानीय स्तरको सामाजिक, आर्थिक, भाषिक तथा शैक्षिक अवस्थाको बारे जानकारी लिन-दिन र पहिचान गर्न ।

४. स्थानीय परम्परागत खेल, मनोरञ्जन, पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सिप, कलाको बारे बुझ्न, सामान्य प्रयोग र अभ्यास गर्न ।

५. स्थानीय पेसा, व्यवसाय, कृषि, पशुपालन, उत्पादन, बजारसँग परिचित, वर्णन र महत्त्व बताउन, अभ्यास गर्न ।

६. प्राकृतिक हावापानी, मौसम, विपत् र मानव सृजित विपत्का कारण, प्रभाव एवम् असरहरू बताउन ।

७. स्थानीय सङ्घ-संस्था, समूहबारे जानकारी राख्न, काम तथा सेवाको बारे बताउन ।

८. स्थानीय स्तरका प्रकोप र जोखिमका क्षेत्रहरूको पहिचान, रोकथामको उपाय, प्राकृतिक स्रोत तथा जैविक विविधताको पहिचान र संरक्षणमा सहभागी हुन ।

९. स्थानीय नाप, एकाइ र गणितीय आधारभूत ज्ञान, सिप र समस्या हल गर्न ।

**(ग) कक्षा ६–८ का सक्षमता**

१. गाउँपालिकाको भूगोल, जनसङ्ख्या, वस्तुस्थिति, सङ्क्षिप्त परिचय, नक्साङ्कन र इतिहासको जानकारी राख्न ।

२. गाउँपालिकाको स्वास्थ्य, शिक्षा, सरसफाइको स्थिति, फोहोरमैला व्यवस्थापन, पोषण, रोग प्रकार, सरुवा रोग, रोगथाम, उपचारपद्धतिबारे परिचित र प्रयोगमा भाग लिन वा सघाउन ।

३. नाम्खाभित्रको भाषा, लोक साहित्य, वेशभूषा, चाडपर्व, रीतिरिवाज, संस्कार (जन्म, विवाह, मृत्यु) र संस्कृतिको खोजी, इतिहासको जानकारी, पहिचान, महत्त्व र संरक्षणमा ध्यान र योगदान दिन ।

४. सामाजिक, आर्थिक, स्थानीय रोजागारको क्षेत्रको पहिचान, कार्य गर्न र सिक्न र अवस्थाको पहिचान स्थानीय धार्मिक, सांस्कृतिक र प्राकृतिक तथा पर्यटकीय स्थलहरूको खोज, पहिचान र संरक्षणमा तत्परता देखाउन ।

५. स्थानीय परम्परागत पेसा, व्यवसाय, प्रविधि र कलाको परिचय, महत्त्व, सम्भावना र सिपको विकास, स्थानीय कृषि तथा पशुपालन अन्य व्यवसायसँग परिचित र अभ्यास कार्य गर्न र सिक्न ।

६. हाम्रो स्थानीय खेल, खेलकुद, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास (भौतिक, प्राकृतिक, र सांस्कृतिक वा अभौतिक सम्पदा) बारे जानकारी, वर्णन, महत्त्व र संरक्षणमा योगदान गर्न ।

७. स्थानीय समूह, सङ्गठन, शैक्षिक, स्वास्थ्य सङ्गठन, सामाजिक सङ्घ-संस्था, गाउँपालिकाको सेवा, विकास कार्य, जिम्मेवारी वारे जानकारी राख्न र बताउन ।

८. प्राकृतिक स्रोत तथा जैविक विविधताको पहिचान, प्राकृतिक सम्पदाहरू जस्तैः वन पैदावार, जङ्गल, वन्यजन्तु, खोला नाला, नदी, दह र हिमालहरूको पहिचान र महत्त्व, स्थानीय प्रकोप र जोखिम व्यवस्थापनको अवधारणा, बोध गर्न, रोकथाम, नियन्त्रण, बचावट र संरक्षण कार्यमा योगदान दिन ।

९. स्थानीय नाप, एकाइ र गणितीय आधारभूत ज्ञान, सिप र समस्या हल गर्न ।

# कक्षागत सिकाइ उपलब्धि

यस पाठ्यक्रमको कार्यान्वयनपश्चात् आधारभूत तह कक्षा (१-८) मा अध्ययनरत बालबालिकाहरू उल्लिखित विषय, क्षेत्र र क्रमअनुसार देहायअनुसारको सिकाइ उपलब्धिहरू हासिल हुनेछन् / गर्नेछन्।

**१. कक्षागत सिकाइ उपलब्धि (कक्षा १-३)**

| क्र.सं. | विषय/ एकाइ/थिम | कक्षा - १ | कक्षा - २ | कक्षा - ३ | पाठ्य भार |
|---|---|---|---|---|---|
| **१.** | **हाम्रो नाम्खा** | - आफ्नो, घर परिवार र साथीको नाम भन्न वा परिचय दिन<br>- आफू बस्ने घर, आँगन, वरिपरिको ठाउँ, स्थान, सडक, बाटो, टोल तथा गाउँको नाम बताउन,<br>- आफूलाई मनपर्ने चाडपर्वको नाम बताउन<br>- घर र वरिपरिको वस्तु, जनवार, बोटबिरुवाको नाम भन्न, चिन्न र छुट्याउन<br>- समुदाय वरपरको चित्र वस्तु हेरेर वस्तु चिन्न र नाम भन्न<br>- शिक्षक, बा-आमाको सामान्य | - आफ्नो घर, परिवारका सदस्य सङ्ख्या र साथीको परिचय दिन<br>- आफ्नो टोलसँग जोडिएका छरछिमेक, गाउँको सार्वजनिक वा स्थानको नाम बताउन,<br>- वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्थाको नाम र स्थान बताउन<br>- साथीसँग मिलेर खेल्न,<br>- चित्र हेरेर बयान गर्न<br>- वरपरका वस्तु, जनावर र बोटबिरुवाहरू पहिचान गरी वर्गीकरण गर्न<br>- सजीव र निर्जीव वस्तुका लक्षणहरू पहिचान गरी छुट्याउन<br>- गाउँको घरधुरी जनसङ्ख्याबारे थाहा | - आफ्नो छिमेक तथा टोल र गाउँको बारेमा परिचय दिन,<br>- आफ्नो वडामा रहेका प्राकृतिक तथा मानव निर्मित सम्पदाहरू तथा सार्वजनिक स्थानकाबारे नाम बताउन र पहिचान गर्न,<br>- आफ्नो गाउँमा मनाइने चाडपर्वको बारेमा परिचय दिन,<br>- गाउँपालिकामा रहेका वडाहरूको सङ्ख्या र आफ्नो वडाको जनसङ्ख्या बताउन,<br>- वडा कार्यालयबाट दिइने सेवा पञ्जीकरणसम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाइँसराइ) दर्ता र अन्य सिफारिस गर्छ भनी बताउन,<br>- गाउँपालिकाको नक्सामा आफ्नो गाउँ, बस्ती | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | निर्देशनको पालना गर्न,<br>- आफूभन्दा ठुलो (बा-आमा, लामा, गुरु) ढोग, सत्कार र साथीभाइलाई अभिवादन गर्न | पाउन र बताउन।<br>- घरायसी सामग्रीहरूको प्रकार चिन्न र नाम बताउन।<br>- साथी समूहमा मिलेर खेल्न, कुराकानी गर्न। | र वडाको सङ्केत गर्न,<br>- जनावर र बिरुवाको वर्गीकरण गर्न वा फरक छुट्याउन<br>- पुर्खाको बारे बताउन र जिज्ञासा राख्न<br>- अग्रज र मान्यजनप्रति ढोग र सत्कार र अभिवादन गर्न | |
| **२.** | **हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास** | - दैनिक सरसफाइका क्रिया-कलापहरूमा सहभागी जनाउन<br>- सरसफाइ सामग्रीको प्रयोग गरी सरसफाइ गर्न<br>- व्यक्तिगत सरसफाइ कार्य गर्न बताउन, तोकिएको भाँडो वा स्थानमा फोहोर फाल्न,<br>- सफा र फोहोर छुट्याउन, फोहोरलाई सङ्कलन गरी विसर्जन गर्न<br>- व्यक्ति तथा समूहगत रूपमा बालगीत, बाजा र लय मिलाइ खुट्टा र शरीर चलाउन<br>- सफा र ताजा खानेकुरा खाने बानी बसाल्न,<br>- व्यक्तिगत र घरायसी सामानको जतनका साथ उपयोग गर्न, | - व्यक्तिगत सरसफाइका बारे बताउन र तोकिएको भाँडो वा स्थानमा फोहोर फाल्न,<br>- सफा र ताजा खानेकुरा चिनेर सुरक्षित खाने बानी बसाल्न,<br>- सरसफाइका लागि सरसामानहरू चिनेर प्रयोग गर्न,<br>- एकअर्कामा सहयोग र सम्मानको व्यवहार प्रदर्शन गर्न,<br>- स्वास्थ्यप्रति सचेत भई व्यवहारमा अवलम्बन गर्न,<br>- विद्यालयको सरसफाइ र बगैँचा निर्माणमा सहयोग गर्न,<br>- सामान्य शारीरिक चालको अभ्यास गर्न<br>- व्यक्तिगत तथा सामूहिक सामग्रीको सुरक्षा र प्रयोग गर्न<br>- समूहमा मिलेर खेल्न र समूह कार्य गर्न | - आफ्नो परिवार, साथी र छिमेकप्रति सकारात्मक र सहयोगात्मक व्यवहार प्रदर्शन गर्न,<br>- वरपरको वातावरण सरसफाइसम्बन्धी व्यवहार प्रदर्शन गर्न र सहभागी जनाउन<br>- स्वस्थकर र सुरक्षित बानी बसाल्न सचेत रहन<br>- विद्यालयको कक्षाकोठा, शौचालय सरसफाइ, बगैँचा र फूलबारी निर्माणमा सहयोग गर्न<br>- घरभित्र र बाहिर स्वस्थ र रोगी/बिरामी मानिसको अवस्थाको पहिचान गर्न<br>- घर तथा सार्वजनिक स्थानको सरसफाइमा भाग लिन<br>- तोकिएको भाँडो वा स्थानमा फोहोर सङ्कलन गरी फाल्न वा विसर्जन गर्न<br>- समूहमा मिलेर खेल्न र कार्य गर्न | २२ |
| **३.** | **हाम्रो धर्म, संस्कृति र** | - आफूभन्दा ठुला मान्यजनहरूलाई आदर, सम्मान र ढोग गर्न | - नातेदार र पाहुनालाई ढोग गर्न तथा परिवारको काममा सहयोग गर्न | - परिवार, छरछिमेक, सम्बन्धको आधारमा सहयोग र सम्मानको व्यवहार प्रदर्शन गर्न, | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | **परम्परा** | (बा-आमा, गुरु, लामा आदि)<br>- आफूभन्दा ठुलाले दिएको निर्देशनको पालना गर्न<br>- स्थानीय गाउँघरमा लगाउने लुगा, खानाका परिकारका नाम भन्न<br>- स्थानीय धार्मिक पूजापाठ र मनाउने चाडपर्वहरूको नाम बताउन<br>- आफूभन्दा ठुला वा जेठोलाई साइनो भन्न र सोहीअनुसार ढोग गर्न,<br>- घरपरिवार, छरछिमेक, पाहुना वा बाहिरको मान्छेबिच फरक बताउन वा चिन्न | - स्थानीय चाडपर्वको नाम र त्यस अवसरमा गरिने दृश्यात्मक क्रियाकलापको अभिनय गर्न, बताउन<br>- गाउँको सार्वजनिक स्थलहरूको नाम बताउन, त्यहाँ सञ्चालन हुने खेल तथा कार्यक्रमबारे जानकारी दिन<br>- जन्म, विवाह र मृत्युका सामान्य क्रियाकलापको बारे बताउन<br>- समुदायभित्र र बाहिरको भाषा जाति, उमेर लिङ्गअनुसार व्यक्तिको पहिचान गर्न<br>- गाउँका जिम्मेवारी व्यक्ति र व्यक्तित्वहरू (नेता, मुखिया, लाइवा, डेर्वा, लुर्पोन) चिन्न, जानकारी राख्न र काम बताउन<br>- स्वागत, सत्कारमा चाहिने आवश्यक सामग्रीका नाम बताउन | - आफ्ना धर्म, सांस्कृतिअनुसार क्रियाकलापसँग परिचित हुन<br>- स्थानीय धार्मिक, सांस्कृतिक स्थलहरूको परिचय दिन<br>- घरपरिवार, छरछिमेक, पाहुना वा बाहिरको मान्छेबिच फरक बताउन वा चिन्न र सम्बन्धबारे बताउन<br>- व्यक्तिको लवज वा बोलीभाषाअनुसार समान र फरक जाति, समुदाय चिन्न र बताउन<br>- स्थानीय वेशभूषा, खानपिन, गरगहना, गीत, सङ्गीत, नृत्यहरूको पहिचान गर्न<br>- छरछिमेकमा जन्म, विवाह र मृत्यु संस्कारको बारे सामान्य जानकारी राख्न र बताउन<br>- सभ्य र अनुशासित बानी विकास र व्यवहारको जानकारी र यसको पालना गर्न | |
| **४.** | **हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत** | - आफ्नो घरमा बा-आमाले गर्दै आएको कामको बारे बताउन<br>- स्थानीय बालीहरूको नाम बताउन<br>- घरमा पालिने घरपालुवा जनावर र पन्छीको नाम बताउन<br>- आफ्नो दैनिक क्रियाकलापको बारे बताउन | - घर तथा छिमेकीले गर्ने कामहरूको नाम बताउन<br>- वर्षभरि उत्पादन गर्ने बाली, फलफूल, तरकारीको नाम बताउन<br>- घरपालुवा जनावर र पशुपन्छी नाम सूची बनाउन<br>- आफू र घरपरिवारले गर्ने कामको सूची बनाउन<br>- आफ्नो र घरपरिवारको दैनिक | - पशुपन्छी, मौरीको काम र यसको महत्त्व बताउन<br>- गाउँघरमा मौसमअनुसार खेती हुने बाली, फलफूल र तरकारीहरूको नाम बताउन<br>- स्थानीय यातायातका साधन र बजारसँग परिचित हुन<br>- स्थानीय व्यापार र व्यवसायहरूको नाम बताउन र यसका महत्त्व र फाइदाको बारे बताउन | २२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | क्रियाकलापको बारे बताउन | | |
| **५.** | **हाम्रो कला, सिप र सूचना प्रविधि** | - रेखा र चित्रहरू कोर्न, चित्र कोरेर रङ भर्न, छपाइ गर्न<br>- माटो तथा पिठोबाट दिएको नमुना आकार तयार गर्न,<br>- हाउभाउसहित नृत्य गर्न, शारीरिक चाल देखाउन र सामान्य गन्ती गर्न<br>- बा-आमा र परिवारको सिप वा कामको बारे बताउन | - चित्र तथा आकृतिहरू कोर्न र बनाउन, रङहरू मिश्रण गर्न<br>- कागजबाट नमुना आकार चित्र बनाउन र प्राकृतिक रङ चिन्न र साधारण प्रयोग गर्न,<br>- हाउभाउसहित नृत्य र लयात्मक गीत, गन्तीसहित अभिनय गर्न<br>- घरपरिवारको सिप भएका सिपालु व्यक्तिको नाम र काम बताउन<br>- कामको आधारमा कला र सिप भएको/नभएको छुट्याउन र बताउन | - दैनिक जीवनमा सञ्चारका साधनहरूको पहिचान र होसियारीपूर्वक प्रयोग गर्न<br>- रेखा चित्रहरू कोर्न, चित्र कोरेर रङ भर्न, छपाइ गर्न<br>- विभिन्न किसिमका ज्यामितीय आकृतिहरू बनाउन<br>- आफ्नो मातृभाषामा दिन, बार, सङ्ख्याको गन्ती गर्न<br>- आफ्नो समुदायमा रहेका सिप र सिपालुबारे बताउन<br>- गायन, वाद्य/सङ्गीत र नृत्यकलाबारे बताउन र अभिनय गर्न ।<br>- सिपसँग सम्बन्धित सामग्रीका नाम चिन्न र बताउन | १६ |
| **६.** | **हाम्रो खेल, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास** | - मन पर्ने खेलको नाम भन्न, सामान्य खेल खेल्न,<br>- नजिकैको मन पर्ने रमाइलो ठाउँहरूको नाम भन्न,<br>- खेलौनाको प्रयोग गरी खेलहरू खेल्न<br>- स्थानीय खेलहरू तथा मनोरञ्जन क्रियाकलापमा सहभागी हुन<br>- आधारभूत शारीरिक क्रियाकलाप र पिटी खेलको | - खेलौनाको प्रयोग गरी वा नगरी खेल खेल्ने अभ्यास गर्न,<br>- आधारभूत शारीरिक क्रियाकलाप र योगको अभ्यास गर्न,<br>- सङ्गीतको तालमा शरीर घुमाउन र खेल्न/नाच्न<br>- स्थानीय रमाइलो ठाउँहरूको पहिचान गर्न<br>- पशुपन्छीका आवाज र क्रियाकलापको नक्कल गर्न, | - स्थानीय लोकप्रिय, ऐतिहासिक, धार्मिक, रमाइलो वा घुम्नलायक ठाउँको परिचय दिन र घुम्न<br>- ती ठाउँहरूको महत्त्व, संरक्षणबारे बताउन,<br>- स्थानीय लोक भाकामा गायनद्वारा सिर्जनशीलता अभ्यास गर्न,<br>- वाद्यवादन र नृत्यद्वारा सिर्जनशीलताको अभ्यास गर्न,<br>- हिँड्ने, दौड्ने, नाच्ने, हप गर्ने र लखेट्ने खेल खेल्न, फ्याँक्ने र उभिने तथा अभिनय गर्ने | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अभ्यास गर्न, ताल मिलाएर हिंड्न र नाच्न<br>- पशुपन्छीका नक्कल र अभिनय गर्न | - विद्यालयमा हुने शारीरिक कसरत, कवाज र खेलसम्बन्धी सिप विकास गर्न<br>- स्थानीय भाकामा गीत र नृत्य नक्कल गरी प्रस्तुत गर्न | - आधारभूत शारीरिक क्रियाकलाप र योगको अभ्यास गर्न,<br>- कथामा आधारित खेलहरू खेल्न, कथा र निर्देशनमा आधारित क्रियाकलाप गर्न | |
| ७. | **हाम्रो सामाजिक संस्था, विकास र सेवा प्रवाह** | - आफ्नो समुदायमा रहेका व्यक्तिको निजी घर तथा साझा घर वा साझा ठाउं चिन्न र बताउन वा सङ्घसंस्थाको परिचय दिन<br>- सामाजिक संस्थाको काम बताउन | - आफ्नो समुदायमा रहेका व्यक्तिको घर साझा घर वा सार्वजनिक ठाउँ चिन्न र फरक बताउन (विद्यालय, गुम्बा, घट्ट, बाटो, पानीको धारा) को परिचय दिन<br>- सामाजिक संस्था र यसको काम बताउन | - आफू पढ्ने विद्यालय, स्वास्थ्य केन्द्र, गुम्बा, मन्दिर, घट्ट, वडा कार्यालय, विद्युत गृह आदिबाट प्रदान गरिने सेवाको बारेमा सामान्य परिचय वा जानकारी दिन<br>- गाउँमा रहेका क्लब, समूह र समितिको नाम र काम बताउन<br>- सामाजिक समस्या तथा आवश्यकताको बारे बताउन | २० |
| ८. | **हाम्रो वातावरण संरक्षण र विपत् व्यवस्थापन** | - हाम्रो वरपर रहेका प्राकृतिक वस्तुहरूका नाम बताउन<br>- वस्तुका गुण, आकार हेरेर त्यसको अवस्था (ग्यास, तरल, ठोस) बारे बताउन, अनुभव गर्न<br>- आफ्ना वरपरका सजीव निर्जीव वस्तुहरूको पहिचान गर्न<br>- घर, बाटो, विद्यालय जाँदा, खेल्दा लाग्ने घाउ चोटपटक हुनबाट सचेत रहन | - हाम्रो वरपर पाइने ठोस, तरल र ग्यास वस्तु वा पदार्थको नाम बताउन र फरक छुट्याउन<br>- मौसमको अवस्था तथा वरपरको भौगोलिक स्वरूपसँग परिचित हुन<br>- ढुङ्गा, माटो, हावा, पानीको उपयोगिता बताउन,<br>- घर, विद्यालय र समुदायमा घट्ने घटना, दुर्घटना र जोखिमको पहिचान गर्न र सचेत रहन,<br>- घर तथा विद्यालयको दैनिक जीवनमा प्रयोग हुने सामग्रीहरूको नाम सूची बनाउन | - जाडो र गर्मी मौसमले हाम्रो जीवनमा पार्ने प्रभावको बारेमा बताउन,<br>- वरपरका वस्तुका नाम, काम र विशेषताहरू बारे बताउन<br>- घटनाहरूप्रति जिज्ञासु हुन, मौसमअनुरूप व्यवहार प्रदर्शन गर्न<br>- वरपरको भौगोलिक स्वरूपको वर्णन गर्न,<br>- घर, विद्यालय र समुदायमा घट्ने दुर्घटना र प्रकोपप्रति सचेत रहन,<br>- जनावर, बोटबिरुवाहरूको पहिचान गर्न र तिनीहरूको हेरचाहमा सहयोग गर्न,<br>- पदार्थका भौतिक गुणहरूसँग परिचित भई उपयोगिता बताउन, | २० |

२. कक्षागत सिकाइ उपलब्धि (कक्षा ४-५)

| क्र.सं. | विषय/ एकाइ/थिम | कक्षा - ४ | कक्षा - ५ | पाठ्य भार |
|---|---|---|---|---|
| १. | हाम्रो नाम्खा | - गाउँ, समुदाय र वडाको भौगोलिक सिमाना चार किल्ला , विशेषताबारे बताउन र सम्पदाहरूको पहिचान गर्न,<br>- गाउँपालिकाका वडाहरूको सङ्ख्या, कार्यपालिकामा रहेका सदस्यहरूको सङ्ख्या र वडा कार्यालयले दिने सेवा, सुविधाको बारे बताउन<br>- नाम्खा गाउँपालिकाको भू-बनोटको परिचय र सिमाना जोडिएका चार किल्लाको नाम बताउन र नक्सा सङ्केत गर्न,<br>- यहाँको समुदायको जातजति, वंश, गोत्रा, खलकहरूबारे थाहा पाउन,<br>- आफ्नो परिवार र छिमेकीको विगतको बारे बताउन<br>- गाउँ समुदायको नाम र सो नाम रहनुको भनाइ र कारण बताउन<br>- गाउँको नाम शब्दको उत्पत्तिसम्बन्धी विभिन्न किंवदन्तीहरू बताउन<br>- हाम्रो गाउँ/टोल र विद्यालयको भौगोलिक अवस्थिति पहिचान गरी नक्सामा हुने मुख्य, मुख्य तथ्य सम्बन्धमा जानकारी लिन/दिन<br>- समुदाय र वडाको जनसङ्ख्या र सामाजिक रहनसहनको परिचय दिन<br>- वडा कार्यालयबाट दिइने सेवा पञ्जीकरणसम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाइँसराइ) दर्ता र वडा कार्यालयले दिने अन्य सिफारिसहरूको बारे बताउन, | - गाउँपालिकाभित्र रहेका सम्पदाहरूको विशेषता र महत्त्व बताउन,<br>- वडा समिति र गाउँ सभाको गठन प्रक्रियाबारे बताउन,<br>- गाउँ, समुदाय विकासमा स्थानीय सरकारको भूमिकाबारे बताउन,<br>- गाउँपालिका र वडाहरूको सङ्ख्या गाउँपालिकाको नक्सा कोर्न,<br>- नाम्खा गाउँपालिकाको सिमाना, भौगोलिक अवस्थिति र क्षेत्रफलको बारेमा बताउन,<br>- आफ्ना गाउँपालिकाको नामकरणबारे छोटो इतिहास बताउन,<br>- स्थानीय स्तरमा गठन भएका मेलमिलाप केन्द्र र पालिकामा गठित न्यायिक समितिका कार्य बताउन,<br>- आफू रहेको समुदायको परिवर्तन विगत र वर्तमानबारे तुलना गरी बताउन<br>- समुदायमा भएका ऐतिहासिक वस्तुहरूको खोजी तथा संरक्षण कार्यमा सहभागी हुन<br>- समुदायको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको नाम, पहिचान गर्न भूमिका र योगदान बताउन<br>- आफू बसेको स्थानीय तहको भौगोलिक स्वरूप, जनसङ्ख्या र सामाजिक रहनसहनको परिचय दिन<br>- वडा कार्यालयबाट दिइने सेवा पञ्जीकरणसम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाइँसराइ) दर्ता, अन्य सिफारिसहरू गर्छ भनी बताउन<br>- सार्वजनिक सेवा र विकास कार्यको आवश्यकता महत्त्व बताउन। | २० |

| | | | | |
|---|---|---|---|---|
| २. | **हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास** | - सफा र ताजा खानेकुराको महत्त्व बताउन, खाने बानी बसाल्न र विभिन्न शारीरिक खेल खेल्ने अभ्यास गर्न,<br>- आफ्नो शरीरको हेरचाह, सुरक्षा र सरसफाइको आवश्यकता बताउन<br>- अनुहार, कपाल, हातगोडा र नङको सरसफाइ गर्न<br>- हात धुने तरिका प्रदर्शन गर्न, उपयुक्त समय र विधिबाट दाँत माइन<br>- चर्पी प्रयोगको आवश्यकता र महत्त्व बताउन<br>- वातावरण प्रदूषणको परिचय र कारण बताउन<br>- फोहोरमैलाको उचित विसर्जनको अभावमा हुन सक्ने समस्याहरू पहिचान गर्न<br>- स्रोतका आधारमा खानाका आधारभूत प्रकारहरू वर्गीकरण गर्न<br>- सन्तुलित खानाको परिचय दिन<br>- अल्पपोषक खानेकुरा (जङ फुड) प्याकेट खानाको परिचय दिन, प्रयोगप्रति सचेत वा टाढा रहन,<br>- रोगको परिचय दिन, सरुवा र नसर्ने रोगको बारे बताउन | - आफ्नो स्वास्थ्यप्रति सचेत भई व्यवहारमा अवलम्बन गर्न,<br>- ज्ञानेन्द्रियको हेरचाह र सरसफाइ गर्न<br>- सफा पहिरनको महत्त्व बताउन र प्रयोग गर्न<br>- आराम, निद्रा र शारीरिक व्यायामको आवश्यकता र महत्त्व बताउन<br>- वातावरणीय सरसफाइको महत्त्व वर्णन गर्न<br>- पानी शुद्धीकरण गर्ने विधिको प्रयोग गर्न<br>- वातावरणीय प्रदूषणले स्वास्थ्यमा पार्ने असरहरू बताउन<br>- वातावरणीय प्रदूषणका कारण र बच्ने उपायहरू उल्लेख गर्न<br>- वातावरणीय प्रदूषणको कारण र न्यूनीकरण गर्ने उपायहरू बताउन<br>- जैविक र अजैविक फाहोरको परिचय दिन र व्यवस्थापन गर्न,<br>- पोषण र पोषक तत्त्वको परिचय दिन<br>- खानेकुराको संरक्षण गर्ने तरिकाहरू बताउन<br>- स्थानीय स्तरमा उत्पादन हुने खानेकुराको परिचय दिन<br>- अल्पपोषक खानेकुरा (जङ फूड) प्याकेट खानाले स्वास्थ्यमा पार्ने असरहरू बताउन,<br>- प्रत्यक्ष सम्पर्कबाट सर्ने सरुवा रोगको रोकथामका उपाय अपनाउन | १८ |
| ३. | **हाम्रो धर्म, संस्कृति र परम्परा** | - आफ्ना पुर्खाको धर्म, सम्प्रदाय, सांस्कृतिक क्रियाकलापहरूसँग परिचित भई सहभागी हुन,<br>- नातेदार र पाहुनाको सत्कार गर्न तथा परिवारको काममा सहयोग गर्न,<br>- मान्यजनहरूको सम्मान पुर्खाका योगदानकर्ताको सामान्य परिचय दिन र प्रेरणा लिन,<br>- आफ्नो समुदायका विभिन्न भाषा, वेशभूषा, रहनसहन र चाडपर्वहरूको पहिचान र सम्मान गर्न, | - स्थानीय परम्परागत सामाजिक मूल्य-मान्यता तथा प्रचलनहरूको पहिचान गर्न र बताउन<br>- असल बानी बसाल्न र व्यवहार गर्न, दैनिक जीवनको कार्यमा बा-आमा र परिवारलाई सघाउन<br>- स्थानीय भाषा, वेशभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय दिई महत्त्व, पहिचान गर्न<br>- आफ्ना समुदायका प्रेरणादायी व्यक्तित्वको पहिचान र योगदानको खोजी गर्न | १६ |

| | | | | |
|---|---|---|---|---|
| | | - अनुशासन तथा असल आचरण वा बानी व्यवहारको पालना गर्न,<br>- पूजा, पाठ, प्रार्थना र ध्यानको महत्त्व बताउन<br>- दैनिक जीवनको कार्यमा बा-आमा र परिवारलाई सघाउन।<br>- नाता र छिमेकीहरूको सम्बन्ध पहिचान गरी आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्न<br>- गाउँमा जन्म, विवाह, मृत्यु र बसाइँसराइसम्बन्धी जानकारी लिन र बताउन<br>- समुदाय स्तरमा सांस्कृतिक सिकाइ केन्द्रको व्यवस्था सिकाइ गर्न | - आफ्नो जन्मस्थानको महत्त्व बोध गरी अपनत्व प्रदर्शन गर्न<br>- प्रेरणादायी व्यक्तित्वहरूको सामान्य परिचय दिन र प्रेरणा प्राप्त गर्न<br>- ध्यान, योगको सङ्क्षिप्त परिचय दिन योगासन ध्यान वा पाठ गर्दा ध्यान दिनुपर्ने पक्ष बताउन<br>- नाता र छिमेकीहरूको सम्बन्ध पहिचान गरी आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्न<br>- आफ्ना पुर्खाको धर्म, सम्प्रदाय, सांस्कृतिक क्रियाकलापहरूसँग परिचित भई सहभागी हुन, प्रवर्धन गर्न<br>- समुदायभित्र जन्म, विवाह, मृत्यु र बसाइँसराइसम्बन्धी सामान्य जानकारी लिन र बताउन<br>- समुदाय स्तरमा सांस्कृतिक सङ्ग्रहालयको आवश्यकता र सिकाइ केन्द्रको व्यवस्था र सिकाइ अभ्यास गर्न | |
| **४.** | **हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत** | - आफ्नो समुदायका मानिसहरूले गर्ने काम, स्थानीय उत्पादनहरूको पहिचान गरी सही उपभोगमा ल्याउन<br>- विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने औजार, सामग्रीहरूको पहिचान र सुरक्षित प्रयोग गरी तिनीहरूबाट लाभ लिन<br>- आफ्नो स्थानीय क्षेत्रमा उत्पादित तथा निर्मित वस्तुहरूको पहिचान र उपयोग गर्न,<br>- समुदायमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी विवरण प्रस्तुत गर्न,<br>- दैनिक जीवनमा आवश्यक वस्तुहरूको उपयोगमा मितव्ययिता अपनाउन,<br>- स्थानीय हाटबजार/बजारको परिचय दिँदै आर्थिक क्रियाकलापहरूको अवलोकन गरी महत्त्व बताउन | - समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसायहरू पहिचान गरी ती पेसाका मुख्य कार्य उल्लेख गरी श्रमको सम्मान र सहयोग गर्न,<br>- आफ्नो स्थानीय तहभित्रका आर्थिक क्रियाकलापहरूको पहिचान गर्न र महत्त्व बताउन<br>- स्थानीय समुदायमा उत्पादन हुने वस्तुहरूको सूची तयार गर्न र बिक्री गर्ने बजारको नाम उल्लेख गर्न<br>- हाम्रो समुदायका प्रमुख आर्थिक क्रियाकलापहरू उल्लेख गर्न<br>- स्थानीय रूपमा उत्पादित तथा निर्मित वस्तुहरूको उपयोगप्रति सचेत रहन र बताउन<br>- स्थानीय हाटबजार/बजारमा हुने आर्थिक क्रियाकलापको अवलोकन गरी महत्त्व बताउन<br>- स्थान र बजारअनुसार नयाँ सम्भावना भएका उत्पादन, पेसा व्यवसायको छनोट गर्न | १८ |

| | | | | |
|---|---|---|---|---|
| | | - स्थानीय उत्पादनहरूको पहिचानबारे जानकारी प्राप्त गर्न<br>- आफ्ना छिमेकीहरूको काम एवम् पेसा तथा श्रमको बारे बताउन र सम्मान गर्न<br>- दैनिक उपभोग्य वस्तुहरूको सूची बनाउन<br>- स्थानीय उत्पादनहरूको प्रकार पहिचान र जानकारी प्राप्त गर्न | - उत्पादनमूलक र सेवामूलक पेसा व्यवसायहरूको फरक छुट्याउन, खोजी गरी प्रवर्धन गर्न<br>- दैनिक उपभोग्य वस्तुहरूको सूची बनाउन र प्रकार छुट्याउन (उत्पादन र उपभोग) को आधारमा<br>- बजारमा माग भएका वस्तुहरूको पहिचान गरी उत्पादनमा जोड दिन र सम्भावनाको खोजी गर्न। | |
| ५. | **हाम्रो कला, सिप र सूचना प्रविधि** | - ऊनको धागो कात्न, डल्लो पार्न, सिलाई, बुनाईको तौरतरिकाको अवलोकन गरी बताउन<br>- स्थानीय मदिरा छ्याङ, रक्सी बनाउने तरिका प्रयोग र यसको महत्त्वबारे बताउन<br>- स्थानीय काठ, माटोबाट निर्माण हुने सामग्रीहरूको परिचय दिन<br>- क्याल्कुलेटरको सहायताले सामान्य हरहिसाब गर्न<br>- नक्सा चित्र कोर्न, सामान्य बुट्टा बनाउन, माटाबाट नमुना वस्तु बनाउन र छपाई गर्न,<br>- दैनिक जीवनमा सञ्चारका साधनहरूको सावधानीपूर्वक उपयोग गर्न,<br>- पत्र पत्रिका, चिठी, सूचनापाटी, टिभी, रेडियो, टेलिफोनको परिचय र काम बताउन<br>- रेखाचित्र र रङको परिचय दिन, विभिन्न प्रकारका रेखाहरूको प्रयोगबाट चित्र निर्माण गर्न<br>- विभिन्न ज्यामितीय आकारका वस्तुको चित्र कोर्न र त्यसमा रङ वा छाया दिन<br>- परम्परागत कलाकृति र आधुनिक कलाबिच भिन्नता र प्रयोगबारे जानकारी दिन | - ऊनको धागो कात्न, डल्लो पार्न, सिलाई, बुनाईको तौरतरिकाको अवलोकन गरी बताउन र अभ्यास गर्न<br>- स्थानीय प्रविधि पानी घट्ट, तेल पेल्ने, ओखल कुट्ने, हलो जोत्ने र नयाँ प्रविधिसँगको सामञ्जस्यता राख्दै प्रविधिहरूको प्रयोग, परिवर्तन वा प्रविधिमैत्री वातावरणको जानकारी दिन<br>- पत्र पत्रिका, चिठी, सूचनापाटी, टिभी, रेडियो, टेलिफोन, मोबाइल फोनलाई सूचना तथा सञ्चारका स्रोतका रूपमा पहिचान र प्रयोग गर्न<br>- क्याल्कुलेटर, कम्प्युटरको सामान्य परिचयसहित यसको आवश्यकता र महत्त्व बताउँदै प्रयोग गर्न<br>- कम्प्युटर तथा मोबाइल फोन प्रयोग गर्दा व्यक्तिगत सुरक्षाका उपायहरू अपनाउन तथा कम्प्युटर सुरक्षाका उपायहरू अवलम्बन गर्न<br>- इन्टरनेटबाट आवश्यक सूचना तथा जानकारीहरू खोज्न, सङ्कलन गरी प्रयोग गर्न<br>- सञ्चारका विभिन्न स्रोतहरूको उदाहरण दिई र ती स्रोतहरूबाट आवश्यक सूचनाहरू खोजी र प्रयोग गर्न,<br>- घरेलु सिप तथा उत्पादनको जानकारी लिन (ऊनको राडीपाखी, लिउ, फेरुवा)<br>- स्थानीय नापतौलका साधन र प्रयोगको बारे बताउन<br>- सिपको क्षेत्रमा प्रयोग हुने सामग्री औजारबारे बताउन। | १४ |

| | | | | |
|---|---|---|---|---|
| | | - स्थानीय नापतौलको बारे जानकारी लिन, दिन । | | |
| **६.** | **हाम्रो खेल, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास** | - स्थानीय खेलहरूको नाम बताउन र सामान्य नियमअनुसार खेल्न र अभ्यास गर्न<br>- विद्यालयमा हुने शारीरिक कसरत, व्यायाम, खेलसम्बन्धी सिप प्रदर्शन गर्न,<br>- विद्यालयमा खेलिने र साधारण स्थानीय खेलको परिचय दिन र खेल्न<br>- ठाउँ विशेषमा खेलिने साधारण खेलहरू नियमअनुसार प्रदर्शन गर्न<br>- स्थानीय खेलहरूको खोजी गर्न र स्थानीय खेलहरूको सिप प्रदर्शन गर्न<br>- रिले खेल तथा बल खेल्ने सिपको विकास, खेलहरूको अभ्यास गर्न र प्रदर्शन गर्न<br>- विद्यालयमा खेल्ने खेल र स्थानीय खेलबिचको फरक छुट्याउन र महत्त्व बताउन<br>- गाउँघरमा पर्यटकका लागि घुम्नलायक प्राकृतिक ठाउँ र क्षेत्रको पहिचान गरी बताउन<br>- धार्मिक, सांस्कृतिक रमाइलो पर्व, मेला र स्थानीय नाचगानका खेलको बारे बताउन<br>- पर्यटकका लागि खाने, बस्ने होटेल, होमस्टे, सेवा सुविधाको जानकारी दिन | - स्थानीय लोकप्रिय, ऐतिहासिक, धार्मिक, रमाइलो ठाउँको परिचय दिन, महत्त्व बताउन<br>- बाल अधिकारप्रति सचेत रहन, खेलहरू खेल्न र अभिनय गर्न साधारण खेलहरूको अभ्यासमार्फत मनोरञ्जन गर्न<br>- स्थानीय परिवेशमा खेलिने खेलहरू नियमानुसार अभ्यास गर्न<br>- बल खेल्ने विधि, नियम तरिकाबारे बताउन र खेल्न<br>- नियम र निर्देशनअनुसार रिले खेलहरू र बल खेल्न र अभ्यास गर्न<br>- नाम्खाभित्रका पर्यटकका लागि घुम्नलायक प्राकृतिक ठाउँ र क्षेत्रहरूको पहिचान गरी बताउन<br>- धार्मिक, सांस्कृतिक रमाइलो पर्व, मेला र स्थानीय नाचगान खेलको बारे बताउन<br>- पर्यटकका लागि खाने, बस्ने होटेल, होमस्टे, सेवा सुविधाको सामान्य जानकारी दिँदै पर्यटकको सम्भावनाबारे बुझ्न<br>- प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास कार्यमा सहभगिता जनाउन<br>- समुदायको खेल र विद्यालयमा खेलिने खेलबिच फरक छुट्याउन र परिचय दिन<br>- खेल  मनोरञ्जनबिचको सम्बन्ध र महत्त्वबारे बताउन । | १४ |
| **७.** | **हाम्रो सामाजिक संस्था, विकास र** | - गाउँ समुदायमा रहेका समूह, समिति, क्लब र राजनीतिक दल, सार्वजनिक सङ्घ-संस्थाहरूको बारे बताउन<br>- समुदायमा सञ्चालन हुने विकास कार्यक्रमहरूको बारे बताउन र सञ्चालित सामुदायिक कार्यहरू पहिचान र | - आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक साझा कार्यहरूमा सहयोग गर्न र सहभागी हुन<br>- समुदायमा सामाजिक सम्बन्धको आवश्यकता बताउन र असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरू | १४ |

| | | | | |
|---|---|---|---|---|
| | **सेवा प्रवाह** | महत्त्व बताउन ।<br>- समूह र संस्थाबिच सहयोग आदानप्रदान गर्न तिनीहरूको महत्त्व बताउन<br>- आफ्नो समुदायमा भएका सामाजिक विविधताको बारे बुझ्न, स्वीकार र सम्मानित व्यवहार गर्न<br>- स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको जानकारी पहिचान र उपयोग गर्न<br>- सामाजिक समस्याहरूको पहिचान गर्न र सुधार तथा समाधानका उपायहरू बताउन<br>- सार्वजनिक सङ्घसंस्थाबाट हुने सेवा प्रवाहको बारे जानकारी राख्न र बताउन | अवलम्बन गर्न,<br>- परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना गर्न,<br>- असल समाजको परिचय, निर्माणका आधारहरू (धर्म, संस्कृति, कानुन, भाषा, आर्थिक र सामाजिक एकता) बुझ्न र आपसमा सहयोग गर्न,<br>- सामाजिक समस्या समाधानमा स्थानीय टोल समुदाय स्तरमा भएका सङ्घसंस्थाहरूको योगदान बताउन,<br>- स्थानीय सार्वजनिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी हुन, वातावरण कायम गर्ने कार्यमा सहयोग गर्न<br>- सार्वजनिक सङ्घ संस्था विद्यालय, स्वास्थ्य केन्द्र आदिबाट प्रदान गरिने सेवाको बारेमा सामान्य परिचय दिन | |
| ८. | **हाम्रो वातावरण संरक्षण र विपत् व्यवस्थापन** | - आफ्नो वरिपरिको भौतिक वातावरणको परिचय दिन,<br>- वातावरणमा रहेका तत्त्व र त्यसलाई बिगार्ने, दूषित बनाउने तत्त्वहरूको बारे बताउन<br>- जनावर र बिरुवाका वर्गीकरण गर्न लक्षणको आधारमा विभिन्न माध्यमबाट फरक छुट्याउन र बताउन<br>- बिरुवाको वर्गीकरण गर्न र बिरुवाका विभिन्न भागहरूको काम बताउन<br>- आफ्नो गाउँ समुदायको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवनबारे बताउन<br>- खानाका लागि जीवहरूबिचको अन्तरनिर्भरताका उदाहरण दिन<br>- विपतको परिचय दिन र सावधानीका उपाय बताउन, | - वनस्पति र जीवहरूसँगको अन्तरनिर्भरता र तिनीहरूको अनुकूलता सम्बन्धमा सुसूचित हुन<br>- स्थानीय विपत् जोखिमको पहिचान गर्न र सावधानीका उपाय अपनाउन<br>- व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता बताउन र सुरक्षाका उपायहरू अपनाउन<br>- समाजमा हुन सक्ने चोरी, डकैती जस्ता घटनाबाट सुरक्षित रहन, साथीहरूबिच हुने सानातिना विवादको समाधान गरी शान्तिपूर्ण र संयमित व्यवहार प्रदर्शन गर्न<br>- सडक सुरक्षा तथा ट्राफिक नियमको पालना गर्न र अरूलाई पनि सचेत गराउन<br>- व्यक्तिगत र पारिवारिक सुरक्षामा सहयोग पुऱ्याउने निकायहरूको | १४ |

| | | | | |
|---|---|---|---|---|
| | | अवलम्बन गर्न<br>- वातावरण संरक्षणमा आबद्ध समूह संस्थाबारे जानकारी लिन र त्यसको कार्यहरूबारे बताउन। | पहिचान गर्न<br>- प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासहरू खोजी र प्रयासमा सुधार गर्न<br>- आफ्नो गाउँ समुदायको प्राकृतिक स्वरूप, हावापानी, वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन उल्लेख गर्न। | |

**३. कक्षागत सिकाइ उपलब्धि (कक्षा ६-८)**

| क्र. सं. | विषय/ एकाइ/ थिम | कक्षा - ६ | कक्षा - ७ | कक्षा - ८ | पाठ्य भार |
|---|---|---|---|---|---|
| **१.** | **हाम्रो नाम्खा** | - आफ्नो वडाको प्रशासनिक संरचना र सेवाहरूको बारेमा बताउन,<br>- गाउँपालिकाको भौगोलिक संरचना, विशेषता र वातावरणबारे जानकारी दिन,<br>- गाउँपालिकाभित्रका सम्पदाको नाम चित्र र सङ्केत गरी बताउन,<br>- दिगो विकासमा स्थानीय सरकारको योगदानबारे बताउन,<br>- गाउँपालिकाको शिक्षा, स्वास्थ्य, नीति ऐन, नियमावली, कार्यविधिबारे जानकारी लिन,<br>- गाउँपालिकाको नामकरण र इतिहासबारे बताउन,<br>- सार्वजनिक सम्पत्तिको पहिचान, | - गाउँपालिकाको भौगोलिक प्राकृतिक वातावरण प्रशासनिक अवस्थाको बारेमा जानकारी दिन,<br>- गाउँपालिकामा रहेका विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाको बारेमा बताउन,<br>- गाउँपालिकाको विषयगत समितिको परिचय र विषयगत समितिको नाम, काम र परिचय दिन,<br>- नाम्खा गाउँपालिकाको नक्सा बनाई वडाहरू छुट्याउन, गाउँपालिकाको चार किल्ला बताउन,<br>- व्यक्तिगत परिचय-पत्र, नागरिकता, मतदाता, पासपोर्ट र लाइसेन्स प्राप्ति | - गाउँपालिकामा रहेका विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाको बारेमा बताउन,<br>- गाउँपालिकाको शिक्षा, स्वास्थ्य, नीति ऐन, नियमावली, कार्यविधिबारे जानकारी लिन र प्रक्रियाबारे बताउन<br>- सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन, भौतिक संरचनाको संरक्षण र सम्वर्धनबारे बताउन<br>- दिगो विकासमा स्थानीय सरकारको योगदान बताउन,<br>- समुदाय र पुर्खाको इतिहास, जाति, समुदायको नामकरण, बस्ती विकास र राज्य सञ्चालन प्रभाव र विकासबारे बताउन,<br>- भवन निर्माण, संरचना र निर्माण शैली र | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सामुदायिक संरचनाको बारे बताउन<br>- गाउँपालिकाको (आन्तरिक तथा बाह्य) सीमा र व्यापार र तीर्थाटनको परिचय र महत्त्व बताउन<br>- हाम्रो नाम्खाको सामान्य परिचय दिन स्थानीय प्राकृतिक साधन स्रोतको पहिचान गर्न<br>- नाम्खाभित्र भवन निर्माण, संरचना र निर्माण शैलीबारे वर्णन गर्न<br>- आफू रहेको स्थानीय तह र जिल्लाको नक्सा उतार गरी सङ्केतमा देखाउन<br>- नाम्खासित जोडिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सीमाबारे जानकारी प्राप्त गर्न<br>- मौलिक पहिचानको अवस्था विगत र वर्तमानको बारे बताउन | सिफारिस तथा प्रक्रियाबारे थाहा पाउन<br>- नाम्खा इतिहासबारे जानकारी राख्न, समाज निर्माणका आधार उल्लेख गर्न<br>- सार्वजनिक सम्पत्तिको महत्त्व र आवश्यकताबारे बताउन,<br>- समुदाय र पुर्खाको इतिहास, बस्तीबारे जानकारी दिन,<br>- समाजको उत्पत्ति र विकासक्रम उल्लेख गर्न<br>- भवन निर्माण, संरचना र निर्माण शैली र वास्तुकलाबारे बुझ्न<br>- तिब्बतसँगको सम्बन्ध सन् १९५९ चीन तिब्बत युद्ध र पछिको सम्बन्धमा आएको परिवर्तनबारे बताउन<br>- पहिचानमा आएको ह्रास तथा अन्यौलताको पहिचान गर्न, बुझ्न र सुधार गर्न<br>- चीनसँगको अन्तर्राष्ट्रिय सहयोग सम्बन्ध, सीमा सुरक्षा र व्यवस्थासम्बन्धी जानकारी राख्न | वास्तुकलाको अध्ययन र प्रयोगसम्बन्धी जानकारी लिन र बताउन<br>- तिब्बतसँगको सम्बन्ध (धार्मिक, सांस्कृतिक र ऐतिहासिक), सन् १९५९ चीन तिब्बत युद्ध र त्यस अघि र पछिको विकासक्रम र परिवर्तनका बारे सोधखोज गरी बताउन<br>- जातीय पहिचानमा आएको ह्रास तथा अन्यौलता कारण (शासन, सत्ता, भाषा, संस्कृति, नामकरण)<br>- चीनसँगको राष्ट्रिय अन्तर्राष्ट्रिय सिमाना लिमी लाप्चा र हिल्सा बजारको अवस्थाबारे बताउन<br>- वर्तमान अन्तर्राष्ट्रिय सहयोग सम्झौता र सवालबारे बुझ्न<br>- पहिचानमा आएको ह्रास तथा अन्यौलताको पहिचान गर्न, बुझ्न र सुधार गर्न अध्ययन र खोजी गर्न<br>- अन्तर्राष्ट्रिय सन्धि, महासन्धिबारे सामान्य परिचय दिन। यसको प्रभावबारे बताउन। | |
| **२.** | **हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र** | - पोषणयुक्त खाद्यवस्तु, खाना परिकारको परिचय दिन<br>- महिनावारीको परिचय दिन<br>- सरसफाइयुक्त निरोगी, आकर्षक, अनुशासित बानीव्यवहार प्रदर्शन गर्न | - जनवार र किराको टोकाइबाट सर्ने रोगको परिचय दिन, रोगको रोकथामका उपाय अपनाउन<br>- नसर्ने रोगको परिचय दिन र जोखिम तत्त्व र रोकथामका उपाय बताउन | - महिनावारीको परिचय दिन र महिनावारी हुँदा अपनाउनुपर्ने सरसफाइ, पोषण, आराम तथा सुरक्षित व्यवहारहरू उल्लेख गर्न र सिक्न<br>- सार्वजनिक शौचालय, ढल निकासा, सिसा, टिन, प्लास्टिकजन्य फोहोरको विसर्जन गर्ने | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **व्यक्तित्व विकास** | - बासी तथा दूषित हावा खाना र पानीबाट सर्ने रोगहरूको परिचय दिन र रोकथामका उपाय अपनाउन<br>- धूम्रपानको परिचय दिन, धूम्रपान, मद्यपानको परिचय, कारण र असर बताउन<br>- प्रत्यक्ष सम्पर्कबाट सर्ने सरुवा रोगको परिचय दिन<br>- सुरक्षा र सुरक्षा शिक्षाको परिचय दिन यसका महत्त्व बताउन<br>- सर्प, कुकुरको टोकाइबाट बच्नका लागि सुरक्षाका उपाय अपनाउन,<br>- सामान्य चोटपटक, पोलाइ आदिबाट बच्ने, प्रथामिक र घरेलु उपचार गर्न । | - धूम्रपान र मद्यपानको प्रयोगले व्यक्ति, परिवार र समुदायमा पार्ने असरको सूची बनाउन<br>- धूम्रपान र मद्यपानबाट बच्ने उपायहरू बताउन<br>- पोलेको वा घाउको प्राथमिक उपचारको परिचय दिन र बताउन<br>- प्राथमिक उपचार परिचय, प्राथमिक उपचार बाकसमा हुनुपर्ने सामग्रीहरू र तिनीहरूको आवश्यकता बताउन<br>- वातावरणीय सरसफाइको परिचय दिन र महत्त्व बताउन<br>- महिनावारी स्वच्छतामा परिवार र साथीहरूको भूमिका बताउन,<br>- सौन्दर्य कला र शिक्षाको परिचय, यसले व्यक्तित्वमा पार्ने प्रभावबारे बताउन। | तरिकाबारे बताउन र सघाउन<br>- स्थानीय रोगहरूको पहिचान, कारण, रोकथाम र उपचारका बारे बताउन<br>- शारीरिक खेल र व्यायामको माध्यमले स्वस्थ, निरोगी, रहने तरिका बताउन<br>- मानसिक स्वस्थ चिन्ता, तनाव व्यवस्थापन, योग, ध्यान अभ्यास गर्न, परिचय दिन र महत्त्व बताउन<br>- घाउ चोटपटकबाट बच्नका लागि सुरक्षाका उपाय अपनाउन<br>- स्थानीय स्वास्थ्य उपचार तथा (अम्ची) र पद्धतिबारे जानकारी, त्यसको उपयोगिता र असरबारे बताउन<br>- स्वास्थ्यका लागि सरसफाइ र सौन्दर्यकलाबिच सम्बन्धबारे बताउने, महत्त्व उल्लेख गर्ने। | |
| **३.** | **हाम्रो धर्म, संस्कृति र परम्परा** | - धर्म र सांस्कृतिक क्रियाकलापहरूसँग परिचित भई सहभागी हुन,<br>- आत्म अनुशासन र सामाजिक व्यवहारको पालना गर्न<br>- विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व बोध गर्न र सम्मान गर्न<br>- गाउँपालिकाभित्रका सांस्कृतिक तथा धार्मिक सम्पदा स्थलहरूको | - मानवमूल्य आत्मसात् गरी मानव सेवाको भावना जागृत गर्न<br>- हाम्रा सामाजिक तथा धार्मिक संस्कारहरूसँग परिचित भई सोअनुरूप व्यवहार गर्न<br>- हाम्रा सांस्कृतिक पहिचान, रीतिरिवाजहरूको खोजी र संरक्षण गर्न<br>- स्थानीय प्रेरणादायक व्यक्तित्वहरूको खोजी गरी सम्मान गर्न र उनीहरूको | - सामाजिक न्याय, शान्ति र अहिंसाको परिपालन गर्न<br>- नाम्खा गाउँपालिकाको धार्मिक, परम्परा तथा प्रचलनहरूको जानकारी लिइ संरक्षण कार्यमा सहभागी हुन<br>- विविधतालाई एकताको रूपमा परिचित र स्वीकार गर्न<br>- गाउँपालिकाको परिचय दिई सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पहिचान गरी यसको महत्त्व र संरक्षणका उपायहरू बताउन<br>- छरछिमेक र विद्यालयमा हुन सक्ने द्वन्द्व कारण र निवारणमा ध्यान दिन<br>- शान्तिको अवधारणासँग परिचित भई सोही अनुरूप व्यवहार प्रदर्शन गर्न<br>- सत्कर्म, सत्य वचन, सद्भाव, अहिंसावादी चरित्र निर्माण परिचय र महत्त्व बताउन<br>- सेवा, सहयोग भाव, उपकारी गुणको बारे बताउन र अभ्यास गर्न<br>- धर्म र सम्प्रदायबारे जानकारी राख्न | कामबाट प्रेरणा लिन र चरित्र निर्माणमा सहयोग पुऱ्याउन, सोसम्बन्धी जीवनीको अध्ययन गर्न<br>- परिवार, कक्षाकोठा र विद्यालयमा हुन सक्ने विवादको पहिचान गरी त्यसको समाधान र मेमिलापमा आफ्नो भूमिका प्रस्तुत गर्न<br>- व्यक्तिमा संयमित, धीरता, सहनशील र शान्तिपूर्ण गुण र व्यवहारको बारे बताउन र अभ्यास गर्न<br>- जन्म, विवाह, मृत्यु संस्कारबारे बुझ्न, बताउन<br>- संस्कृति, कला, अध्ययन, सिकाइका लागि सिकाइ केन्द्र र सङ्ग्रहालयको महत्त्व र आवश्यकता बोध गर्न । | - गाउँपालिकाभित्रका सम्पदाहरूको पहिचान गरी संरक्षण र संवर्धन कार्यमा सहभागी हुन<br>- समाजमा हुने द्वन्द्वका कारण पत्ता लगाई यसको व्यवस्थापनका उपायहरू खोजी गरी त्यसको व्यावहारिक अभ्यास गर्न<br>- गाउँपालिकाभित्र जन्म, विवाह, मृत्यु संस्कार, संस्कृति चालचलनबारे बुझ्न<br>- संस्कृति अध्ययन, सिकाइका लागि सिकाइ केन्द्र र सङ्ग्रहालयको महत्त्व र आवश्यकताबारे बताउन<br>- धार्मिक सम्प्रदाय आन्तरिक बौद्धधर्म र अन्य धर्मसम्बन्धी सामान्य परिचय दिन<br>- सामाजिक चाडपर्वहरूको महत्त्वको र आवश्यकताबारे बताउन । | |
| ४. | **हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत** | - स्थानीय आर्थिक क्रियाकलापहरूको परिचय दिई महत्त्व बताउन<br>- गाउँपालिकाभित्रको आर्थिक स्रोत साधनहरूको परिचय र महत्त्व बताइ यिनीहरूको सदुपयोगका उपायहरू उल्लेख गर्न,<br>- कृषि, घरेलु हस्तकला, व्यापार, सेवा, पर्यटन, उद्योग क्षेत्रको पहिचान गर्न | - स्थानीय उत्पादनको प्रयोग गरी मितव्ययी हुन र बचत गर्ने बानी बसाल्न,<br>- गाउँपालिकाभित्रका आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्था, समस्या र समाधानका उपाय बताउन<br>- कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध उल्लेख गर्न वस्तुको गुणस्तर पहिचानका आधार खोजी गरी उपभोक्ताका अधिकारप्रति सचेत रहन | - नेपालका वित्तीय संस्थाको परिचय यी संस्थाहरूबाट प्राप्त गर्ने सेवाहरूको पहिचान गर्न<br>- गाउँपालिकाभित्रको स्थानीय सिप, कलाको वर्तमान अवस्था, महत्त्व, बताउन<br>- पर्यटन व्यवसायमार्फत रोजगार प्रवर्धनका उपायहरू खोजी गर्न<br>- वैदेशिक रोजगारीको परिचय, चुनौती र अवसरहरू पहिचान गर्न<br>- चीनसँगको वैदेशिक व्यापारको वर्तमान | १८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | - आयस्रोतको रूपमा जल, जमिन, वन, जडीबुटी, खानी, श्रम, पूँजीको आवश्यकता र महत्त्वबारे बताउन<br>- दैनिक उपभोग्य वस्तुको परिचय र प्रयोग गर्न<br>- स्थानीय उत्पादन र बजारमुखी उत्पादनको बारे जानकारी दिन | - पालिकाको आन्तरिक आयको परिचय दिन र स्रोतहरू बताउन<br>- उपभोक्ता हित संरक्षणको परिचय यसको भूमिकाबारे बताउन<br>- बजारमुखी उत्पादनको आवश्यकता र महत्त्वबारे जानकारी दिन | अवस्था र महत्त्व बताउन<br>- उत्पादन र सेवामूलक पेसा व्यवसायहरूको वर्गीकरण (स्थान, समयअनुसार छनोट र सुधार कार्य गर्न)<br>- निर्वाहमुखी उत्पादन र अर्थतन्त्रलाई बजारमुखी अर्थतन्त्र र पुँजी निर्माणमा ध्यान दिने र आवश्यकताबारे बताउन | |
| **५.** | **हाम्रो कला, सिप र सूचना प्रविधि** | - वस्तुको नमुना बनाउन, चित्र कोरेर रङ भर्न र माटोबाट नमुना निर्माण र अभ्यास कार्य गर्न,<br>- स्थानीय ज्ञान, सीप र कलाहरूको पहिचान र प्रवर्धन गर्न,<br>- समुदायमा भएका विभिन्न किसिमका सिप, कला र आकृति-हरूको रेखाङ्कन गर्न, सूची बनाउन<br>- व्यक्तिगत रूपमा आफूले अनुभव गरेका र कल्पनामा आधारित चित्रहरूको निर्माण र अभ्यास गर्न<br>- विभिन्न किसिमका सिलाई बुट्टाको अभ्यास गर्न<br>- विभिन्न प्रकारका वस्तुको अवलोकन गरी चित्र बनाउन र उपयुक्त रङ भर्न स्थानीय सीप र कलाहरूको महत्त्व र उपयोगिता बताउन<br>- स्थानीय नाप, तौल, आकारप्रकार | - दैनिक जीवनमा सञ्चारका साधनहरूको उचित र सावधानीपूर्वक प्रयोग गर्न<br>- कम्प्युटर तथा मोबाइल फोन प्रयोग गर्दा व्यक्तिगत सुरक्षाका उपायहरू अपनाउन तथा कम्प्युटर सुरक्षाका उपायहरू अवलम्बन गर्न,<br>- सञ्चारका प्रकारहरू (वैयक्तिक सञ्चार, अन्तरवैयक्तिक सञ्चार, आम सञ्चार), को परिचय दिन र प्रयोग गर्न,<br>- सिकाइका लागि, क्याल्कुलेटर, मोबाइल फोन र कम्प्युटरको प्रयोग र अभ्यास गर्न,<br>- कम्प्युटर र मानवबिच समानता र भिन्नता छुट्याउन<br>- स्थानीय नाप, तौल, आकार आधुनिक नापतौलसँग तुलना गर्न, फरक छुट्याउन र प्रयोग गर्न<br>- हस्ताकलाका विविध क्षेत्रका पहिचान, | - कागजबाट नमुना आकारहरू तयार गर्न तथा चित्र कोरेर रङ भर्न,<br>- अवलोकन गरेका वस्तुको चित्र कोर्न र रङ भर्न<br>- कल्पनामा आधारित र कथामा आधारित चित्रहरू कोर्न र रङ भर्न, थाङ्का निर्माण अभ्यास<br>- स्थानीय सीप र कलाहरूको पहिचान र प्रवर्धन गर्न, मुहार चित्रको अभ्यास गर्न र रङ भर्न<br>- रेखा चित्र बनाउन आवश्यक आधारभूत कुरा बताउन<br>- स्थानीय हस्तकला सिपलाई प्रविधिमैत्री प्रयोग अभ्यास र सिकाइ कार्यको सम्बन्धबारे वर्णन गर्न<br>- स्थानीय नाप, तौल, आकार प्रकारलाई आधुनिक नाप, तौल, इकाइसँग तुलना र परिवर्तन र प्रयोग गर्न<br>- स्थानीय काठ, हस्तकला, कपडा, घरेलु, निर्माण, परम्परागत कलाको खोजी, संरक्षण र | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | साधनहरूको नाम, परिचय र प्रयोग | प्रयोग र प्रवर्धन। | प्रवर्धनमा जोड र सिकाइ गर्न। | |
| **६.** | **हाम्रो खेल, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास** | - स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य, गीत, सङ्गीत, वाद्यवादनका खेलहरूको सूची बनाउन<br>- बाल क्लबले विद्यालयमा अतिरिक्त क्रियाकलाप र सामान्य गतिविधिसँग परिचित हुन<br>- पर्यटकहरू घुम्न, हेर्न र बस्नलायक रमाइलो ठाउँहरूको विशेषताको वर्णन गर्न<br>- रमाइलो ठाउँहरूमा पिकनिक, स्थल, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको नाम र विशेषता बताउन<br>- स्थानीय परम्परागत, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पवित्रस्थलको पहिचान गर्न<br>- सांस्कृतिक मेला, पर्व, पार्टी, उद्घाटन, शुभकार्य, दिन वारमा मनाउने उत्सवका रमाइलो कार्यका नाम सम्पन्न गर्ने प्रक्रियाबारे बताउन | - स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य, गीत, वाद्यवादनका खेलहरूको सूची बनाउन,<br>- कुन चाडबाड र अवसरमा कुन खालका खेल र मनोरञ्जन गर्ने चलन छ त्यसको बारे बताउन र अभिनय गर्न, सूची बनाउन<br>- रमाइलो ठाउँमा पिकनिक, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको पहिचान र विशेषता बताउन<br>- पर्यटकहरू घुम्न, हेर्न र बस्नलायक रमाइलो ठाउँको विशेषताको वर्णन गर्न<br>- पर्यटकका लागि रमणीय स्थल त्यसको संरक्षण, सरसफाइ, सेवा सुविधाको आवश्यकताको बारे बताउन<br>- पर्यटन विकासका आवश्यक पूर्वाधार पथमार्ग, आवास, खानपिन, यतायात, जनशक्तिको व्यवस्था र आवश्यकताबारे वर्णन गर्न महत्त्व बताउन | - स्थानीय सांस्कृतिक गायन, वाद्यवादन तथा नृत्यसम्बन्धी प्रतिभा प्रस्तुत गर्न<br>- स्थानीय खेल, कला, संस्कृतिमा बाल प्रतिभा पहिचानका विभिन्न विद्याहरूमा भाग लिन र प्रतिभा प्रस्तुत गर्न<br>- रमाइलो ठाउँ पिकनिक, स्थल, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको पहिचान र विशेषता बताउन<br>- पर्यटन विकासका आवश्यक पूर्वाधार पथमार्ग, आवास, खानपिन, यतायात, जनशक्तिको व्यवस्था र आवश्यकताबारे वर्णन गर्न महत्त्व बताउन<br>- स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य, गीत, वाद्यवादनका खेलहरूको महत्त्व बताउन,<br>- स्थानीय खेल तथा सांस्कृतिक मनोरञ्जनको माध्यमले पर्यटक आकर्षण गर्न सांस्कृतिक कला केन्द्रको स्थापना र सञ्चालनको आवश्यकता र महत्त्वबारे सूचित गर्न | १४ |
| **७.** | **हाम्रो सामाजिक संस्था, विकास र** | - नागरिकको परिचय दिई नागरिक कर्तव्य पालन गर्न र अधिकारप्रति सचेत रहन<br>- घरेलु हिंसा, महिला, ज्येष्ठ नागरिक, | - गाउँपालिकाभित्रका आधारभूत आश्यकताका तत्त्वहरू आधारमा गरिबीको पहिचान गर्न<br>- लोकतान्त्रिक मूल्यमान्यता, संस्कारको | - गाउँपालिकाको सामाजिक रहनसहनको अवलोकन गरी अवस्था प्रस्तुत गर्न<br>- स्थानीय सरकारको नीति, ऐन र कानुन, योजना, कार्यक्रम, बजेट निर्माण प्रक्रियाको | १४ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **सेवा प्रवाह** | बाल, अपाङ्ग अधिकारको उपयोगप्रति सचेत रहन<br>- ट्राफिक नियमको परिचय र फाइदा बताउन एवम् यसको पालना गर्न,<br>- विकासको अवधारणा र पालिकाभित्र विकासको सम्भावनाहरू उल्लेख गर्न<br>- विकासको पूर्वाधारका रूपमा खानेपानी, ऊर्जा र जनशक्तिको महत्त्व एवम् वर्तमान अवस्था वर्णन गर्न<br>- सामाजिक विकृति र समस्याका कारण र असरप्रति सचेत भई समाधानका उपायहरू अवलम्बन गर्न<br>- सामाजिक समस्या, विवाद, द्वन्द्व जस्ता समाधानमा विद्यालय र राष्ट्रिय सङ्घसंस्थाहरूले खेल्न सक्ने भूमिका खोजी गर्न<br>- सामाजिक विकृतिहरू (बोक्सी, वलीप्रथा, बहुपति, ङ्येलु प्रथा) को परिचय र असरबारे बताउन<br>- सामाजिक अन्धविश्वासको बारे बताउन र न्यूनीकरणमा योगदान गर्न<br>- खराब बानीको केके हुन् बताउन र सुधार गर्न | परिचय दिई पालना गर्न<br>- गाउँपालिकाको नीति, ऐनको परिचय दिई वर्तमान ऐन, कानुनको विशेषता उल्लेख गर्न<br>- मानव अधिकार संस्था र मौलिकहकहरूको परिचय दिन<br>- गरिब, अपाङ्गताको परिचयपत्र प्राप्त गर्न वर्गीकरण, सिफारिससम्बन्धी प्रक्रियाको बारे बताउन<br>- गाउँपालिकाभित्र भएका विकासका कार्यहरूको सूची तयार पार्न<br>- विकासको पूर्वाधारहरूका परिचय र महत्त्व उल्लेख गरी विकासका मुख्य मुख्य पूर्वाधारहरूको वर्णन गर्न<br>- गाउँपालिकाभित्रका प्रमुख विकास कार्यक्रम आयोजनाको पहिचान गरी तिनको विशेषता र प्रभावको बारे बताउन<br>- समाजमा जनचेतना, रोजगारी सृजना, कानुनको पालना र मेलमिलाप गर्ने वातावरणको आवश्यकता र महत्त्वबारे बताउन<br>- स्थानीय विषयगत तथा उपभोक्ता समितिका काम, कर्तव्य र अधिकार | परिचय दिन<br>- सामाजिक विभेदका स्वरूप र समावेशीकरणको अवधारणा एवम् महत्त्व बताउन।<br>- लोकतान्त्रिक गणतन्त्रमा नागरिकको भूमिकाको परिचय दिन वा बताउन<br>- कर्मचारीतन्त्र सेवा प्रवाह र सुशासन प्रवर्धनमा राष्ट्रसेवक कर्मचारीको भूमिका प्रस्ट पार्न<br>- आफ्नो घर, परिवार र समुदायमा घुलमिल भई सामाजिकीकरण प्रक्रियामा संलग्न हुन र गराउन<br>- विकासको पूर्वाधारका रूपमा शिक्षा, स्वास्थ्य, यातायात र सञ्चारको परिचय, महत्त्व र वर्तमान अवस्था उल्लेख गर्न<br>- विकासका सम्भावनाहरू पहिचान गर्न र दिगो विकासका लक्ष्यसँग जोड्न<br>- विभिन्न सामाजिक विकृति र समस्याहरूको पहिचान र न्यूनीकरण गर्न त्यसमा सङ्घसंस्थाहरूको भूमिका उल्लेख गर्न<br>- राजनीतिक दलको भूमिकाबारे बताउन<br>- नागरिक समाज, उपभोगता हितसम्बन्धी कार्य, जिम्मेवारी बुझ्न र बताउन<br>- बचत, ऋण, सहकारी र वित्तीय संस्थाहरूको परिचय, कार्य र महत्त्व बताउन | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | **हाम्रो वातावरण संरक्षण र विपत् व्यवस्थापन** | - घर, विद्यालय र समुदायमा घट्ने घटना र दुर्घटनाप्रति सचेत रहन,<br>- वरपरका वस्तुका विशेषताहरू तथा घटनाहरूप्रति जिज्ञासु भई अवलोकन तथा परीक्षण गर्न,<br>- पृथ्वीको परिचय दिई यसको आकार र संरचनालाई सचित्र देखाउन<br>- गाउँपालिकाभित्रको हावापानी, नदीनाला, उचाइ र वनस्पतिका आधारमा विभाजन गरी यिनीहरूको मानव जीवनसँगको सम्बन्ध उल्लेख गर्न<br>- प्राकृतिक स्रोतको वितरण र स्थानीयस्तरको सामाजिक, आर्थिक जनजीवनबिचका सम्बन्ध पहिचान गर्न<br>- गाउँपालिकाको नक्सामा विभिन्न तथ्यहरू प्रस्तुत गर्न<br>- विपत्को परिचय दिई यसको व्यवस्थापनका उपायहरूको पहिचान र अभ्यास गर्न<br>- वातावरणको बनोट स्थल, जल र वायु परिवर्तनको परिचय, बनोट र अवस्थाबारे जानकारी दिन। | - विपत्मा व्यक्तिगत सुरक्षाका उपायहरू अवलम्बन गर्न र सन्तुलन कार्य गर्न,<br>- मौसमको अवस्थाप्रति सचेत भई व्यवहार प्रदर्शन गर्न, माटो पानी र हावाको उपयोग बताउन र प्रदर्शन गर्न,<br>- पृथ्वीका दैनिक र वार्षिक गतिको परिचय दिन र महत्त्व बताउन।<br>- नाम्खाका भू-धरातलीय स्वरूपको परिचय दिई यसमा परिवर्तन ल्याउने तत्त्वहरू बताउन<br>- स्थानीय जलवायु परिवर्तनको परिचय दिई यसका कारणहरू उल्लेख गर्न र यसले जनजीवनमा पार्ने असर पहिचान गर्न<br>- गाउँपालिकाभित्र घट्ने विभिन्न किसिमका विपत्हरूको परिचय दिई विपत् व्यवस्थापनका विभिन्न उपायहरू खोजी गर्न<br>- गाउँपालिकाको नक्सा कोर्न र भौगोलिक, हावापानीको तथ्य भर्न<br>- सडक सुरक्षाका लागि ट्राफिक नियम, सङ्केत वा बत्तीको परिचय र पालना गराउन।<br>- वन, वातावरण संरक्षणमा आबद्ध र क्रियाशील समूह, सङ्घ-संस्थाबारे जानकारी राख्न। | - जनावर र वनस्पतिबीच भिन्नता छुट्याउन र बिरुवाका लक्षणहरू पहिचान गरी वर्गीकरण र अन्तरनिर्भरताको बारे बुझ्न<br>- वातावरण संरक्षण गर्न, प्राकृतिक खाद्य शृङ्खलाको परिचय दिई उदाहरण दिन, (उत्पादक, प्रथामिक र द्वितीय उपभोक्ता)<br>- वन, वातावरण, वन्यजन्तुको संरक्षण र मानव जीवनमा पार्ने प्रभाव बताउन<br>- मौसम र हावापानीको परिचय दिई हावापानीमा परिवर्तन ल्याउने तत्त्वहरू उल्लेख गर्न<br>- जलवायु परिवर्तनको परिचय, यसका असर न्यूनीकरणका उपायहरू खोजी गर्न<br>- छिमेकी देश चीनको ताक्लाकोटको प्राकृतिक वातावरण र संरक्षणको नमुना पाठ अध्ययन र अवलोकनबाट सिकाइ गर्ने ।<br>- नाम्खा गाउँपालिकाभित्र जोखिम क्षेत्र पहिचान, विपत् घटना र जोखिम न्यूनीकरणका योजना, रोकथाम, उपायहरू र अभ्यास गर्न<br>- गाउँपालिकाको स्थानीय हावापानीको परिचय, दिन अवस्था बुझ्न नक्सा कोर्न र भौगोलिक, प्राकृतिक तथ्य भर्न<br>- वनस्पति, जडीबुटी, औषधिजन्य र उपयोगी बिरुवाको पहिचान र प्रयोग सिकाइ गर्न। | १६ |

# थीमगत सिकाइ विस्तृतीकरण तालिका

## १. हाम्रो नाम्खा

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सम्भावित सिकाइ सहजीकरण प्रक्रिया / क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - व्यक्ति, समूह र सार्वजनिक स्थानको पहिचान<br>- ढोग, अभिवादन तथा स्वागत, सत्कार<br>- घरेलु जनावर वरिपरिमा हुने बोटबिरुवा<br>- घरेलु सामग्रीहरू<br>- स्थानीय चाडपर्व | - आफू, घरपरिवार, साथी, छिमेकी र घर-समुदाय, समूह<br>- ढोग, स्वागत तथा अभिवादन<br>- आफ्नो वरिपरि बसोबास गरेको टोल, सार्वजनिक ठाउँ, स्थान<br>- घर पालुवा जनावर र वरिपरिको रूख, बोटबिरुवाहरू<br>- घरमा प्रयोग हुने विभिन्न सामग्रीहरू<br>- स्थानीय मुख्य चाडपर्वहरूको नाम | - शरीरको चित्र वा फोटो, (आफै)<br>- घर परिवार, समुदाय, गाउँघर वा टोलको चित्र र नक्सा, दृश्य सामग्री, भिडियो, चित्र<br>- घरपालुवा जनवार, वरिपरिका रूख बिरुवाको चित्र वा भिडियो<br>- चाडपर्व नामको सूची<br>- घरेलु सरसामान वा सामग्रीको चित्र | - आफ्नो शारीरिक बाहिरी अङ्गको नाम र काम बारे समूह छलफल गर्ने<br>- प्रत्यक्ष परिवार सदस्य, मानिस, घर, टोल, स्थान, वस्तु देखाएर वा त्यसको चित्र/भिडियो, नक्सा देखाएर चिन्न लगाउने वा नाम भन्न लगाउने।<br>- आफ्नो भाषामा आफूभन्दा ठुलो मानिस बा-आमा, गुरु वर्गमा ढोग, स्वागत र अभिवादन गर्न सिकाउने, अभ्यास गराउने, मान्यजनहरूको निर्देशन पालना गर्ने।<br>- मानिस, व्यक्ति वा वस्तु, स्थानको बारे सामान्य र छोटो वर्णन गरिदिने।<br>- सार्वजनिक र निजी घर वा स्थानहरूको बारे फरक बताउने र छलफल गरी भन्न लगाउने।<br>- वरिपरिको जनावर र बोटबिरुवाहरूको नाम भन्न र चिन्न लगाउने।<br>- घरेलु सामग्रीहरूको नाम र काम बताउन लगाउने।<br>- प्रमुख चाडपर्वको नाम केके हुन् भनेर छलफल गराउने, एक एक गरी भन्न लगाउने। | - आफ्नो घरपरिवार सदस्यको नाम, वरिपरि ठाउँ वा स्थानको नाम सोध्ने।<br>- स्थानीय समुदायको फोटो वा चित्र हेरेर वस्तु, सामग्री, गाउँ र स्थानको नाम भन्न र चिन्न लगाउने<br>- हामीले ढोग ककसलाई गर्नुपर्छ ?<br>- मनपर्ने चाडपर्वको नाम | २४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - शब्द पत्ती बनाएर अक्षरबाट नाम चिनाउने | भन ? | |
| २ | - व्यक्ति र समूह<br>- सार्वजनिक स्थान<br>- जनावर र बिरुवाबिचको फरक पहिचान र कारण<br>- निर्जीव वस्तु<br>- घरेलु सामग्रीको पहिचान | - समुदायमा रहेका आफ्नो, घरपरिवार, साथीभाइ, आफन्त, छरछिमेक, घर, घरधुरी, वंश, गोत्रा, जात, थरको बिच नाता, साइनो र सम्बन्ध<br>- सार्वजनिक स्थान टोल, गाउँ, बाटो, सडक, बजार, गुम्बा, मन्दिर, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकीको स्थान र नाम<br>- जनावर, बिरुवा, वस्तु वा सामग्रीबिच सामान्य फरक छुट्याउने<br>- घरेलु सामग्रीको पहिचान | - फरक फरक मानिस र समूहको चित्र (उमेर, लिङ्ग, आकार, पोसाक)<br>- प्रत्यक्ष ठाउँ, स्थान, वस्तु, व्यक्ति वा त्यससँग सम्बन्धित चित्र, फोटो र नक्सा<br>- सार्वजनिक स्थानको नामहरूको सूची<br>- सजीव निर्जीव वस्तु र त्यसको लक्षण<br>- सबैको पाठ नामको शब्द पत्ति | - आफ्नो आफन्त, साथी, नाता पर्ने, छिमेकीका बारे समूहमा छलफल गर्ने र टिपोट गर्ने,<br>- छिमेकी, साथी समूहबिच नाता, साइनो सम्बन्धको बारे छलफल गर्ने, सम्बन्ध चिनाउने, ढोग, स्वागत र सत्कार गर्न सिकाउने।<br>- टोल, सार्वजनिक स्थान वा सोको फोटो देखाइ वस्तु र ठाउँ चिन्न र नाम भन्न लगाउने,<br>- समुदाय, टोलमा भएको घर सङ्ख्या गन्ती गर्ने, टिप्न लगाउने, कसको घरमा कति परिवार छन् गन्ती गर्ने, पुरुष, महिला, बालबालिका आदि<br>- सजीव र निर्जीव वस्तु ढुङ्गा र कमिलालाई सँगै राखेर फरक छुट्याउन लगाउने। अन्य उदाहरणहरू दिएर थप छलफलहरू गर्ने<br>- घरायसी सामग्री प्रकार र प्रयोगबारे बताउन लगाउने जस्तैः कृषि, निर्माण, भान्सा, लुगालत्ता, ढुवानीका सामग्री, खर्क, काठ, डोको, नाम्लो आदि। | - साथीहरूबिच कसको के नाता पर्छन् ? छलफल गर्ने।<br>- फोटो, चित्र वा देखाएको स्थान, ठाउँको नाम के हो ?<br>- रमेश तिमी कुन टोलमा बस्छौ ?<br>- घरपरिवार र आफन्तबिच के फरक छ ?<br>- नाता र साइनोबारे बताउनुस्।<br>- तिम्रो टोलमा कति घरहरू रहेका छन् गनेर भन ? | २४ |
| ३ | - घरधुरी र जनसङ्ख्या<br>- सार्वजनिक स्थल<br>- हाम्रो विगत र भौगोलिक | - समुदाय तथा वडामा रहेका घर, घरधुरी, जनसङ्ख्या, वंश, जात, थर दलित, लोपोन्मुख, अन्य जाति<br>- सार्वजनिक स्थल गाउँ, | - जनगणना वा गाउँपालिका प्रोफाइल वा तथ्याङ्क चार्टहरू<br>- सार्वजनिक | - सार्वजनिक संस्था गाउँपालिका र वडापालिकाबाट दिइने सेवा र कामको विवरणमा छलफल गर्ने,<br>- गाउँ, वडा समुदायमा भएका घरधुरी सङ्ख्या, जनसङ्ख्या, महिला पुरुष, बालबालिका, विद्यार्थी सङ्ख्या जात, वंश, खलकबारे तथ्याङ्क चार्टको प्रयोग गरी छलफल गर्ने, | - सार्वजनिक स्थान भनेको के हो ? नाम भन।<br>- हामी बसेको समुदायमा घरधुरी र | २४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अवस्था<br>- स्थानीय चाडपर्वहरू<br>- घरेलु सामग्रीहरू<br>- स्थानीय जनावर र बिरुवा<br>- घर र भवन निर्माण | बाटो, सडक, गुम्बा, स्कुल, बजार, शहर, बस्तीको आदिको अवस्था<br>- वडापालिकाले दिने सेवा सुविधा, दर्ता, सिफारिसहरू र प्राप्त गर्ने प्रक्रिया<br>- गाउँ समुदाय, वडापालिकाको भौगोलिक सिमाना, क्षेत्रफल, नक्सा र हावापानी<br>- स्थानीय चाडपर्वको तिथि, मिति र मनाउने क्रियाकलाप, वेशभूषा, खानपिन,<br>- वस्तु, पदार्थ, सजीव निर्जीव वस्तुको वर्गीकरण<br>- घरेलु वस्तु, सामग्रीको नाम, सूची र सामान्य प्रयोग<br>- घर र भवन निर्माण शैली<br>- पुर्खा जात, समूह, र | स्थानको नामको सूची,<br>- वडा कार्यालयको नागरिक वडापत्र<br>- स्थानीय चाडपर्वको सूची<br>- हाम्रो विगतबारे जानकार स्रोतव्यक्ति<br>- शीर्षकसम्बन्धी शब्द पत्ति<br>- सम्बन्धित ठाउँको नक्सा वा चित्र<br>- घर, भवन संरचना | - गाउँ, समुदाय, वडाको भौगोलिक सिमाना, चार किल्ला, क्षेत्रफल र नक्सासमेत सङ्केत गर्ने अभ्यास गर्ने ।<br>- स्थानीय प्रमुख चाडपर्वहरूको नाम र परिचय दिने क्रियाकलापहरूको बारे छलफल गरी उदाहरणहरू दिने,<br>- चाडबाडमा खाने खाना, लगाउने लुगा, गरगहनाको बारे बताउने, चाडबाडको समय तालिका बनाइ छलफल गर्ने<br>- आफ्नो पुर्खाको जात, थर, समुदायको नाम कसरी रहेको, कहाँबाट आएर बसेको भन्नेबारे जानकार व्यक्तिबाट सूचना लिइ छलफल गराउने (वंश, जात, थर  दलित, लोपोन्मुख)<br>- घरमा रहेका दैनिक उपभोग्य सामग्री र यतायात साधनका सामग्रीहरूको नाम र प्रयोगबारे छलफल गरी भन्न लगाउने<br>- बाहिरी वातावरणमा भएका वस्तु पदार्थका भौतिक गुण र विशेषताबारे छलफल गरी समान र फरक पक्षहरू छुट्याउन लगाउने ।<br>- समुदायमा रहेका घर र भवन निर्माण विगत र वर्तमानको समीक्षा गर्ने, फरक र परिवर्तनबारे छलफल गर्ने<br>- समुदायभित्र साइनो र नाता समूहबारे छलफल गर्ने । (पितृवंशीय, मातृवंशीय, अन्य नाता समूहहरू - (मितेरी समूह, धर्मपुत्र, इष्टमित्र) नाता र | जनसङ्ख्या कति रहेको छ ?<br>- हाम्रो गाउँको चारकिल्ला क्षेत्रको नाम बताऊ ।<br>- लोसार पर्वमा तिमीहरू घरमा के के गर्छौ भन ।<br>- यसैगरी कक्षाको विषय र पाठसम्बन्धी थप प्रश्नहरू गर्दै जाने<br>........<br>.......... | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समुदायको नाम नामकरण प्रसङ्ग | | उमेरअनुसारको साइनो सम्बन्धबारे बताउने। | | |
| ४ | - सम्पदाको पहिचान<br>- गाउँपालिकाका वडाहरूको परिचय र कार्यालयले दिने सेवा<br>- गाउँ, समुदायको नामकरण, भौगोलिक सिमाना र नक्सा<br>- सामाजिक मूल्यमान्या, परम्परा र रहनसहन | - नाम्खा गाउँपालिकाभित्रका प्राकृतिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको पहिचान र परिचय<br>- आफ्नो परिवार, जात, समुदायको विगत वा पुर्खाको सामान्य जानकारी<br>- वडा भौगोलिक अवस्थिति, सिमाना, क्षेत्रफल र जनसङ्ख्याको विवरण<br>- समुदाय, भाषा, चालचलन<br>- वडापालिका, गाउँपालिकाबाट दिइने सेवा, जनप्रतिनिधि, काम, कर्तव्यको जानकारी<br>- समुदायका जातजति, वंश, समूहको नाम र सो नाम रहनुको | - स्थानीय प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदाको सूची<br>- समुदायका जातजति, वंश, समूहको नाम र सो नाम रहनुको किंवदन्तीहरू र कथा सन्दर्भ पुस्तक<br>- नक्सा/वडाको<br>- स्थानीय गाउँको चालचलन<br>- नागरिक बडापत्र<br>- कार्यालय अवलोकन र भेटघाट | - नाम्खा गाउँपालिकाभित्रका प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक र धार्मिक सम्पदाहरूको केके छन् छलफल गरी सूची तयार गर्ने<br>- समुदायमा के कस्ता जात, थर, वंश खलकहरू छन् टिपोट गर्ने, विद्यार्थीहरू पनि आफू घरपरिवार कुन थरको हो साथीबिच छलफल गर्ने<br>- समुदाय तथा व्यक्तिको नाम / थर कसरी रहेको र फरक फरक किन भएको भन्ने जानकारहरूसँग छलफल गर्ने<br>- गाउँपालिका र वडापालिकाले जनताका लागि गर्ने काम र दिने सेवा सुविधाहरूको बारे कक्षाकोठामा छलफल गरी थप जिज्ञासा र जानकारीका लागि जनप्रतिनिधि र कर्मचारीसँग भेटघाट गरी विषय, क्षेत्रगत छलफल गर्ने, नोट गर्ने<br>- वडा भौगोलिक अवस्थिति, सिमाना, क्षेत्रफल घरधुरी र जनसङ्ख्याको विवरण छलफल गरी उल्लेख गर्ने<br>- समुदायमा बोलिने स्थानीय भाषाको नाम बोलचाल अवस्था, कथ्य र लेख्य प्रयोग वेशभूषा चालचलनबारे छलफल गर्ने<br>- समुदाय/बस्ती नामकरणसम्बन्धी शिक्षक, घरपरिवारमा, जानकार व्यक्तिहरूसँग छलफल गरी नोट गर्ने | - गाउँपालिका र वडापालिकाबाट पाउने सेवा सुविधाको सूची बनाऊ।<br>- हाम्रो गाउँमा केकस्ता थर, वंश खलकहरू रहेका छन् लेख।<br>- फरक फरक जात थरका नाम कसरी रहेका होलान् ?<br>- हाम्रो समुदायमा रहेका सम्पदाहरूको सूची बनाऊ।<br>- गाउँपालिकाको चारकिल्ला वा सीमाक्षेत्रबारे बताऊ। | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | किंवदन्तीहरू<br>- वडा समिति गठन, काम, कर्तव्य र अधिकार | | - वडा कार्यालयबाट दिइने सेवा पञ्जीकरणसम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाइँसराइ) दर्ता, अन्य सिफारिसहरू गर्छ भनी बताउन ।<br>- वडा समिति, सदस्य सङ्ख्या, गठन प्रक्रिया, काम, कर्तव्यबारे छलफल गरी बताउने । | | |
| ५ | - स्थानीय सम्पदाहरूको परिचय, विशेषता र महत्त्व<br>- वडा र गाउँ सभाको गठन प्रक्रिया विकास कार्य<br>- गाउँपालिकाको भौगोलिक अवस्थिति र क्षेत्रफल<br>- गाउँपालिकाको नामकरण इतिहास<br>- न्यायिक समितिका कार्य<br>- गाउँपालिका | - सम्पदाहरू (ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक ठाउँ, स्थान आदि)को महत्त्व र विशेषताहरू<br>- वडा र गाउँसभा गठन, निर्वाचन, छनोटसम्बन्धी जानकारी<br>- स्थानीय सरकारले गर्ने विकास कार्यहरू<br>- गाउँपालिकाको भौगोलिक सिमाना, चारकिल्लाको नाम क्षेत्रफल र नक्सा<br>- गाउँपालिकाको नाम नाम्खा रहनुका कारण र प्रसङ्ग/तर्क<br>- गाउँपालिकाको न्याय समितिको गठन र काम | - सम्पदाहरूको परिचय र सूची<br>- पालिका र जिल्लाको नक्सा र गुगल म्याप<br>- स्थानीय तह सञ्चालन ऐन २०७४<br>- अन्य ऐन कानुन र कार्यविधि<br>- इतिहाससम्बन्धी खोज अध्ययनका पुस्तकहरू | - सम्पदाहरू (प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक ठाउँ गुम्बा, मन्दिर, कला, कृति, भवनशैली, लोकप्रिय ठाउँ, तीर्थस्थल, खेल, नाच, चाडपर्व मेला, ताल, झरना, हिमाल, भन्ज्याङ, तातोपानी) आदि रहेको स्थानका महत्त्व र विशेषताहरूमाथि छलफल गर्ने<br>- वडा र गाउँसभा गठन, निर्वाचन, प्रतिनिधि छनोटसम्बन्धी छलफल गरी जानकारी दिने<br>- स्थानीय सरकारले गर्ने विकास कार्यहरू ऐन नीतिबाट छलफल गरी सूची तयार गर्ने<br>- गाउँपालिकाको भौगोलिक सिमाना, चारकिल्लाको नाम क्षेत्रफल बुझ्न स्थानीय जानकार व्यक्ति र नक्साको प्रयोग गरी छलफल गर्ने<br>- गाउँपालिकाको नाम नाम्खा रहनुका कारण र खोजी र छलफल गर्ने, जानकार तथा अभिलेखको खोजी गरी सान्दार्भिक तर्कहरूमा उल्लेख गर्ने<br>- गाउँपालिकाको न्याय समितिको गठन र काम कर्तव्यहरूबारे स्थानीय तह सञ्चालन ऐन २०७४ को दफा ४७ मा हेरी छलफल गर्ने<br>- इतिहासको खोज अध्ययन र कथ्य भनाइ र लेख्य | - स्थानीय लोकप्रिया ठाउँको नाम सूची बनाऊ ।<br>- वडा तथा गाउँसभा गठन बारे छोटकरीमा भन ? लेख ।<br>- गाउँपालिकाको चार किल्ला सिमानाको नाम लेख ।<br>- नाम्खा गाउँपालिकाको नाम कसरी रहन गयो आफ्नो विचार दिनुस्<br>............<br>........... | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | को धरातलीय स्वरूप र हावापानी<br>- सामाजिक रहनसहनको परिचय | कर्तव्यहरू<br>- इतिहासको खोज अध्ययन र कथ्य र लेख्य प्रमाणहरू<br>- सामाजिक विकासमा आबद्ध सङ्घसंस्था र व्यक्तित्वहरू पहिचान सम्मान<br>- स्थानीय समुदायको भौगोलिक अवस्था<br>- मानिसहरूको खानपिन, लुगालत्ता, शिक्षा, स्वास्थ्य जीवनपद्धति<br>- नाता र साइनो सम्बन्ध | | प्रमाणहरूको सङ्कलन गरी छलफल गर्ने र बुँदा टिपोट गर्ने<br>- सामाजिक विकासमा आबद्ध सङ्घसंस्था र व्यक्तित्वहरू नाम, काम र योगदानबारे चर्चा गरी सम्मान गर्ने, ती व्यक्तिहरूको जीवनी अध्ययन गरी प्रेरणा लिने<br>- स्थानीय समुदायको भूगोल, जमिन, वनजङ्गल, चट्टान, मैदान, हिमाल, जल क्षेत्र, खेतीयोग्य भूमि, गर्मी, जाडो, वर्षा हावापानीबारे छलफल गरी आफ्नो स्थानको बारे जानकारी लिने<br>- मानिसहरूको खानपिन, लुगालत्ता, शिक्षा, स्वास्थ्य जीवनपद्धतिको अवस्थामा बारे छलफल गर्ने<br>- वडा कार्यालयबाट दिइने सेवा पञ्जीकरणसम्बन्धी (जन्म, मृत्यु, विवाह, बसाइँसराइ) दर्ता, अन्य सिफारिसहरू गर्छ भनी छलफल गरी बताउने।<br>- स्थानीय तथा समुदाय बाहिरसँगको नाता र साइनो सम्बन्धको विश्लेषण र छलफल गर्ने, उदाहरण दिने। | | |
| ६ | - वडा र गाउँपालिकाको प्रशासनिक संरचना र सेवाहरू<br>- गाउँपालिकाको भौगोलिक संरचना, | - वडा र गाउँपालिका पालिकाभित्रका प्रशासनिक संरचनाको परिचय, जनप्रतिनिधि र कर्मचारी<br>- दिगो विकासमा स्थानीय सरकारको योगदान र कार्य | - नक्सा, सम्पदाको सूची, इतिहासकार,<br>- स्थानीय तह सञ्चालन ऐन तथा विभिन्न ऐन नियमावलीको मस्यौदा, | - वडा र गाउँपालिका पालिकाभित्रका तहगत प्रशासनिक र विभागीय संरचनाको परिचय, जनप्रतिनिधि र कर्मचारी सङ्ख्या र कार्यबारे छलफल गर्ने<br>- विकास कार्यहरू पूर्वाधार, शिक्षा, स्वास्थ्य र आर्थिक विकासको बारे छलफल गरी त्यसलाई दिगो बनाउने उपायबारे छलफल गरी सूची तयार गर्ने | - तिम्रो समुदायभित्रको कुनै ५ वटा सम्पदाहरूको नाम लेख।<br>- विकासका पूर्वाधारभित्र कुन कुन विकास | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विशेषताहरू<br>- स्थानीय ऐन, नियमावली, कार्यविधि निर्माण<br>- समुदायको विगत मौखिक तथा लिखित प्रमाण<br>- हाम्रा ऐतिहासिक तीर्थस्थलहरू र सीमा नाकामा हुने अन्तर्राष्ट्रिय व्यापार सम्बन्ध र नामकरण<br>- तिब्बत चीन युद्ध सन् १९५९<br>- पहिचानका मुद्दा र सवालहरू | - गाउँपालिकाको विषयगत शिक्षा, स्वास्थ्य, नीति ऐन, नियमावली, कार्यविधि निर्माण<br>- गाउँपालिकाको नामकरण र इतिहास<br>- अन्तर्राष्ट्रिय व्यापारको सम्बन्ध, ऐतिहासिक तीर्थाटन (आन्तरिक तथा बाह्य)<br>- नाम्खाको भू-बनोटको परिचय, स्थानीय तह र जिल्लाको नक्सा<br>- जाति र समूह / बस्तीको नामकरणसम्बन्धी किंवदन्ती<br>- विगतका केही महत्त्वपूर्ण घटनाहरू सन् १९५९ युद्ध र महामारी<br>- पहिचानका मुद्दा र सवालहरू<br>- गाउँपालिकाभित्रका | - सम्बन्धित जानकार वा विज्ञ, स्रोतव्यक्ति जनप्रतिनिधि र कर्मचारी, लिखित दस्तावेज, मौखिक कथा, आख्यन<br>- स्रोतव्यक्तिसँग भेटघाट<br>- जनप्रतिनिधि र कर्मचारी सङ्ख्या तेरिज | - गाउँपालिकाको विषयगत समितिको बारे परिचय दिँदै यसका नीति नियम र कार्यविधि कसरी निर्माण गरिन्छ भन्नेबारे छलफल गरी अभ्यास गर्न<br>- ऐतिहासिक तीर्थ स्थालको कैलाश, मानसरोवरको बारे वर्णन गरी परिचय र यसको महत्त्वबारे चर्चा गर्ने<br>- तिब्बत र चीनसँगको अन्तर्राष्ट्रिय नाका सम्बन्धबारे चर्चा गर्ने<br>- कैलाश, मानसरोवर, टेतापुरी, लिमी लाप्चा भ्रमण वर्णन गर्ने<br>- विगतका व्यापार वा आर्थिक क्रियाकलापको प्रकृति (वस्तु विनिमय) आयात, निर्यात हुने वस्तुको बारे छलफल गरी सूची तयार गर्ने<br>- समुदाय, जात, वंशका नामकरणबारे छोटो चर्चा गर्ने, सन्दर्भ स्रोतहरू सङ्कलन गरी वर्णन गर्ने<br>- विगतमा घटेका महत्त्वपूर्ण घटनाहरूको अभिलेख सङ्कलन गर्ने (१९५९ चीन-तिब्बत युद्ध, महामारी) आदि नोट लेख्ने<br>- पहिचानका मुद्दा र सवालहरू (नाम, नामकरण, जाति, भाषा, संस्कृति) छलफल गरी नोट गर्ने<br>- गाउँपालिकाभित्रका सार्वजनिक संस्था वा निकायको विवरणको जानकारी लिने (विद्यालय, स्वास्थ्य, कृषि, पशु सेवा केन्द्रहरू) | पर्दछन् ? लेख ।<br>- गाउँपालिकाभित्र कतिवटा विषयगत समितिहरू रहन्छन् र ती कुन कुन हुन् ?<br>- हाम्रो गाउँको विगतबारे छोटो वर्णन गर ।<br>- गाउँपालिकाभित्र का प्रमुख तीर्थस्थलहरूको नाम लेख । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सार्वजनिक संस्था तथा निकायहरूको विवरण | | | | |
| ७ | - गाउँपालिकाको भौगोलिक र प्राकृतिक सम्पदा वातावरण<br>- प्रशासनिक संरचना<br>- ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल,<br>- भवन निर्माण शैली, वास्तुकला र सार्वजनिक सम्पत्तिको संरक्षण<br>- समाजको उत्पत्ति र विकासक्रम<br>- तिब्बत र चीनसँगको | - भौगोलिक अवस्थिति, धरातलीय स्वरूप, गाउँपालिकाभित्रको वडा र बस्ती सङ्ख्या, जनसङ्ख्या र सार्वजनिक स्थानहरू<br>- गाउँकार्यपालिका बैठक, गाउँसभा सञ्चालन र सदस्यहरू<br>- वडा र गाउँपालिकाले दिने सेवा सुविधाहरू<br>- गाउँपालिकाको जनप्रतिनिधिको पद, सदस्य सङ्ख्या, विषयगत समिति, गठन प्रक्रिया, काम, कर्तव्य<br>- वडा तथा गाउँपालिकाको नामकरण<br>- जनसङ्ख्या, सिमाना, क्षेत्रफलबारे जानकारी पहिचान र नक्सा निर्माण | - भौगोलिक र प्राकृतिक नक्साहरू, एटलास<br>- जनगणना प्रतिवेदन<br>- गाउँबस्ती क्षेत्र विभाजन र स्थानीय तह पुनः संरचनासम्बन्धी ऐन र व्यवस्था<br>- कार्य जिम्मेवारीका नागरिक वडापत्र<br>- स्थानीय तह सञ्चालन ऐन र नेपालको संविधान<br>- नेपाल भोटसम्बन्धी मौखिक तथा लिखित इतिहास<br>- स्रोतव्यक्ति र | - भौगोलिक अवस्थिति, धरातलीय स्वरूप गाउँपालिकाभित्रको वडा र बस्ती सङ्ख्या र नामको बारे क्रमशः छलफल गर्ने<br>- नाम्खा गाउँपालिकको जनसङ्ख्या र सार्वजनिक स्थानहरू बाटो, सडक, चौतारा, धारा, खोला, मठ मन्दिर, गुम्बा, विद्यालय, स्वास्थ्य संस्था, खर्क, बजारका नाम र अवस्थिति पहिचान गर्ने, आवश्यकता र महत्त्वबारे बताउने<br>- गाउँकार्यपालिका सदस्य नियमित बैठक, आवश्यकतानुसार, गाउँसभा वर्षमा २ पटक सञ्चालन हुनेसम्बन्धी छलफल गरी टिपोट गर्ने<br>- वडा र गाउँपालिकाले दिने सेवा सुविधाहरूको छलफल गरी सूची बनाउने, (सामाजिक सुरक्षा, परिचयपत्र, सिफारिस, अनुमति, स्वीकृति, विकासका बजेट, अनुदान) आदि<br>- निर्वाचन प्रणालीअनुसार गाउँपालिकाको छनोट जनप्रतिनिधिको पद र प्रतिनिधि, सदस्य सङ्ख्या, विषयगत समिति, गठन प्रक्रिया, काम, कर्तव्यबारे छलफल गर्ने<br>- मानव उत्पत्ति, जाति विकासको नामकरण र यहाँको समुदायमा पुर्खाको आगमनको बारे सोधखोज गरी सूची बनाउने, वर्णन गर्ने<br>- यहाँका प्राचीन र ऐतिहासिक स्थलहरूको पहिचान, | - गाउँपालिकाभित्र कति वडा र गाउँ बस्तीहरू छन् ?<br>- सार्वजनिक सम्पदाहरूको अवस्था कस्तो छ ?<br>- वडा कार्यालयबाट केके सुविधा पाइन्छ ?<br>- हाम्रो विगतको बारे के कस्ता कुरा थाहा छ ? सुन्नु भएको छ ? मुख्य बुँदामा टिपोट गर । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्ध<br>- सन १९५९ चीन तिब्बत युद्ध<br>- विविध घटना र परिघटना<br>- पहिचानका मुद्दा र सवालहरू<br>- चीनसँगको सिमानाका र अन्तर्राष्ट्रिय सहयोग सम्झौता | - मानव उत्पत्ति, जाति विकास र यहाँको समुदायमा पुर्खाको आगमन<br>- यहाँका प्राचीन र ऐतिहासिक स्थलहरूको पहिचान, प्राचीन अभिलेख गुम्बाका पुस्तक, पुरातात्त्विक पक्ष<br>- भवन निर्माण कला, शैली र वास्तुकलाको ज्ञान<br>- विगतमा राज्य निर्माण, सञ्चालन, शासन, व्यवस्था<br>- ठकुरी ठालु मुखिया शासन<br>- चीनसँगको सिमानाका र अन्तर्राष्ट्रिय सहयोग सम्झौता | स्थानीय जानकार व्यक्ति | प्राचीन अभिलेख गुम्बाका पुस्तक, वास्तुकला, पुरातात्त्विक को अभिलेख अध्ययनबाट जानकारी प्राप्त गरी प्रस्तुत गर्ने<br>- विगतमा राज्य निर्माण, सञ्चालन, शासन, गोर्खा राज्य विस्तारपछि ठकुरी, ठालु र मुख्य शासन र शासकपछि समुदायमा त्यसको प्रभावसम्बन्धी सत्यकथा सुनाउने र नोट गर्न लगाउने<br>- यहाँका परम्परागत भवन निर्माण कला, शैली र वास्तुकलासम्बन्धी ज्ञान र धारणाको विकासमा छलफल र नमुना प्रदर्शन गरी स्पष्ट पार्ने<br>- विगतमा भएका भोकमरी महामारीसम्बन्धी तथ्य घटनाको स्मरण गरी छलफल गर्ने (जस्तै कोभिड-१९) आदि<br>- पहिचानका मुद्दा र सवालहरू (नाम, नामकरण, जाति, भाषा, संस्कृति) मौलिक र साझा नामकरण, प्रयोग र अवस्थामा जानकारसँग छलफल गर्ने, नोट गर्ने<br>- १९५९ अघि र पछि चीन/तिब्बतको ताक्लाकोटसँगको सम्बन्ध, परिवर्तनबारे जानकार वा विज्ञसँग छलफल गर्ने सूची तयार पार्ने, सूचना सङ्कलन गर्ने<br>- चीनसँगको सिमानाका र अन्तर्राष्ट्रिय सहयोग सम्झौताको अवस्थाबारे स्रोतव्यक्तिमार्फत जानकारी प्रदान गर्ने (राहत सामग्री, विकास निर्माण सहयोग, व्यापार, पारवहन) आदि । | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | - गाउँपालिकाको भौगोलिक, प्राकृतिक वातावरण<br>- गाउँपालिकामा रहेका विभिन्न धार्मिक, सांस्कृतिक, सम्पदाहरू<br>- गाउँपालिकाको प्रशासनिक र न्यायिक व्यवस्थापन<br>- सार्वजनिक सम्पत्ति, संरचनाको संरक्षण दिगो व्यवस्थापनमा स्थानीय सरकारको योगदान<br>- तिब्बत र चीनसँगको सम्बन्ध<br>- चीन - तिब्बत | - गाउँपालिकाको भौगोलिक प्राकृतिक वातावरण (सिमाना, उचाइ, हावापानी, वनजङ्गल, क्षेत्रफल, बस्ती),<br>- प्रशासनिक अवस्था (समिति, सङ्गठनः शिक्षा समिति, न्याय समिति, स्वास्थ्य व्यवस्थापन, गाउँकार्यपालिका, विषयगत, वडा समिति) र काम कर्तव्य<br>- गाउँपालिकामा रहेका विभिन्न धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाहरूको महत्त्व<br>- गाउँपालिकाको शिक्षा, स्वास्थ्य, नीति ऐन, नियमावली, कार्यविधिबारे जानकारी र प्रक्रिया | - नक्सा, ग्लोब, एटलास, जिपिएस<br>- स्थानीय तह सञ्चालन ऐन र नेपालको संविधान<br>- नेपाल भोटसम्बन्धी मौखिक तथा लिखित इतिहास<br>- सम्पदा स्रोतको सूची<br>- स्थानीय स्तरका अध्ययन, स्रोत सन्दर्भ पुस्तक<br>- सम्बन्धित स्रोतव्यक्तिसँग भेटघाट कुराकानी र छलफल | - गाउँपालिकाको भौगोलिक प्राकृतिक वातावरण (सिमाना, उचाइ, हावापानी, वनजङ्गल, क्षेत्रफल), नक्सा जिपिएस, र अल्टिमिटरको सहायताले पत्ता लगाउने<br>- प्रशासनिक केन्द्र र अवस्था (समिति, सङ्गठनः शिक्षा समिति, न्याय समिति, स्वास्थ्य व्यवस्थापन, गाउँकार्यपालिका, विषयगत, वडा समिति) र काम कर्तव्य अधिकार सूची वा नागरिक वडापत्रबाट जानकारी लिने<br>- गाउँपालिकामा रहेका प्रमुख धार्मिक, सांस्कृतिक, पर्यटकीय स्थल, ऐतिहासिक र प्राकृतिक सम्पदाहरूको महत्त्वबारे छलफल गर्ने यसका आवश्यकता र महत्त्वसम्बन्धी खोज, अध्ययन गरी प्रतिवेदन तयार गर्ने गराउने ।<br>- गाउँपालिकाको शिक्षा, स्वास्थ्य, नीति ऐन, नियमावली, कार्यविधिबारे जानकारी र प्रक्रिया कसरी बनाउँछन् भनेर स्रोतव्यक्तिसँग छलफल गरी अभिलेख गर्ने वा नोट गर्ने<br>- सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन, सार्वजनिक संरचना, प्रणाली र कार्यको परिचय, उपयुक्त प्रणालीको संरक्षण र सम्वर्धनमा स्थानीय सरकार, समुदाय र नागरिकको दायित्व र जिम्मेवारी कसको केके हुन् भनेर समूहमा छलफल गर्ने, सार्वजनिक सम्पत्तिको सुरक्षा गर्ने वा हिनामिना, तोडफोड हुन नदिने, गर्न नहुनेमा सचेत | - गाउँपालिका केन्द्रको उचाइ कति छ ?<br>- विषयगत समिति भनेको के हो ? कुनै ५ समितिको नाम लेख<br>- यहाँको प्रमुख धार्मिक र ऐतिहासिक क्षेत्र कुन कुन हुन् ?<br>- शिक्षा समितिको अध्यक्षको हुन्छ ?<br>- नागरिक वडापत्र भनेको के हो ?<br>- तिमी बस्ने गाउँको नामकरण कसरी भएको हो ? सुनेको आधारमा विचार दिनुस् ।<br>- हाम्रो इतिहास लिखित नभेटिनुको कारण के होला ? | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | युद्ध, सन् १९५९ पछिको विकासक्रम र परिवर्तन<br>- पहिचानमा आएको ह्रास र अन्यौलता<br>- चीन नेपालको सीमा, मैत्री सम्बन्ध | - सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्धन, सार्वजनिक संरचनाको संरक्षण र सम्वर्धनका दायित्व र जिम्मेवारी<br>- समुदायमा र पुर्खाको इतिहास, जाति, समुदायको नामकरण, बस्ती विकास र राज्य सञ्चालन प्रभाव र विकास<br>- तिब्बतसँगको सम्बन्ध (ऐतिहासिक, भाषिक, धार्मिक, सांस्कृतिक र आर्थिक),<br>- तिब्बत चीन युद्ध, सन् १९५९ त्यस पछिको विकासक्रमका क्षेत्र र प्रभाव विस्तार<br>- नेपालीकरण र पहिचानमा ह्रास (भाषा, संस्कृति, जातीय नामकरण)<br>- नामकरणका आधार<br>- चीनसँगको सीमा सुरक्षा | | गराउने<br>- समुदायमा र पुर्खाको इतिहास, जाति, समुदायको नामकरण, बस्ती विकास र राज्य सञ्चालन प्रभाव र विकाससम्बन्धी इतिहासविद्, संस्कृतिविद् जानकार स्रोतव्यक्तिसँगको भेटघाट गरी सूचना लिने, खोज अध्ययन गर्ने, नोट गर्ने<br>- नामकरणका आधार (स्थान, अवस्थिति, भूगोल, जाति, पेसा, पद, रूप, रङ, सान्दर्भिक, विशेषता, लोकप्रिय, ऐतिहासिक आधार) सबैको साझा भूगोलको रूपमा हुम्लो नाम हुन सक्ने ।<br>- तिब्बतसँगको सम्बन्ध (ऐतिहासिक, भाषिक, धार्मिक, सांस्कृतिक र आर्थिक), पारस्परिक, अन्तरनिर्भरतासम्बन्धी स्रोतव्यक्तिबाट जानकारी प्राप्त गरी सङ्कलन गर्ने<br>- चीन-तिब्बत युद्ध, सन् १९५९ पछिको नाम्खामा भएका विकासक्रमका घटना र परिवर्तनसम्बन्धी स्रोतव्यक्तिबाट जानकारीहरू प्राप्त, नोट सङ्कलन गर्ने (आर्थिक, सांस्कृतिक, धार्मिक र वैदेशिक सम्बन्ध), को क्षेत्रमा भएका परिवर्तन र सुधारको पक्षमा जानकारी प्रस्तुत गर्ने<br>- स्थानीय मौलिक पहिचान निर्माणमा (छोड्दै, बिर्सिदै, लुकाउँदै र नयाँ अँगाल्दै) आएका पक्षको विश्लेषण गर्ने,<br>- भाषिक समस्या, जातीय अन्यौलता, स्थान र व्यक्तिको दोहोरो नामकरण र चलन, यसको | - नेपाल चीन सिमाना बजारको नाम के हो ? छोटकरीमा लेख । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | (प्रहरी, भान्सार र अध्यागमन) र आपसी हितका विषय तथा चुनौतीहरू | | प्रभावबारे विश्लेषण र छलफल गर्ने गराउने<br>- हिल्सा सीमा सुरक्षा व्यवस्था, सुधार र बजार विकासको अवस्था र सम्भावनामा छलफल र वर्णन गर्ने, चीनसँगको सीमा सम्बन्धमा चर्चा गर्ने<br>- राष्ट्रिय तथा स्थानीय स्तरमा हुने पारवहन र आपसी हितको पारस्परिक सहयोग, परम्परागत मैत्रीपूर्ण सम्बन्ध, प्रचलन र अभ्यासहरूको बारे छलफल गरी जानकारी प्रदान गर्ने, भावी सम्भावना र चुनौती विषयक छलफल गराउने । | | |

## २. हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - सरसफाइ सम्बन्धी सामान्य व्यवहार र क्रियाकलाप<br>- सरसफाइका सामग्रीहरू<br>- सरसफाइको स्थान/क्षेत्र<br>- सरसफाइ, बानी व्यवहार | - दैनिक सरसफाइका क्रियाकलापहरूमा सहभागी<br>- ढोग तथा अभिवादन<br>- सफा र फोहोर छुट्याउन, फोहोर सङ्कलन र विसर्जन<br>- व्यक्ति तथा समूहगत रूपमा बालगीत, बाजा र सङ्गीतको तालमा शारीरिक अभ्यासहरू | - सरसफाइका लागि प्रयोग गर्ने सामानहरू<br>- खानेकुरा र दैनिक प्रयोग हुने सामान वा चित्र<br>- सफा र फोहोर सामान वस्तु वा पदार्थ<br>- ढोग र अभिवादनका | - दैनिक सरसफाइका क्रियाकलापहरू सहभागी (हातमुख धुन, दिशा, पिसाब गर्न आफ्नो क्षमतानुसार सरसफाइको सिको) गर्न लगाउने<br>- सुरुको भेटघाटमा गरिने ढोग र अभिवादनका शब्द दैनिक रूपमा प्रयोग गर्न लगाउने<br>- दैनिक सरसफाइका सामानहरूको प्रयोग गरी सरसफाइसम्बन्धी सामान्य व्यवहार र क्रियाकलाप गर्न वा सिको र अभ्यास गराउने,<br>- आफू बसेको स्थान र वरिपरि सरसफाइ गर्न लगाइ र तोकिएको भाँडो वा स्थानहरूमा फोहोर फाल्न लगाउने | - सरसफाइमा प्रयोग हुने सामानको नाम भन<br>- तिमीले केके सरसफाइ गर्छौ<br>- हात कसरी धुने सिकाइ अभ्यास गर्ने ।<br>- आफूभन्दा ठुलालाई ढोग | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - सफा र ताजा खानेकुराहरूको परिचय<br>- घरायसी सामानहरूको जतन र प्रयोग वा उपयोगको ज्ञान<br>- साथी समूहमा मिलेर बस्न र खेल्न | शब्दहरू (जरौ, छ्याग बुलो, नमस्ते, टसीदेलेग, खाम्साङ, कुखाम्साङ, गुड मर्निङ, अफ्टरनुन, इभिनिङ, नाइट) | - स्थानीय सरसफाइका स्रोत सामग्रीहरू (पानी, साबुन, खरानी, सुउ, मञ्जन, ब्रस, कुच्चो) आदि प्रयोगले सरसफाइका अभ्यास गर्ने<br>- व्यक्ति तथा समूहगत रूपमा बालगीत, बाजामा लय मिलाइ खुट्टा र शरीर चलाउन सिकाउने<br>- सफा र ताजा खानेकुराहरूबारे बताउँदै उदाहरण दिई खाने बानी बसाल्न, खानेकुरा छोपेर राख्न सिकाउने<br>- व्यक्तिगत र घरायसी सरसामानहरूको जतनका साथ उपयोग गर्न सिकाउने<br>- चर्पीको प्रयोग गर्न, झिँगा बसेको खाना र बासी नखाने, कारण बताउने<br>- साथी समूहमा मिलेर खेल्ने, पढ्ने र सिक्ने बानीको सिकाइ अभ्यासहरू गर्ने | तथा अभिवादन गर्दा के भन्ने गर्छौं ?<br>- स्थानीय ढोग तथा अभिवादनका अभ्यास गर्ने। | |
| २ | - दैनिक सरसफाइका क्रियाकलापहरू<br>- सरसफाइका सामग्री तथा वस्तुहरू<br>- सरसफाइको क्षेत्र/स्थान सरसफाइका पक्ष<br>- फोहोर वस्तु सङ्कलन र विसर्जन | - दैनिक सरसफाइका क्रियाकलापहरू<br>- सफा र ताजा खानेकुराहरूको सेवन हरियो सागपात, तरकारी, पाकेको, पहेँलो फलफूल<br>- असुरक्षित खानाः बासी, सडेगलेको र झिँगा बसेको खाना<br>- सरसफाइको क्षेत्रहरू पहिचान<br>- स्थानीय तथा उपलब्ध | - सरसफाइका सामग्री, वस्तु तथा चित्र<br>- प्रयोग र प्रदर्शनका चित्र<br>- सरसफाइको प्रयोगात्मक अभ्यास र क्रियाकलाप सञ्चालन र सहभागी गराउने<br>- बिरामी रोगी, | - व्यक्तिगत सरसफाइका क्रियाकलापहरूको बारे बताउने र अभ्यास गराउने, (हातमुख धुन, कपाल कोर्न, ब्रस गर्न, नङ काट्न, फोहोर वस्तु चिन्न, सङ्कलन गर्न, तोकिएको भाँडो वा स्थानमा फोहोर फाल्न) आदि<br>- सबै जनाले सफा र ताजा खानेकुराहरू चिनेर खाने बानी बसाल्न, बासी र सडेगलेको खाना खानले शरीरमा पर्ने असर, बिरामी पर्नेबारे छलफल गर्ने,<br>- सरसफाइका सरसामानहरू चित्र वा वस्तु देखाइ प्रयोगको बारे छलफल र क्रियाकलापहरू सञ्चालन गर्ने, (साबुन, खरानी, सुउ-नारो, सरफ, मन्जन, ब्रस, काइयो, स्याम्पु, चिन्न र प्रयोग गर्न) | - सरसफाइ भनेको के हो ?<br>- सरसफाइ गर्न केके सामानहरू आवश्यक पर्छ ?<br>- हाम्रो वरिपरि सफा भएन भने के हुन्छ ?<br>- तिम्रो घरमा भएको ताजा खानेकुराको नाम भन। | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - सरसफाइ, बानी व्यवहार | सरसफाइका सरसामानहरू<br>- स्वास्थ्यप्रति सचेत भई व्यवहारमा अवलम्बन गर्न,<br>- सरसफाइमा सहभागिता<br>- समूहमा मिलेर शारीरिक खेलका अभ्यास र सिकाइ | कुपोषित चित्र वा मानिस वा फोटो<br>- हरियो साग, तरकारी ताजा परिकारका चित्र<br>- फलफूलको बोट वा चित्र | - स्वास्थ्यप्रति सचेत भई व्यवहारमा अवलम्बन गर्न सिकाउने ।<br>- सरसफाइको क्षेत्रको परिचय दिने र आफूले सक्ने सरसफाइ गर्न लगाउने र तोकिएको भाँडो वा स्थानमा फोहोर फाल्न सिकाउने, (क्षेत्रः शरीर, लुगा, भाँडाकुँडा, घर, आँगन, बाटो, कक्षाकोठा, धारा, शौचालय, विद्यालय, सार्वजनिक स्थानहरू)<br>- सरसफाइ क्रियाकलापहरूमा सहभागी बन्ने जस्तै विद्यालयको सरसफाइ र बगैँचा निर्माणमा सहयोग गर्न, शौचालय, धारा, कक्षाकोठा आदि<br>- सामान्य शारीरिक खेलको अभ्यासहरू गराउने<br>- आफूसँग भएको सामग्रीहरूको सरसफाइ, सुरक्षा, जतन र प्रयोग गर्न लगाउने, महत्त्व बताउने<br>- साथी समूहमा मिलेर खेल्ने, पढ्ने र सिक्ने सिकाइ शारीरिक अभ्यासहरू गर्ने<br>- समूहमा मिलेर काम गर्ने, निर्देशन पालना गराउने, सभ्य बोली भाषा प्रयोग गर्न लगाउने, आपसी सहयोग गर्न लगाउने । | | |
| ३ | - व्यक्तिगत तथा सामुदायिक सरसफाइ<br>- सरसफाइ, बानी व्यवहार<br>- सरसफाइका क्रियाकलापहरू | - दैनिक सरसफाइका क्रियाकलापहरूः<br>- वरपरको फोहोर वस्तुहरूको विसर्जन<br>- सफा र ताजा खानेकुराहरूको सेवन हरियो सागपात, | - सरसफाइका सामग्री, वस्तु तथा चित्र<br>- प्रयोग र प्रदर्शनका चित्र<br>- सरसफाइको प्रयोगात्मक | - आफ्नो परिवार, साथीभाइ र छिमेकप्रति गरिने सकारात्मक व्यवहारबारे छलफल गर्ने र आफूलाई मन पर्ने बानीव्यवहार गर्न लगाउने (हातमुख धुन, कपाल कोर्न, ब्रस गर्न, नङ काट्न)<br>- वरपरको वातावरण सरसफाइसम्बन्धी कार्य, कागज, प्लास्टिक, सिसा, टिन आदि चिन्न, सङ्कलन गर्न, तोकिएको भाँडो वा स्थानमा फोहोर फाल्न लगाउने | - व्यक्तिगत र सामुदायिकबिच के फरक छ ?<br>- घर र विद्यालयमा गर्ने सरसफाइ केके हुन् ?<br>- सरसफाइ भएन | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - सरसफाइका सामग्रीहरू<br>- सरसफाइका क्षेत्र<br>- पोषण र खानेकुरा<br>- रोगको परिचय | तरकारी, पाकेको फलफूल,<br>- फोहोर, बासी सडेगलेको र झिँगा बसेको खाने कुरा<br>- सरसफाइको क्षेत्र पहिचान र सुधार<br>- स्थानीय तथा उपलब्ध सरसफाइका सरसामानहरू र प्रयोग<br>- आफ्नो वरपर घर, विद्यालयको सरसफाइमा सहभागिता<br>- स्वस्थकर र सुरक्षित बानी<br>- सामान्य शारीरिक खेलका अभ्यास र सामग्रीहरूको सुरक्षा, जतन र प्रयोग<br>- सहयोगात्मक भावनाको विकास, सभ्य, नम्र बोली<br>- रोगको परिचय<br>- स्वस्थ र निरोगीको पहिचान | अभ्यास र क्रियाकलाप सञ्चालन र सहभागी गराउने<br>- बिरामी रोगी, कुपोषित चित्र वा मानिस वा फोटो<br>- हरियो सागपात, ताजा परिकारका चित्र फलफूलको बोट वा चित्र<br>- माछा, मासु, दुध र दुधबाट बनेका परिकार आदि<br>- असल बानी व्यवहारका चित्र | - स्वस्थकर र सुरक्षित बानी बसाल्न र सचेत रहन स्वच्छ पानी सफा खाना र सफा लुगा लगाउने विषयमा छलफल गर्ने ।<br>- स्थानीय तथा उपलब्ध सरसफाइका सरसामानहरू साबुन, खरानी, सुउ-नारो, सरफ, मन्जन, ब्रस, काइयो, स्याम्पु, चिन्न र प्रयोग गर्न सिकाउने<br>- साथी, परिवार र छिमेकीप्रति सरसफाइमा सहयोगात्मक भावनाको विकास गर्न, विद्यालयको कक्षाकोठा, शौचालय सरसफाइ र बगैँचा निर्माणमा समूह र सहभागिता गराउने (क्षेत्रः आफ्नो शरीर, भाँडाकुँडा, लुगा, घर, आँगन, बाटो, कक्षाकोठा, धारा, शौचालय, टोल, विद्यालय)<br>- घर र समुदायमा पाइने पोसिलो र ताजा खानेकुराहरूको बारे छलफल गर्ने, घरभित्र र बाहिर स्वस्थ र रोगी मानिसको अवस्थाको बारे वर्णन गरी पहिचान गर्ने / कारण बुझाउने<br>- घर तथा सार्वजनिक स्थानहरूको सरसफाइमा भाग लिन र तोकिएको भाँडो वा स्थानमा फोहोर कुहिने र नकुहिने छुट्याउन र फाल्न वा विसर्जन गर्न सिकाउने यसले वातावरणमा के असर गर्छ भन्ने बारे छलफल गरी नोट गर्ने<br>- साथी समूहमा मिलेर खेल्ने, पढ्ने र सिक्ने सिकाइ अभ्यासहरू गर्ने<br>- रोगबाट बच्ने उपायहरूका बारे छलफल गर्ने<br>- मौसमअनुसार सधैँ लाग्ने सामान्य रोगहरू पहिचान र | भने केके समस्या आउँछ ?<br>- शौचालय प्रयोग गर्ने तरिका बताऊ<br>- हात धुने तरिका बारे भन, धोएर देखाऊ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | बच्ने उपायहरू (रूघाखोकी, झाडापखाला) लक्षणबारे छलफल गर्ने (टाउको दुख्ने, ज्वरो आउने, पातलो सिँगान, खोकी) (झाडापखालामा बारम्बार पातलो दिशा आउने, जीउ गल्ने, चाउरिने) आदि । | | |
| ४ | - असल बानी व्यवहार<br>- पोसिलो खानपिन<br>- वातावरण सरसफाइ र सुरक्षा<br>- स्थानीय रोगका प्रकार, लक्षण, रोकथाम उपचार<br>- मौसमी रोग | - समयको पालना र व्यवस्थापन<br>- सामग्रीको सुरक्षा र व्यवस्थापन<br>- सफा र ताजा खानेकुराको पहिचान र विभिन्न शारीरिक खेल खेल्ने अभ्यास<br>- फोहोरमैलाको उचित विसर्जन<br>- सन्तुलित खानाको परिचय र कार्य, पोषण, स्वच्छ पिउने पानी<br>- स्रोतका आधारमा खानाका आधारभूत प्रकारहरू वर्गीकरण<br>- अल्पपोषक खानेकुरा (जङ फुड) प्याकेट खानाको परिचय दिन, प्रयोगप्रति सचेत वा टाढा रहन, | - असल बानीव्यवहार सम्बन्धी चित्र, पोस्टर, नमुना<br>- दैनिक प्रयोग हुने व्यक्तिगत तथा घरायसी सामग्री सूची<br>- स्थानीय र बाह्य खाद्य परिकार, प्राप्त हुने पोषणका चार्ट पोस्टर<br>- वरिवरिको फोहोर मैला वस्तु (ठोस, तरल, ग्यास)<br>- स्थानीय प्रकोपको रूपमा देखिने सरुवा रोगहरूको लक्षण | - विद्यालय तथा घरमा गरिने काम र समयको पालना र व्यवस्थापन कसरी गरिन्छ भन्नेबारे छलफल र उदाहरण दिई समयको महत्त्वबारे स्पष्ट पार्ने जस्तैः कुन समयमा के काम गर्छौ भनी समय तालिकामा छलफल गर्ने साथै व्यक्तित्व विकासमा राम्रो बोलीवचन र सबैलाई मनपर्ने व्यवहार, आफ्नो काममा ध्यानपूर्वक संलग्नता, सामूहिकताको भावना समान व्यवहार र सम्मान गर्ने र गर्न लगाउने<br>- सामग्रीको सुरक्षा र व्यवस्थापन (व्यक्तिगत र घरायसी सामग्री) को उचित व्यवस्थापन गर्ने तरिकाहरूमा छलफल गरी भन्न लगाउने ।<br>- सफा र ताजा खानेकुराहरूको परिचय दिई खाने बानी बसाल्न र ती खानेकुराहरू केके हुन् भनी सोको बारे छलफल गर्ने ।<br>- तन्दुरुस्त हुन विभिन्न शारीरिक खेल खेल्ने अभ्यास गर्ने<br>- फोहोरमैलामा ठोस पदार्थ, पानीका स्रोत, हावा दूषित हुनका कारण, फोहोरमैलाको उचित विसर्जन रोकथाम उपाय र कार्यको सूची तयार गरी रोकथामका उपायबारे छलफल गरी बताउन लगाउने | - तिम्रो घरमा गर्ने दैनिक कामको सूची बनाऊ ।<br>- विद्यालयमा कुनकुन समयमा केके गर्छौ भन ।<br>- हाम्रो वरिपरिको ठोस वस्तुका फोहोरअन्तर्गत केके पर्दछन्, त्यसलाई कसरी विसर्जन गर्न सकिन्छ ।<br>- पोसिलो र जङ्क फुडबिच केके फरक हुन्छ ।<br>- हाम्रो समुदायमा प्रायः सधैँ लाग्ने रोग हरू कुनकुन हुन् ? यसबाट बच्ने उपाय | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - रोगको परिचय, सरुवा सर्ने र नसर्ने रोगहरू<br>- स्थानीय औषधी, उपचारपद्धतिको परिचय<br>- मौसमी रोग र बच्ने उपाय | औषधी, उपचार विधि | - सन्तुलित खानाको परिचय र कार्य, पोषण, स्वच्छ पिउने पानी आवश्यकता र स्रोतका बारे छलफल गरी यसका अभावबाट हुने समस्याहरू पहिचान र समाधानका विषयमा छलफल गर्ने<br>- स्रोतका आधारमा खानाका आधारभूत प्रकारहरू वर्गीकरण गर्ने वा पोस्टरमा छलफल गर्ने<br>- अल्पपोषक खानेकुरा (जङ फुड) प्याकेट खानाको परिचय दिन, यसले स्वास्थ्यमा पार्ने असर र प्रयोग-प्रति सचेत वा टाढा रहन छलफल गरी सचेत गराउने<br>- स्थानीय रोगहरूको परिचय दिई, सरुवा र नसर्ने रोगको बारे बताउने,<br>- स्थानीय औषधी, उपचारपद्धतिको परिचय दिन स्थानीय स्रोतव्यक्ति आम्ची जडीबुटी औषधिको बारे जानकारी गराउने<br>- रूघाखोकी प्रायजसो जाडो र गर्मी समयको बिचमा मौसम गडबडीमा लाग्ने गर्छ त्यसबाट बच्न न्यानो लुगा, तातोपानी खाने, मास्क लगाउन सचेत गराउने<br>- झाडापखाला वर्षा वा गर्मी समयमा लाग्ने गर्छ, बच्न सफा र उमालेको पानी र जीवनजल पिउने, काँचो फलफूल नपाकेको खानेकुरा, झिँगा र बासी खानेकुरा नखान सचेत गराउने | लेख ।<br>- रूघाखोकीको लक्षण बताऊ । | |
| ५ | - असल बानी व्यवहार<br>- पोसिलो खानपिन | - स्वास्थ्य रहन गरिने आवश्यक क्रियाकलाप<br>- आफ्नो ज्ञानेन्द्रियको हेरचाह र सरसफाइ | - असल बानीव्यवहार-सम्बन्धी चित्र, पोस्टर, नमुना | - विद्यालय तथा घरमा गरिने काम र समयको पालना र व्यवस्थापन कसरी गरिन्छ भन्ने बारे छलफल र उदाहरण दिई स्पष्ट पार्ने जस्तैः कुन समयमा के काम गर्छौं भनी समय तालिकामा छलफल गर्ने साथै | - हामीलाई आराम र निद्रा किन चाहिन्छ ?<br>- दैनिक चाहिने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - वातावरण सरसफाइ र सुरक्षा<br>- स्थानीय रोगका प्रकार, लक्षण, रोकथाम उपचार<br>- मौसमी रोग रोकथामका उपायहरू | - सफा पहिरनको महत्त्व र प्रयोग<br>- आराम, निद्रा र शारीरिक व्यायामको महत्त्व<br>- वातावरणीय सरसफाइको महत्त्व, वातावरणीय प्रदूषणले स्वास्थ्यमा पार्ने प्रभावहरू<br>- वातावरणीय प्रदूषणबाट बच्ने र न्यूनीकरण गर्ने उपायहरू<br>- जैविक र अजैविक फाहोरको व्यवस्थापन<br>- पोषण र पोषक तत्त्वहरूको परिचय, भिन्नता र कार्यहरू<br>- खानेकुराको संरक्षण पानी शुद्धीकरण गर्ने विधि<br>- स्थानीय उत्पादन तथा अर्गानिक खानेकुराको परिचय, | - दैनिक प्रयोग हुने व्यक्तिगत तथा घरायसी सरसफाइ सामग्री सूची<br>- स्थानीय र बाह्य खाद्य परिकार, प्राप्त हुने पोषणका चार्ट पोस्टर<br>- वरिवरिको फोहोर मैला वस्तु (ठोस, तरल, ग्यास)<br>- स्थानीय प्रकोपको रूपमा देखिने सरुवा रोगहरूको | असल व्यक्तित्व विकासमा केके गर्नुपर्छ ? छलफल गर्ने<br>- राम्रो बोलीवचन र सकारात्मक व्यवहार, आफ्नो काममा ध्यानपूर्वक संलग्नता, सामूहिकताको भावना समान व्यवहार र सम्मान गर्ने र गर्न लगाउने<br>- सामग्रीहरूको सुरक्षा र व्यवस्थापन (व्यक्तिगत र घरायसी सामग्री) को उचित व्यवस्थापन गर्ने तरिकामा छलफल गरी भन्न लगाउने ।<br>- सफा र ताजा खानेकुरा खाने बानी बसाल्न र ती खानेकुराहरू केके हुन् भनी सोको बारे छलफल गर्ने र नोट गर्ने<br>- शारीरिक तन्दुरूस्तका लागि विभिन्न खेलहरू खेल्ने अभ्यास गर्ने, गराउने<br>- फोहोरमैलामा ठोस पदार्थ, पानीका स्रोत, हावा दूषित हुनका कारण, फोहोरमैलाको उचित विसर्जन रोकथामका उपाय र कार्यको सूची तयार गरी रोकथामका उपायहरूबारे छलफल गर्ने<br>- सन्तुलित खानाको परिचय र कार्य, पोषण, स्वच्छ पिउने पानी आवश्यकता र स्रोतका बारे छलफल गरी यसका अभावबाट हुने समस्याहरू पहिचान गर्ने र समाधानका विषयमा छलफल गर्ने<br>- स्रोतका आधारमा खानाका आधारभूत प्रकारमा वर्गीकरण गर्ने वा पोस्टरमा छलफल गर्ने, (स्रोतः शरीरलाई शक्ति दिने, वृद्धि गर्ने, सुरक्षा गर्ने खाना र खनिज तत्त्व) छलफल गरी वर्णन गर्ने | सरसफाइ सामग्रीको सूची बनाउनुहोस्<br>- पोसिलो खानेकुराको नाम बताऊ<br>- पोसिलो र मन पर्ने खानामा के फरक छ ?<br>- सरुवा रोग भनेको के हो, गाउँमा देखिने कुनै ५ वटा सरुवा रोगको नाम लेख/भन ।<br>- पाकेटका खानेकुरामा केके पर्दछन् ? नाम लेख | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - अल्पपोषक खानेकुरा (जङ फूड) प्याकेट खानाले स्वास्थ्यमा पार्ने असरहरू<br>- सरुवा रोग र सर्ने माध्यम सरुवा रोगको रोकथामका उपायहरू<br>- समयको पालना र व्यवस्थापन, वा असल बानी व्यवहारमा अपनाउनुपर्ने कुराहरू | | - अल्पपोषक खानेकुरा (जङ फुड) प्याकेट खानाको परिचय दिन, यसले स्वास्थ्यमा पार्ने असर र प्रयोगप्रति सचेत गराउने (यसले स्वाद दिए पनि स्वास्थ्यका लागि हानिकारक छ)<br>- स्थानीय रोगहरूको परिचय दिन, सरुवा र नसर्ने रोगको बारे बताउन, स्थानीय औषधी, उपचारपद्धतिको परिचय दिन स्थानीय स्रोतव्यक्ति आम्ची जडीबुटी औषधिको बारे जानकारी गराउने<br>- सर्ने र नसर्ने रोगहरूको परिचय दिई फरक र वर्गीकरण गर्न लगाउने (ज्ञानेन्द्रियको सुरक्षाका लागि मोजा, कट्टु, हाते रुमाल, नङ, दाँत हेरचाह र सरसफाइ गर्ने)<br>- फोहोरमैला, बर्सातको हिलोबाट हुने घाउ, पाक्ने, चिलाउने, आँखा पाक्ने सङ्क्रमण आदिबाट बच्न सरसफाइमा ध्यान दिन लगाउने (हातले छुने र कन्न नहुने)<br>- सफा पहिरनको प्रयोगले आफू र अरूलाई पर्ने प्रभावको बारे छलफल गरी यसको महत्त्वबारे उल्लेख गर्ने<br>- शरीरमा आराम, निद्रा र शारीरिक व्यायामले गर्ने फाइदा र आवश्यकताको बारे उदाहरण दिई छलफल गर्ने, महत्त्व बताउने । | | |
| ६ | - आकर्षक र असल बानी व्यवहार | - महिनावारीको परिचय<br>- असल बानीव्यवहार<br>- आकर्षण र सौन्दर्य | - असल र खराब बानी व्यवहारको सचित्र, | - विद्यार्थीहरूलाई समयको व्यवस्थापन, नियमको पालन, राम्रो बोलीवचन र व्यवहार, आफ्नो काममा ध्यानपूर्वक संलग्नता, सामग्रीहरूको व्यवस्थापन | - सामग्रीको सुरक्षा किन गर्नुपर्छ ?<br>- अनुशासन | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - पोषण<br>- खोप<br>- रोग, रोकथाम, उपचार<br>- प्राथमिक उपचार<br>- सरसफाइ<br>- महिनावारी व्यवस्थापन<br>- सुरक्षा र उपाय | कला र शिक्षा<br>- दूषित खाना र पानीबाट सर्ने रोगको परिचय<br>- बासी तथा दूषित खाना र पानीबाट सर्ने रोगहरूको रोकथामका उपाय<br>- दूषित हावाबाट सर्ने रोगहरूको परिचय, रोकथामका उपायहरू<br>- धूम्रपान, मद्यपानको परिचय, कारण र असर (अधिक मद्यपान र कुलतको समस्या)<br>- प्रत्यक्ष सम्पर्कबाट सर्ने सरुवा रोगहरूको परिचय (हावापानी, खाना, पसिना, लुगा, थुक, र्‍याल, खकार, सिँगान, दिशा, पिसाब)<br>- सुरक्षा र सुरक्षा शिक्षाको परिचय र यसका महत्त्व<br>- पोलेको, कुकुरको टोकाइबाट बच्नका | - गाउँघरको पात्र वा उदाहरण<br>- पोसिलो र ताजा खानेकुराको फोटो वा वस्तु वा सामग्री चित्र<br>- गाउँघरमा टोक्ने किरा, जनवार आदिको चित्र, नाम सूची<br>- रोगहरूको नाम सूची<br>- धूम्रपान र मद्यपानका चित्र<br>- गाउँ समुदायका उदाहरणहरू<br>- सम्बन्धित कथा, घटना, पात्र, नमुना आदि | (व्यक्तिगत र घरायसी सामग्री) को उचित व्यवस्थापन जस्ता कुरामा छलफल गरी ध्यान र सुरक्षा गर्न लगाउने । सरसफाइ, निरोगी, आकर्षकको बिच अन्तर सम्बन्ध र सहयोगबारे बताउने<br>- अनुशासनका कुरा र व्यवहार पालनाको बारे चर्चा गर्न लगाउने, अभ्यास र लागु गर्ने/गराउने<br>- सरसफाइबाट आकर्षक व्यक्तित्व, सौन्दर्य कला र शिक्षाको व्यावहारिक सिप विकास गर्न सिकाउने<br>- दूषित खानपिन, हावापानी वातावरणको बारे छलफल गर्दै त्यसका असर / हानीबारे छलफल गर्दै सुधार कार्यमा ध्यान दिन, पालना गराउने अभिप्रेत गराउने<br>- धूम्रपान र मद्यपानको बारे छलफल गरी त्यसबाट हुने हानि नोक्सानीबारे खण्डन गर्न लगाउने<br>- रोग सर्ने माध्यमहरू केके, कुनकुन हुन् र कसरी सर्छ भन्ने बारे छलफल गरी सरुवा रोग रोक थामका उपायमा छलफल गर्ने (दुषित हावा, पानी, खाना)<br>- घाउ, चोटपटक, दुर्घटनाबारे छलफल गर्दै यसका रोकथाम र उपायहरूको सूची बनाउन लगाउने ।<br>- रोग प्रतिरोधात्मक शक्तिको रूपमा खोप, यसको परिचय र महत्त्वबारे बताउने<br>- सरसफाइको बारे चर्चा गर्दै व्यक्तिगत, सामुदायिक र वातावरणीय सरसफाइमा सहभागी र योगदान जनाउन अतिरक्त क्रियाकलापको माध्यमले कार्यक्रमहरू सञ्चालन गर्ने । | भनेको केलाई बुझ्नु हुन्छ ? के नियम पालन गर्नु अनुशासन हो ? किन<br>- दूषित वातावरणले मानिसलाई के कस्ता हानि पुर्‍याउँछ ?<br>- धूम्रपान र मद्यपानले घर तथा समुदायमा के असर पार्छ ?<br>- निरोगी र सरसफाइबिच के सम्बन्ध रहेको हुन्छ ? बताऊ । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | लागि सुरक्षाका उपाय<br>- वातावरणीय सरसफाइ, जनचेतना, सहभागिता र योगदान<br>- सामान्य चोटपटक, घाउ, पोलाइ आदिबाट बच्ने, प्राथमिक र घरेलु उपचार<br>- रोगविरुद्ध प्रतिरोधात्मक शक्ति र खोपको परिचय र प्रकार | | - प्राथमिक उपचारको आवश्यकता र महत्त्वबारे छलफल गर्ने<br>- कथा, गीत, कविता, उदाहरणमार्फत सरसफाइसम्बन्धी जनचेतना फैलाउने<br>- प्रत्यक्ष सम्पर्कबाट सर्ने सरुवा रोगहरूको परिचय (हावापानी, खाना, पसिना, लुगा, थुक, ऱ्याल, खाकर, सिँगान, दिशा, पिसाब, रगत, रोगीले प्रयोग गरेको भाँडाकुँडा, लत्ताकपडा) त्यसबाट सुरक्षित र सरसफाइमा ध्यान दिने<br>- बाँच्ने र बचाउने कुराको ज्ञान लिन र दिन सुरक्षा र बचावटसम्बन्धी सुरक्षा शिक्षाको परिचय र यसका महत्त्वमा छलफल गरी सिकाइ गर्ने<br>- किसोरी तथा महिलाहरूमा हुने महिनावारीसम्बन्धी सामान्य परिचय दिने। | | |
| ७ | - आकर्षक र असल बानी व्यवहारको प्रदर्शन<br>- पोषण र खोप<br>- रोग, रोकथाम, उपचार<br>- प्राथमिक उपचार<br>- सरसफाइ<br>- महिनावारी व्यवस्थापन | - असल बानी व्यवहार<br>- सरसफाइयुक्त आकर्षक व्यवहार, सौन्दर्य कला प्रदर्शन<br>- रोगी, असहाय, अशक्त, निमुख व्यक्तिको परिचय र सहयोगको आवश्यकता<br>- किरा र जनावरको टोकाइबाट सर्ने रोगको परिचय र रोकथामका | - गाउँघरमा टोक्ने किरा, जनवार आदिको चित्र, नाम सूची<br>- रोगहरूको नाम<br>- धूम्रपान र मद्यपानका चित्र<br>- गाउँ समुदायका उदाहरणहरू<br>- सम्बन्धित कथा, घटना, पात्र, | - आफूलाई र अरूलाई राम्रो लाग्ने बानी व्यवहारको खण्डन वा छलफल गरी मन पर्ने व्यवहारको सङ्कलन गर्ने, सूची तयार पार्ने र त्यसका कारणमा छलफल गर्ने र फरक धारणा र दृष्टिकोणको बोध गराउने र सबैलाई मन पर्ने बानी व्यवहारको पालना गर्ने गराउने, समान व्यवहार र सम्मान, राम्रो कामको प्रशंसा काममा तयारी र नियमितता ध्यान दिन लगाउने<br>- मिठो, सत्य, बोली वचन, इमानदारी सहयोगी, समय पालक, मिलनसार, समस्या समाधान, मिहेनती बन्न सिक्ने | - सहयोग भनेको के हो ? हामीले कस्ता व्यक्तिलाई सहयोग गर्नुपर्छ ?<br>- टोकाइबाट लाग्ने रोग तथा समस्याको बारे लेख्नुहोस्।<br>- सरुवा रोग र नसर्ने रोगबिचको फरक छुट्याउन | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - सुरक्षा र उपाय | उपाय (किरा, कुकुर, सर्प)<br>- नसर्ने रोगको परिचय, जोखिम तत्त्व र रोकथामका उपाय (चिनी, प्रेसर, क्यान्सर, टाउको दुख्ने, ग्यास्ट्रिक-प्हाकान)<br>- धूम्रपान र मद्यपानको प्रयोगले व्यक्ति,परिवार र समुदायमा पार्ने असरहरू<br>- धूम्रपान र मद्यपानबाट बच्ने उपायहरू (सङ्गत, करकाप)<br>- घर, बाटो, विद्यालय र खेल मैदानमा हुन सक्ने चोटपटक, सडक दुर्घटना, आदि बाट बच्ने उपाय<br>- पोलेको वा घाउको प्राथमिक उपचारको परिचय (आगो, तातो पानी, तेल वा अन्य सामग्री) | नमुना आदि<br>- स्थानीय उपचार गर्ने वैद्य वा आम्चीहरू | - आकर्षक र सौन्दर्य कलाको परिचय र महत्त्व बताइ दैनिक जीवन र व्यक्तित्व विकासमा यसको सम्बन्ध प्रभावको बारे जानकारी प्रदान गर्ने<br>- रोगी, असहाय, अशक्त, निमुख व्यक्तिको सहयोगको बढी आवश्यक पर्छ भन्ने विषयमा छलफल र कारण बताउन लगाउने यसका साथै, अपाङ्ग, बालबालिका, महिला, ज्येष्ठ नागरिकलाई बढी ध्यान दिनुपर्छ भनी सिकाउने<br>- जनावर र किराको टोकाइबाट सर्ने रोगको परिचय दिन, रोगको रोकथामका उपायहरू केके हुन् छलफल गर्ने<br>- नसर्ने रोगको परिचय दिन र यसका जोखिम तत्त्व र रोकथामका उपायमा छलफल गरी सूची तयार गर्ने<br>- धूम्रपान र मद्यपानको प्रयोगले व्यक्ति, परिवार र समुदायमा पार्ने असरको सूची बनाउन लगाउने, ठिक बेठिक छुट्याउन लगाउने, यसको प्रयोग घटाउने सम्बन्धमा छलफल गर्ने / गराउने<br>- धूम्रपान र मद्यपानबाट बच्ने उपायहरू बताउन लगाउने (चलन, सङ्गत, करकाप)<br>- खेल, काम र बाटो सडकमा यात्रा गर्ने क्रममा हुन सक्ने चोटपटक, घटना, दुर्घटनाबारे पूर्व सावधानी अपनाउने, घाउ चोटपटकबाट बच्नका लागि सुरक्षाका उपाय उपचारको बारे छलफल गर्ने<br>- प्राथमिक उपचार बाकसमा हुनुपर्ने औषधी र सामग्रीहरू त्यसको आवश्यकता र प्रयोगबारे | लगाउने<br>- धूम्रपान र मद्यपानले ल्याउने समस्याबारे बताऊ।<br>- महिनावारी भनेको के हो ? यसलाई कसरी व्यवस्थापन गर्नुपर्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - प्राथमिक उपचार बाकसमा हुनुपर्ने सामग्रीहरू र तिनीहरूको आवश्यकता र महत्त्व<br>- वातावरणीय सरसफाइको परिचय दिन र महत्त्व बताउन<br>- महिनावारी स्वच्छतामा परिवार र साथीहरूको भूमिका र सहयोग<br>- रोगविरुद्ध प्रतिरोधात्मक शक्ति र खोपको परिचय, महत्त्व<br>- परम्परागत उपचारपद्धति<br>- सरुवा तथा महामारी रोग | | बताउन लगाउने<br>- वातावरणीय सरसफाइको परिचय दिन र महत्त्व बताउन (हावा, ध्वनि, पानी,) वरपरको दूषित वातावरण र वस्तुको छलफल गरी सरसफाइमा सहभागी र सहयोग गर्न लगाउने<br>- महिनावारी स्वच्छतामा परिवार, साथीहरू, स्वास्थ्यकर्मीको सहयोग र भूमिकामा छलफल गर्ने<br>- रोगविरुद्ध प्रतिरोधात्मक शक्ति र खोपको परिचय, महत्त्व र प्रकार बताउँदै समुदायमा सचेतना जगाउन सहयोग गर्ने, भिटामिन युक्त खानामा ध्यान दिने<br>- परम्परागत रूपमा गर्दै आएका उपचारपद्धति के के छन् भनी छलफल गर्ने (जस्तैः ङाहक, ठ्राग, म्हे, छ्याक्स्यीङ) यदि भूत, प्रेत, आत्मविरुद्ध का-कुरेम, दोक्पा, लामा देवताको मन्त्रोच्चारण।<br>- सरुवा र महामारी रोगको परिचय र रोकथामका उपायमा छलफल गरी निवारणका उपाय सिक्ने | | |
| ८ | - आकर्षक र असल बानी व्यवहार<br>- पोषण<br>- खोप<br>- रोग, रोकथाम, उपचार<br>- प्राथमिक उपचार<br>- सरसफाइ | - मिठो, सत्य, बोली वचन, इमानदारिता सहयोगी, समय पालक, मिलनसार, समस्या समाधान, मिहेनती,<br>- असहाय, अशक्त, निमुख व्यक्तिको परिचय र सहयोगको आवश्यकता | - गौतम बुद्ध र चेला आदिको चित्र (गुरु-चेला)<br>- प्रकोपजन्य रोगहरूको नाम<br>- धार्मिक तथा आयुर्वेद उपचार र विश्वास<br>- सम्बन्धित कथा, | - महिनावारीको परिचय दिन र महिनावारी हुँदा अपनाउनुपर्ने स्वास्थ्यकर तथा सुरक्षित व्यवहारहरू (आराम, प्रशस्त पानी पिउने, पोसिलो खानेकुरा, सरसफाइमा ध्यान दिने, सफा प्याड पेन्टीको प्रयोग) यससम्बन्धी आमा, म.स्व.से., स्वास्थ्यकर्मी, शिक्षिकाको सहयोग लिने।<br>- सामुदायिक तथा वातावरणीय सरसफाइका लागि सार्वजनिक शौचालय, ढल निकासा, सिसा, टिन, प्लास्टिकजन्य फोहोरको विसर्जन गर्ने तरिकाबारे | - महिनावारी भएको अवस्थामा केके गर्नुपर्छ ?<br>- सार्वजनिक सरसफाइमा गर्नुपर्ने कार्यको सूची बनाऊ<br>- स्थानीय | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - महिनावारी व्यवस्थापन<br>- सुरक्षा र उपाय | - शारीरिक खेल, व्यायाम, योगको माध्यमले स्वस्थ, निरोगी, रहने तरिकाहरू<br>- परम्परागत, आयुर्वेद तथा आधुनिक चिकित्सक उपचारपद्धतिको सामान्य परिचय र फरक<br>- धार्मिक विश्वास र आत्मविश्वास उपचारपद्धति (भूतप्रेत, आत्म)<br>- मानसिक स्वस्थ चिन्ता, तनाव व्यवस्थापन, योग, ध्यान अभ्यास परिचय र महत्त्व<br>- वातावरणीय सरसफाइको परिचय र महत्त्व<br>- महिनावारी स्वच्छतामा परिवार र साथीहरूको भूमिका र सहयोग<br>- रोगविरुद्ध | घटना, पात्र, नमुना आदि<br>- स्थानीय उपचार गर्ने वैद्य वा आम्चीहरू | सिकाउने र सघाउन लगाउने<br>- स्थानीय प्रकोपजन्य रोगहरूको पहिचान, कारण, रोकथाम र उपचारमा छलफल गरी बताउन लगाउने<br>- शारीरिक खेल, ध्यान, योग र व्यायामको माध्यमले स्वस्थ, निरोगी, रहने तरिकाबारे छलफल गर्ने<br>- परम्परागत उपचारपद्धतिको बारे छलफल गरी सूची तयार पार्ने । (रगत निकाल्ने, काब्र, सिरो हाल्ने, मन्त्र-ङाक)<br>- आयुर्वेद तथा आधुनिक चिकित्सक उपचारपद्धतिबिचको फरक उपचारपद्धति सम्बन्धमा छलफल गरी सूची तयार गर्न लगाउने<br>- धार्मिक विश्वास, आत्मविश्वास र मानसिक स्वस्थ डर, चिन्ता, छटपटी, तनाव व्यवस्थापन, योग, ध्यान अभ्यास गर्न, आवश्यकता र महत्त्वबारे छलफल गरी बुँदा टिपोट गर्ने (भूतप्रेत, आत्म, अन्धविश्वास लागेको शङ्का भए न्यूनीकरण गर्न त्यसकोविरुद्ध का-कुरेम, दोक्पा, लामा देवताको मन्त्रोच्चारण वा पाठ गर्नेबारे बताउने । त्यसबाट कमजोरी वा बिरामीको आत्मबल बढ्ने विश्वास गरिन्छ ।<br>- बालबालिका, गर्भवती र सुत्केरी आमालाई दिइने खोपको नाम, दिइने समय र यसका कामको बारे छलफल गरी खोपको बारे स्पष्ट पार्ने, यस अवस्थामा शरीरको रक्षा गर्ने खाना हरियो सागपात, पहेँलो फलफूल खानामा ध्यान दिन | प्रकोपजन्य सरुवा रोगमा कुनकुन पर्दछन् ?<br>- निरोगी रहन शारीरिक व्यायाम र खेलको के महत्त्व छ ? बताऊ ।<br>- गाउँघरमा गरिने परम्परागत उपचारबारे लेख / बताऊ ।<br>- मानसिक स्वास्थ्य भनेको के हो ? यसअन्तर्गत पर्ने समस्याहरू कुनकुन हुन् ?<br>- खोप भनेको के हो ? खोप किन लगाइन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रतिरोधात्मक शक्ति र खोपको परिचय, महत्त्व र प्रयोग<br>- महामारी रोगको परिचय र यसको रोकथाम तथा नियन्त्रण | | आवश्यकता रहेको बारे जानकारी गर्ने<br>- असल बानी व्यवहारअन्तर्गत सामूहिकताको भावना, प्रौढ र ज्येष्ठ सदस्यको आदर सम्मान, कमजोर तथा साना, गरिब, अपाङ्ग र बालबालिकालाई सहयोग गर्ने भावना विकासको आवश्यकता र अभ्यास कार्य गर्ने । | | |

### ३. हाम्रो धर्म, संस्कृति र परम्परा

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - धार्मिक विश्वास र क्रियाकलाप<br>- स्थानीय चाडपर्व, रीतिथिती र चालचलन | - आदर, सम्मान र ढोग (आफूभन्दा ठुला मान्यजनहरू बा-आमा, गुरु, लामा अग्रजहरू आदि)<br>- साइनो, सम्बन्ध र ढोग<br>- आज्ञा र निर्देशनको पालना<br>- घर तथा छरछिमेकमा लगाउने लुगा (पहिरन) र खानाका परिकारहरू<br>- स्थानीय मुख्य पूजापाठ र चाडपर्वहरू<br>- जन्म, विवाह र मृत्यु | - घर, परिवार र समुदायको चित्र<br>- लुगा र खानपिन चित्र<br>- पूजापाठ गर्दै र चाडपर्वमा रमाइलो गर्दैको चित्र<br>- प्रत्यक्ष अवलोकन<br>- श्रव्य, दृश्य सामग्री | - आफूभन्दा ठुला (बा-आमा, गुरु, लामा, अग्रज आदि) मान्यजनहरूलाई के कसरी आदर, सम्मान र ढोग गर्छौं भनी सोध्ने र छलफल गर्ने र सही तरिका बताउने<br>- आफूभन्दा ठुलाले भनेको कुरा, दिएको निर्देशनको पालना गर्न सिकाउने, दैनिक अभ्यास गर्ने, आफूभन्दा ठुला र साना दुवैलाई साइनो भन्न सिकाउने<br>- घरपरिवारले लगाउने लुगाका नाम, खानाका परिकारहरूका नाम भन्न लगाउने<br>- स्थानीय गाउँघरको मुख्य पूजापाठ र मनाउने चाडपर्वहरू केके हुन् भनी छलफल गरी नाम बताउन लगाउने<br>- आफूभन्दा ठुला वा जेठोलाई साइनोअनुसार ढोग | - तिमीले ठुला मानिसलाई ढोग गर्ने तरिका भन<br>- तिम्रो घरमा खाने खाना र लगाउने लुगाको नाम भन<br>- तिमीले कसैको घरमा नयाँ बच्चा पाएको देख्यौ ? कसको घरमा ?<br>- साइनोअनुसार ढोग गर्ने अभ्यास गराउनुहोस् । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | गर्न लगाउने (नमस्ते, टसीदेलेग, जरऔ, खाम्साङ, कुखाम्साङ, छ्याम्बुलो)<br>- घरपरिवार, छरछिमेकी, पाहुना वा बाहिरको मान्छेबिच फरक बताउन वा चिनाउन क्रियाकलाप गर्ने<br>- गाउँघरमा नयाँ बच्चा पाउने, विवाह हुने र मृत्युको घटनाबारे बताउने र छलफल गर्ने । | | |
| २ | - धार्मिक विश्वास र क्रियाकलाप<br>- स्थानीय चाडपर्व, रीतिथिती र चालचलन | - आदर, सम्मान र ढोग (आफूभन्दा ठुला मान्यजनहरूलाई बा-आमा, गुरु, लामा आदि)<br>- स्वागत सत्कारका लागि चाहिने आवश्यक सामग्रीहरू<br>- नातेदार र पाहुनालाई साइनोअनुसारको ढोग र सम्बन्ध<br>- घर परिवारलाई सघाउन, आज्ञा र निर्देशनको पालना<br>- घर तथा छरछिमेकमा लगाउने लुगा र खानाका परिकारहरू<br>- स्थानीय मुख्य पूजापाठ र मनाउने चाडपर्वहरू र यसका दृश्यात्मक | - घरपरिवार, मानिस र समुदायको चित्र<br>- पूजापाठ, चाडपर्वको चित्र<br>- खाना र पहिरनको चित्र<br>- दृश्य सामग्रीहरू | - आफूभन्दा ठुलालाई आदर सम्मान, ढोग गर्ने तरिकाको छलफल र अभ्यास क्रियाकलापहरू गर्ने, उमेर, नाता-सम्बन्धअनुसार आफूभन्दा ठुला र साना दुवैलाई साइनो भन्न सिकाउने<br>- घरपरिवार सर, लामा, गुरुहरू, जेठो मान्यजनको आज्ञा पालना गर्न सिकाउने<br>- स्थानीय चाडपर्वमा गरिने नाच, गायन, बाजाबारे बताउने<br>- स्वागत सत्कारका लागि चाहिने आवश्यक सामग्रीहरू (खादा, घिउ, टासी, छ्याङ) आदिबारे बताउने<br>- धार्मिक पूजापाठको नाम र त्यस अवसरमा गरिने दृश्यात्मक क्रियाकलापको अभिनय गर्न लगाउने<br>- गाउँको धार्मिक तथा सार्वजनिक स्थलको नाम र कामबारे छलफल गरी बताउन लगाउने<br>- नातेदार र पाहुना अन्य समुदायका मानिसबिच (लवाई, खवाई, वेशभूषा, जात, भाषा, वर्ण) को आधारमा फरक र समान पक्ष चिन्न र भन्न लगाउने | - मन पर्ने चाडपर्वको नाम भन्दै त्यसमा केके गर्छन् ? बताऊ ।<br>- पूजापाठ गर्दा लामाले केके क्रियाकलाप गर्छन् ?<br>- गाउँको र गाउँ बाहिर मानिसबिच के फरक छन् बताऊ<br>- तिम्रो घरमा पूजा गर्छ ? गर्छ भने केके गर्छन्, बताऊ ।<br>- तिमीले कसैको विवाह गरेको | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्रियाकलापको अभिनय<br>- गाउँको सार्वजनिक स्थलको नाम र सञ्चालन हुने खेल तथा कार्यक्रमहरू<br>- जन्म, विवाह र मृत्युका क्रियाकलापहरू<br>- समुदायभित्र र बाहिरको भाषा जाति, उमेर लिङ्ग-अनुसार व्यक्तिको पहिचान | | - समुदायमा हुने जन्म, विवाह र मृत्युका सामान्य क्रियाकलापमा छलफल गरी घटनाबारे बताउन लगाउने, उदाहरणहरू दिने, देखेको सुनेको कुरामा छलफल गर्ने गराउने ।<br>- समुदायभित्र र बाहिरको भाषा जाति, उमेर लिङ्गअनुसार व्यक्तिको पहिचान गर्न सिकाउने (रङ, वर्ण, भाषा, लवज आदि) | देख्यौ ?<br>- तिमीले कोही मान्छे मरेको देखेका छौ ? | |
| ३ | - धार्मिक विश्वास र क्रियाकलाप<br>- स्थानीय चाडपर्व, रीतिथिती र चालचलन<br>- संस्कारः जन्म, विवाह, मृत्यु | - गाउँको गुम्बा र प्रमुख लामाको पहिचान र परिचय<br>- धार्मिक, सांस्कृतिक स्थलको पहिचान र गरिने क्रियाकलापहरू<br>- घर परिवार, छरछिमेक, सम्बन्ध, सहयोग र सम्मान<br>- स्थानीय वेशभूषा, खानपिन, गरगहना, गीत, सङ्गीत, नृत्यको परिचय<br>- जन्म, विवाह र मृत्यु संस्कार<br>- स्वागत, सत्कार, शुभ सार्वजनिक कार्यमा सभ्य | - धार्मिक र सांस्कृतिक स्थलको सूची, चित्र<br>- स्थानीय वेशभूषा, खानपिन, गरगहना, गीत, सङ्गीत, नृत्यको नाम सूची र दृश्य सामग्री<br>- जन्म, विवाह र मृत्युको चित्र वा घटना विशेष सामग्री | - गाउँमा भएको गुम्बाहरू सङ्ख्या कति छन् ? तिनीहरूको नाम केहो र त्यहाँको प्रमुख लामा को हुन् भनी छलफल गरी पहिचान गर्ने, त्यहाँ हुने पूजापाठ केके हुन, कहिले पूजा हुन्छ भन्नेबारे छलफल गर्ने भन्न लगाउने<br>- आफ्ना धार्मिक, सांस्कृतिक स्थलहरू (गुम्बा, ल्हासा, खेलमैदान, सभा गृह, कचहरी स्थान) आदिको नाम र अवस्थितको बारे छलफल गर्ने<br>- घर परिवार, छरछिमेक, सम्बन्धको आधारमा गर्ने सहयोग र सम्मानको बारे छलफल गर्ने<br>- स्थानीय वेशभूषा, खानपिन, गरगहना, गीत, सङ्गीत, नृत्यहरूको नाम, प्रयोगको समय महत्त्वबारे छलफल गर्ने, भन्न लगाउने<br>- जन्म, विवाह र मृत्यु संस्कारको घटनाबारे सामान्य छलफल गरी जानकारी दिने (देखेको आधारमा क्रियाकलापबारे बताउन लगाउने, उदाहरण दिने | - गाउँको प्रमुख लामा को हुन् ? नाम भन ।<br>- गुम्बामा केके पूजाहरू हुन्छ ? बताऊ ।<br>- गाउँको धार्मिक र सांस्कृतिक स्थलहरू कुन कुन हुन् ? भन ।<br>- गाउँ र गाउँ बाहिरको मान्छेमा के फरक पाउनुहुन्छ ?<br>- स्थानीय गरगहनाको नाम | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | र अनुशासित बानी र व्यवहार, प्रदर्शन<br>- गाउँ तथा समुदायका जिम्मेवारी व्यक्ति र व्यक्तित्वहरूको परिचय (नेता, मुखिया, लाइवा, ङेर्वा, लुर्पोन) | | - कक्षामा असल सभ्य र अनुशासित बानी व्यवहारको जानकारी दिई पालना गर्न  लगाउने<br>- गाउँका जिम्मेवारी व्यक्ति र व्यक्तित्वहरूको परिचय दिई (लामा, नेता, मुखिया, शिक्षक, लाइवा, ङेर्वा, लुर्पोन) कामबारे छलफल गरी व्यक्ति चिन्न, लगाउने नाम बताउने क्रियाकलाप गर्ने (सफल र प्रेरणादायी ब्यक्तिको जीवनी बताउने), उदाहरण दिने<br>- स्वागत सत्कारका लागि चाहिने आवश्यक सामग्रीहरू (खादा, घिउ, टासी, छ्याङ) बारे बताउने, खुसियाली, शुभ कार्य, आदि गर्नेबारे बताउने, यसको प्रयोग विधिमा छलफल गर्ने । | लेखि कहिले कहिले लगाउँछन् ? | |
| ४ | - धार्मिक आस्था, सद्भाव, विश्वास र क्रियाकलाप<br>- संस्कृति र परम्परा<br>- सामाजिक मूल्यमान्यता, चाडपर्व, रीतिथिती र चालचलन<br>- संस्कार जन्म, विवाह, मृत्यु र बसाइँसराइ | - गाउँको गुम्बा स्थापना, धर्म सम्प्रदाय, पूजापाठहरू (छोग्, छ्योत्पा, कुरम, मोलाम, साङ, सोल्का, गोङ्छोग्, ध्यान, तपस्या, साधना)<br>- पूजा, पाठ र ध्यानको महत्त्व<br>- सांस्कृतिक चाडपर्व, (लोसार, म्हाने, लाछ्याङ, च्होछ्याङ, दुदछ्याङ, दाइजो, काल्दो क्रियाकलाप र सहभागिता<br>- नातेदार, कुटुम्ब, इष्टमित्र र पाहुनाहरूको स्वागत, | - गुम्बाको भ्रमण, अवलोकन र सूचना सङ्कलन<br>- चाडबाडको अवलोकन र जानकारी सङ्कलन<br>- गाउँ समुदायमा हुने दैनिक गतिविधिहरू<br>- दृश्य सामग्री र अवलोकन | - गुम्बामा गरिने धार्मिक क्रियाकलापहरू (पूजा, पाठ) को अवलोकन गरी जानकारी सङ्कलन र छलफल गर्ने (केके र कहिले) हुन्छ, तालिका बनाउने<br>- आफ्ना पुर्खाको विभिन्न भाषा, वेशभूषा, सांस्कृतिक, रहनसहन र चाडपर्वहरूको छलफल गरी क्रियाकलापहरूसँग परिचित गराउने र सहभागी हुन लगाउने, सिकाउने वा संलग्न गराउने<br>- नातेदार, कुटुम्ब, इष्टमित्र र पाहुनाको सत्कार सम्मान गरी उनीहरूसँगको सम्बन्ध, व्यवहार सिकाइको प्रेरणा प्राप्त गर्ने, छिमेकीहरूसँग उचित व्यवहार (अर्मपर्म, सहयोग, ऐचोपैँचो) बारे छलफल<br>- अनुशासन तथा असल आचरणहरूको पालना गर्न सिकाइ अभ्यास र पालना गराउने, अभ्यास गराउने<br>- पुर्खाका योगदानकर्ताको सामान्य परिचय दिन र | - तिम्रो गाउँको गुम्बाको नाम के हो ? गुम्बामा केके पूजाहरू हुन्छन् ?<br>- पूजा हुँदा लामाले केके गर्छन् ? बताऊ<br>- लोसारमा घरमा केके क्रियाकलाप हुने गर्छ बताऊ<br>- तिमीले कुन भाषा बोल्छौ<br>- गाउँमा कसैको | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सत्कार सम्मान र प्रेरणा,<br>- समुदायका जाति, भाषा, वेशभूषा, रहनसहनको दैनिकी<br>- जन्मँदा, विवाह हुँदा र मृत्यु हुँदाको चालचलनको सामान्य परिचय<br>- बसाइँसराइको अवस्था<br>- स्थानीय कला, संस्कृति सिकाइ केन्द्र | | प्रेरणा लिन सिकाउने जीवन कथा सुनाउने<br>- दैनिक जीवनको कार्यमा बा-आमा र परिवारलाई नाता र छिमेकीहरूको सम्बन्ध पहिचान गरी आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्न सिकाउने<br>- बच्चाको जन्म, युवा/प्रौढ अवस्थामा हुने विवाह र वृद्ध अवस्थामा हुने मृत्युबारे सामान्य क्रियाकलाप-हरूको बारे छलफल गर्ने र बुँदा टिपोट गराउने।<br>- समुदायबाट बाहिर जाने र भित्रिने जनसङ्ख्या बसाइँसराइ अवस्थाबारे छलफल गर्ने<br>- स्थानीय संस्कृति र कला संरक्षणका लागि सिकाइ केन्द्रको आवश्यकता र महत्त्व छलफल गर्ने | विवाह गर्न देख्यौ ? विवाहमा केके गर्दा रहेछ भन। | |
| ५ | - धार्मिक आस्था, सद्भाव, विश्वास र क्रियाकलाप<br>- संस्कृति र परम्परा<br>- सामाजिक मूल्य मान्यता, चाडपर्व, रीतिथिती र चालचलन<br>- सामाजिक संस्कार जन्म, विवाह, मृत्यु र | - गाउँको गुम्बा स्थापना, धर्म सम्प्रदाय, पूजापाठहरू (छोग्, छ्योत्पा, कुरम, मोलाम, साङ, सोल्का, गोङ्छोग्, छ्याम्, ध्यान, तपस्या, साधना)<br>- पूजा, पाठ र ध्यानको महत्त्व र गुम्बाभित्र हुने सामग्रीहरूको परिचय<br>- सांस्कृतिक चाडबाडहरू, (लोसार, म्हाने, लाछ्याङ, विवाह, च्होछ्याङ, दुदछ्याङ, दाइजो, काल्दो | - गुम्बाको भ्रमण, अवलोकन र सूचना सङ्कलन<br>- चाडबाडको अवलोकन र जानकारी सङ्कलन<br>- गाउँ समुदायमा हुने दैनिक गतिविधिको<br>- जन्म, विवाह मृत्यु घटनाहरूको | - गाउँको गुम्बा स्थापना, कहिले भएको हो ? कुन धर्म सम्प्रदाय, केके पूजापाठहरू (छोग्, छ्योत्पा, कुरम, मोलाम, साङ, सोल्का, गोङ्छोग्, छ्याम्, ध्यान, तपस्या, साधना, गुम्बा परिक्रमा) हुन्छन् सोबारे प्रत्येकको छलफल गर्ने, लामा वा स्रोतव्यक्तिबाट अन्तर्क्रिया, जानकारी लिने<br>- ध्यान, तपस्या, योगको सङ्क्षिप्त परिचय र महत्त्व बुझाइ योगासन ध्यान वा पाठ (दोन्बा, खादोन, थुन, ध्यान) गर्दा ध्यान दिनुपर्ने पक्ष बताउने, छलफल गर्ने, उदाहरणहरू दिने<br>- गुम्बाभित्र भएका सामग्रीहरूः अवलोकन गरी मूर्ति, मूर्तिको नाम, पुस्तक, कुतुङ, कलश-प्हुम्पा, बाजा-ङा, ढ्याङ्ग्रो, डमरू, थाङ्का, झ्याली, बाँसुरी आदिबारे देखेका र भएकाको छलफल गर्ने | - गुम्बाभित्र केके देख्नुभयो ? नाम भन।<br>- तिम्रो घरमा पूजा गर्दा केके गर्छन् ? बताऊ।<br>- गाउँमा के कस्ता सामाजिक नियमहरू छन् ? बताऊ, लेख।<br>- यहाँको चाडपर्वको नाम लेख र केके गर्छन् बताऊ। | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बसाइँसराइ | क्रियाकलाप र सहभागी<br>- स्थानीय संस्कृति सिकाइ केन्द्र तथा सङ्ग्रहालय<br>- नातेदार र पाहुनाको पहिचान, सत्कार सम्मान र प्रेरणा, छिमेकीहरूसँग उचित व्यवहार (अर्मपर्म, सहयोग, ऐचोपैँचो)<br>- समुदायका जाति, भाषा, वेशभूषा, रहनसहन दैनिकी<br>- जन्मँदा, विवाह हुँदा र मृत्यु हुँदाको चालचलनको सामान्य परिचय जन्मँदा<br>- बसाइँसराइको अवस्था | अवलोकन र सूचना सङ्कलन<br>- श्रव्य, दृश्य सामग्री | - स्थानीय परम्परागत सामाजिक मूल्य मान्यता तथा प्रचलनहरूको बारे एकएक गरी छलफल गर्ने (नियम, थिति बन्द), स्थानीय बाली र वनजङ्गल संरक्षण, सिंचाइ पालो घाँस, खर्क, पशुपालन, लाइवा, डेर्वासम्बन्धी व्यवस्थामा छलफल गरी बताउने, स्थानीय (प्रथाजनित कानुन वा मौखिक नियम र व्यवस्था)।<br>- स्थानीय संस्कृति र कला संरक्षणका लागि सिकाइ केन्द्र र सङ्ग्रहालयको आवश्यकता र महत्त्व छलफल गर्ने,<br>- असल बानी बसाल्न र व्यवहार गर्न, दैनिक जीवनको कार्यमा बा-आमा र परिवारलाई सघाउन प्रेरणादायी व्यक्तित्वहरूको सामान्य परिचय दिन र प्रेरणाबाट सिक्ने कुराको ज्ञान दिने वा जीवनी बताउँदै आफ्नो भूमिकाबारे स्पष्ट पार्ने, भविष्यको लक्ष्यसँग जोड्ने<br>- स्थानीय भाषा, वेशभूषा, रहनसहन, मेलापर्व र जात्राहरूको परिचय दिई महत्त्व, पहिचान गर्न कहिले र केके गर्छन् भनी छलफल गराउने<br>- नाता र छिमेकीहरूको सम्बन्ध पहिचान गरी आफ्ना छिमेकीहरूसँग उचित व्यवहार गर्न<br>- बच्चाको जन्म, युवा अवस्थामा हुने विवाह र वृद्ध अवस्थामा हुने मृत्युबारे सामान्य क्रियाकलापहरूको बारे छलफल गर्ने र बुँदा टिपोट गराउने, घटना अवलोकन गराउने छलफल गर्ने, | - कसैको विवाहमा भएको क्रियाकलापको सूची बनाऊ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | मानव जीवन चक्रको बारे बताउने, अन्य किराफट्याङ्ग्रा, जीवजन्तु र बोटबिरुवाको जीवनचक्रको उदाहरण दिने ।<br>- समुदायबाट बाहिर जाने र भित्रिने जनसङ्ख्या बसाइँसराइ अवस्थाबारे छलफल गरी तथ्याङ्क र जनसङ्ख्यामा पार्ने असर र प्रभावमा छलफल गर्ने, तुलना गर्ने, उदाहरण दिने | | |
| ६ | - धार्मिक आस्था, सद्भाव, विश्वास र क्रियाकलाप<br>- संस्कृति र परम्परा<br>- सामाजिक मूल्यमान्यता, चाडपर्व, रीतिथिती र चालचलन<br>- सामाजिक संस्कार जन्म, विवाह, मृत्यु, बसाइँसराइ | - धर्म, धर्म सम्प्रदाय, धार्मिक केन्द्र, धर्म प्रवर्तक वा नेता/नेतृत्व तथा प्रचारकहरू<br>- आत्म अनुशासन र सामाजिक व्यवहार<br>- धार्मिक, ऐतिहासिक सम्पदा स्थलहरूको पहिचान र यसको महत्त्व र संरक्षण<br>- सामाजिक, सांस्कृतिक क्रियाकलापहरूको परिचय र महत्त्व<br>- विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व<br>- शान्तिको अवधारणासँग परिचित भई सोही अनुरूप व्यवहार प्रदर्शन | - स्रोतव्यक्ति गुम्बा र लामा<br>- गुम्बा र धार्मिक कथाहरू<br>- संस्कृति विद् वा जानकार व्यक्ति<br>- संस्कृति अध्ययन पुस्तक तथा ग्रन्थहरू<br>- चाडपर्वको समय<br>- प्रमुख धार्मिक र सांस्कृतिक सम्पदासँग सम्बन्धित चित्र र भिडियो, | - धर्म, धर्म सम्प्रदाय, (ञिमा, कग्युद, साक्य, गेलुग, बोन, प्राकृति पूजा) धार्मिक केन्द्र, धर्म प्रवर्तक वा लामा तथा प्रचारकहरूबारे एकएक गरी छलफल गर्ने (कहाँबाट कसरी उत्पत्ति भई आएको हो), प्रमुख तथा ठुलो लामाको जीवनीबारे जानकारी लिने, अन्य धर्मको बारे छोटो परिचय र सामान्य चर्चा गर्ने<br>- देवता, कुल पूजाको बारे व्याख्या विश्लेषण गरी बताउने<br>- आत्म अनुशासन र सामाजिक व्यवहारका पक्षमा छलफल गराउने<br>- शान्तिको अवधारणासँग परिचित गराइ सोही अनुरूप व्यवहार प्रदर्शन लगाउने<br>- गाउँपालिकाभित्रका प्रमुख धार्मिक र सांस्कृतिक सम्पदासँग सम्बन्धित चित्र, भिडियो, उदाहरण आदि प्रस्तुत गरी ती सम्पदाहरूको परिचय दिने (याल्वाङ गुम्बा, तुम्कोट गुम्बा, याङ्सी गुम्बा, हाल्जी गुम्बा, केर्मी, खगालगाउँ, लामाखोल्सी | - धर्म भनेको के हो ?<br>- तिमी कुन धर्म मान्छौ र किन ?<br>- अनुशासन भनेको के हो ? यसको फाइदाबारे बताऊ<br>- तिमीलाई मनपर्ने चाडपर्वको वर्णन गर ।<br>- सहयोग भनेको के हो ? यसको के महत्त्व छ ।<br>- जन्म र मृत्युमा के फरक छ ? भन ।<br>- गाउँमा कसैको विवाहबारे छोटो वर्णन गर । | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - सत्कर्म, सत्य वचन, सद्भाव, अहिंसावादी चरित्र निर्माण परिचय र महत्त्व<br>- मानव सेवा, सहयोग भाव, उपकारी गुणको अभ्यास<br>- जन्म संस्कार (गर्भअवस्थादेखि, जन्म, न्वारन, जन्मदिवस) क्रियाकलाप<br>- विवाह प्रक्रिया (माग्ने, लिने, माइती मान्ने, भेट्ने र दाइजो दिने) र चरणहरू<br>- मृत्य र त्यसका कारण, मृत्युपश्चात् गरिने क्रियाकलापको सामान्य विवरण<br>- बसाइँसराइको परिचय | - वृत्तचित्र | गुम्बा) प्रत्येक समुदायका गुम्बाहरू<br>- गाउँमा हुने सांस्कृतिक क्रियाकलापहरू (भेटघाट, मेलापर्व, अंश, दाइजो, कोसेली, लेनदेन, आउन पाहुना) को परिचय र महत्त्वबारे छलफल गर्ने<br>- गाउँपालिकाभित्रका विभिन्न प्रकारका चाडपर्वहरूको महत्त्व र आवश्यकताबारे छलफल गरी सूची बनाउने<br>- सत्कर्म, सत्य वचन, सद्भाव, अहिंसावादी चरित्र निर्माणको परिचय र महत्त्वबारे छलफल र अभ्यास गराउने<br>- मानव तथा प्राणी सेवा, सहयोग भाव, उपकारी गुणको बारे छलफल र अभ्यास गर्ने<br>- जन्म संस्कार (गर्भ अवस्थादेखि, जन्म, न्वारन, जन्मदिवस) क्रियाकलाप छोटो वर्णन र आआफ्नो अनुभव सुनाउने<br>- विवाह प्रक्रिया (माग्ने, लिने, माइती मान्ने, भेट्ने, दाइजो दिने) र चरणहरूबारे छोटकरी बताउने, विवाह अवसरमा अवलोकन गराउने<br>- मृत्य र त्यसका कारण, मृत्युपश्चात् गरिने क्रियाकलापहरूको सामान्य विवरण छलफल र खोजी गरी लेख्न र भन्न लगाउने<br>- बसाइँसराइ (आन्तरिक र बाह्य) हुनको कारण, यसको असर र प्रभावबारे गाउँ समुदायको अवस्थाबारे छलफल गर्ने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | - धार्मिक आस्था, सद्भाव, विश्वास र क्रियाकलाप<br>- संस्कृति र परम्परा<br>- सामाजिक मूल्यमान्यता, चाडपर्व, रीतिथिती र चालचलन<br>- सामाजिक संस्कार जन्म, विवाह, मृत्यु, बसाइँसराइ | - धार्मिक शिक्षाः आत्म अनुशासन, मर्यादित व्यवहार, अनुशासन, पञ्चशील नियमको पालना<br>- सत्य निष्ठाः सोच विचार बोली, सत्य वचन<br>- सत्कार्यः सहयोग, सहकार्य, सेवा र समभाव<br>- संयमित र सभ्य आचरण, धीरता, सहनशील, शान्ति,<br>- उपकार, सहयोग (व्यक्तिगत तथा संस्थागत)<br>- सामाजिक व्यवहारः घुलमिल र मेलमिलाप, भेटघाट, भोजभतेर, अनुभव आदान प्रदान, सामूहिक सोच र भावना<br>- गाउँघरको चरीचरण, रीतिथिती, चालचलन, कार्यविभाजन, प्रथाजनित कानुन (मौखिक नियम)<br>- सामाजिक कार्यमा | - धार्मिक पुस्तक, शिक्षा र स्रोतव्यक्ति<br>- सामाजिक सांस्कृतिक विज्ञ वा जानकार वा स्रोतव्यक्तिहरू<br>- प्रत्यक्ष विषय सन्दर्भका घटनाहरू<br>- अवलोकन भ्रमण र घटना अध्ययन<br>- प्रमुख धार्मिक र सांस्कृतिक सम्पदासँग सम्बन्धित चित्र र भिडियो | - व्यक्तिमा संयमित, धीरता, सहनशील र शान्तिपूर्ण गुण र व्यवहारको बारे छलफल गरी अभ्यास गर्न लगाउने, विज्ञमार्फत स्रोत कक्षा सञ्चालन गर्ने, यसका फाइदाका बारे बताउने (पञ्चशीलको नियम र पालाना हिंसा, चोरी, झुटो, मद्यपान र व्याय विचार नगर्नु) सचेत गराउने<br>- आत्मअनुशासन के हो ? र किन आवश्यक छ भन्ने सन्दर्भमा मस्तिष्क मन्थन गराउने आत्म अनुशासनमा पर्ने विभिन्न पक्षहरूको सूची बनाउन लगाउने र छलफल गराउने, पालना गराउने<br>- संयमता अपनाउने सन्दर्भका विभिन्न उदाहरण दिई स्पष्ट पार्ने । संयमता, सहनशीलता र धैर्य मानव जीवनका अमूल्य सम्पत्ति हुन् भनी सिकाउने, व्यवहारमा जोड दिने<br>- धेरै मानिसहरूसँग घुलमिल, सहयोग, सहकार्यको आवश्यकता गर्दा हुने फाइदाको सम्बन्धमा पालैपालो भन्न लगाउने<br>- आफ्नो र आफूभन्दा फरक समुदायका व्यक्तिले मनाउने, मेला, चाडपर्व, संस्कार आदिको जानकारी पारस्परिक सहयोग र संलग्नताबारे छलफल गराउने<br>- विद्यार्थीले सांस्कृतिक क्रियाकलाप भ्रमण गरेको, देखेको वा सुनेको विशेष ठाउँ र जीवनमा अनुभव गरेका विविध विषयवस्तुका सम्बन्धम सहपाठी र शिक्षकसँग अनुभव आदानप्रदान गर्न लगाउने यिनीहरूको महत्त्व सम्बन्धमा जोडेर जोडीमा | - सत्य वचन भनेको के हो ?<br>- आत्म अनुशासन भन्नाले के बुझिन्छ ?<br>- गाउँघरमा केके विषयम नियम बनाएका छन् भन र लेख ।<br>- सहयोग र सहकार्यका फाइदाहरू केके हुन् ? बताऊ<br>- मृत्यु के हो ? मानिसको मृत्यु हुँदा केके गर्छन्, देखेको सुनेको आधारमा बताऊ र लेख । | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संलग्नता, भूमिका र जिम्मेवारी<br>- हाम्रा सांस्कृतिक पहिचान, रीतिरिवाजहरूको खोजी र संरक्षण गर्न स्थानीय संस्कृति सिकाइ केन्द्र तथा सङ्ग्रहालय<br>- मानव समुदायमा जन्म, विवाह, मृत्यु संस्कारको आवश्यकता र महत्त्व<br>- जन्म, विवाह, मृत्यु र बसाइँसराइ संस्कारको विगत र वर्तमान अवस्था | | छलफल गराउने<br>- सही सूचना सम्प्रेषण, समभाव, सहयोग र सहकार्य गर्दा हुने फाइदाहरूको चार्ट बनाई प्रस्तुत गर्ने र छलफल गरी निष्कर्षमा पुग्ने<br>- सामुदायिक कार्यमा आपसी संलग्नता, सहकार्य, मेलमिलाप आदि गर्न प्रेरित गर्ने, सामाजिक नियम, रीतिथिती, चालचलनहरूको बारे छलफल गरी सूची तयार गर्न लगाउने, स्थानीय संस्कृति सिकाइ केन्द्र तथा सङ्ग्रहालयको आवश्यकता र महत्त्वमा चर्चा गर्ने<br>- गाउँपालिकाभित्र जन्म, विवाह, मृत्यु र बसाइँसराइ संस्कारको विगत र वर्तमान अवस्थाबारे सचित्र वर्णन गर्ने र स्रोतव्यक्तिबाट कक्षा सञ्चालन गर्न लगाउने । | | |
| ८ | - धार्मिक आस्था, सद्भाव, विश्वास र क्रियाकलाप<br>- संस्कृति र परम्परा<br>- सामाजिक मूल्यमान्यता, चाडपर्व, रीतिथिती र चालचलन | - धार्मिक शिक्षाः आत्म अनुशासन, मर्यादित व्यवहार, अनुशासन, पञ्चशील नियमको पालना<br>- सत्य निष्ठाः सोच विचार गरेर बोल्न, सत्य वचन<br>- सत्कार्यः सहयोग, सहकार्य, सेवा र समभाव<br>- संयमित र सभ्य आचरण, धीरता, सहनशील, शान्ति स्थापना | - धार्मिक पुस्तक, शिक्षा र स्रोतव्यक्ति<br>- सामाजिक सांस्कृतिक विज्ञ वा जानकार वा स्रोतव्यक्ति<br>- प्रत्यक्ष विषय सन्दर्भका घटनाहरू | - व्यक्तिमा संयमित, धीरता, सहनशील र शान्तिपूर्ण गुण र व्यवहारको बारे छलफल गरी अभ्यास गर्न लगाउने, पञ्चशीलको नियमबारे छलफल गर्ने, विज्ञमार्फत स्रोत कक्षा सञ्चालन गर्ने<br>- धेरै मानिसहरूसँग घुलमिल, सहयोग, सहकार्यको आवश्यकता गर्दा हुने फाइदा सम्बन्धमा पालैपालो भन्न लगाउने<br>- अन्य धर्म हिन्दु, क्रिसियन, इस्लाम, जैन, किराँतको बारे सामान्य परिचय दिने वा चर्चा गर्ने ।<br>- आफ्नो र आफूभन्दा फरक समुदायका व्यक्तिले मनाउने, मेला, चाडपर्व, संस्कार आदिको जानकारी | - आत्मअनुशासन का विविध पक्षहरूको सूची बनाउनुहोस् ।<br>- सामाजिक व्यवहारअन्तर्गत के कस्ता व्यवहारहरू पर्दछन् ?<br>- आत्मअनुशासन र सामाजिक | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - सामाजिक संस्कार जन्म, विवाह, मृत्यु र बसाइँसराइ | - उपकार, सहयोग, न्याय, शान्ति र अहिंसाको परिपालन<br>- गुफा, योग, ध्यान, पाठ र अभ्यास (पूजा पाठको महत्त्व)<br>- गाउँपालिकाभित्रको धार्मिक, सांस्कृतिक सम्पदाको खोजी, संरक्षण र संवर्धन<br>- परम्परागत प्रथा तथा प्रचलनहरूको खोजी, अध्ययन र संरक्षण विविधतामा एकताका रूपमा परिचित र स्वीकार<br>- गाउँपालिकाभित्र सामाजिक सद्भाव र सहिष्णुताको आवश्यकता<br>- मानव समुदायमा जन्म, विवाह, मृत्यु संस्कारको आवश्यकता र महत्त्व<br>- जन्म, विवाह, मृत्यु र बसाइँसराइ संस्कारको विवेचना र जनसङ्ख्यामा प्रभाव | - अवलोकन भ्रमण र घटना अध्ययन<br>- श्रव्य दृश्य सामग्रीहरू | लिँदै गर्न सकिने सहयोग र संलग्नताबारे छलफल गराउने, फरक र समानताको बारे व्याख्या विश्लेषण गर्ने<br>- विद्यार्थीहरूले सांस्कृतिक क्रियाकलापमा सहभागी, भ्रमण गरेको, देखेको वा सुनेको विशेष ठाउँहरू र जीवनमा अनुभव गरेका विविध विषयवस्तुका सम्बन्धम सहपाठी र शिक्षकसँग अनुभव आदानप्रदान गर्न लगाउने<br>- सही सूचना सम्प्रेषण, समभाव, सहयोग र सहकार्य गर्दा हुने फाइदाहरूको चार्ट बनाई प्रस्तुत गर्ने र छलफल गरी निष्कर्षमा पुग्ने<br>- सामुदायिक कार्यहरूमा आपसी संलग्नता, सहकार्य, मेलमिलाप आदि गर्न प्रेरित गर्ने, सामाजिक नियम, रीतिथिती, चालचलनहरूको बारे छलफल गरी सूची तयार गर्न लगाउने<br>- मानव समुदायमा जन्म, विवाह, मृत्यु संस्कारको आवश्यकता र महत्त्वबारे सचित्र वर्णन गर्ने, आवश्यक स्रोतव्यक्तिबाट कक्षा सञ्चालन गर्ने ।<br>- गाउँपालिकाभित्र जन्म, विवाह, मृत्यु र बसाइँसराइबारे जानकारी दिन स्रोत सङ्कलन गरी शिक्षक तथा स्रोत विज्ञबाट कक्षा सञ्चालन गर्ने, यी घटनाबाट गाउँपालिकाभित्रको अवस्था, विकासमा पारेको प्रभाव तथा असरको बारे शिक्षक, विद्यार्थीसँग अनुभव र जानकारी आदानप्रदान गर्न लगाउने, यसले भावी दिनको प्रभाव र सम्भावनाको | व्यवहारका विविध पक्षहरूको अवलोकन गरी उनीहरूको व्यवहारमा आएको परिवर्तनलाई रुजुसूची बनाई लेख<br>- मेलमिलाप भनेको के हो ? समाजमा मेलमिलापको के महत्त्व रहेको छ ?<br>- विवाह भनेको के हो ? समुदायमा विवाह कसरी भइरहेको छ समीक्षा गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | समेत विश्लेषण गर्ने ।<br>- गाउँपालिकाभित्रका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने उपायहरूको सूची तयार पार्न लगाउने<br>- आफ्नो गाउँपालिकाभित्र रहेको कुनै धार्मिक वा सांस्कृतिक स्थलको अवलोकन गरी त्यहाँको गतिविधि समेटी एक प्रतिवेदन तयार पार्न लगाउने | | |

## ४. हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - दैनिकी<br>- स्थानीय काम र पेसा | - आफ्नो दैनिक क्रियाकलाप<br>- घरपरिवारको काम र पेसाको परिचय<br>- स्थानीय उत्पादन र रैथाने बाली<br>- घरपालुवा जनावर र पन्छी | - दैनिक क्रियाकलापको चित्र,<br>- विभिन्न काम, पेसाका सचित्र<br>- बालीनाली र पशुपन्छीको चित्र वा प्रत्यक्ष वस्तु | - सबैले पालैपालो आफ्नो दैनिक क्रियाकलापको बारे बताउन लगाउने<br>- आफू र घरपरिवारले कसले केके काम गर्छन् भनेर छलफल गरी भन्न लगाउने<br>- गाउँघरमा उत्पादन हुने बालीनालीको नाम पालैपालो भन्न लगाउने र छुटेको भए थप्ने<br>- घरमा पालिने घरपालुवा जनावर र पन्छीको नाम भन्न लगाउने | - तिमीले घरमा केके काम गर्छौ ?<br>- तिम्रो बुवा आमाले के काम गर्नु हुन्छ ?<br>- तिम्रो घरमा भएको घरपालुवा जनावरको नाम भन। | २२ |
| २ | - स्थानीय काम र पेसा<br>- व्यवसाय | - आफ्नो दैनिक क्रियाकलाप<br>- छरछिमेकको काम र पेसाको परिचय<br>- स्थानीय कृषिबाली उत्पादन | - दैनिक क्रियाकलापको चित्र,<br>- विभिन्न काम, | - सबैले पालैपालो आफ्नो दैनिक क्रियाकलापको बारे बताउन लगाउने<br>- आफू र घरपरिवारले कसले केके काम गर्छन् भनेर छलफल गरी भन्न लगाउने | - विद्यालयमा गरिने क्रियाकलापको बारे लेख।<br>- घरबारीमा फल्ने | २२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - घरपालुवा जनावर र पन्छी | पेसाका सचित्र<br>- बालीनाली र पशुपन्छीको चित्र वा प्रत्यक्ष वस्तु | - गाउँघरमा उत्पादन हुने अन्नबालीहरूको नाम पालैपालो भन्न लगाउने र छुटेको भए थप्ने<br>- घरमा पालिने घरपालुवा जनावर र पन्छीहरूको नाम भन्न लगाउने र सूची बनाउने | तरकारी र फलफूलको नाम भन।<br>- घरमा भएका अन्नबालीहरूको नाम भन। | |
| ३ | - परम्परागत स्थानीय काम र पेसा<br>- व्यवसाय र आयस्रोत | - दैनिक क्रियाकलाप<br>- समुदायको काम र पेसाको परिचय<br>- स्थानीय उत्पादन र रैथाने बाली<br>- घरपालुवा जनावर र पन्छी<br>- तरकारी, फलफूल, मौरी<br>- कृषि औजार तथा सामग्री | - दैनिक क्रियाकलापको चित्र,<br>- विभिन्न काम, पेसाका सचित्र<br>- बालीनाली, तरकारी, फलफूल र पशुपन्छीको चित्र वा प्रत्यक्ष वस्तु / सामग्री<br>- औजार तथा सामग्री, चित्र | - सबैले पालैपालो आफ्नो घरमा र विद्यालयमा गर्ने दैनिक क्रियाकलापहरूको बारे बताउन लगाउने, दैनिक जीवनमा आवश्यक वा प्रयोग हुने वस्तुहरूको नाम, उपयोगबारे सिकाउने<br>- आफू र घरपरिवारले कसले केके काम गर्छन् भनेर छलफल गरी भन्न लगाउने<br>- गाउँघरमा उत्पादन हुने अन्नबालीहरूको नाम पालैपालो भन्न लगाउने र छुटेको भए थप्ने<br>- घरमा पालिने घरपालुवा जनावर र पन्छीको नाम भन्न लगाउने र सूची बनाउने<br>- मौसमअनुसार तरकारी, फलफूल, पशुपन्छी, मौरी पालनको काम र महत्त्व बताउन लगाउने<br>- उत्पादन भएका सामानहरूको उपभोग, बिक्री, बजार र यतायातबिच सम्बन्धलाई परिचित गराउने<br>- कृषि, पशुपालन कार्यक्रममा प्रयोग हुने औजार, सामग्री तथा घरेलु सामग्रीहरूको नाम र कामको बारे छलफल गरी भन्न लगाउने। | - बुवा आमाले घरमा गर्ने कामको बारे बताऊ<br>- अन्य परिवार सदस्यले गर्ने कामको बारे भन<br>- घरमा हुने तरकारी फलफूलको नाम भन<br>- मौरीले के काम गर्छ ? भन। | २२ |
| ४ | - पेसा, व्यवसाय र | - समुदायको काम र पेसाको परिचय | - पेसाको सूची<br>- उत्पादन हुने | - आफ्नो समुदायका मानिसहरूले गर्ने काम र पेसाहरूको वर्गीकरण र पहिचान गर्ने / गर्न लगाउने | - गाउँमा कुनकुन पेसा गर्ने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रविधि<br>- उत्पादन<br>- रोजगारी र आयस्रोत | - स्थानीय कला, सिप र उत्पादन<br>- घरपालुवा जनावर र पन्छी<br>- तरकारी, फलफूल,<br>- मौरी, बाख्रा, चौरी<br>- उत्पादन र उपभोग<br>- करेसाबारी तथा फूलबारी<br>- कृषि औजार र सामग्री<br>- पूर्वाधार<br>- श्रम र जनशक्ति | वस्तुको सूची<br>- घरेलु पशुपन्छीको नामवली चित्र<br>- कृषि सामग्रीको नाम चित्र | - स्थानीय उत्पादनमा मौसमअनुसार कृषिबाली, तरकारी, दलहन र फलफूलको वर्गीकरण र पहिचान गरी गोडमेल, मलजल र संरक्षण गरी सही उपयोगमा ल्याउने तरिकाबारे छलफल गरी बताउने<br>- कृषि तथा उत्पादनका लागि आवश्यक पूर्वाधारको बारे छलफल गर्ने (जग्गा-जमिन, मल, सिंचाइ, सुरक्षा-घेराबार) त्यसको व्यवस्था र अवस्थाको बारे छलफल गर्ने र सूची तयार गर्ने<br>- उत्पादनमा गर्ने काम, परिश्रम र क्रियाकलापहरूको बारे मन्थन र छलफल गर्ने (खनजोत, गोडमेल, मलजल, बीउ सङ्कलन, पुनः उत्पादन, भण्डारण) क्रमशः छलफल र जानकारी गराउने वा उत्पादन चक्र (बीउ छर्नेदेखि बाली सङ्कलनसम्म) को सम्पूर्ण क्रियाकलापहरूको एक/एक वर्णन र अभ्यास गर्ने / गराउने<br>- विभिन्न पेसा तथा व्यवसायमा प्रयोग हुने औजार, साधन, सामग्रीहरूको पहिचान र सुरक्षित प्रयोग तरिका र तिनीहरूको हिफाजत गर्न, लाभ लिन सिकाउने<br>- स्थानीय क्षेत्रमा उत्पादित तथा निर्मित वस्तुहरूको पहिचान र उपयोगबारे छलफल गर्ने<br>- घरेलु कला सिप उत्पादनका सामग्रीहरूको पहिचान गर्ने (जस्तैः ऊनको राडीपाखी, लिऊ, फेरुवा, गलैँचा, डोरी)<br>- समुदायमा हुने आर्थिक क्रियाकलाप वा आम्दानीका | मानिसहरू छन् ?<br>- मौसमअनुसार यहाँ कुनकुन बालीहरूको खेती गर्छन् ?<br>- कृषि उत्पादनका लागि केके पूर्वाधारको आवश्यकता पर्दछ ?<br>- स्थानीय बजारमा कुनकुन वस्तु वा उत्पादन बिक्री हुने गर्छ ?<br>- तिम्रो घरमा कुनकुन चीज बिक्री हुन्छ ? कुन कुन वस्तु किन्नु पर्छ सूची बनाऊ<br>- कुनै उत्पादन वा व्यवसायको अवलोकन गरी क्रियाकलापको वर्णन गर्नुहोस् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | स्रोतहरूको अवलोकन, छलफल गरी विवरण प्रस्तुत गर्न लगाउने<br>- स्थानीय हाटबजार/बजारमा हुने आर्थिक क्रियाकलापहरूको अवलोकन गरी महत्त्व बताउने<br>- समुदाय तथा छिमेकीहरूको काम एवम् पेसाबारे बताउन र सम्मान गर्न सिकाउने<br>- स्थानीय व्यापार र व्यवसायहरूको नाम बताउन र यसका महत्त्व र फाइदाको बारे बताउने | | |
| ५ | - पेसा, व्यवसाय र प्रविधि<br>- उत्पादन<br>- रोजगारी र आयस्रोत<br>- पर्यटन र उद्योग | - समुदायको काम र पेसाको परिचय<br>- स्थानीय उत्पादन अन्न र तरकारी बाली<br>- घरपालुवा जनावर मौरी, बाख्रा, चौरी र पन्छी (कुखुरा, हाँस, खरायो)<br>- तरकारी, फलफूल तेलहन<br>- व्यावसायिक उत्पादन<br>- जडीबुटी सङ्कलन<br>- उत्पादनमा प्रविधि प्रयोग<br>- उत्पादन, उपभोग बिक्री, नाफा र बजार<br>- होटल व्यवसाय, होम स्टे,<br>- औजार, सामग्री र प्रविधि प्रयोग<br>- पूर्वाधार | - स्थानीय पेसाको विवरण र सूची<br>- स्थानीय उत्पादन र वस्तुको सूची<br>- घरेलु पशुपन्छीको नामवली चित्र<br>- कृषि औजार, सामग्रीको नाम चित्र<br>- स्रोतव्यक्ति, प्रत्यक्ष अवलोकन, भेटघाट छलफल | - समुदायमा प्रचलित विभिन्न पेसा तथा व्यवसायहरू पहिचान गरी ती पेसाहरूका मुख्य मुख्य कार्य उल्लेख गरी सम्मान र सहयोग गर्न सिकाउने, क्रियाकलापमा भाग लिन लगाउने<br>- कृषि र पशुपालनका लागि आवश्यक पर्ने पूर्वाधार, जनशक्ति, आवश्यक सामग्रीहरूको पहिचान गरी प्रयोग र क्रियाकलापको बारे छलफल गराउने<br>- उत्पादन चक्रको विस्तृत वर्णन, छलफल र अभ्यास गर्ने/गराउने (मौसमअनुसार प्रत्येक बालीको उदाहरण दिएर)<br>- मौसमी तथा वेमौसमी तरकारी उत्पादनका क्रियाकलापहरूको बारे छलफल गर्न लगाउने, उत्पादन कार्यमा सहयोग र संलग्न गराउने<br>- मौरी पालन, कुखुरा, खरायो, बाख्रा र चौरीपालनको आवश्यक पूर्वाधार, सामग्री, औजार, सिप र जनशक्तिको बारे सम्भाव्य छलफल गरी भएका कार्यक्रममको समीक्षा गर्ने / गर्न लगाउने | - कुनै ५ वटा पेसा व्यवसायको नाम लेखी एउटाको वर्णन गर्नुहोस्<br>- पशुपालनका लागि चाहिने आवश्यक पूर्वाधारको बारे लेख<br>- मौसमी र बेमौसमी भनेको के हो ?<br>- मौरीपालन गर्न केके गर्नुपर्छ ?<br>- स्थानीय समुदायमा उत्पादन हुने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - जनशक्ति | - काम, पेसा र क्रियाकलापको अवलोकन | - समुदाय तथा स्थानीय तहभित्रका प्रमुख आर्थिक क्रियाकलापहरूको पहिचान गर्न र महत्त्व बताउन लगाउने वा उल्लेख गर्न लगाउने<br>- स्थानीय समुदायमा उत्पादन हुने वस्तुहरूको सूची तयार गर्न र बिक्री गर्ने बजारको नाम उल्लेख गर्ने<br>- स्थानीय रूपमा उत्पादित तथा निर्मित र बाहिरको आयतित वस्तुहरूको उपयोगप्रति सचेत रहन सिकाउने<br>- स्थानीय हाटबजार/बजारमा हुने आर्थिक क्रियाकलापहरूको अवलोकन गरी महत्त्व बताउने<br>- तेल उत्पादन हुने बाली जस्तैः तोरी, सूर्यमुखी, फलफूलमा ओखर, खाबु, च्युली, डटेलो-मिनिङ, को उत्पादन, सङ्कलन, प्रशोधन गरी बिक्री प्रवर्धन गर्दै जान अभिप्रेरित र सुधार गर्दै जान सिकाउने<br>- स्थान र बजारअनुसार नयाँ सम्भावना भएका पेसा व्यवसायको छनोट लागु गर्न छलफल गराउने, उत्पादनमा प्रविधि प्रयोगको अवस्था र सम्भावनामा छलफल गराउने<br>- उत्पादनमूलक बालीहरू (कृषि रैथानेबाली, तरकारी, दलहन, तेलहन बाली तोरी, सूर्यमुखी, फलफूल, पशुपालन, मौरी) र सेवामूलक (होटेल, होमस्टे, गाइड, जागिर) पेसा व्यवसायको अवस्था पहिचान गरी प्रवर्धन गर्नेबारे विषय विज्ञ वा स्रोतव्यक्तिबाट छलफल गर्ने ।<br>- आवश्यक पूर्वाधार, जनशक्ति, बजार मागको | वस्तुहरूको सूची तयार पार<br>- उत्पादनमा प्रविधिको प्रयोग भनेको के बुझ्नु हुन्छ ? यसको फाइदा र उपयोगिताबारे लेख ।<br>- रैथाने बाली भनेको के हो यसका संरक्षण गर्न के गर्नुपर्छ ?<br>- उत्पादन चक्र भनेको के हो ? यसअन्तर्गत केके कुराहरू पर्दछन् । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | विश्लेषणको आधारमा व्यवसाय सञ्चालन, परिमार्जन र परिवर्तनको सोध खोज गर्न सकिने बारे चर्चा गर्ने<br>- पेसा, व्यवसायमा प्रविधिको प्रयोग र सम्भावनाको सोधखोज गर्ने । | | |
| ६ | - पेसा, व्यवसाय र प्रविधि<br>- रोजगारी र आयस्रोत<br>- पर्यटन र उद्योग व्यवसाय दर्ता<br>- बजार र प्रतिष्पर्धा | - गाउँपालिकाभित्रका आर्थिक स्रोत साधनहरूको परिचय र महत्त्व<br>- परम्परागत सिपको परिचय र प्रवर्धन (घरेलु हस्तकला, सिलाइ, बुनाइ, काठ, ढुङ्गा मिस्त्री)<br>- कृषि, व्यापार, सेवा, पर्यटन, उद्योग क्षेत्रको पहिचान<br>- व्यवसाय विकास परिचय र प्रवर्धन<br>- आयस्रोतको रूपमा (जल, जमिन, वन, जडीबुटी, खानी, श्रम, पूँजी) को आवश्यकता र महत्त्व<br>- उद्यम, व्यापार व्यवसायको परिचय<br>- वैदेशिक रोजगार (चीनको ताक्लाकोट तथा अन्य देशहरू) र सम्बन्ध | - आर्थिक स्रोतको सूची<br>- सिप र सिपालु कामको भिडियो र चित्र<br>- आयस्रोतका सूची र विवरण<br>- काम र रोजगारीको सूची<br>- काम, र पेसाको क्रियाकलापका दृश्य सामग्रीहरू | - गाउँपालिकाको आर्थिक स्रोत साधनहरूको परिचय र महत्त्व बताइ आर्थिक स्रोतहरूको सदुपयोग गर्नका लागि उपायहरू उल्लेख गर्ने,<br>- स्थानअनुसार अर्गानिक तथा रैथाने बाली उत्पादन र महत्त्वमा छलफल गरी क्रियाकलाप गर्न अभिप्रेरित गर्ने जस्तैः (स्याउ, सिमी, आलु, फापर, चिनु ... ) आदि<br>- आर्थिक क्रियाकलाप (उत्पादनमुखी र सेवामुखीः कृषि, घरेलु हस्तकला, व्यापार, होटल सेवा, पर्यटन, उद्योग क्षेत्रको पहिचान गरी यसका महत्त्वकाबारे छलफल तथा नमुना व्यवासायीसँग छलफल गर्ने, क्रियाकलापको सूची बनाउने<br>- स्थानीय आयस्रोतको रूपमा जल, जमिन, वन, जडीबुटी, खानी, श्रम, पूँजीको आवश्यकता र महत्त्वबारे बताउने, यसबाट व्यापार, व्यवसाय, सञ्चालन र परिचालनको सम्भाव्यतामा छलफल गर्ने<br>- स्थानीय व्यापार र व्यवसायहरूको परिचय दिँदै वर्तमान अवस्था र सम्भावना माथि छलफल गराउने<br>- ताक्लाकोट बजारमा रोजगारीको माग र अवस्थाबारे छलफल गरी सिप विकास र उत्पादन विक्री सम्भावना सम्बन्धमा छलफल गर्ने । | - गाउँभित्र रहेका आर्थिक स्रोत र साधनको सूची बनाऊ ।<br>- गाउँमा देखेका सिपमूलक कामको सूची बनाऊ ।<br>- स्रोत साधनका महत्त्व बताऊ ।<br>- रोजगार र सिप विकासबिच के सम्बन्ध रहेको छ<br>- स्थानीय उत्पादनबाट कसरी आयस्रोत वृद्धि गर्न सकिन्छ ? बताऊ<br>- गाउँमा तेलहन उत्पादन हुने | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - अर्गानिक तथा रैथाने बाली, तरकारी, फलफूल उत्पादन मा जोड (स्याउ, सिमी, आलु, ... आदि | | - उद्यम, व्यवसाय दर्ता, सञ्चालन प्रक्रियाबारे छलफल गरी स्वीकृति वा अनुमति लिने कुराको ज्ञान प्रदान गर्ने<br>- फलफूल उत्पादन, प्रशोधन, भण्डारण गरी विक्री वितरणका साथै खाबु, चुली, डटेलो, ओखरबाट तेल उत्पादनलाई बढाउन सकिने बारे छलफल गर्ने | सम्भावनाको खोजी गरी लेख। | |
| ७ | - पेसा, व्यवसाय, दर्ता र प्यान नम्बर<br>- रोजगारी र आयस्रोत<br>- पर्यटन र उद्योग<br>- उत्पादन, बजार र प्रतिष्पर्धा | - स्थानीय तथा रैथाने उत्पादन, मितव्ययी प्रयोग, बचतको परिचय र महत्त्व<br>- गाउँपालिकाभित्रका आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्था, समस्या र समाधानका उपाय<br>- कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध परिचय र महत्त्व<br>- उत्पादित वस्तुको गुणस्तर पहिचान र उपभोक्ताका अधिकार<br>- गाउँपालिकाको आन्तरिक आय (कर) को परिचय र स्रोतहरू<br>- सरकारी खर्चको परिचय दिन र क्षेत्रहरू उल्लेख गर्न<br>- रोजगारीको क्षेत्रको पहिचान | - स्थानीय उत्पादनका वस्तु सूची, चित्र, भिडियो<br>- व्यवसाय, उद्योग र व्यापारका नमुना स्रोतहरू<br>- आय व्याय र स्रोत विवरण<br>- बजार, व्यवसायको अवलोकन | - स्थानीय उत्पादन र वस्तुको प्रयोग गरी मितव्ययी हुन र बचत गर्ने बानी बसाल्नुपर्ने आवश्यकतामा छलफल गराउने<br>- गाउँपालिकाभित्र भइरहेका आर्थिक क्रियाकलापहरूको वर्तमान अवस्था, समस्या र समाधानका उपाय बताउने<br>- कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध उल्लेख गर्न वस्तुको गुणस्तर पहिचानका आधार खोजी गरी उपभोक्ताका अधिकारप्रति सचेत रहन लगाउने (उत्पादन मिति, उपभोग समय, गुणस्तर चिह्न, उत्पादक, संरचना)<br>- खाद्य शृङ्खला उत्पादन, प्रशोधन, उपभोग, बजार, विक्री, मूल्य, मुनाफा र लगानी क्षेत्रको पहिचान र प्रवर्धन सम्बन्धमा स्रोतव्यक्ति र विज्ञसँग छलफल गराउने, कक्षा लिने<br>- गाउँपालिकाको आन्तरिक आय-व्याय, करको परिचय दिन र स्रोत र खर्चको जानकारी प्राप्त गर्ने।<br>- गाउँपालिकाभित्र स्थान र बजारअनुसार नयाँ सम्भावना भएका पेसा व्यवसायको छनोट र लागु गर्न छलफल गराउने, | - यहाँका प्रमुख कृषि उत्पादनहरू कुन कुन हुन, कुनै एकको वर्णन गर<br>- हाम्रो आर्थिक क्रियाकलापको बारे छोटो परिचय दिनुस्।<br>- उत्पादन, उपभोग र बिक्रीबिचको अवस्थाबारे चर्चा गर्नुहोस्।<br>- व्यापार र व्यवसायबिच फरक बताऊ।<br>- सिपमूलक तालिम भनेको के हो ? यहाँ कस्तो किसिमको सिपको | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - व्यवसाय दर्ता र (PAN) नम्बर लिने प्रक्रिया<br>- सिपमूलक तालिम | | - परम्परागत उत्पादनमा प्रविधि प्रयोगको अवस्था सुधार र सम्भावनाहरूमा छलफल गराउने<br>- वैदेशिक रोजगार, सम्भावना र अवसारका बारे छलफल गरी सूची तयार पार्ने (भाषा, सिप विकास तालिम)<br>- व्यवसायलाई दर्ता निकाय (उत्पादन, उद्योग, व्यापार, निर्माण, सहकारी) प्रकृतिअनुसार सिफारिस लिइ दर्ता गर्ने, दर्तापश्चात् आन्तरिक राजश्व कार्यालयबाट पान नम्बर लिने प्रावधानबारे जानकार स्रोतबाट सिकाइ गर्ने<br>- बेरोजगारीलाई छोटो समय अवधिका सिपमूलक तालिमहरू जस्तैः पाक, शृङ्गार, ड्राइभिङ, गाइड, कम्प्युटर, वाइरिङ, प्लम्बिङ, प्लास्टरिङ, पेन्टिङ अटोमेकानिक, हेयर कटिङ आदि प्रदान गरी साना व्यवसाय सञ्चालनमा जोड दिन सिकाउने | आवश्यकता बढी देखिन्छ र किन ? | |
| ८ | - पेसा, व्यवसाय र प्रविधि<br>- रोजगारी र आयस्रोत<br>- पर्यटन र उद्योग<br>- उत्पादन, बजार र प्रतिष्पर्धा | - खाद्य शृङ्खला (उत्पादन, प्रशोधन, उपभोग, बजार) विश्लेषण र रैथाने (अर्गानिक) उत्पादनमा जोड<br>- गाउँपालिकाभित्रको जडीबुटी र पर्यटनको वर्तमान अवस्था, महत्त्व, पर्यटन व्यवसाय र उद्यम विकासमार्फत रोजगार सृजना, प्रवर्धनका उपाय र | - स्थानीय उत्पादनका वस्तु सूची, चित्र, भिडियो<br>- व्यवसाय, उद्योग र व्यापारका नमुना स्रोतहरू<br>- आय व्याय र स्रोत विवरण | - स्थानीय तथा वरिपरिको बजार विश्लेषण गरी उत्पादन क्षेत्रमा ध्यान दिन आवश्यकताको पहिचान गरी सोहीअनुसार उत्पादन गर्न जोड दिन, सुधार गर्न सकिने बारे छलफल गर्ने<br>- गाउँपालिकाभित्रको पर्यटन उद्योगको वर्तमान अवस्था, महत्त्व, बताउन र पर्यटन व्यवसायमार्फत रोजगार प्रवर्धनका उपायहरू खोजी गर्ने विषयमा छलफल गर्ने<br>- वैदेशिक रोजगारीको परिचय, चुनौती र अवसरहरू पहिचान गर्ने कार्यमा केन्द्रित छलफल गर्ने, त्यसका | - बजार भनेको के हो ? उत्पादन र बजारबिच के सम्बन्ध रहेको हुन्छ ?<br>- यहाँ पर्यटन व्यवसायबाट केकस्ता फाइदा गर्न सकिन्छ ?<br>- आन्तरिक र | १८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - आयात निर्यात | सम्भावना<br>- बजारको मागअनुसार वस्तु, सेवा, सिप उत्पादनका अवस्था विश्लेषण र योजना निर्माण<br>- वैदेशिक रोजगारीको परिचय, चुनौती र अवसरहरू पहिचान<br>- सिप विकास र प्रवर्धन<br>- चीनसँगको वैदेशिक व्यापारको वर्तमान अवस्था र महत्त्व<br>- उत्पादन, सेवा, सिपको क्षेत्रमा प्रविधिको प्रयोग<br>- आयात निर्यात हुने वस्तुहरू | - बजार क्षेत्र उत्पादन, वस्तु र विक्री विवरण | लागि आवश्यक तयारी सम्बन्धमा जानकारी, परामर्श सेवा दिने<br>- चीनसँगको वैदेशिक व्यापारको वर्तमान अवस्था र महत्त्वबारे छलफल गरी लेख्ने<br>- खाद्य शृङ्खला उत्पादन, प्रशोधन, भण्डारण, वितरण, उपभोग, बजार, विक्री, मूल्य, मुनाफाबारे जानकारी आदानप्रदान गर्ने<br>- स्थानीय अनुकूल लगानी क्षेत्रको पहिचान, दिगो विकास र प्रवर्धन सम्बन्धमा स्रोतव्यक्ति र विज्ञसँग छलफल गराउने<br>- स्थानीय तथा प्रविधि केन्द्रित सिप विकास तालिमको बारे छलफल गरी आवश्यक विषयमा तालिम लिन सहयोग माग गर्ने<br>- उद्यम, व्यवसाय योजना निर्माणको प्रस्तावना तयार गर्न सिकाउने जस्तैः ज्ञान, सिपको आधारमा र बजार मागको आधारमा, (उत्पादन, जनशक्ति, पूर्वाधार, बजार, विक्री, लगानी, सम्पत्ति, सिप, प्रविधि, प्रवर्धन, स्रोत, मुनाफा, व्यवसायको दिगोपन) आदिको विश्लेषण गरी तयारीको आधारमा स्थानीय व्यवसाय र उद्यम विकासका कार्यक्रम अगाडि सार्ने<br>- आयात, निर्यात हुने वस्तु तथा सामग्रीको सूची बनाइ उत्पादन र व्यापारको तुलना गरी सम्भावनाको अध्ययन गर्ने। | बैदेशिक रोजगारबिच के भिन्नता छ ? लेख<br>- लगानी भनेको के हो ? लगानी किन गरिन्छ ?<br>- प्रविधि केन्द्रित सिपअन्तर्गत केके कुरा पर्दछन्।<br>- व्यवसाय योजना निर्माण केके कुरामा ध्यान दिनुपर्छ ? त्यस मध्ये कुनै एकको वर्णन गर | |

## ५. हाम्रो कला, सिप र सूचना प्रविधि

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - सिर्जनात्मक कार्य<br>- सिर्जनात्मक कला र अभ्यास | - रेखा, चित्रहरू, रङको प्रयोग<br>- माटो तथा पिठोका विभिन्न वस्तु, नमुना र आकार<br>- हाउभाउ र नृत्य, शारिरिक चाल र सामान्य गन्तीका ज्ञान र सिप<br>- बा-आमा र परिवारको सिप तथा कामहरू | - रङ्गीन चित्र<br>- कापी, सिसा कलम, रङ<br>- काम वा सिपको चित्र<br>- गीत र सङ्गीत<br>- माटो र पानी वा माटो डल्ला | - रेखा र चित्रहरू कोर्न, चित्र कोरेर रङ भर्न, छपाइ गर्ने विभिन्न अभ्यास कार्य गराउने<br>- माटो तथा पिठोबाट मनपर्ने नमुना आकारका वस्तुहरू तयार गर्न लगाउने<br>- हाउभाउसहित नृत्य गर्न, शारीरिक चाल देखाउने र अभ्यास गर्ने<br>- सामान्य गन्ती अभ्यास (१-१०) र खेल खेलाउने<br>- बा-आमा र परिवारले गर्ने काम र सिपको बारे छलफल गरी बताउन वा भन्न लगाउने | - तिमीलाई मनपर्ने चित्र बनाऊ र रङ भर<br>- माटो डल्लोबाट मन पर्ने आकार बनाऊ<br>- गीतको लयमा नाच्न लगाउने<br>- बा-आमाले घरमा केके काम गर्छन्, भन।<br>- आफ्नो मातृभाषामा १,२, ३ गन्ती गर | १६ |
| २ | - सिर्जनात्मक कार्य<br>- सिर्जनात्मक कला र अभ्यास | - विभिन्न रङ, आकार भएका चित्र<br>- कागजबाट नमुना आकार चित्र<br>- नृत्य, लयात्मक गीत र हाउभाउ,<br>- गन्तीसहित अभिनय गर्न | - रङ्गीन चित्र<br>- कापी, सिसा कलम, रङ<br>- काम वा सिपको चित्र, स्वयम व्यक्ति<br>- गीत, नृत्य र | - विभिन्न चित्र तथा आकृतिहरू कोर्न र बनाउन, प्राकृतिक वा मिल्ने रङ भर्न लगाउने<br>- कागजबाट नमुना आकार, चित्र बनाउन र रङ चिन्न र साधारण प्रयोग गर्न लगाउने<br>- हाउभाउसहित नृत्य गर्न र लयात्मक गीतहरू गाउने अभ्यास गर्ने<br>- गन्तीसहित अभिनय गर्न लगाउने | - तिमीलाई मनपर्ने चित्र बनाऊ र रङ भर<br>- कागज र माटोको डल्लोबाट मन पर्ने आकार बनाऊ<br>- बाजाको तालमा | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - घरपरिवारमा सिप भएका सिपालु व्यक्तिको नाम र काम | सङ्गीत वा श्रव्य, दृश्य सामग्री<br>- माटो र पानी वा माटो डल्ला | - घरपरिवारमा सिप भएका सिपालु व्यक्तिको नाम र कामबारे बताउन लगाउने<br>- कुनै सिपसम्बन्धी अभिनय गर्न लगाउने। | र गीतको लयमा नाच्न लगाउने, अभ्यास गर्ने<br>- कुन सिपालुले के काम गर्छन् ? भन | |
| ३ | - सिर्जनात्मक कार्य<br>- सिर्जनात्मक कला र अभ्यास<br>- सूचना प्रविधि | - सञ्चारका साधनहरूको पहिचान र प्रयोग<br>- रङ र रेखा चित्रहरू विभिन्न किसिमका ज्यामितीय आकृतिहरू<br>- मातृभाषामा दिन, बार, महिना, सङ्ख्याको गन्ती<br>- समुदायमा रहेका सिपको परिचय | - सञ्चारका साधन<br>- रेखा, चित्र र रङ<br>- गन्ती र दिनबारको तालिका<br>- दक्ष र सिपालु मानिस र कामको विवरण | - दैनिक जीवनमा सञ्चारका साधनहरू (चिठ्ठी पत्र, पत्रपत्रिका, मोबाइल, फोन, रेडियो टेलिभिजन) आदिको पहिचान र होसियारीपूर्वक प्रयोग गर्न सिकाउने,<br>- विभिन्न रेखा चित्रहरू कोर्न, चित्र कोरेर रङ भर्न, छपाइ गर्ने अभ्यास गराउने<br>- विभिन्न किसिमका ज्यामितीय आकृतिहरू चित्र र कागजबाट बनाउन अभ्यास वा क्रियाकलापहरू गर्ने<br>- आफ्नो मातृभाषामा दिन, बार, महिना, सङ्ख्याको गन्तीको अभ्यास गर्ने, गराउने, सामान्य हरहिसाबहरू जोड, घटाउ सिकाउने<br>- आफ्नो समुदायमा रहेका सिप र सिपालुहरूले गर्ने कार्यबारे बताउन लगाउने, उदाहरण दिने, पहिचान गर्ने<br>- गीत सङ्गीत लय, तालमा विभिन्न शारिरीक हाउभाउ गरी नाच्न, गीत गाउने, बाजा बजाउने अभ्यास गराउने। | - सूचना र सञ्चार भनेको के हो ?<br>- मनपर्ने चित्र बनाई रङ भर।<br>- कागजबाट विभिन्न आकार वा वस्तु निर्माण गर।<br>- हप्तामा कति दिन हुन्छ ? बारको नाम भन।<br>- सिपालुले गर्ने कुनै ५ वटा कामको नाम भन। | १६ |
| ४ | - सिर्जनात्मक कार्य | - परम्परागत तथा घरेलु सिपहरूको परिचय र प्रयोग | - स्थानीय सिपबाट | - घरेलु सिप र कलाअन्तर्गत ऊनको धागो कात्न, डल्लो पार्न, सिलाई, बुनाईको तौरतरिकाको | - ऊनबाट केके वस्तु वा सामान | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - सिर्जनात्मक सिप, कला र अभ्यास<br>- सूचना प्रविधि<br>- परम्परागत सिप र प्रयोग | - स्थानीय मदिरा छ्याङ, रक्सी बनाउने तरिका, प्रयोग र महत्त्व<br>- स्थानीय काठ, माटोबाट निर्माण हुने सामग्रीहरूको परिचय<br>- दिन, बार, महिना र सङ्ख्याको ज्ञान र क्याल्कुलेटरको प्रयोग<br>- नक्सा, चित्र कोर्न, सामान्य बुट्टा बनाउन, माटाबाट नमुना वस्तु निर्माण र छपाई<br>- सञ्चारका साधनहरूको परिचय र सावधानीपूर्वक प्रयोग वा उपयोग<br>- रेखाचित्र र रङको परिचय, विभिन्न प्रकारका रेखाहरूको प्रयोगबाट चित्र निर्माण<br>- बागीना (वाद्यवादन, गीत, नाच) को परिचय, अभ्यास र महत्त्व<br>- स्थानीय नाप, तौलको परिचय | निर्मित सामग्रीहरूको चित्र<br>- सञ्चारका साधनहरूको चित्र, भिडियो<br>- बागिनाका वा सङगीतका सामग्रीहरू<br>- पाठसँग सम्बन्धित नमुना चित्र तथा भिडियो<br>- प्रत्यक्ष क्रियाकलाप | अवलोकन गरी सिकाइ अभ्यास गराउने<br>- स्थानीय मदिरा छ्याङ, रक्सी बनाउने तरिकाको वर्णन अवलोकन गराइ यसको प्रयोग र यसको महत्त्वबारे छलफल गराइ भन्न लगाउने<br>- स्थानीय काठ, माटोबाट निर्माण हुने सामग्रीको परिचय दिन लगाउने (घरायसी, कृषि, औजार, फूरू, साधन र सामग्रीहरू)<br>- दिन बार, महिनाको नाम र अङ्कको ज्ञान दिई क्याल्कुलेटरको सहायताले सामान्य हरहिसाब गर्न लगाउने, सिकाउने, पात्रो हेर्न  र प्रयोग गर्न सिकाउने<br>- विभिन्न आकार, नक्सा चित्र कोर्न, सामान्य बुट्टा बनाउन, माटाबाट नमुना वस्तु बनाउन र छपाई गर्ने अभ्यास गर्ने गराउने,<br>- दैनिक जीवनमा सञ्चारका साधनहरूको परिचय दिँदै सावधानीपूर्वक उपयोग गर्न लगाउने (पत्र पत्रिका, चिठी, सूचनापाटी, टिभी, रेडियो, टेलिफोनको परिचय र काम बताउन)<br>- स्थानीय बागीनाका साधनको पहिचान र प्रयोग गरी व्यावहारिक सिकाइ अभ्यास गराउने (गीत, सङ्गीत, नृत्यकलाको अभ्यास र प्रदर्शन गर्ने / गराउने ।<br>- स्थानीय नापका साधन स्रोतको बारे बताउने (तौल, लम्बाइ, क्षेत्रफल र समय) आदि | बनाउन सकिन्छ ।<br>- आमाबाट छ्याङ बनाउने तरिका सोधेर भन वा लेख ।<br>- तिम्रो घरमा काठ र माटोबाट बनेका सामानको नाम लेख ।<br>- तिम्रो गाउँको नक्सा बनाइ आफू बसेको ठाउँ देखाऊ ।<br>- सञ्चार भनेको के हो ? यसका साधनको नाम भन ? लेख ।<br>- बागीना भनेको के हो ? यसको महत्त्व लेख । | |
| ५ | - सिर्जनात्मक कार्य | - परम्परागत तथा घरेलु सिपको परिचय र प्रयोग | - स्थानीय सिपका नमुना | - घरेलु सिपअन्तर्गत घरमा ऊनको धागो कात्न, डल्लो पार्न, सिलाई, डोरी बार्न, पाखो, लिऊ, | - घरेलु सिपबाट उत्पादन हुने | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - सिर्जनात्मक सिप, कला र अभ्यास<br>- सूचना प्रविधि<br>- परम्परागत सिप र प्रयोग | - स्थानीय मदिरा छ्याङ, रक्सी बनाउने तरिका, प्रयोग र महत्त्व<br>- स्थानीय काठ, माटोबाट निर्माण हुने सामग्रीको परिचय<br>- स्थानीय पानी घट्ट, तेल निकाल्ने प्रविधि (हाराप-कोल) को परिचय र सुधार<br>- सङ्ख्याको ज्ञान र क्याल्कुलेटरको प्रयोग<br>- नक्सा, चित्र कोर्न, सामान्य बुट्टा बनाउन, माटाबाट नमुना वस्तु निर्माण र छपाई<br>- सञ्चारका साधनहरूको परिचय र सावधानीपूर्वक प्रयोग वा उपयोग<br>- रेखाचित्र र रङको परिचय, विभिन्न प्रकारका रेखाहरूको प्रयोगबाट चित्र निर्माण, वस्तुको आकार, प्रकारको पहिचान<br>- बागीना (वाद्यवादन, गीत, नाच) को परिचय, अभ्यास र महत्त्व<br>- आधारभूत गणितीय ज्ञान र | चित्र, सामग्रीहरू<br>- पाठसँग सम्बन्धित नमुना चित्र तथा भिडियो<br>- प्रत्यक्ष वस्तु, सामग्री<br>- क्रियाकलाप को अवलोकन | फेरुवा बुनाईको तौरतरिकाको अवलोकन गरी बताउन लगाउने र अभ्यास गर्न लगाउने<br>- स्थानीय प्रविधि घरेलु मदिरा, छ्याङ, पानी घट्ट, तेल पेल्ने, हलो जोत्नेबारे जानकारी दिँदै नयाँ प्रविधिसँगको सामञ्जस्यता राख्दै प्रविधि प्रयोगमा परिवर्तन वा प्रविधिमैत्री वातावरणको जानकारी दिन सहजीकरण गर्ने<br>- पत्र पत्रिका, चिठी, सूचनापाटी, टिभी, रेडियो, टेलिफोन, मोबाइल फोनलाई सूचना तथा सञ्चारका स्रोतका स्रोतहरूको परिचय दिई प्रयोग गर्न सिकाउने<br>- मातृभाषामा दिन, बार, महिनाको नामसँगै अङ्क र गन्ती हिसाब, सिकाइ गर्न, क्याल्कुलेटर, कम्प्युटरको सामान्य परिचयसहित यसको प्रयोग गरी उदाहरणहरू खोजी र अभ्यास गराउने<br>- सिर्जनात्मक कार्य अभ्यास गर्दै कम्प्युटर तथा मोबाइल फोन प्रयोग गर्दा व्यक्तिगत सुरक्षाका उपायहरू अपनाउन तथा कम्प्युटर सुरक्षाका उपायहरू अवलम्बन गर्न सिकाउने<br>- इन्टरनेटबाट सूचना तथा जानकारीहरू खोज्न सञ्चारका विभिन्न स्रोतहरूको प्रयोग र उदाहरण दिनुका साथै ती स्रोतहरूबाट आवश्यक सूचनाहरू खोजी गर्न लगाउने (युट्युब, एआइ, वेबसाइट)<br>- काठ र माटो कलाबाट निर्मित सामग्रीको परिचय, प्रयोग र बजार अवस्थाबारे छलफल गराउने | सामग्रीहरूको नाम भन, लेख<br>- पुरानो र नयाँ तरिका वा प्रविधिबिच के फरक पाउनु भयो बताऊ।<br>- सञ्चारका साधनहरू केके हुन् ? यसको महत्त्व लेख।<br>- आफ्नो भाषाबाट दिन बार, महिनाको नाम लेखर गन्ती र अङ्क लेख वा बताऊ।<br>- फोन र कम्प्युटरको सुरक्षित प्रयोग भनेको के हो ?<br>- फोन र कम्प्युटरको महत्त्व र आवश्यकताबारे | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सीप<br>- स्थानीय नाप, साधन र सामग्री | | - बागिना साधनको परिचय दिई प्रयोग गर्न सिकाउने/अभ्यास गराउने<br>- ज्यामितीय तथा ठोस वस्तुको आकार, प्रकारको अवधारणा दिई वस्तुको नाम पहिचान गर्ने (गोलो, डल्लो, त्रिभूज, चतुर्भुज, बाङ्गो, सिधा)<br>- स्थानीय नापका साधन स्रोतको बारे बताउने (तौलःतराजु, सेर, धार्नी, माना, पाथी, लम्बाइः हात, बेत, अङ्गुल, क्षेत्रफल र समय) | बताऊ। | |
| ६ | - सिर्जनात्मक सिप, कला र अभ्यास<br>- सूचना प्रविधि, प्रयोग र सिकाइ<br>- परम्परागत सिप, विकास र प्रवर्धन<br>- स्थानीय नापतौल र गणितीय ज्ञान | - वस्तुको आकार, आकृतिहरूको रेखाङ्कन नक्सा, रङ, नमुना वस्तुको निर्माण<br>- अनुभव र कल्पनामा आधारित चित्र निर्माणको अभ्यास<br>- स्थानीय ज्ञान, सीप र कलाको पहिचान, महत्त्व र उपयोगिता<br>- विभिन्न किसिमका सिलाई बुनाइ, रङ्गाइ, बुट्टा निर्माण<br>- स्थानीय कला सिप विकास, संरक्षण र प्रवर्धन<br>- स्थानीय नाप, तौल, आकार प्रकार साधनहरूको परिचय<br>- जीवन उपयोगी सिप र प्रकार | - विभिन्न आकार प्रकारका चित्रहरू<br>- स्थानीय सिप, कलाका वस्तु, सामग्री, चित्र, भिडियो<br>- स्थानीय नापतौलका साधन | - कक्षामा विभिन्न वस्तुको नमुना बनाउन, चित्र कोरेर रङ आकृतिहरूको रेखाङ्कन नक्सा निर्माणको अभ्यास गर्ने गराउने<br>- कागज र माटोबाट नमुना वस्तु निर्माणको अभ्यास गर्ने, गराउने<br>- स्थानीय ज्ञान, सीप र कलाको (सिलाई, बुनाई, रङ्गाई, पहिरन, गहना निर्माण) पहिचान गर्न सिकाउने<br>- समुदायको विभिन्न किसिमका वस्तु निर्माण माटोका भाँडा, काठको फुरू, कृषि सामग्री, घरेलु सामग्रीहरूको परिचय दिने र प्रयोगको बारे बताउने बजार अवस्थाको बारे छलफल गर्ने<br>- व्यक्तिगत रूपमा आफूले अनुभव गरेका कल्पना र अवलोकनमा आधारित उपयुक्त चित्रको निर्माण रङ् भर्ने सिप अभ्यास गर्न/गराउने। जस्तैः काठमा रङ बुट्टा, चित्र र थाङ्का, आदि सिप, कलाको परिचय र महत्त्वबारे बताउने। | - मनपर्ने वस्तु, सामग्रीको चित्र बनाई उपयुक्त रङ भर<br>- तिमीलाई कुन कुन सिपहरू प्रयोग गर्न आउँछ बताऊ।<br>- स्थानीय कलाका सामग्रीहरूको सूची बनाऊ।<br>- स्थानीय नाप तौलका साधनको नाम लेखि प्रयोगबारे बताऊ। | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - सिप र प्रकार (शारीरिक र बौद्धिक कला सिप वा हार्डवेयर र सफ्टवेयर सिप, व्यावहारिक सिप, जीवन निर्वाह सिप, जीवन उपयोगी सिप, भाषिक सिप, समस्या समाधान गर्ने सिप) आदि बारे सिकाउने<br>- स्थानीय सीप र कलाहरूको महत्त्व र उपयोगिताबारे छलफल गरी भन्न लगाउने<br>- स्थानीय नापतौलका साधनहरूको नाम, प्रयोगसम्बन्धी छलफल गर्ने, नमुना अभ्यास गर्ने (तौलः सेर, धार्नी, लम्बाइमा बेत, हात, अङ्गुल, माना, पाथी, खाल) आदिबारे जनकारी र प्रयोग अभ्यास गर्ने | | |
| ७ | - सिर्जनात्मक सिप, कला र अभ्यास<br>- सूचना प्रविधि, प्रयोग र सिकाइ<br>- परम्परागत सिप, विकास<br>- प्रविधिको महत्त्व र प्रयोग | - दैनिक जीवनमा सञ्चारका साधनको महत्त्व र सावधानीपूर्वक प्रयोग<br>- कम्प्युटर तथा मोबाइल फोन प्रयोग व्यक्तिगत सुरक्षाका उपायहरू<br>- सञ्चारका प्रकारहरू (वैयक्तिक सञ्चार, अन्तरवैयक्तिक सञ्चार, आम सञ्चार), को परिचय र सिपको प्रयोग<br>- सङ्ख्या, गणितका आधारभूत नियम | - विभिन्न आकार प्रकारका चित्रहरू<br>- स्थानीय सिप, कलाका वस्तु, सामग्री, चित्र, भिडियो<br>- प्रविधिका सामग्री तथा चित्र (मोबाइल, ल्यापटप) | - कक्षामा विभिन्न वस्तुहरूको नमुना बनाउन, चित्र कोरेर रङ भर्न आकृतिहरूको रेखाङ्कन नक्सा, अनुभव गरेका कल्पना र अवलोकनमा आधारित चित्रहरू निर्माण अभ्यास गर्ने गराउने<br>- कागज र माटोबाट नमुना वस्तु निर्माण र अभ्यास गर्ने<br>- स्थानीय ज्ञान, सीप र कलाको (सिलाई, बुनाई, रङ्गाई, पहिरन, गहना निर्माण) पहिचान गर्न लगाउने<br>- समुदायको विभिन्न किसिमका वस्तु निर्माण माटोका भाँडा, काठको फुरू, कृषि सामग्री, घरेलु सामग्रीको परिचय दिने र प्रयोगको बारे बताउने यसको विश्व बजारसँग स्थापना गर्न विज्ञापन, | - विभिन्न वस्तुको चित्रकला प्रतियोगिता र अभ्यास गर्ने/गराउने<br>- स्थानीय ज्ञान, सीप र कलाको अभ्यास गराउने (बुन्ने, सिलाउने) आदि<br>- स्थानीय वस्तु विक्री हुनेको सूची बनाउने | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्याल्कुलेटर, मोबाइल फोन र कम्प्युटरको प्रयोग<br>- स्थानीय कलामा प्रविधिको प्रयोग र विश्व बजारसँग सम्बन्ध स्थापना<br>- वस्तुको आकार, प्रकारको ज्ञान र प्रयोग | | प्रचारप्रसार गर्नुका साथै यसको आवश्यकता र महत्त्वबारे प्रस्ट पार्ने ।<br>- मोबाइल, ल्यापटपको सही प्रयोग र सामाजिक सञ्जालको प्रयोगबाट स्थानीय सिप, कला र वस्तुहरूलाई प्रवर्धन गर्न सिकाउने जस्तैः (फेसबुक, युट्युब, टिकटक, भाइबर, मेसेन्जर, वाटसअप)<br>- गणितका आधारभूत ज्ञान, सिपको प्रयोगबाट क्याल्कुलेटरको प्रयोग गरेर वा नगरेर गणितीय समस्या हल गर्न सिकाउने<br>- स्थानीय सिप र कलाको विकासबारे छलफल गर्दै यसमा प्रविधिको प्रयोग परिचय, सम्भावना बारे छलफल गर्ने र बताउने<br>- प्रविधिको प्रयोगले स्थानीय वस्तु, सामग्री, सिप, चलन, संस्कृति, प्रकृतिलाई विश्वव्यापीकरण गर्न सिकाउने । (जस्तैः टिकटक, युट्युब, फेसबुक, मेसेन्जर, इन्ट्रग्राम)<br>- कम्प्युटर र मानवबिच समानता र भिन्नताका पक्ष छलफल गर्ने । | - मातृभाषा अङ्कको प्रयोग गरी गणितीय समस्या हल गर्न लगाउने<br>- सञ्जालमा जोड्न र सुरक्षित प्रयोग गर्न सिकाउने<br>- कला विकासमा प्रविधि प्रयोग र सहजीकरण अभ्यास गर्ने | |
| ८ | - सिर्जनात्मक सिप, कला र अभ्यास<br>- सूचना प्रविधि<br>- परम्परागत सिप, | - कल्पना, कथा र अवलोकन आधारित उपयुक्त चित्र निर्माण<br>- स्थानीय हस्तकला सिपलाई प्रविधिमैत्री प्रयोग<br>- दैनिक जीवनमा सञ्चारका साधनको महत्त्व र | - विभिन्न आकार प्रकारका चित्रहरू<br>- स्थानीय सिप, कलाका वस्तु, सामग्री, चित्र, | - कक्षामा विभिन्न वस्तुको नमुना बनाउन, चित्र कोरेर रङ आकृतिहरूको रेखाङ्कन नक्सा, अनुभव गरेका कल्पना र अवलोकनमा आधारित चित्रहरूको निर्माण अभ्यास गर्ने गराउने<br>- सुरक्षित मोबाइल बैङ्किङ सेवा र प्रयोगको अभ्यास गराउने, आवश्यक एप्सहरूको डाउनलोड गरी उचित प्रयोग गर्न सिकाउने । | - स्थानीय ज्ञान, सीप र कलाको अभ्यास गराउने (बुन्ने, सिलाउने) आदि<br>- स्थानीय वस्तु विक्री हुनेको | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विकास<br>- प्रविधिमैत्री सिकाइ र प्रवर्धन | सावधानीपूर्वक प्रयोग<br>- कम्प्युटर तथा मोबाइल फोन प्रयोग गर्दा व्यक्तिगत सुरक्षाका उपायहरू<br>- सञ्चारका प्रकारहरू (वैयक्तिक सञ्चार, अन्तरवैयक्तिक सञ्चार, आम सञ्चार), को परिचय दिन र प्रयोग गर्न,<br>- सङ्ख्या, गणितका आधारभूत नियम क्याल्कुलेटर, मोबाइल फोन र कम्प्युटरको प्रयोग<br>- स्थानीय कलामा प्रविधिको प्रयोग र विश्व बजारसँग सम्बन्ध स्थापना | भिडियो<br>- प्रविधिका सामग्री, चित्र (मोबाइल, ल्यापटप) | - स्थानीय ज्ञान, सीप र कलाहरूको (सिलाई, बुनाइ, रङ्गाइ, पहिरन, गहना निर्माण) पहिचान गर्न सिकाउने<br>- गाउँपालिकाभित्रका विभिन्न किसिमका वस्तुहरू निर्माण माटोका भाँडा, काठको फुरु, कृषि सामग्री, घरेलु सामग्रीको परिचय दिने र प्रयोगको बारे बताउने यसको विश्व बजारसँग स्थापना गर्न विज्ञापन र प्रचारप्रसार गर्ने<br>- मोबाइल, ल्यापटपको सही प्रयोग र सामाजिक सञ्जालको प्रयोगबाट स्थानीय सिप, कला, वस्तुलाई प्रवर्धन गर्न सिकाउने<br>- गणितका आधारभूत ज्ञान, सिपको सिकाई प्रयोगबाट क्याल्कुलेटरको प्रयोग गरेर वा नगरेर गणितीय समस्या हल गर्न सिकाउने<br>- स्थानीय सिप र कलाको विकासबारे छलफल गर्दै यसमा प्रविधिको प्रयोग परिचय, सम्भावनाबारे छलफल गर्ने<br>- गाउँपालिकाभित्रका स्थानीय ज्ञान सिप र कलालाई विश्वव्यापी बनाउन प्रविधिको प्रयोग गर्ने र गर्न सिकाउने, स्थानीय सिप र प्रविधिको मेला, प्रदर्शनी गर्ने<br>- कम्प्युटर र मानवबिच समानता र भिन्नता छुट्याउन सिकाउने<br>- निर्माणतर्फका सिप पहिचान र प्रयोगबारे छलफल गरी सुधारात्मक पक्षमा जोड दिन, प्रविधि प्रयोगको सम्भावना र चुनौती क्षेत्र पहिचान  सुझाव गर्ने। | सूची बनाउने<br>- मातृभाषा अङ्कको प्रयोग गरी गणितीय समस्या हल गर्न लगाउने<br>- सञ्जालमा जोड्न र सुरक्षित प्रयोग गर्न सिकाउने (फेसबुक, टिकटक, भाइबर, मेसेन्जर, वाटसअप)<br>- कला विकासमा प्रविधि प्रयोग र सहजीकरणका अभ्यासहरू गर्ने, गराउने | |

## ६. हाम्रो खेल, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - खेल तथा मनोरञ्जन | - मन पर्ने खेलहरू<br>- नजिकैको मन पर्ने रमाइलो ठाउँहरू<br>- स्थानीय खेल र खेलौनाहरू<br>- मनोरञ्जनात्मक क्रियाकलाप<br>- आधारभूत शारीरिक, चाल र क्रियाकलाप<br>- पिटी खेल, सङ्गीत र ताल मिलाएर हिँड्न र नाच्न | - खेल सामग्रीहरू<br>- खेलका भिडियो र चित्र<br>- खेलको नाम सूची र खेल अभ्यास, नमुना प्रदर्शन | - मन पर्ने खेलको नाम भन्न र खेल्न, सामान्य खेल खेल्ने अभ्यास गराउने<br>- खेलौनाको प्रयोग गरी खेलहरू खेल्न लगाउने<br>- भिडियो देखाएर मनोरञ्जन क्रियाकलापमा सहभागी हुन र अभिनय गर्न लगाउने<br>- आधारभूत शारीरिक क्रियाकलाप गर्न, बाजा, ताल, लय मिलाएर नाच्ने र हिँड्न अभ्यास गर्ने<br>- स्थानीय खेलको अवलोकन गराउने । | - मन पर्ने खेलको नाम भन<br>- भिडियो हेरेर नक्कल गर्न लगाउने ।<br>- पालैपालो लाइनमा हिँड्न लगाउने<br>- शारीरिक हाउभाउ, क्रियाकलापका अभ्यास गराउने | १६ |
| २ | - खेल तथा मनोरञ्जन | - खेलौनाको प्रयोग<br>- आधारभूत शारीरिक क्रियाकलाप र योगको अभ्यास<br>- सङ्गीत र नृत्य, अभिनय र अभ्यास<br>- पशुपन्छीका क्रियाकलापको नक्कल<br>- विद्यालयमा हुने शारीरिक कसरत, कवाज खेल | - खेल सामग्रीहरू<br>- खेलका भिडियो र चित्र<br>- शिक्षकको अभिनय, कला | - खेलौनाको प्रयोग गरी वा नगरी खेलहरू खेल्ने अभ्यास गर्ने / गराउने<br>- आधारभूत शारीरिक चाल र क्रियाकलाप र योगको अभ्यास गर्ने गराउने<br>- गीत सङ्गीतको तालमा शरीर घुमाउन, पाइला चाल्न  र हाउभाउसहित खेल्न/नाच्न लगाउने<br>- स्थानीय बाजा, सङ्गीत, भाकाका गीत, लयमा नृत्य प्रस्तुत गर्न लगाउने (स्याप्रु, बाक्पा) आदि<br>- पशुपन्छीका चाल, क्रियाकलापहरू र आवाजको नक्कल गर्न लगाउने | - सङ्गीत वा म्युजिक लगाएर नाच्न लगाउने<br>- विद्यालय कम्पाउण्डमा हिँड्ने, दौड्ने क्रियाकलाप गराउने<br>- स्थानीय भाकाका गीत, सङ्गीत, | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - खेलसम्बन्धी सिप विकास<br>- स्थानीय भाकामा गीत र नृत्य | | - स्थानीय खेलको अवलोकन गरी अभिनय अभ्यास गराउने । | बाजाअनुसार नृत्य प्रस्तुत गर्न लगाउने<br>- जीव जनावरको नक्कल गर्न लगाउने | |
| ३ | - खेल तथा मनोरञ्जन<br>- रमणीय स्थल | - स्थानीय रमाइलो ठाउँ/स्थानको परिचय र सरसफाइ<br>- स्थानीय लोक भाकामा गायन वाद्यवादन र नृत्यद्वारा सिर्जनशीलताको अभ्यास<br>- शारीरिक खेल, अभिनय र खेलको अभ्यास<br>- कथा र निर्देशनमा आधारित खेल र क्रियाकलापहरू<br>- विद्यालय र गाउँघरका खेलको परिचय र खेलको अभ्यास | - खेल सामग्रीहरू<br>- खेलका भिडियो र चित्र<br>- शिक्षकको अभिनय, कला, प्रदर्शन | - कहिलेकाहीँ खेल्न र घुम्नका लागि नजिकैको मन पर्ने रमाइलो ठाउँहरूको चिनारी गर्ने घुम्न लैजाने, पिकनिक खाने रमाइलो गर्ने<br>- स्थानीय लोकप्रिय, रमाइलो घुम्नलायक ठाउँको परिचय दिने सरसफाइ गर्न लगाउने<br>- स्थानीय लोक भाकामा गायन, वाद्यवादन र नृत्यद्वारा सिर्जनशीलता अभ्यास गर्ने गराउने<br>- हिँड्ने, दौड्ने, नाघ्ने, हप गर्ने र लखेट्ने खेल खेल्न, फ्याँक्ने र उभिने तथा अभिनय कार्य गर्ने<br>- व्यक्ति र समूहमा आधारभूत शारीरिक क्रियाकलापहरू र योगको अभ्यास गर्ने,<br>- कथामा आधारित खेलहरू खेल्न, कथा र निर्देशनमा आधारित क्रियाकलापहरू गर्न लगाउने<br>- विद्यालयमा खेलिने र समुदायमा खेलिने खेलहरूको पहिचान गर्ने, दुवै थरी खेलको अभ्यास गराउने ।<br>- स्थानीय खेलका अभिनय गर्न लगाउने । | - तिमीलाई रमाइलो लाग्ने ठाउँहरूको नाम भन<br>- स्थानीय भाकाका गीत भन्न लगाउने<br>- शारीरिक खेल अभ्यास र प्रतिष्पर्धा गराउने<br>- स्कुलमा र गाउँघरमा खेलिने खेलको नाम र खेल्ने तरिकाको वर्णन गर्न लगाउने<br>- शिक्षक निर्देशनअनुसार खेल क्रियाकलापहरू गर्न लगाउने । | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | - खेल तथा मनोरञ्जन<br>- रमणीय स्थल<br>- पर्यटनको परिचय | - शारीरिक खेल, कसरत, व्यायाम र सिप प्रदर्शन,<br>- विद्यालयमा खेलिने र स्थानीय खेलको पहिचान, भिन्नता र खेल अभ्यास<br>- खेल र यसका नियमहरू<br>- स्थानीय खेलहरूको खोजी खेलहरूको सिप प्रदर्शन<br>- रिले, बल खेल्ने सिपको विकास, अभ्यास र प्रदर्शन<br>- विद्यालय खेल र स्थानीय खेलको महत्त्व र फरक<br>- गाउँघरमा पर्यटकका लागि घुम्नलायक प्राकृतिक ठाउँ र क्षेत्रको पहिचान<br>- धार्मिक, सांस्कृतिक रमाइलो पर्व, मेलामा हुने स्थानीय नाचगानका खेलहरू<br>- पर्यटकका लागि सेवा सुविधा, व्यवस्था | - खेल सामग्रीहरू<br>- खेलका भिडियो र चित्र<br>- शिक्षकको अभिनय, कला<br>- रमाइलो स्थानहरूको सूची (प्राकृतिक, धार्मिक र सांस्कृतिक) र दृश्य सामग्री<br>- प्रत्यक्ष अवलोकन, भ्रमण | - स्थानीय खेलहरूको नाम बताउन र सामान्य (कङ्चिक, डोरी तान्ने, लऔलाक्ची, हुप्लेसिङ, क्यार्दो दोक्चे, डुमे, ग्युग्स्यो, छ्योलो, स्यो, तासे, हिप्ट्रे, टुगदोक ङ्यासिङ, गोङ, छ्यार) बाघचाल नियमअनुसार खेल्ने अभ्यास गराउने, विद्यालयको खेलसँग सम्बन्ध जोड्ने।<br>- विद्यालयमा हुने शारीरिक कसरत, व्यायाम, खेलसम्बन्धी सिप प्रदर्शन गर्न लगाउने<br>- विद्यालयमा र स्थानीय खेलको परिचय र भिन्नता (विद्यालयमा खेलिने खेल स्वास्थ्य र शारीरिक विकाससँग सम्बन्धित हुन्छन् भने गाउँघरको खेल प्रायः रमाइलो र मनोरञ्जन दिने खालका हुन्छन्। विशेष अवसरमा खेल प्रदर्शन र रमाइलो गर्छन् भने विद्यालयमा नियमित सिकाइ र अभ्यास गरिन्छ।<br>- शारीरिक र बौद्धिक विकासका खेलहरू छुट्याउने र खेल्ने अभ्यास गर्ने र गराउने<br>- खेल विशेष खेलका नियमअनुसार प्रदर्शन गर्ने अभ्यास गराउने<br>- चाडबाडको समयमा स्थानीय खेलहरूको अवलोकन गर्ने र स्थानीय खेलहरूको सिप प्रदर्शनको अभ्यास गर्ने गराउने<br>- शारीरिक विकासअन्तर्गत मार्चपास, रिले खेल, दौड, बल खेलको अभ्यास र प्रदर्शन गर्न लगाउने<br>- विद्यालयका खेल र स्थानीय खेलको महत्त्व र फरक बताउन, खेल्ने अभ्यास र क्रियाकलापहरू गर्न लगाउने | - कुनै ५ वटा स्थानीय खेलको नाम बताऊ/लेख<br>- खेल कति प्रकारका हुन्छन् ?<br>- सबैभन्दा बढी मन पर्ने खेल कुन हो ? त्यो कसरी खेलिन्छ बताऊ<br>- खेलका फाइदाहरू केके हुन् ? भन<br>- बौद्धिक विकासको खेलअन्तर्गत कुनकुन पर्दछन् भन।<br>- रमाइलोका लागि घुम्ने र पिकनिक स्थल कहाँ कहाँ छन् नाम बताऊ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - गाउँघरमा पर्यटकका लागि घुम्नलायक प्राकृतिक ठाउँ र क्षेत्रहरूको पहिचान गरी बताउने<br>- धार्मिक, सांस्कृतिक रमाइलो पर्व, मेला र स्थानीय नाचगान खेलको अवलोकन गर्न लगाउने र भन्न र लेख्न लगाउने<br>- पर्यटकका लागि खाने, बस्ने होटेल, होमस्टे, सेवा सुविधामा छलफल र जानकारी दिने | | |
| ५ | - खेल तथा मनोरञ्जन<br>- रमणीय स्थल<br>- पर्यटन विकास | - स्थानीय लोकप्रिय, ऐतिहासिक, धार्मिक, रमाइलो ठाउँहरूको परिचय, महत्त्व र संरक्षण<br>- विभिन्न खेलहरू खेल्ने अभिनय अभ्यास र मनोरञ्जन<br>- स्थानीय परिवेशमा खेलिने खेलहरू त्यसका नियम र अभ्यास<br>- रिले तथा शारीरिक विकासका खेलहरूको अभ्यास<br>- वडाभित्रका पर्यटकका लागि घुम्नलायक प्राकृतिक ठाउँ र क्षेत्रको पहिचान<br>- प्राकृतिक धार्मिक, सांस्कृतिक रमाइलो पर्व, मेला र स्थानीय नाचगान<br>- पर्यटकका लागि सेवा सुविधा | - खेल सामग्रीहरू<br>- खेलका भिडियो र चित्र<br>- शिक्षकको अभिनय, कला र अभ्यास<br>- रमाइलो स्थानहरूको सूची (प्राकृतिक, धार्मिक र सांस्कृतिक) | - स्थानीय खेलहरूको नाम बताउन र सामान्य (कङ्चिक, लऔलाक्वी, हुप्लेसिङ, क्यार्दो दोक्चे, डुमे, ग्युस्यो, छ्योलो, स्यो, तासे, हिप्ट्रे, टुगदोक ङ्यासिङ, गोङ, छ्यार) नियमअनुसार खेल्ने अभ्यास गराउने<br>- सांस्कृतिक मनोरञ्जनका खेलहरूमा स्याप्रु, स्योन, क्हार, बाग, ज्याइ, आदिको परिचय दिने, अवलोकन गरी बताउन लगाउने, विद्यालयका खेलसँग सम्बन्ध जोड्ने र खेल्ने<br>- विद्यालयमा र स्थानीय खेलको परिचय र भिन्नता (विद्यालयमा खेलिने खेल स्वास्थ्य र शारीरिक विकाससँग सम्बन्धित हुन्छन् भने गाउँघरको खेल रमाइलो र मनोरञ्जन दिने खालका) हुन्छन् भनी फरक बताउने, यो विशेष अवसरमा प्रस्तुत गरिन्छ।<br>- शारीरिक र बौद्धिक विकासका खेलहरू छुट्याउने र खेल्ने अभ्यास गर्ने, त्यसअन्तर्गत पर्ने खेलहरूको परिचय, नाम र खेल्ने तरिकाको बारे बताउने र खेलाउने | - कुन चाडपर्वमा कुन खेल वा मनोरञ्जन गरिन्छ।<br>- सांस्कृतिक खेलअन्तर्गत कुनकुन खेल पर्दछन् ?<br>- बाजाको तालमा नाच्ने रमाइलो खेलहरू कुनकुन हुन् ?<br>- यहाँको प्रख्यात वा धेरै रमाइलो खेल कुन हो ?<br>- पर्यटक घुम्ने प्रसिद्ध ठाउँ कुन हो ? त्यहाँ केके | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | र व्यवस्था<br>- प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र विकास | | - खेल विशेष, खेलका नियमअनुसार प्रदर्शन गर्ने अभ्यास गराउने, गर्न लगाउने<br>- चाडबाडको समयमा स्थानीय खेलहरूको अवलोकन गर्ने र स्थानीय खेलहरूको सिप प्रदर्शनको अभ्यास गर्ने / गराउने<br>- शारीरिक र खेलकुद विकासअन्तर्गत मार्चपास, दौड, रिले खेल, बल खेल्ने अभ्यास गर्न र प्रदर्शन गर्न लगाउने<br>- विद्यालयका खेल र स्थानीय खेलहरूको महत्त्व र फरक बताउन, खेल्न अभ्यास र क्रियाकालपहरू गराउने<br>- गाउँघरमा पर्यटकका लागि घुम्नलायक प्राकृतिक ठाउँ र क्षेत्रहरूको पहिचान गरी नाम बताउने त्यसको संरक्षण गर्न सहभागिता र योगदान जोड्न अभिप्रेरित गराउने<br>- धार्मिक, सांस्कृतिक रमाइलो पर्व, मेला र स्थानीय नाचगान खेलको अवलोकन गर्न लगाउने र भन्न र लेख्न लगाउने, पर्वमेलाको तिथिमितिसमेत सम्झिन लगाउने, समय तालिका बनाउन लगाउने<br>- पर्यटकका लागि खाने, बस्ने होटेल, होमस्टे, सेवा सुविधाको जानकारी दिन वा आधारभूत सेवा सुविधाको बारे उल्लेख गर्ने<br>- पर्यटकका लागि समुदायमा सांस्कृतिक सिकाइ, कला, अध्ययन संरक्षणसम्बन्धी सिकाइ केन्द्र र सङ्ग्रहालयको महत्त्व र आवश्यकता औँल्याउने। | पाइन्छन् ? बताऊ<br>- तिम्रो गाउँमा पर्यटकका लागि केके सेवा सुविधा पाइन्छ ? भन। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | - खेल तथा मनोरञ्जन<br>- सम्पदाको पहिचान<br>- पर्यटन, व्यवसाय, विकास र प्रवर्धन | - गाउँपालिकाभित्रका स्थानीय सांस्कृतिक खेल र मनोरञ्जन<br>- विद्यालयको अतिरिक्त क्रियाकलापमा स्थानीय संस्कृति र खेलको सम्बन्ध स्थापना<br>- गाउँपालिकाभित्रका पर्यटकीय स्थलहरूको पहिचान<br>- पालिकाभित्रका स्थानीय परम्परागत, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पवित्रस्थल र सम्पदाको पहिचान<br>- गाउँपालिकाभित्रका सांस्कृतिक मेला, पर्व, पार्टी, उद्घाटन, शुभकार्य, दिन वारमा मनाउने उत्सवका रमाइलो कार्य, सम्पन्न गर्ने प्रक्रिया (वेशभूषा, गरगहना, गीत, सङ्गीत, नृत्य)<br>- नाम्खालाई पर्यटन क्षेत्रको रूपमा परिचित गर्न (पदमार्ग, ताल, हिमाल, भन्ज्याङ, कैलाश मानसरोवर दर्शन, गुम्बा दर्शन, सांस्कृतिक | - स्थानीय सांस्कृतिक र कलाका सामग्री, चित्र र भिडियो<br>- प्रसिद्ध स्थानको सूची, भिडियो<br>- पर्यटन विकासका पूर्वाधारको सूची<br>- रमाइलो ठाउँहरूको दृश्य सामग्री | - गाउँपालिकाभित्रका स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य, गीत, वाद्यवादनका खेलहरूको छलफल गरी सूची तयार गर्न लगाउने<br>- बाल क्लबले विद्यालयमा अतिरिक्त क्रियाकलाप र सामान्य गतिविधिसँग स्थानीय सांस्कृतिक खेल जोड्ने र परिचित गराउने<br>- गाउँपालिकाभित्रका पर्यटकहरू घुम्न, हेर्न र बस्नलायक रमाइलो ठाउँको विशेषताको वर्णन र पहिचान गर्न लगाउने<br>- गाउँपालिकाभित्रका रमाइलो ठाउँ पिकनिक, स्थल, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको नाम र विशेषता वर्णन गर्न लगाउने, अवलोकन भ्रमणमा जाने, प्रतिवेदन तयार गरी प्रस्तुत गर्न लगाउने ।<br>- गाउँपालिकाभित्रका स्थानीय परम्परागत, ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पवित्रस्थलको पहिचान गरी वर्णन गरी अभिलेख राख्ने ।<br>- हिमाल आरोहण गर्न सम्भावित हिमाल सैपाल, छुङ्सा, तील र रमाइलो स्थानको पहिचान र प्रवर्धन गर्न छलफल गर्ने<br>- सांस्कृतिक मेला, पर्व, पार्टी, उद्घाटन, शुभकार्य, दिन वारमा मनाउने उत्सवका रमाइलो कार्यका नाम सम्पन्न गर्ने प्रक्रियाबारे छलफल गरी वर्णन गर्ने लगाउने, क्यालेन्डर (लोथो) अनुसार तिथि मितिबारे जानकारी राख्ने ।<br>- पर्यटनको पूर्वाधार विकास (बाटो, आवास, | - स्थानीय बागिनाको बारे छोटकरीमा वर्णन गर<br>- स्थानीय खेललाई विद्यालयमा खेल्न सकिन्छ ? यसबारे आफ्नो विचार प्रस्तुत गर<br>- गाउँपालिकाभित्र पर्यटकलाई आकर्षण गर्ने केके कुराहरू छन् ? सूची बनाऊ<br>- ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पवित्रस्थलको बारे छोटो वर्णन गर<br>- पर्यटन विकासले आयस्रोत वृद्धि गर्न सकिन्छ भनाइलाई स्पष्ट | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मनोरञ्जन प्रदान)<br>- पर्यटनको पूर्वाधार विकास<br>- पर्यटन व्यवसाय र प्रवर्धन | | खानपिन, रमाइलो गन्तव्य, धार्मिक, सांस्कृतिक मनोरञ्जन, सेवा सुविधा) खोजी र छलफल गर्ने ।<br>- नाम्खा गापाभित्र पर्यटन विकासका लागि आवश्यक गन्तव्य र सुविधाको व्यवस्था गर्न कसले के गर्न सकिन्छ भन्ने कुरा व्यवसायहरूको बारे छलफल गरी सूची तयार पार्ने ।<br>- पर्यटनलाई व्यवसायको रूपमा लिइ आयस्रोत र रोजगारमुखी विकास गर्न केके गर्नुपर्छ यसबारे छलफल र बहस चलाउने  यसबाट हुने फाइदा, आम्दानी बारे छलफल गर्ने र नोट गर्ने, सञ्चालनमा परामर्श दिने | पार | |
| ७ | - खेल तथा मनोरञ्जन<br>- सम्पदाको पहिचान र संरक्षण<br>- पर्यटन विकास र प्रवर्धन | - स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य, गीत, वाद्यवादनका खेल विस्तृतीकरण<br>- चाडबाड विशेष अवसरमा गरिने खेल र मनोरञ्जन र अभिनय<br>- रमाइलो ठाउँमा पिकनिक, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको पहिचान, विशेषता र महत्त्व<br>- पर्यटन विकासका पूर्वाधार<br>- पर्यटकीय स्थलहरूको संरक्षण | - स्थानीय सांस्कृतिक र कलाका सामग्री, चित्र र भिडियो<br>- प्रसिद्ध स्थानको सूची, भिडियो<br>- पर्यटन विकासका पूर्वाधारको सूची, भिडियो, फोटो | - स्थानीय स्रोतव्यक्तिबाट स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य वा नाचगान, गीत र गीति प्रकार, वाद्यवादनका खेलहरूको सूची तयार गरी छलफल गर्ने र नोट बनाउने, (गीतिनाचः स्याप्रु, ज्याइ, स्योन र बाजा नाचः स्योन, बाग्पा, क्हार) (गायन र गीतः टसी, छ्याँलु, क्हारलु, स्येरसुम, ताले, गा-प्हालेन लु, ज्याइ, स्योन, स्हार्मा लु, नाइलु, खुँलु, ज्युँलु), बसेर गाउने गीत, उभेर गाउने वा नाच्ने गीतको अभिनय र प्रदर्शन गर्ने<br>- गाउँपालिकाभित्रका सामाजिक, धार्मिक र सांस्कृतिक चाडपर्वको समयमा कुन खालका खेल र मनोरञ्जन गर्ने चलन छ त्यसको बारे एकएक गरी विस्तृत छलफल गरी बुँदा टिपोट गरी बताउन र अभिनय अभ्याससमेत गराउने | - नाच कति प्रकारका हुन्छन, क्हार स्योनको बारे वर्णन गर<br>- गाउने गीतहरू कति प्रकारका छन्, लेख<br>- टसी लु कुन अवसरमा गाउँछन् ?<br>- सामाजिक खेलको सूची बनाई कुनै एकको वर्णन गर | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - गाउँपालिकाभित्रका रमाइलो ठाउँमा पिकनिक, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको पहिचान र विशेषता वर्णन गरी ती ठाउँहरूको संरक्षण र विकास गर्नुपर्ने आवश्यकताको बारे छलफल र बहस गर्ने ।<br>- पर्यटकहरू घुम्न, हेर्न र बस्नलायक रमाइलो ठाउँहरू प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक विशेषता र महत्त्वको विषयमा छलफल गरी वर्णन गर्ने ।<br>- गाउँपालिकाभित्रका पर्यटकका लागि रमणीय स्थल त्यसको संरक्षण, सरसफाइ, सेवा सुविधाको व्यवस्थापन, सुधार सम्बन्धमा छलफल गरी पहल गर्ने (खानेपानी, शौचालय, ढल, फोहोरमैला विसर्जन)<br>- पर्यटकीय क्षेत्रको रूपमा कैलाश, मानसरोवर, टेतापुरी, लिमी लाप्चा आदि क्षेत्रको परिचय, ऐतिहासिक र धार्मिक महत्त्वहरू बताउने आदि ।<br>- नाम्खा पर्यटन विकासका आवश्यक पूर्वाधार पथमार्ग, आवास, खानपिन, यतायात, जनशक्तिको व्यवस्था र आवश्यकताबारे वर्णन गरी महत्त्व बताउने<br>- पर्यटन आकर्षण गर्न पूर्वाधारको विकाससँगै पर्यटन व्यवसाय र प्रचार प्रसारमा स्थानीय सरकारको ध्यान दिने सम्बन्धमा सम्भावित विषयमा छलफल गर्ने | - तिम्रो गाउँमा पर्यटकलाई आकर्षण गर्ने के कस्ता गन्तव्य वा ठाउँहरू छन्, लेख<br>- पर्यटन विकासका लागि केके कुरामा सुधार गर्नु छ, आफ्नो राय लेख । | |
| ८ | - खेल तथा मनोरञ्जन<br>- सम्पदाको पहिचान, | - स्थानीय सांस्कृतिक कला र मनोरञ्जन<br>- स्थानीय खेल, कला, संस्कृतिमा बाल प्रतिभा | - स्थानीय सांस्कृतिक र कलाका सामग्री, चित्र र | - स्थानीय स्रोतव्यक्तिबाट स्थानीय मेला, पर्वमा रमाइलो गरी खेल्ने खेलहरू, नृत्य वा नाचगान, गीत र गीति प्रकार, वाद्यवादनका खेलहरूको सूची तयार गरी छलफल गर्ने र नोट बनाउने, जस्तैः (गीतिनाचः | - स्थानीय प्रचलित नाचहरू केके हुन् ?<br>- सांस्कृतिक उत्सब | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संरक्षण र विकास<br>- पर्यटन विकास र प्रवर्धन | पहिचान र प्रवर्धन<br>- पर्यटकीय स्थलहरू (सांस्कृतिक, धार्मिक र ऐतिहासिक)<br>- शैक्षिक भ्रमण र अवलोकन स्थान<br>- पर्यटन विकासका आवश्यक पूर्वाधारको विकास<br>- स्थानीय मेला, पर्वका खेल, नृत्य, गीत र वाद्यवादनको संरक्षण, विकास र प्रवर्धन<br>- पर्यटकका लागि आकर्षक र गन्तव्यहरू<br>- पर्यटन व्यवसाय प्रवर्धन | भिडियो<br>- प्रसिद्ध स्थानको सूची, भिडियो<br>- पर्यटन विकासका पूर्वाधारको सूची, भिडियो, फोटो | स्याप्रु, ज्याइ, स्योन र बाजा नाचः स्योन, बाग्पा, क्हार) (गीतः टसी, छ्याँलु, क्हारलु, ताले, गा-प्हालेन लु, ज्याइ, स्योन, स्हार्मा लु, खुउँलु, ज्युँलु, नाइलु) संस्कृति प्रदर्शन विद्यालय, समुदाय र गाउँपालिकाले आयोजना र सञ्चालन गर्ने<br>- सांस्कृतिक कला, मनोरञ्जनका लागि उत्सव र महोत्सव सञ्चालन यसको परिचय र महत्त्वबारे छलफल गर्ने (उत्सव र महोत्सवको फाइदा संस्कृति जगेर्ना, मनोरञ्जन, प्रवर्धन)<br>- गाउँपालिकाभित्रका सामाजिक, धार्मिक र सांस्कृतिक चाडबाडको समयमा कुन खालका खेल र मनोरञ्जन गर्ने चलन छ त्यसको बारे एकएक गरी विस्तृत छलफल गरी बुँदा टिपोट गरी बताउन र अभिनय अभ्यास गराउने (ऐतिहासिक, पुरातात्त्विक, महत्त्वका क्षेत्र पहिचान र संरक्षण)<br>- गाउँपालिकाभित्रका रमाइलो ठाउँमा पिकनिक, शैक्षिक भ्रमण गर्ने ठाउँहरूको पहिचान र विशेषता वर्णन गरी ती ठाउँको संरक्षण र विकास गर्नुपर्ने आवश्यकताको बारे छलफल र बहस गर्ने ।<br>- गाउँपालिकाभित्रका पर्यटकहरू घुम्न, हेर्न र बस्नलायक रमाइलो ठाउँको ऐतिहासिक विशेषता र महत्त्वको विषयमा छलफल गरी वर्णन गर्ने । हिमाल आरोहणको सम्भावना हेर्ने ।<br>- पर्यटकका लागि रमणीय स्थल त्यसको संरक्षण, सरसफाइ, सेवा सुविधाको व्यवस्थापन, सुधार | भनेको के हो ? यसको के फाइदा छन् ? बताऊ<br>- पर्यटक आकर्षण भनेको के हो ? हामीले पर्यटकलाई कसरी आकर्षण गर्न सक्छौ<br>- पर्यटन विकासको आवश्यक पूर्वाधार केके हुन् ? लेख<br>- खेल र मनोरञ्जन बिच के सम्बन्ध रहेको हुन्छ ? बताऊ<br>- रमाइलो ठाउँ वा स्थानले के गर्नमा सहयोग पुऱ्याउँछ ? भन ।<br>- प्रवर्धन भनेको के हो ? पर्यटन प्रवर्धन गर्न केके गर्नुपर्छ ? आफ्नो | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सम्बन्धमा छलफल गरी प्रवर्धनका लागि पहल गर्ने (पानी, शौचालय, ढल, फोहोरमैला व्यवस्थापन) (क्याम्पिङ र डम्पिङ साइट निर्माण)<br>- नाम्खा पर्यटन विकासका आवश्यक पूर्वाधार पथमार्ग, आवास, खानपिन, यतायात, जनशक्तिको व्यवस्था र आवश्यकताबारे वर्णन गरी महत्त्व बताउने (स्थानीय उत्पादनसँग जोड्ने)<br>- पर्यटन आकर्षण गर्न पूर्वाधारको विकाससँगै प्रचार प्रसारमा पर्यटन व्यवसायी, स्थानीय सरकारको ध्यान दिने सम्बन्धमा सम्भावित विषयमा छलफल गर्ने र गन्तव्यतिर आकर्षण गराउँदै लैजाने।<br>- गाउँपालिकाभित्र पर्यटन विकासका सम्भावनाहरूको योजना निर्माण र सञ्चालनका लागि स्थानीय सरकारलाई सुझाव गर्ने। | विचार देऊ। | |

## ७. हाम्रो सामाजिक संस्था, विकास र सेवा प्रवाह

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - समूह, समिति, सङ्घ-संस्था र कार्य | - समूह र सङ्घसंस्थाको परिचय<br>- समूह र सङ्घसंस्थाको कार्य<br>- निजी र सार्वजनिक | - घरपरिवारको चित्र<br>- समूहको चित्र र नाम<br>- विकासे कामका चित्र वा काम | - समूह र सङ्घसंस्थाको अर्थ ( दुई वा दुईभन्दा वढी व्यक्ति वा मानिसको साझा उद्देश्य वा निश्चित काम गर्न बनेको सहयोगी सदस्यहरूको समूहलाई समूह वा सङ्घ-संस्था भनिन्छ। समूह छोटो समयका लगि हुन्छन् भने सङ्घसंस्था लामो समयका लागि र लिखित विधि विधान पनि हुन्छ जस्तैःलाइवा, ङ्येर्वा, आमा समूह र बाल क्लब | - तिम्रो घरपरिवारमा कति जना सदस्यहरू छन् ?<br>- घर परिवारले के काम गर्छ ? | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | संस्थाबिच सम्बन्ध | गरेको दृश्य | घरपरिवार आदि, समुदायको पुराना संस्थाहरू हुन । (एक वचन र बहुवचनको उदाहरण दिएर प्रस्ट पार्ने ।<br>- समूह र सङ्घसंस्थाको कार्य (उद्देश्य वा निश्चित तोकिएका काम समयमा सम्पन्न गर्नु समूह वा सङ्घसंस्थाको काम भनेर बुझिन्छ । जस्तैः लाइवाले समुदायको बैठक बोलाउनु, ङ्येर्वाले पूजापाठको आवश्यक सामग्रीहरूको बन्दोबस्ती गर्नु, बाल क्लबले बच्चाहरू पढाइ र सिकाइका लागि क्रियाकलाप सञ्चालन, बैठक गर्नु आदि<br>- आमा समूहले सरसफाइ कार्यक्रम र अभियान सञ्चालन गर्नु, सामाजिक विकृतिलाई कम गराउनु आदि | - कक्षा १, को समूहमा कति जना सदस्य/साथीहरू छन् गनेर भन । | |
| २ | - समूह, समिति, सङ्घ-संस्था र कार्य | - समूह र सङ्घसंस्थाको परिचय<br>- समूह र सङ्घसंस्थाको कार्य (आफ्नो घर, विद्यालय, गुम्बा, घट्ट, बाटो, पानीको धारा) निजी र सार्वजनिक फरक छुट्याउन यसका कार्य बताउन | - घरपरिवार चित्र<br>- समूहको चित्र र नाम<br>- विकासे कामका चित्र वा काम गरेको दृश्य | - समूह र सङ्घसंस्थाको अर्थ (दुई वा दुईभन्दा वढी व्यक्ति वा मानिसको साझा उद्देश्य वा निश्चित काम गर्न बनेको सहयोगी सदस्यहरूको समूहलाई समूह वा सङ्घ-संस्था भनिन्छ । समूह छोटो समयका लागि हुन्छन् भने सङ्घसंस्था लामो समयका लागि र लिखित विधि विधान पनि हुन्छ जस्तैः लाइवा, ङ्येर्वा, आमा समूह र बाल क्लब घरपरिवार आदि परम्परागत र स्थायी समूह हो ।<br>- समूह र सङ्घसंस्थाको कार्य (उद्देश्य वा निश्चित तोकिएका काम समयमा सम्पन्न गर्नु समूह वा सङ्घसंस्थाको काम भनेर बुझिन्छ । जस्तैः लाइवाले समुदायको बैठक बोलाउनु, ङ्येर्वाले समाज र गुम्बाको पूजापाठको आवश्यक सामग्रीको बन्दोबस्ती गर्नु, बाल क्लबले बच्चाहरू पढाइ र सिकाइका लागि क्रियाकलाप सञ्चालन, बैठक आदि गर्नु, | - कक्षा २ मा कति जना साथीहरू कति छन्, गनेर भन (केटा र केटी)<br>- बाल क्लबमा कति सदस्य साथीहरू छन् ?<br>- घरपरिवारका काम केके हुन् ? भन । | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | - आमा समूहले सरसफाइ कार्यक्रम र अभियान सञ्चालन गर्नु आदि | | |
| ३ | - सामाजिक सङ्घ-संस्था र कार्य<br>- सामाजिक समस्या | - सामाजिक सङ्घसंस्थाको पहिचान<br>- समूह र संस्थाबाट प्रदान गरिने सेवा, सुविधा<br>- गाउँमा रहेका समूह र समितिको नाम, उद्देश्य र कार्य<br>- सङ्घ संस्थाको प्रकार र प्रकृति<br>- गाउँका समस्याहरू | - समूहको चित्र र नाम<br>- कामका चित्र वा विभिन्न काम गरेको दृश्य | - परम्परागत र वर्तमान सामाजिक सङ्घसंस्थाहरू (लाइवा, डेर्वा, विद्यालय, स्वास्थ्य केन्द्र, गुम्बा, मन्दिर, घट्ट, वडा कार्यालय, विद्युत, निर्माण उपभोक्ता समिति, आमा समूह, युवा, बाल क्लब) पहिचान गरी छलफल गर्ने र यसबारे भन्न लगाउने<br>- समूह र संस्थाबाट प्रदान गरिने काम र सेवाको बारेमा सामान्य परिचय दिई छलफल गराउने (बाटो, खानेपानी, पुल, विद्युत, सिचाई, भवन), निर्माण र सेवा सुविधा आदि<br>- गाउँमा रहेका क्लब, समूह र समितिहरूको नाम, उद्देश्य र कामहरू केके गर्छन् भनी एकएक गरी भन्न लगाउने<br>- विषयगत समूहहरू (स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, वन बाणिज्य, वित्तीय) आदि कामअनुसार संस्थाको वर्गीकरण वा छुट्याउन सकिने उदाहरणसहित स्पष्ट पार्ने ।<br>- सङ्घ संस्थाको प्रकार निजी, सरकारी, गैरसरकारी सामाजिक सङ्घ संस्थाहरू बारे बताउने<br>- समाजका समस्याहरूको बारे छलफल गरी समस्याहरूको टिपोट गर्ने । (गरिबी, असमानता, झैझगडा, अधिक मदिरा सेवन, फजुल खर्च, जुवातास, लैंगिक, अपाङ्ग भेदभाव) | - गाउँमा भएका सामाजिक समूह वा संस्थाको नाम भन ।<br>- विषयगत समूह भनेको के हो ? कुनै दुईवटा फरक छुट्याऊ ।<br>- खानेपानी उपभोक्ता समितिको काम के हो ? भन ।<br>- तिमीले समाजमा देखिएका समस्याबारे बताऊ । | २० |
| ४ | - सामाजिक सङ्घ-संस्था<br>- सामाजिक समस्या<br>- सामाजिक | - गाउँ समुदायमा रहेका समूह, समिति, क्लब र राजनीतिक दल, सार्वजनिक सङ्घ-संस्थाको परिचय | - समुदायमा रहेका सङ्घसंस्थाको सूची<br>- कार्य विवरणको सूची | - गाउँ समुदाय र विद्यालयमा रहेका समूह, समिति, क्लब र राजनीतिक दल, मानव अधिकार, रेडक्रस, सार्वजनिक सङ्घ-संस्था, उपभोक्ता समितिको परिचय, पहिचान गरी छलफलबाट स्पष्ट जानकारी बोध गर्ने / गराउने<br>- समुदायमा सञ्चालन हुने विकास कार्यक्रमहरू विषयगत | - सामाजिक समस्या भनेको के हो ? तिम्रो गाउँमा केकस्ता समस्याहरू छन् | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विकास र सेवा | - समुदायमा सञ्चालन हुने सामुदायिक विकास कार्यक्रमहरूको पहिचान<br>- समूह वा संस्थाबाट हुने सहयोग कार्यक्रमको आवश्यकता र महत्त्व<br>- सामाजिक समस्याहरूको कारण यसका पहिचान, सुधार तथा समाधानका उपायहरू<br>- सामाजिक विविधता र यसका सम्मान<br>- धार्मिक तथा परोपकारी संस्था | - कामका चित्र वा विभिन्न काम गरेको दृश्य | समूह वा संस्था पहिचान गरी सञ्चालन सम्पादन हुने काम (सेवा सुविधाहरू) को बारे उदाहरणसहित स्पष्ट पार्ने<br>- स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न सिकाउने, धार्मिक तथा परोपकारी संस्थाका काम र सेवाबारे बताउने<br>- आपसी सहयोगको आवश्यकता पूर्तिका लागि र सहयोग आदानप्रदान तिनीहरूको महत्त्व बताउन लगाउनुहोस्<br>- आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न के कस्तो भूमिका रहन्छ छलफल गर्न लगाउने<br>- सामाजिक समस्याहरूको पहिचान गर्न, यसका कारण खोजी गरी न्यूनीकरण वा समाधानका उपायहरूमा छलफल गरी उपाय बताउने (बहुविवाह, बालविवाह, न्येलु प्रथा, बोक्सी, आर्थिक अनियमिता, सार्वजनिक सम्पत्तिको दुरपयोग, हिंसा, अशान्ति, झैझगडा) आदि<br>- आफ्नो समुदायमा भएका धर्म, जाति, भाषा, वर्ग, लिङ्ग, उमेरअनुसार, अपाङ्गप्रति हेर्ने बुझ्ने दृष्टिकोण र व्यवहारबारे छलफल गरी व्यक्तिहरूसँग समान व्यवहार गर्नुपर्ने आवश्यकबारे प्रस्ट पार्ने, समाज विविधताले बनेको सन्देश दिने वा विविधतामा एकता भावना जगाउने<br>- निजी, सरकारी, गैर-सरकारी सामाजिक सङ्घ संस्थाहरूको परिचय, फरक र समानता पक्ष (उद्देश्य, प्रकृति, संरचना, अवधि, कार्यक्षेत्र, सेवा र सहयोग) | बताऊ<br>- समुदायमा भएका सार्वजनिक संस्थाहरूको नाम सूची बनाऊ र यसले गरेका राम्रा कामहरू लेख<br>- लिङ्ग भनेको के हो ? फरक लिङ्गको आधारमा गरिने फरक व्यवहारबारे बताऊ<br>- समाज विकासमा असल व्यक्तिको खाँचो किन पर्दछ आफ्नो विचार लेख । | |
| ५ | - सामाजिक सङ्घ-संस्था<br>- सामाजिक | - असल समाजको परिचय, निर्माणका आधारहरू (धर्म, | - समुदायमा रहेका सङ्घसंस्थाको सूची | - समुदायमा सामाजिक सम्बन्धको आवश्यकता बताउन र असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरू अवलम्बन गर्न सिकाउने | - सामाजिक सम्बन्ध भनेको के हो ? | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समस्या<br>- सामाजिक विकास र सेवा | संस्कृति, कानुन, भाषा, आर्थिक र सामाजिक एकता) बुझ्न र आपसमा सहयोग गर्न<br>- समुदायमा सञ्चालन हुने विकास कार्यक्रमको सामुदायिक कार्यहरू पहिचान<br>- नागरिकको सेवा प्रदायक र सेवा ग्राह्य निकायबिच आदान प्रदान हुने सेवाको पहिचान र उपयोग<br>- स्थानीय सार्वजनिक सम्पदाहरूको पहिचान, उपयोग, संरक्षण | - कार्य विवरणको सूची<br>- कामका चित्र वा विभिन्न काम गरेको दृश्य<br>- नमुना कार्य | - आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न सचेत गराउने<br>- असल व्यक्तिबाट असल तथा नमुना समाजको निर्माण हुने परिचय र जानकारी दिई असल व्यवहारको खाँचोबारे छलफल गर्ने त्यसबाट प्रेरणा लिने कुरामा सचेत गराउने<br>- आफ्नो समुदायमा सञ्चालित विभिन्न किसिमका सामुदायिक साझा कार्यहरूमा सहयोग गर्न र सहभागी हुन र कमजोर पक्षको पहिचान र सुधारका लागि खबरदारी गर्न अभिप्रेरित गर्ने<br>- निजी, सरकारी, गैर-सरकारी सामाजिक सङ्घ संस्थाहरूको परिचय, फरक र समानता पक्ष (उद्देश्य, प्रकृति, संरचना, अवधि, कार्यक्षेत्र)<br>- परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना गर्न र हानि गर्ने प्रथाको सुधारलाई ध्यान दिने (जस्तै वली र बोक्सी प्रथा)<br>- सामाजिक समस्या समाधानमा स्थानीय टोल समुदाय स्तरमा भएका सङ्घसंस्थाहरूको योगदान बताउने, लेख्ने<br>- स्थानीय क्षेत्रका सार्वजनिक स्थान र सम्पदाहरूको पहिचान गरी तिनीहरूको उपयोग र संरक्षणमा सहभागी हुन, वातावरण कायम गर्ने कार्यमा सहयोग गर्न सचेत गराउने<br>- स्थानीय स्तरको विकास निर्माण समूह, समिति, सङ्घ-संस्थाको पहिचान गरी विकास निर्माणबारे छलफल गर्ने।<br>- स्थानीय स्तरका सार्वजनिक सङ्घ संस्थाहरूले दिने सेवा सुविधा केके हुन् विषयगत रूपमा छलफल गरी त्यसको गुणस्तर र मागअनुसार भए नभए छलफल गरी उपयोग गर्न | - अधिकार र कर्तव्यबिच के सम्बन्ध रहेको छ ? भन।<br>- सामाजिक विविधता र विभेदमा के फरक छन् ? भन।<br>- असल बानी व्यवहार भनेको के हो किन आवश्यक छ ?<br>- सामाजिक समस्याका कारणहरू केके हुन् ? बताऊ।<br>- परम्परागत र आधुनिकबिच के फरक छ ? बताऊ। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | सिकाउने, आवश्यक कमीकमजोरी भए सुधारका लागि सुझाव गर्ने | | |
| ६ | - सामाजिक सङ्घ-संस्था<br>- सामाजिक समस्या र समाधान<br>- सामाजिक विकास र सेवा<br>- नागरिक चेतना<br>- सुशासन प्रवर्धन | - नागरिकको कर्तव्य र अधिकार<br>- लोकतान्त्रिक/प्रजातान्त्रिक मूल्यमान्यता र आचरण<br>- घरेलु हिंसा, बालश्रम, बालअधिकार, महिला र ज्येष्ठ नागरिकको सुरक्षा, काम, कर्तव्य परिचय<br>- महिला, ज्येष्ठ नागरिक, बाल, अपाङ्ग अधिकारको उपयोग र समावेशीतामा जोड<br>- पञ्जीकरण, बसाइँसराइ, सामाजिक सुरक्षाको परिचय<br>- ट्राफिक नियमको परिचय र सुरक्षा एवम् यसको पालना<br>- सार्वजनिक | - समुदायमा रहेका सङ्घसंस्थाको सूची<br>- कार्य विवरणको सूची<br>- कामका चित्र वा विभिन्न काम गरेको दृश्य<br>- नमुना कार्यको चित्र वा भिडियो | - समुदायमा आपसी सम्बन्ध र पारस्परिक सहयोगको आवश्यकता बताउन र असल सामाजिक सम्बन्ध विकासका लागि आवश्यक उपायहरू अवलम्बन गर्न सिकाउने, असल व्यक्तिबाट असल समाज निर्माण हुने कुराको परिचय दिई असल व्यवहारको खाँचोबारे छलफल गर्ने त्यसबाट प्रेरणा लिने कुरामा सचेत गराउने<br>- आफ्नो अधिकारप्रति सजग रही कर्तव्य पूरा गर्न सचेत गराउने, (पद र जिम्मेवारी विश्लेषण गरेर)<br>- सामाजिक सङ्घसंस्थाको परिचय (सरकारी, गैरसरकारी, वित्तीय, जातीय, अन्य विषयगत सङ्घसंस्थाहरू) दिने<br>- आफ्नो समुदायमा भएका धर्म, जाति, भाषा, लिङ्ग, उमेर, अपाङ्गप्रति हेर्ने बुझ्ने दृष्टिकोण र व्यवहारबारे छलफल गरी व्यक्तिहरूसँग समान व्यवहार गर्न सिकाउने र समावेशी धारणाको विकास गराउने ।<br>- स्थानीय स्तरका सेवा प्रदायक निकायले प्रदान गर्ने सेवाहरूको पहिचान र उपयोग गर्न सिकाउने<br>- निजी, सरकारी, गैर-सरकारी सामाजिक सङ्घ संस्थाहरू को परिचय, फरक र समानता पक्ष (उद्देश्य, प्रकृति, संरचना, अवधि, कार्यक्षेत्र)<br>- सामाजिक समस्याहरूको पहिचान गर्न, यसका कारण खोजी गरी न्यूनीकरण वा समाधानका उपायहरूमा छलफल गरी उपाय बताउन<br>- गाउँपालिकाभित्र सञ्चालित विभिन्न किसिमका | - हामीलाई काम गर्न केके कुरामा सहयोग चाहिन्छ<br>- हामीलाई केका लागि अधिकार चाहिन्छ<br>- समान व्यवहार भनेको के हो, समान व्यवहार किन चाहिन्छ ?<br>- सेवा प्रदायक भनेको के यसअन्तर्गत केके पर्दछन<br>- हाम्रो समुदायमा के कस्ता सामाजिक समस्या देखिन्छ ? यसलाई न्यूनीकरण वा सुधार गर्न के गर्नुपर्छ ? | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सम्पदाहरूको विकास सम्भावना र सहभागिता<br>- विकासको पूर्वाधारका रूपमा सडक, खानेपानी, ऊर्जा र जनशक्तिको महत्त्व<br>- सामाजिक समस्या समाधानमा विद्यालय र सङ्घसंस्थाको भूमिका<br>- सामाजिक विकृतिहरू (ङ्येलु प्रथा, बालविवाह, बहुविवाह) को परिचय र असर<br>- सामाजिक अन्धविश्वासको न्यूनीकरण (बोक्सी, वलीप्रथा, भूतप्रेत, आत्म)<br>- सामाजिक द्वन्द्व व्यवस्थापनको आवश्यकता र भूमिका | | सामुदायिक साझा कार्यहरूमा सहयोग गर्न र सहभागी हुन र कमजोर पक्षको सुधारका लागि खबरदारी गर्न अभिप्रेरित गर्ने<br>- गाउँपालिकाभित्र परम्परागत रूपमा चलिआएका राम्रा सामाजिक नियमहरूको पालना गर्न र हानिनोक्सानी र अन्धविश्वासका नियमको सुधारलाई ध्यान दिने (जस्तै वली र बोक्सी प्रथा)<br>- सामाजिक समस्या समाधानमा स्थानीय टोल समुदाय स्तरमा भएका सङ्घसंस्थाहरूको योगदानको चर्चा गरी बताउन लगाउने<br>- स्थानीय क्षेत्रका सार्वजनिक सम्पदाहरूको पहिचान गरी तिनीहरूको उचित उपयोग र संरक्षणमा सहभागी हुन, वातावरण कायम गर्ने कार्यमा सहयोग र सहभागी हुन सजग गराउने<br>- घर तथा कार्यालयमा मोबाइल टी.भी. धेरै समय प्रयोग नगर्ने यसका हानि तथा खराबी पक्षको बारे सचेत गराउने, अल्छी, मद्यपान, धूम्रपान सेवन, झूठो बोल्नु, झगडालु स्वभावको न्यूनीकरणमा जोड दिने<br>- सामाजिक सञ्जालको सही सदुपयोग गर्न सिकाउने, त्यसको खराबी पक्ष र असरबारे सचेत गराउने<br>- समाजमा हुने अशान्ति, द्वन्द्व र झैझगडाको कारण पहिचान गरेर त्यसलाई समजदारी निर्माण र न्यूनीकरणका उपायमा छलफल गरी समाधान खोज्ने क्रियाकलापहरू सञ्चालन गर्ने<br>- समुदायमा सामाजिक विकृति र अन्धविश्वासको पक्षलाई | - असल व्यवहार भनेको के हो ? यो किन आवश्यक छ ?<br>- खराब बानी भनेको के बुझ्नु हुन्छ ? | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - खराब बानी र सुधार | | केलाउँदै, त्यसको न्यूनीकरणमा गर्न सचेत र अभिप्रेरित गराउने ।<br>- वडा तथा समुदायका योजना कार्यक्रमहरूलाई पारदर्शी र जवाफदेहीतामा वृद्धि गर्ने र बढी जिम्मेवार बनाउने कुरामा छलफल गर्ने<br>- स्थानीय पञ्जीकरण कार्य (जन्म, विवाह, मृत्यु र बसाइँसराइ) को परिचय र महत्त्व बताउँदै सामाजिक सुरक्षा भत्ता कसलाई कसरी प्राप्त हुन्छ भन्नेबारे सचेत गराउने<br>- बत्ती, सडक, बाटो, यतायात साधन सञ्चालनबाट हुन सक्ने जोखिम र दुर्घटनाको बच्ने तरिकाबारे छलफल गर्ने | | |
| ७ | - सामाजिक सङ्घ-संस्था<br>- सामाजिक समस्या र समाधान<br>- सामाजिक विकास र सेवा<br>- नागरिक चेतना<br>- सुशासन प्रवर्धन | - आधारभूत आवश्यकताका तत्त्वहरूको पहिचान र पूर्ति<br>- लोकतान्त्रिक संस्कारको परिचय<br>- स्थानीय गाउँपालिकाको नीति, ऐनको परिचय र कानुनको विशेषता<br>- मानव अधिकार र मौलिक हकहरूको परिचय<br>- गरिबी, अपाङ्गको परिचयपत्र, वर्गीकरण, | - आधारभूत आवश्यकताको सूची<br>- नेपालको संविधान, ऐन कानुन, स्थानीय तह सञ्चालन ऐन २०७४<br>- विकास कार्य तथा गतिविधिहरू वा सोसम्बन्धी, चित्र, भिडियो | - बाँच्नका लागि चाहिने आधारभूत आवश्यकता तत्त्वहरू पहिचान गरी कसरी पूर्ति गर्ने बारे छलफल गरी सूची तयार गर्ने (गाँस, बास, कपास, सुरक्षा, रोजगारी)<br>- लोकतान्त्रिक संस्कारको परिचय पालना (समाजबाद उन्मुख सामाजिक न्याय) बारे छलफल गर्ने (जनताको सहभागिता, विचार, छलफल, छनौट, समानता, न्याय, विधिको वा कानुनी शासन) को सुनिश्चित गर्न छलफल गर्ने<br>- स्थानीय गाउँपालिकाको नीति, ऐनको परिचय दिई स्थानीय, कानुनको विशेषता उल्लेख गर्ने<br>- गरिबी र अपाङ्ग परिचयपत्र प्राप्त गर्दा चाहिने आवश्यक कागजत, सिफारिस, प्रक्रिया र वर्गीकरणसम्बन्धी छलफल गरी स्पष्ट पार्ने<br>- शान्ति सुव्यवस्था कायम गर्न सुरक्षा निकायहरूको भूमिकामा छलफल गर्ने | - लोकतान्त्रिक संस्कारभित्र केके कुरा पर्छ ?<br>- स्थानीय नीति भनेको के हो ?<br>- ज्येष्ठ नागरिक, महिला र बाल अधिकार किन आवश्यक परेको होला आफ्नो विचार लेख<br>- समुदायमा विकास कार्यमा देखिएका कमीकमजोरी | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सिफारिस, प्रक्रिया र सामाजिक सुरक्षा<br>- शान्ति सुरक्षामा सुरक्षा निकायको भूमिका<br>- नगरिक वडापत्र, सूचनाको हक, अधिकार<br>- विकासको पूर्वाधारहरूका परिचय र महत्त्व<br>- गाउँपालिकाभित्रका प्रमुख विकास कार्यक्रम आयोजनाको पहिचान गरी तिनको विशेषता र प्रभावकारीता<br>- सामाजिक समस्या समाधानमा व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको भूमिका<br>- समाजमा जनचेतना, रोजगारी सृजना, कानुनको पालना र मेलमिलापको | | - गाउँभित्र भएका विकासका कार्यहरूको सूची तयार पार्न लगाउने, धार्मिक तथा परोपकारी संस्थाका महत्त्व र आवश्यकता औँल्याउने<br>- विकासको पूर्वाधारहरूका परिचय र महत्त्व दिई विकासका मुख्य मुख्य पूर्वाधारहरू बारे छलफल गरी लेख्ने<br>- गाउँपालिकाभित्रका प्रमुख विकास कार्यक्रम आयोजनाको पहिचान गरी तिनको विशेषता र प्रभाव बताउन लगाउने<br>- सामाजिक समस्याहरू (गरिबी, अशिक्षा/अज्ञानता, कुरीति, स्वास्थ्य, भोकमरी) समाधानमा व्यक्ति, परिवार र स्थानीय सङ्घसंस्थाको भूमिका खोजी छलफल गर्ने<br>- सामाजिक चेतना, रोजगारी सृजना, कानुनको पालना र मेलमिलाप गर्ने वातावरणको आवश्यकता र महत्त्वबारे बताउने र छलफल गर्ने<br>- स्थानीय विकासका विषयगत समितिहरू (स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, वन, वातावरण, आर्थिक, न्याय, विद्यान समिति)  उपभोक्ता समिति काम, कर्तव्य र अधिकार (योजना छनोट, प्राविधिक इष्टिमेट, सम्झौता, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सम्पन्न, सार्वजनिक सुनुवाइ), पारदर्शी र जवाफदेहीतामा वृद्धि गर्ने र बढी जिम्मेवार बनाउने, भ्रष्टचार र अनियमित कार्यलाई रोक्न खबरदारी गराउने<br>- सामाजिक समस्या समाधानका कानुनी शासनको आवश्यकता र महत्त्वको चर्चा गर्ने<br>- सूचनाको हकअन्तर्गत नागरिक बडापत्रको प्रयोग र महत्त्वबारे उल्लेख गर्ने | केके छन् ? वर्णन गर<br>- योजना छनोटका आधार केके हुनुपर्छ ? लेख<br>- उपभोक्ता समितिको मुख्य मुख्य कामबारे लेख ।<br>- गाउँको उपभोक्तालाई सुधारको आवश्यक सुझाव लेख । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | आवश्यकता र महत्त्व<br>- स्थानीय विकासका विषयगत समिति र उपभोक्ता समिति काम, कर्तव्य र अधिकार | | - नागरिक सशक्तीकरणमा शिक्षा र जनचेतनाको आवश्यकता र सम्बन्धको बारे छलफल गर्ने, गराउने। | | |
| ८ | - सामाजिक सङ्घ-संस्था<br>- सामाजिक समस्या र समाधान<br>- सामाजिक विकास र सेवा<br>- नागरिक चेतना<br>- सुशासन प्रवर्धन | - स्थानीय सरकारको बजेट, नीति तथा कार्यक्रम, यसका छनोट आधार, सञ्चालन विधि प्रक्रिया र यसका कार्यहरू<br>- दिगो विकास कार्यक्रमका लक्ष्यहरू हासिल गर्न, सञ्चालनमा सुधारमा चुनौतीहरू<br>- सामाजिक विभेदका स्वरूप र समावेशीकरणको अवधारणा एवम् महत्त्व<br>- लोकतान्त्रिक गणतन्त्रमा नागरिकको | - नीति तथा कार्यक्रमको मार्गदर्शन<br>- स्थानीय तह सञ्चालन ऐन २०७४<br>- विकास कार्य वा गतिविधिहरू वा सोसम्बन्धी, चित्र, भिडियो<br>- स्रोत विज्ञहरू | - स्थानीय सरकारले ल्याउने नीति, कार्यक्रम, बजेट, निर्माण प्रक्रियाको परिचय दिने (आगामी आ.व.का लागि योजना छनोट, प्राथमिकरण, बस्ती स्तरबाट वडा, गाउँपालिका, डपिआरसहित प्रदेश र सङ्घमा पठाइन्छ) गाउँसभा/परिषदले पारित गराउनेबारे वर्णन गर्ने<br>- स्थानीय सरकार (वडापालिका, गाउँकार्यपालिका, गाउँ परिषद् तथा गाउँसभा) को गठन प्रक्रिया र यसका कार्यहरू उल्लेख गरी छलफल गर्ने / गराउने<br>- सामाजिक विभेदका स्वरूप र समावेशीकरणको अवधारणा एवम् महत्त्व बताउने (वर्ग, लिङ्ग, क्षेत्र)<br>- लोकतान्त्रिक गणतन्त्रमा नागरिक स्वतन्त्रता र भूमिकाबारे उल्लेख गर्ने<br>- विकास, सेवा प्रवाह र सुशासनमा राष्ट्रसेवक कर्मचारीहरूको भूमिका प्रस्ट पार्ने<br>- आफ्नो घर, परिवार र समुदायमा घुलमिल भई सामाजिकीकरण प्रक्रियामा संलग्न हुन सिकाउने<br>- विकासको पूर्वाधारका रूपमा शिक्षा, स्वास्थ्य, यातायात र सञ्चारको परिचय, महत्त्व र वर्तमान अवस्था उल्लेख गर्ने<br>- गाउँपालिकाको योजना तथा कार्यक्रमहरूलाई पारदर्शी र | - नीति, कार्यक्रम र बजेटबिच के सम्बन्ध छ ?<br>- स्थानीय सरकार गठन निर्माणभित्र केके पर्दछ<br>- सामजिकीकरण भनेको के हो ?<br>- सामाजिक रूपमा रहेको विद्यामान समस्याहरू उल्लेख गर।<br>- राजनीतिक दलको काम के हो ?<br>- मताधिकार भनेको के हो, स्वतन्त्र मताधिकार | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | भूमिका<br>- सेवा प्रवाह र सुशासनमा राष्ट्रसेवक कर्मचारी, शिक्षकको भूमिका<br>- सामाजिकीकरण प्रक्रिया<br>- विकासको पूर्वाधारका रूपमा शिक्षा, स्वास्थ्य, यातायात र सञ्चारको परिचय, महत्त्व र वर्तमान अवस्था<br>- विभिन्न सामाजिक विकृति र समस्याहरूको पहिचान र सुधार<br>- सामाजिक समस्या समाधानका उपायहरू, सङ्घसंस्थाहरूको भूमिका<br>- राजनीतिक दलको भूमिका र मताधिकार शिक्षा<br>- नागरिक समाज, | | जवाफदेहीतामा वृद्धि गर्ने र बढी जिम्मेवार बनाउने, भ्रष्टचार र अनियमित कार्यलाई रोक्न खबरदारी गर्न सिकाउने<br>- स्थानीय समुदाय तथा गाउँपालिकाभित्र विकासका सम्भावनाहरू पहिचान गर्न लगाउने<br>- सामाजिक विकृति र समस्याहरूको पहिचान गरी समस्या समाधानका उपायहरू पत्ता लगाउने, समाधानमा नागरिक समाज, सङ्घसंस्थाहरूको भूमिका उल्लेख गरी स्पष्ट पार्ने<br>- राजनीतिक दलको (विचार, सिद्धान्त) भूमिकाबारे बताउँदै, मतदाता र मताधिकार भनेको के हो भन्नेबारे स्पष्ट पार्ने, असल नेतृत्व छनोटमा सचेत गराउने<br>- दिगो विकासका लक्ष्यहरू उल्लेख गर्ने, बताउने<br>- उपभोक्ताले किनेको सामान र सेवाको गुणस्तर, उचित मूल्य र सहज उपलब्ध हुनुपर्छ। नागरिक समाज र उपभोक्ता हित संरक्षण मञ्चले वस्तु वा सेवाको अनुगमन, सुझाव र नियमन निकायसमक्ष दबाब दिनुपर्छ।<br>- कर्मचारीले कानुन, ऐन, नियम र कार्यविधि तथा निर्णयकोअनुसार जनताको सेवा, योजना र कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्छ। जनताको समस्या, मागको डेलिभरी गर्नु हो यसको बारे छलफल गरी सिकाइ गर्नुपर्छ। यसबाट जनसेवा सुशासनका कुराको प्रतिबिम्ब हुने गर्छ।<br>- नीति निर्माणमा नेतृत्वको भूमिका हुने र कार्यन्वयनमा कर्मचारीको भूमिका, जिम्मेवार जवाफदेही हुने कुरा स्पष्ट गराउन छलफल गर्ने/गराउने<br>- सार्वजनिक संस्थाहरूको सामाजिक परीक्षण, सार्वजनिक | भन्नले के बुझ्नु हुन्छ ? विचार दिनुहोस्। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उपभोक्ता हित संरक्षण<br>- कर्मचारी तन्त्र, सेवा प्रवाह, सुशासन प्रवर्धन | | सुनुवाई, लेखा परीक्षण गर्नुपर्ने आवश्यकता र दायित्वबारे छलफल गर्ने। | | |

**८. हाम्रो वातावरण संरक्षण र विपत् व्यवस्थापन**

| कक्षा | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शैक्षिक सामग्री | सिकाइ सहजीकरण प्रक्रिया/क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | - वरिपरिको भौतिक वातावरण | - हाम्रो वरपर रहेका सजीव र निर्जीव वस्तुहरू<br>- प्राकृतिक वस्तुहरूको पहिचान<br>- वस्तु वा पदार्थको अवस्था (ग्यास, तरल, ठोस)<br>- सुरक्षित काम, बानीव्यवहार | - सजीव निर्जीव वस्तु, सामग्री तथा चित्र<br>- चित्र वर्गीकरण चार्ट<br>- दृश्य सामग्रीहरू | - हाम्रो वरपर रहेका सजीव र निर्जीव वस्तुहरू (मानिस, जनावर, बोटबिरुवा, ढुङ्गा, माटो, काठ) वस्तुहरूको पहिचान गर्न छलफल गराउने, छुट्याउन लगाउने<br>- वस्तुको अवस्था, आकार र गुण हेरेर (ग्यास, तरल, ठोस) त्यसको अवस्थाबारे बताउन, अनुभव गर्न लगाउने, कक्षामा क्रियाकलापहरू गर्ने<br>- घरमा, विद्यालय जाँदा, खेल्दा लाग्ने चोटपटकः लड्नु, खस्नु, ठोकिनु, हातहतियार प्रयोग, आगो पोल्नबाट बच्न र सचेत रहन अनुभवमा आधारित अभ्यासका क्रियाकलाप गर्ने<br>- प्राकृतिक वा स्वनिर्मित वस्तुहरू र मानव निर्मित वस्तुको उदाहरण दिई प्रस्ट पार्ने | - सजीव र निर्जीव वस्तुको नाम भन<br>- सजीव र निर्जीवमा के के फरक छ, बताऊ।<br>- हाम्रो वरिपरि के कस्ता वस्तुहरू रहेका छन् वा पाइन्छन् ? नामसहित बताऊ<br>- हामीलाई के कुराबाट चोटपटक लाग्न सक्छ भन | २० |
| २ | - वरिपरिको भौतिक वातावरणको परिचय<br>- वस्तु वा | - सजीव र निर्जीव वस्तुहरू<br>- हाम्रो वरपरका पदार्थहरू (ठोस, तरल र ग्यास) पहिचान | - सजीव निर्जीव वस्तु, सामग्री तथा चित्र<br>- चित्र | - हाम्रो वरपर रहेका सजीव र निर्जीव वस्तुहरू (मानिस, जनावर, बोटबिरुवा, ढुङ्गा, माटो, काठ, हावापानी) वस्तुहरूको पहिचान गर्न फरक छुट्याउन लगाउने<br>- वस्तुको अवस्था, आकार र गुण हेरेर (ग्यास, तरल, ठोस) अवस्था छुट्याउन, विशेषता बताउन र अनुभव गर्न | - ५/५ वटा सजीव र निर्जीव वस्तुको नाम बताऊ<br>- वस्तुका आकार हेरेर चिन र फरक | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पदार्थको आकार र गुण<br>- सुरक्षा र बचावट | - प्राकृतिक र मानव निर्मित वस्तुको पहिचान<br>- वस्तु वा पदार्थहरूको गुण, आकार र प्रकार<br>- घरभित्र र बाहिरको चोटपटकबाट बच्ने उपाय | वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू<br>- चित्र र शब्द पत्ती | लगाउने कक्षामा क्रियाकलापहरू गर्ने<br>- घर, विद्यालयमा खेल्दा, बाटोमा हिँड्दा र कुनै काम गर्दा लाग्न सक्ने चोटपटक र दुर्घटना परिचय, बच्ने उपायबारे बताउने<br>- प्राकृतिक वा स्वनिर्मित वस्तुहरू र मानव निर्मित वस्तुको उदाहरण दिई प्रस्ट पार्ने<br>- हातहतियार प्रयोग, आगो, पानीबाट बच्न र सचेत रहन अनुभवमा आधारित अभ्यासका क्रियाकलाप गर्ने<br>- घर, विद्यालय र समुदायमा घट्ने घटना, दुर्घटना र जोखिम तथा प्रकोपबारे बुझ्ने र सचेत रहन सिकाउने | छुट्याऊ<br>- चोटपटकबाट बच्न केके गर्नुपर्छ ?<br>- घरभित्र र घर बाहिर हुने चोटपटकहरू केके हुन् ?<br>- घर बाहिर हुने घटना केके हुन् ? | |
| ३ | - वरिपरिको भौतिक वातावरणको परिचय<br>- वस्तु पदार्थको आकार र गुण<br>- सुरक्षा बचावट | - पृथ्वी, भूगोल, हावापानी र मौसम<br>- वस्तु, पदार्थ, काम र विशेषताहरू<br>- घटनाहरूप्रति जिज्ञासु,<br>- मौसम अनुरूप व्यवहार प्रदर्शन<br>- वरपरको भौगोलिक स्वरूपको विवरण<br>- घर, विद्यालय र समुदायमा घट्ने दुर्घटना र प्रकोपप्रति सचेतना,<br>- हावा र पानीका भौतिक गुणहरू, परिचय र उपयोगिता | - सजीव निर्जीव वस्तु, सामग्री तथा चित्र<br>- चित्र वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू<br>- घटना अवलोकन<br>- मौसम हावापानी चार्ट | - हाम्रो वरपर रहेका सजीव र निर्जीव वस्तुहरू मानिस, जनावर, बोटबिरुवा, ढुङ्गा, माटो, काठ वस्तुहरूको पहिचान गर्न छलफल गराउने, छुट्याउन लगाउने<br>- पृथ्वीको बाहिरी वातावरण (स्थल, जल र वायु), ऋतु र मौसम वसन्त, बर्सात, ग्रीष्म, शरद्, हिउँदबारे अनुभव गरी बताउने, मौसमअनुसार खानपिन, लुगालत्तामा ध्यान दिने, व्यवहार अपनाउन सिकाउने<br>- वस्तुको अवस्था, आकार र गुण हेरेर (ग्यास, तरल, ठोस) अवस्थाबारे बताउन, अनुभव गर्न लगाउने कक्षामा क्रियाकलापहरू गर्ने<br>- घरमा, विद्यालय जाँदा, खेल्दा लाग्ने चोटपटक, हातहतियार प्रयोग सावधानी, आगो पोल्नबाट बच्न र सचेत रहन अनुभवमा आधारित अभ्यासका क्रियाकलाप गर्ने<br>- ढुङ्गा, माटो, हावा, पानीको उपयोगिता बताउन लगाउने, | - ग्यास, तरल र ठोसअन्तर्गत पर्ने ५/५ वटा वस्तु नाम भन/लेख।<br>- घरदेखि विद्यालयसम्म आउँदा जाँदा बाटोमा के कस्ता जोखिम वा समस्याहरू छन् ? भन।<br>- चोटपटक भनेको के हो ? यसबाट कसरी वच्न सकिन्छ ? भन<br>- ठोस वस्तुको कुनै ५ | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - जनावर र वनस्पति/ बोटबिरुवाको परिचय | | - वरपर पाइने जनावर र बोटबिरुवाहरूको नाम र उपयोगिताबारे छलफल गराउने<br>- वरपरका वस्तु तथा घटनाहरूको पहिचान गर्न दिने, वरपर पाइने बोटबिरुवा र जनावरको नाम र उपयोगिताकोबारे छलफल गर्ने<br>- प्रकृतिलाई चिनाउने अभ्यास र क्रियाकलाप गर्ने (अवलोकन, खोज, प्रयोग) को माध्यमबाट | वटा महत्त्व भन। | |
| ४ | - स्थानीय भूगोल, धरातलीय स्वरूप, हावापानी, मौसम<br>- स्थानीय प्राकृतिक सम्पदा<br>- स्थानीय विपत् र जोखिम व्यवस्थापन | - पृथ्वी, वरिपरिको भौतिक वातावरणको परिचय<br>- वातावरणमा ह्रास र यसका कारण (बिगार्ने, दूषित बनाउने, वन विनास, डढेलो, बाढी पहिरो)<br>- जनावर, वन्यजन्तु र बोटबिरुवाको वर्गीकरण र अन्तरनिर्भरता<br>- बिरुवाको वर्गीकरण गर्न र बिरुवाका विभिन्न भागको काम<br>- समुदायको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवन | - सजीव निर्जीव वस्तु, सामग्री तथा चित्र<br>- चित्र वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू<br>- घटना अवलोकन | - आफ्नो वरिपरिको भौतिक वातावरण (हावापानी, डाँडा, खोला, वनजङ्गल, नदी) आदिको परिचय दिने<br>- पृथ्वीको बाहिरी वातावरण (स्थलः जमिन, माटो, चट्टान, जङ्गल, हिमाल, डाँडा, आवास, जलः नदी, खोला, वर्षा, पानी, हिउँ, समुद्र र वायुः हावा, बाफ, धुवाँ, बादल) धारणाको विकास गर्ने<br>- वातावरणमा रहेका तत्त्व र त्यसलाई ह्रास वा बिगार्ने, दूषित बनाउने तत्त्वहरू (आगोलागी, बाढीपहिरो, वन विनास, मरुभूमि, फोहोरमैला) को बारे छलफल गर्ने, सुधारको बारे उपाय बताउने<br>- विपत् मानव जीवन, स्वास्थ्य, धनजन र वातावरणमा क्षति पुऱ्याउने घटना हुन्। यो मानव सिर्जित र प्राकृतिक विपत्तिहरू दुई किसिमले हुन्छन् भनी छलफल गरी बताउने (मानव सृजितः बाढी-पहिरो, आगलागी, विषालु ग्यास, महामारी, युद्ध, भाइरस) प्राकृतिकमा भूकम्प, आँधीबेहरी, हावाहुरी, चट्याङ, बाढीपहिरो, महामारी, आगलागी, खडेरी, भोकमारी)<br>- जनावर र बिरुवाहरूको वर्गीकरण गर्न लक्षणको आधारमा | - परिवरि मनपर्ने ठाउँको वर्णन गर<br>- हाम्रो वरिपरिको वातावरण के भएर ह्रास वा बिग्रँदै गएको छ ? बताऊ।<br>- बोटबिरुवा र जनावरबिचको सम्बन्धबारे वर्णन गर।<br>- हामीले खानेकुराहरू कहाँबाट कसरी प्राप्त हुन्छ ?<br>- विपत् भनेको के हो ? गाउँघरमा हुन सक्ने सम्भावित विपत्हरू केके | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - बाँच्नका लागि जीवहरूबिचको अन्तरनिर्भरता<br>- विपद्को परिचय दिन र सावधानीका उपायहरू<br>- जनावर | | विभिन्न माध्यमबाट छुट्याउन र प्रदर्शन गर्न लगाउने<br>- वनजङ्गल, वनस्पतिहरूको बारे जानकारी गराउँदै, बिरुवाहरूको वर्गीकरण गर्न र बिरुवाका विभिन्न भागहरूको विभाजन र काम बताउन लगाउने<br>- आफ्नो गाउँ समुदायको प्राकृतिक स्वरूप, हावापानी वनस्पति, जनसङ्ख्या र सामाजिक जनजीवनबारे बताउने<br>- खानाका लागि जीवहरूबिचको अन्तरनिर्भरताका उदाहरण दिन र वर्णन गर्न लगाउने, सबैको साझा र समान अस्तित्व रहनका लागि वातावरणको संरक्षण हुनुपर्ने कुरा बताउने | हुन् ? वर्णन गर । | |
| ५ | - स्थानीय भूगोल, धरातलीय स्वरूप, हावापानी, मौसम<br>- स्थानीय प्राकृतिक सम्पदा<br>- स्थानीय विपत् र जोखिम व्यवस्थापन | - प्रकृति र जीवहरूसँगको अन्तरनिर्भरता र अनुकूलता<br>- स्थानीय विपत् जोखिमको पहिचान र सावधानीका उपायहरू<br>- सडक सुरक्षा तथा ट्राफिक नियमको पालना र सचेतना<br>- व्यक्तिगत र पारिवारिक सुरक्षाको पहिचान र सहयोग<br>- प्राकृतिक तथा मानव सृजित विपत्हरू<br>- प्राकृतिक सम्पदा, | - विपत् सम्बन्धी सामग्री तथा चित्र, दृश्य सामग्री<br>- चित्र वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू<br>- घटना अवलोकन | - प्राकृतिकसँग जीवहरूको अन्तरनिर्भरता र तिनीहरूको अनुकूलताको सम्बन्ध कसरी हुन्छन् भन्ने सुसूचित हुन छलफल गर्ने<br>- स्थानीय विपत् जोखिमको पहिचान गर्न र सावधानीका उपाय अपनाउन केके गर्न सकिन्छ समूहगत छलफल गरी सूची तयार पार्ने (विपत् / जोखिमअन्तर्गत आगलागी, बाढी-पहिरो, हावाहुरी, चट्याङ, भूकम्प, हिमपहिरो, ढुङ्गा खस्नु आदि<br>- रोकथामका उपाय जोखिम विश्लेषण, पूर्वतयारी योजनाबारे छलफल गर्ने, निर्माण अभ्यास गर्ने<br>- पृथ्वीको बाहिरी वातावरण (स्थलः जमिन, माटो, चट्टान, जङ्गल, हिमाल, डाँडा, आवास, जलः नदी, खोला, वर्षा, पानी, हिउँ, समुद्र र वायुः हावा, बाफ, धुवाँ, बादल) धारणाको विकास गर्ने<br>- पृथ्वीको भित्री भाग (क्रस्ट, मेन्टल र कोर) बारे जानकारी | - जीवजन्तुहरू प्राकृतिक माथि केके कुरामा भर पर्छन्, लेख ।<br>- सुरक्षा भनेको हो यो किन आवश्यक छ ? बताऊ ।<br>- यहाँ हुने मुख्य मुख्य विपत्हरू केके हुन् ?<br>- सडक सुरक्षा भनेको के हो ? यसका जोखिम पक्षहरू उल्लेख गर्नुहोस् ।<br>- प्राकृतिक वातावरण | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वन्यजन्तुहरूको महत्त्व संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासहरू<br>- समुदायको प्राकृतिक स्वरूप, हावापानी वनस्पति<br>- सामाजिक असुरक्षा (चोरी, डकैती) सामाजिक विवाद न्यूनीकरण र शान्त र संयमित व्यवहार प्रदर्शन | | गराउने<br>- व्यक्तिगत र पारिवारिक सुरक्षाको आवश्यकता बताउन र सुरक्षाका उपायहरूबारे छलफल गराई सावधानी अपनाउन नोट गर्ने<br>- सडक सुरक्षा, वा सुरक्षित यात्रा गर्न ट्राफिक नियमको पालना र अरूलाई पनि सचेत गराउने क्रियाकलापहरू सञ्चालन गर्ने<br>- प्राकृतिक वातावरण र सम्पदाहरूको संरक्षण र संवर्धनका लागि भएका स्थानीय प्रयासहरू खोजी र गर्नुपर्ने जिम्मेवारीबारे छलफल<br>- गाउँ समुदायको प्राकृतिक स्वरूप, उचाइ हावापानीअनुसार पाइने वनस्पतिको वर्णन गर्न लगाउने<br>- वन, वातावरण संरक्षणमा स्थानीय क्रियाशील संस्थाबारे जानकारी दिने । वन संरक्षकका जिम्मेवारी संस्था, सामुदायिक, वन, निजी वन, राष्ट्रिय वन र संरक्षित वनको क्षेत्रको अवधारणा यसको कार्य र महत्त्वबारे बताउने । | संरक्षण गर्न केके गर्नुपर्छ ? | |
| ६ | - स्थानीय भूगोल, धरातलीय स्वरूप, हावापानी, मौसम<br>- स्थानीय प्राकृतिक सम्पदा | - घर, विद्यालय र समुदायमा घट्ने दुर्घटना र सचेतना<br>- वरपरका प्राकृतिक र सामाजिक वातावरणका विशेषताहरू तथा घटनाहरूप्रति जिज्ञासु भई अवलोकन तथा परीक्षण | - विपत् सामग्री तथा चित्र<br>- चित्र वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू, ग्लोब, नक्सा<br>- घटना | - घर, विद्यालय र समुदायमा घट्ने दुर्घटनाहरू केके हुन् (आगलागी, बाढीपहिरो, हावाहुरी, चट्याङ, हिमपहिरो, ढुङ्गा खस्नु, महामारी, खडेरी, भूकम्प, भोकमारी) त्यसप्रति सचेत र सजग रहन सिकाउने<br>- वरपर भएका प्राकृतिक र सामाजिक वातावरणका विशेषताहरूको वर्णन गर्दै अवलोकन तथा परीक्षण गर्न लगाउने<br>- पृथ्वीको परिचय दिई यसको आकार र संरचनालाई ग्लोब र नक्साबाट सचित्र देखाउने वर्णन र प्रयोग गर्न सिकाउने | - समुदायमा हुने विपत्‌हरू केके हुन् ? सूची बनाऊ<br>- प्राकृतिक र सामाजिक वातावरणबिच के फरक छ, बताऊ<br>- नाम्खा गाउँपालिकाको | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | - स्थानीय विपत् र जोखिम व्यवस्थापन | - पृथ्वीको बनोट परिचय, आकार संरचना र ग्लोब र नक्साको प्रयोग<br>- गाउँपालिकाभित्रको हावापानी, नदीनाला र वनस्पति मानव जीवनसँगको सम्बन्ध<br>- प्राकृतिक स्रोतको वितरण र स्थानीयस्तरको सामाजिक, आर्थिक जनजीवनबिचका सम्बन्ध पहिचान<br>- गाउँपालिका तथा नगरपालिकाको नक्सामा विभिन्न तथ्यहरू प्रस्तुत<br>- विपत्को परिचय यसको व्यवस्थापनका उपायहरूको पहिचान र अभ्यास<br>- प्राकृतिक वातावरणको बनोट (स्थल, जल र वायु) र परिचय<br>- सडक सुरक्षाका लागि | अवलोकन | (जमिन, जल, वायु) का विभिन्न स्वरूप र प्रकारकाबारे छलफल गर्ने<br>- गाउँपालिकाभित्रको हावापानी, नदीनाला र वनस्पतिका आधारमा विभाजन गरी यिनीहरूको मानव जीवनसँगको सम्बन्धमा छलफल गरी उल्लेख गर्न लगाउने<br>- प्राकृतिक स्रोतको वितरण र स्थानीयस्तरको सामाजिक, आर्थिक जनजीवनबिचका सम्बन्ध पहिचान गर्न लगाउने<br>- आफ्नो गाउँपालिका तथा नगरपालिकाको नक्सामा प्राकृतिक वातावरणका तथ्यहरू प्रस्तुत गर्न लगाउने, अभ्यास गराउने<br>- विपत् वा प्राकृतिक विपत्तिको परिचय दिई यसको रोकथाम, व्यवस्थापनका उपायहरूको पहिचान र अभ्यास गर्न सिकाउने<br>- प्राकृतिक वातावरणको बनोट स्थल, जल र वायुको परिचय दिई सम्बन्धको बारे प्रस्ट पार्ने<br>- सडक सुरक्षाका लागि ट्राफिक नियम, सङ्केत वा बत्तीको परिचय र पालना गराउने<br>- वन विनाश रोक्ने उपायहरूको बारे उल्लेख गर्दै यसको महत्त्व बताउने र प्राणी जगत्कै आश्रय स्थलका रूपमा पृथ्वी भएको र प्राणीहरू बाँच्न अक्सिजन प्राणवायु हरियो वनबाट प्राप्त हुने ज्ञान प्रसारण गर्दै, वन विनाश हुनबाट जोगाउन सचेत गराउने<br>- विश्वव्यापी उष्णता र कार्बन उत्सर्जनको कारण त्यसका असरबारे जानकारी गराउँदै हरियाली र अक्सिजन उत्पादनमा व्यक्ति समुदायको योगदानबारे चर्चा गर्ने, | नक्सा बनाई हावापानी र वनस्पति विभाजन गरी देखाऊ।<br>- सडक सुरक्षा भनेको के हो ? सडक सुरक्षित बनाउन केके गर्नुपर्छ ? बताऊ।<br>- प्राकृतिक स्रोत विवरणले मानव जनजीवनमा के असर गर्छ।<br>- वातावरण संरक्षणको के महत्त्व लेख। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ट्राफिक नियम, सङ्केत वा वत्तीको परिचय र पालना | | गराउने । | | |
| ७ | - स्थानीय भूगोल, धरातलीय स्वरूप, हावापानी, मौसम<br>- स्थानीय प्राकृतिक सम्पदा<br>- स्थानीय विपत् र जोखिम व्यवस्थापन | - व्यक्तिगत सुरक्षाका उपायहरू (विपत् पूर्व तयारीका लागि चाहिने जरुरी सामग्री तयार गरी राख्ने) अवलम्बन र सन्तुलन<br>- भूमि, माटो, पानी र हावाको उपयोग<br>- पृथ्वीका दैनिक र वार्षिक गतिको परिचय र महत्त्व<br>- धरातलीय स्वरूपको परिचय, मौसमको अवस्था (घाम, पानी, बादल, हावाहुरी) बुझेर सचेत<br>- नाम्खाको धरातलीय स्वरूप, हावापानी परिचय, आर्थिक र सामाजिक सम्बन्ध<br>- स्थानीय जलवायु परिवर्तनको परिचय, | - विपत् सामग्री तथा चित्र<br>- चित्र वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू, ग्लोब, नक्सा<br>- घटना अवलोकन | - विपत्मा व्यक्तिगत सुरक्षाका उपायहरू (विपत् पूर्व तयारीका लागि चाहिने जरुरी सामग्री तयार गरी राख्ने) जस्तैः रेडियो, मोबाइल, टर्चलाइट, ब्याट्री, पानी, सुक्खा खानेकुरा, औषधी, घरका चाबी, महत्त्वपूर्ण कागजात, फोन नम्बर) तयारी अवस्थामा राख्ने, निर्देशन र नोट गर्ने<br>- भू-धरातलीय स्वरूपको परिचय, मौसमको अवस्था (उचाइ, तापक्रम, ऋतु, मौसम, हावापानी) अनुसार पूर्व तयारी रहन सिक्ने<br>- पृथ्वीका दैनिक र वार्षिक गतिको परिचय दिई यसको महत्त्वबारे छलफल गर्ने<br>- नाम्खाको धरातलीय स्वरूप, हावापानी, आर्थिक गतिविधि र सामाजिक रहनसहनबिचको सम्बन्ध उल्लेख गर्न<br>- स्थानीय जलवायु परिवर्तनको परिचयः पृथ्वीको सतहमा प्राकृतिक तथा मानवजन्य क्रियाकलापबाट कार्बनडाइअक्साइड, मिथेन ग्यासको उत्पादन र वृद्धिले तापमानको वृद्धि हुनु हो । यसले जनजीवनमा पार्ने असरहरू नियमित समयतालिकाअनुसार पानी नपर्नु, तापक्रम, मौसममा घटबढ हुनु, वनस्पति, मानिस, बालीनालीमा रोगको प्रकोप बढ्नु, उत्पादन घट्नु, स्वास्थ्यमा समास्या पर्नु, जैविक विविधतामा सङ्कट, यसबाट बच्न हरित ग्यास उत्सर्जनलाई घटाउने, | - विपत् पूर्व तयारी भनेको के हो ?<br>- हावापानी र भू-धरातालीय स्वरूप भनेको के हो ? यी दुईबिच सम्बन्ध र फरक छुट्याऊ ।<br>- दिनरात कसरी हुन्छ ? यो पृथ्वीको कुन गतिसँग सम्बन्धित छ ?<br>- जलवायु परिवर्तन भन्नले के बुझ्नु हुन्छ ?<br>- गाउँपालिकाको नक्सा बनाई प्राकृतिक, हावापानी र राजनीतिक विभाजन गरी देखाऊ । | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | यसका कारणहरू, जनजीवनमा पार्ने असरको पहिचान<br>- गाउँपालिकाभित्र घट्ने विभिन्न किसिमका विपत्हरूको परिचय दिई विपत् व्यवस्थापनका विभिन्न उपायहरू<br>- मानव सृजित विपत् र प्राकृतिक विपत्को परिचय र कारण<br>- गाउँपालिकाको नक्सा निर्माण भौगोलिक, हावापानीको<br>- ऋतु, मौसम, हावापानी र तापक्रम<br>- जडीबुटी तथा झारपात | | नबिकरणीय ऊर्जाको प्रयोग, वृक्षरोपण हरियाली प्रवर्धन गर्ने, शिक्षा र जनचेतना दिने<br>- गाउँपालिकाको नक्सा कोर्न र भौगोलिक, हावापानीको तथ्य भर्न सिकाउने<br>- ऋतुः वसन्त, बर्सात, ग्रीष्म, शरद्, हिउँद, मौसमः-घाम, पानी, बादल, हावाहुरी, हावापानीः तापक्रम, उचाइ, घाम, पानी) विस्तृत छलफल गर्ने<br>- गाउँपालिकाभित्र पाइने प्रमुख जडीबुटी, वनस्पति झारपातको पहिचान, आवश्यकता, महत्त्व र प्रयोगबारे एकएक गरी बताउने, स्रोत विज्ञको प्रयोग वा सहयोग लिने<br>- गाउँपालिकाभित्र हुन सक्ने सम्भावित विपत्को नक्साङ्कन गरी समय तालिकासहित सूची निर्माण गरी सर्वसाधारणका लागि सूचना/प्रचार-प्रसार गर्ने<br>- भूगोल र हावापानीअनुसार स्थानीय उत्पादन क्षेत्र विभाजन गरी विशेष उत्पादन क्षेत्र पहिचान गराउने, प्रवर्धन गराउने । | | |
| ८ | - स्थानीय भूगोल, धरातलीय स्वरूप, हावापानी, मौसम<br>- स्थानीय | - जनावर र वनस्पतिबिच भिन्नता र वर्गीकरण, अन्तरनिर्भरता, खाद्य उत्पादन, उपभोगको शृङ्खला,<br>- विपत् रोकथाम (वृक्षरोपण, हरियाली | - विपत् सामग्री तथा चित्र<br>- चित्र वर्गीकरण चार्ट<br>- श्रव्य, दृश्य सामग्रीहरू, | - जनावर र वनस्पतिबीच भिन्नता छुट्याउन (गुण, विशेषता) को आधारमा जनावरबिच र र बोटबिरुवाका लक्षणहरू पहिचान गरी वर्गीकरण गर्न लगाउने<br>- विपत् रोकथामका बिरुवाहरू रोप्न, हरियाली प्रवर्धन, वनजङ्गल विनास रोक्ने, जहाँतहीँ डोजर नचलाउने, पानीको मूल संरक्षणका जनचेतना, क्रियाकलाप सञ्चालन सहयोग, अभियान चलाउने | - जनावर र वनस्पतिबिचको सम्बन्ध केलाउँदै यसले मानव जीवनमा के असर पार्छ ? लेख<br>- उपभोक्ताको चक्र | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राकृतिक सम्पदा<br>- स्थानीय विपत् र जोखिम व्यवस्थापन | प्रवर्धन, संरक्षण)<br>- वन, वातावरण, वन्यजन्तु सम्बन्ध, संरक्षण र मानव जीवनमा पार्ने प्रभाव<br>- मौसम र हावापानीको परिचय, हावापानीमा परिवर्तन ल्याउने तत्त्वहरू<br>- जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरू<br>- छिमेकी देशको भूमि ताक्लाकोटको सामान्य परिचय र सम्बन्ध<br>- नाम्खा गाउँपालिकाभित्र जोखिम क्षेत्र पहिचान, विपत् घटना र जोखिम न्यूनीकरणका योजना, रोकथाम, उपायहरू<br>- विपत्मा परेकाको खोजी, उद्धार, राहत र व्यवस्थापन चक्र<br>- जोखिम र विपत् क्षेत्रको नक्साङ्कन | ग्लोब, नक्सा<br>- घटना अवलोकन<br>- जीपीएस<br>- अल्टीमिटर | - खाद्य उपभोग (प्रथम, दोस्रो र तेस्रो) उपभोक्ताको चक्र वा शृङ्खलाको उदाहरण दिन, (माटो, घाँसपात, शाकाहारी जनावर, मांसहारी जनवार, मानिस) आदि<br>- वन, वातावरण, वन्यजन्तुको संरक्षणको महत्त्व र मानव जीवनमा पार्ने प्रभावको विषयमा छलफल गरी बताउन र बुँदा टिपोट गर्न लगाउने<br>- मौसम र हावापानीको परिचय दिई हावापानीमा परिवर्तन ल्याउने तत्त्वहरू (समय, ऋतु, तापक्रम, उचाइ) बारे छलफल गरी उल्लेख गर्न लगाउने<br>- जलवायु परिवर्तनका असर न्यूनीकरणका उपायहरू खोजी गर्न (खडेरी, अधिकवर्ष, उत्पादनमा ह्रास, भोकमरी, विपत्का घटना, महामारी) प्राकृतिक समय तालिकाअनुसार नचल्नु यसबारे उदाहरण दिई छलफल गर्ने<br>- नाम्खा गाउँपालिकाभित्र जोखिम क्षेत्र पहिचान, नक्साङकन, विपत् घटना र जोखिम न्यूनीकरणका योजना निर्माण, रोकथाम, उपायहरू बताउन र अभ्यास गर्ने<br>- गाउँपालिकाको नक्सा कोर्न र भौगोलिक, प्राकृतिक हावापानीको तथ्य भर्न लगाउने<br>- छिमेकी देशको भूमि ताक्लाकोटको सामान्य परिचय र प्राकृतिक र भूगोलको सम्बन्ध उल्लेख गर्दै त्यहाँबाट नमुना सिकाइ गर्ने सम्भावनामा छलफल गर्ने<br>- विपत् क्षेत्रको नक्साङ्कन विपत्मा परेकाको खोजी, उद्धार,राहत र व्यवस्थापन चक्र, तयारी योजना निर्माण गर्न सिकाउने | भनेको के हो ?<br>उदाहरण दिई लेख<br>- हावापानी र मौसम परिवर्तनको कारण बताऊ ।<br>- गाउँपालिकाभित्रको जोखिम पहिचान गर्दै यसको न्यूनीकरणबारे बताऊ<br>- भूगोल र हावापानीबिचको सम्बन्धबारे बताऊ<br>- हावापानी र वनस्पतिबिच के सम्बन्ध रहन्छ । स्थानीय हावापानीबारे वर्णन गर ।<br>- नाम्खाको नक्सा बनाई हावापानीको प्राकृतिक क्षेत्र विभाजन गर्नुस। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - गाउँपालिकाको नक्सामा र प्राकृतिक, राजनीतिक, भौगोलिक तथ्याङ्क<br>- नाम्खाको स्थानीय हावापानी वनस्पति र कृषिबाली | | - स्थानीय हावापानी मुख्य तीन प्रकारको र सोहीअनुसार वनस्पति पाइने गरेको छ ।<br>१. शितोष्ण हावापानी २१००-३३०० मिटरको उचाइसम्म वर्षा यममा औषत तापक्रम १२-२५ डिग्री, हिउँदमा -५ देखि १० डिग्री यहाँ शीतोष्ण पतझर जङ्गल<br>२. लेकाली हावापानी ३३००-५००० मिटरसम्म लेकाली वनस्पति घाँस र झारपात पाइन्छन,<br>३. टुन्ड्रा हावापानी ५००० मिटरदेखि माथि बाहै महिना हिउँले ढाकेको हुन्छ ।<br>- भूगोलको स्वरूप र उचाइअनुसार नाम्खा गाउँपालिकाको वडा १, २ र ३ सम्म निम्न शितोष्ण (२१-२८ सय मी.) र ४, ५ र ६ मा उच्च शितोष्ण २९-३३ सय मिटर) सम्मका हावापानी पाइन्छन् । ३००० मिटरदेखि बढी उचाइ क्षेत्रमा वर्षमा एक बाली मात्रै खेती हुन्छन् भने त्योभन्दा तल सिंचाइ सुविधाको आधारमा वर्षमा दुई बाली खेती पनि हुन्छ । वडा ४ को भूगोल र हावापानी मध्यम अवस्था र स्तरको पाइन्छन् । यो नाम्खा गाउँपालिकाको केन्द्र हो । | | |

# सिकाइ सहजीकरण विधि र प्रक्रिया

**१. सिकाइ सहजीकरण विधिहरू**

विद्यार्थी सिकाइका लागि उपयुक्त शिक्षण विधि छनोट गरी शिक्षणलाई जीवनोपयोगी र व्यावहारिक बनाउने उद्देश्यले निर्माण गरिएको यस स्थानीय पाठ्यक्रम विभिन्न आठओटा थिमका विषय क्षेत्रलाई समेटेर एकीकृत रूपमा वा ढाँचामा तयार गरिएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुको क्रियाकलाप गराउँदा सबै क्षेत्रलाई उत्तिकै महत्त्व दिनुपर्ने हुन्छ । विषयवस्तुको अध्ययन गराउँदा ज्ञान, सिप र धारणाको विकास गराउनुपर्दछ । विषयवस्तुको व्यावहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आ-आफ्ना टोल, समुदायसँग सम्बन्ध राखी क्रियाकलापहरू गराउनुपर्दछ । स्थानीय पाठ्यक्रमको अपेक्षा आफ्नो स्थान विशेषलाई समान महत्त्व दिएर सिकाउनु रहेको छ । स्थानीय पाठ्यक्रमले जस्ताको तस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहित गरी सिकारुलाई आफ्ना समुदायमा खोज गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गरिनुपर्दछ । विद्यार्थीहरूलाई **'खोज, गर र सिक'** भन्ने धारणाको अभिवृद्धि गराउनुका साथै बालबालिकाहरू मान्ने मात्रै नभई जान्ने र बुझ्ने बनाउनु नै यसको मूल लक्ष्य हो । यो विषय अध्यापन गर्दा प्रयोग गर्न सकिने केही सम्भावित विधिहरू यस प्रकार रहेका छन्ः

**क) परियोजनाकार्य विधिः-** तोकिएको काम, तोकिएको समयभित्र, तोकिएका व्यक्तिहरूले कसरी सहजै सम्पन्न गर्न सक्दछन् भन्ने कुरालाई उच्च प्राथमिकता दिएर विद्यार्थीहरूलाई गर्न लगाएर सिकाइन्छ । यसमा मुख्य गरेर काम, समय र व्यक्तिको सङ्ख्यालाई ध्यान दिनुपर्दछ । परियोजना कार्य, विधि अवलम्बन गर्दा विषयवस्तुको प्रकृति, विद्यार्थीको उमेर र सिकाइ स्तर, स्थानीय परिवेश आदिलाई ख्याल गरी परियोजना कार्य गर्न दिनुपर्दछ ।

**ख) क्षेत्र भ्रमणः-** विद्यार्थीहरूले आफ्नो पाठ्यवस्तुसँग सम्बन्धित रहेर कुनै निश्चित क्षेत्रको भ्रमण गरी प्रत्यक्ष रूपमा विषयको अनुसन्धान गर्न लगाउने विधि क्षेत्र भ्रमण हो । यसका निम्नानुसारका ३ मुख्य चरणहरू हुन्छन्ः पहिले गन्तव्यको परिचय, अवलोकन तथा अन्तर्क्रिया र छलफल तथा निष्कर्षलाई समावेश गरिन्छ ।

**ग) अवलोकन विधिः-** विद्यार्थीलाई दिइएको कार्य, सहभागिता, व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारका लागि पृष्ठपोषणसमेत दिई अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ ।

**घ) प्रदर्शन विधिः-** शिक्षकले कुनै शैक्षिक सामग्री देखाएर, प्रदर्शन गरेर त्यसको माध्यमबाट विषयवस्तुको केन्द्रमा रहेर विद्यार्थीलाई ज्ञान, सिप र धारणा बसाउन सहयोग गर्ने गरी प्रदर्शन विधिको प्रयोगबाट सिकाइप्रक्रिया अगाडि बढाइन्छ ।

**ङ) प्रश्नोत्तर विधिः-** विषयवस्तुको परिधिभित्र रहेर शिक्षकले विद्यार्थीलाई, विद्यार्थीले शिक्षकलाई एउटा विद्यार्थीले अर्को विद्यार्थीलाई एउटा समूहले अर्को समूहलाई प्रश्न गर्ने र उत्तर दिने गरेर सिकाउने गरिन्छ ।

**च) स्वाध्ययन तथा छलफल विधिः-** विभिन्न किसिमका सामग्री अध्ययनको माध्यमबाट सिकाइ गर्दा सामग्री छनौट अध्ययन र धारणा वा विचार निर्माण गरिन्छ र विषयवस्तुको प्रकृति र स्थान, स्रोत साधन आदिको आधारमा समूहमा वा व्यक्तिका बिच परस्पर छलफल गर्न लगाई वास्तविक तथ्य सङ्कलन गर्न छलफल विधिको उपयोग गरेर सिकाइन्छ ।

**छ) खोज विधिः-** सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन विद्यार्थीमा नयाँ-नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने खोज विधि उपयुक्त मानिन्छ।

**ज) भूमिका निर्वाह/अभिनयविधिः-** चरित्र चित्रण तथा व्यक्तित्वसँग सम्बन्धित सामग्रीलाई तिनीहरूको नक्कल गर्न लगाइ विद्यार्थीमा ज्ञान, सिप, धारणा हासिल गर्ने गरी अभिनय विधिबाट सिकाइन्छ।

**झ) समस्या समाधान विधिः** विद्यार्थीलाई दिइएको कार्य, सहभागिता, व्यवहार परिवर्तन आदिको अवलोकन गरी तत्काल सुधारका लागि पृष्ठपोषणसमेत दिई अवलोकनका माध्यमबाट सिकाउने गरिन्छ।

**ञ) घटना अध्ययन विधिः** समाजमा घट्ने गरेका घटना र त्यसले व्यक्ति वा समाजलाई पार्ने प्रभावका बारेमा खोजी गर्ने, अध्ययन र निचोडमा पुग्न प्रेरित गर्ने र सोही आधारमा घटनाको व्यवस्थापन गर्न सिकाउनु नै घटना अध्ययन विधि हो।

**ट) कथाकथन/वाचनविधिः-** कुनै पनि विषयवस्तु वा घटनालाई कथात्मक तरिकाले प्रस्तुत गर्न सिकाउने कला वा विधि नै कथाकथन/वाचन विधि हो। घटनाहरूको तारतम्यता वा कलात्मक प्रस्तुति गराउन वा गर्न लगाउन यो विधि अनिवार्य मानिन्छ।

**ठ) प्रविधियुक्त / प्रविधीमैत्री सिकाइ विधिः** टिभी, मोबाइल, कम्प्युटर, प्रोजेक्टर, स्मार्ट बोर्ड आदिको उपयोग गरी धारणाहरूको दृश्याङ्कन गर्न यो विधि उपयोगी मानिन्छ।

**ड) सिर्जनात्मक कार्य विधिः** यसमा चित्र निर्माण, रङ भर्ने, कागज काट्ने र पट्याउने सिप, कला, सम्बन्ध स्थापना जस्ता कार्यहरूद्धारा सिकाइ गर्न सकिन्छ।

**ढ) खेल विधिः** यसमा विषयवस्तुलाई खेलका माध्यमबाट प्रस्तुत गरी सिकाइ अभ्यास गराइन्छ।

**ण) आगमनविधिः** यसमा सूचनाहरूको सङ्कलन, अवलोकन, विश्लेषण, अनुमान पुष्टि तथा निष्कर्षको प्रयोग गरिन्छ।

**त) उदाहरण र प्रयोग विधिः** पाठका विषयवस्तुबाट मिल्दो उदाहरण र सन्दर्भको प्रयोग र अभ्यासमा जोड दिनुपर्छ।

माथि उल्लेख गरिएका विधिबाहेक केही फरक चिन्तनपरक विधिहरू पनि वर्तमान अवस्थामा व्यवहार र प्रयोगमा आएका छन्। केही त्यस्ता विधिहरू निम्न छन्ः

### २. समालोचनात्मक चिन्तन विधिहरू

समालोचनात्मक चिन्तन सिप विधि पछिल्लो समयमा विकास गरिएको नवीनतम विधि हो। यसअन्तर्गत विशेष गरेर निम्न लिखित विधिहरू पर्दछन्ः

**क) मस्तिष्क मन्थन (Brain Storming)**

महत्त्वपूर्ण र नयाँ विचार निकाल्न विद्यार्थीहरूलाई सबै किसिमले सबै कुरा सोच्न प्रेरित गर्ने विधि मस्तिष्क मन्थन विधि हो। यो विधि एक्लै वा समूहमा, सानो समूहमा सञ्चालन गर्न सकिन्छ। यसका विविध चरणहरू रहेका हुन्छन्।

यस विधिमा मस्तिष्क मन्थनका विषयमा कक्षामा अवगत गराउने, त्यसपछि पाठ वा समस्यालाई बुझिने गरी बताउने। निश्चित समय अवधिभित्र विद्यार्थीहरूलाई सोच्न लगाई निश्चित धारणा बनाउन लगाउने, समस्या समाधानको आफ्नो धारणा अभिव्यक्त गर्न विद्यार्थीलाई अभिप्ररित गर्ने, विचारलाई सम्मान गर्न भन्ने, विचारमा थप कुरा राख्न लगाउने, विद्यार्थीका धारणा टिपोट गर्ने, एकल, जोडी वा समूहमा विचार मन्थन गराउने।

**ख) सङ्गठित सिंहावलोकन (Structure overview)**

छोटो समयमा विद्यार्थीमा उत्सुकता जगाउन उनीहरूलाई मुख्य अवधारणाका बारेमा बताउन र पाठबाट सिक्न तयार बनाउन पाठको सुरुवातमा दिइने छोटो व्याख्यान नै सङ्गठित सिंहावलोकन हो । यसका निम्न लिखित चरण रहेका छन । पाठका बारेमा रोचक वा विद्यार्थीले जाने बुझेका विषयवस्तु पत्ता लगाउने । पाठबाट सिकारुले बुझ्नुपर्ने अवधारणा र खास शब्दका विषयमा विवरण तयार गर्ने । विद्यार्थीको ध्यानाकर्षण गर्ने पाठसँग सम्बन्धित शैक्षिक सामग्री कक्षाकोठामा लैजाने । छोटो समय (पाँच मिनेट) भित्रमा पाठका मुख्य बुँदा समावेश भएको छोटो प्रस्तुति तयार गर्ने विद्यार्थीलाई व्यस्त, अन्तर्क्रियात्मक बनाउनुका साथै उनीहरूलाई प्रश्न सोध्ने र टिप्पणी गर्न हौसला दिने । विद्यार्थीमा कौतूहल पैदा गर्न र पाठप्रति अझ चाख/रुचि अभिवृद्धि गर्न केही सान्दर्भिक विषय पछि बताउँला भन्दै प्रस्तुति अन्त्य गर्ने ।

**ग) जिग्सअ (Jigsaw)**

एक आपसमा सहयोग गरेर सिकिने र सिक्न सकिने कुरालाई आधुनिक नवीन चिन्तनका रूपमा स्वीकार गरिएको छ । जिग्सअ सहयोगात्मक विधिहरूमध्ये प्रमुख विधि मानिन्छ । यसमा मातृ समूह र विज्ञ समूह रहन्छ । यस विधिमा शिक्षकले क्रियाकलाप सञ्चालन गर्नुअघि पाठका बारेमा कार्यसूची तयार गर्नुपर्दछ । विज्ञ समूहमा रहेर सिकेका कुरा मातृ समूहमा एक अर्कालाई सिकाउँदा उनीहरू विज्ञ बन्दछन् । आफ्ना सिकाइ अनुभव आदान प्रदान गर्ने हुँदा यो विधि सिकाइका दृष्टिले उत्तम मानिन्छ । यस विधिलाई निम्नानुसारका चरणहरूमा पूरा गर्न सकिन्छः

**पहिलो चरण**: शिक्षकले जति विज्ञ समूह हुन्छ त्यति नै प्रश्न सेट तयारी गर्नुपर्दछ । हरेक समूहका प्रश्न उनीहरूले जुन खण्ड पढ्ने हो त्यही खण्डको पाठ्यसामग्रीमा आधारित हुनुपर्छ ।

**दोस्रो चरण**: शिक्षकले ४ वा ५ जनाको समूह बनाइ मातृ समूह बस्न लगाउने । एक आपसमा घुलमिल हुने र सिकाइ वातावरणलाई सौहार्दपूर्ण बनाउने अवसर प्रदान गर्ने ।

**तेस्रो चरण**: शिक्षकले मातृ समूहका विद्यार्थीहरूलाई विज्ञ समूहमा बाँडी काम गर्न लगाउने । शिक्षकले हरेक विज्ञ समूहमा एक एकजनालाई नेताको रूपमा छनोट गर्ने ।

**चौथो चरण**: शिक्षकले विद्यार्थीहरूलाई आफ्नो समूहको भागमा परेको प्रश्नको जवाफ खोज्न र त्यसको तयारी गर्न लगाउने । विज्ञ समूहमा रहेर प्राप्त गरेको सूचना मातृ समूहमा फर्केर कसरी प्रस्तुत हुने तयारी गर्न लगाउने । समस्या भए शिक्षकले सहयोग गरिदिने ।

**पाँचौँ चरण**: विज्ञहरूले आफ्नो मातृ समूहमा फर्केर छलफल अघि बढाउने मौका प्रदान गर्ने । निश्चित समयभित्र छलफल गरी निचोडमा पुग्ने र आफ्नो विज्ञता प्रस्तुत गर्न मौका दिइने । यसमा छलफल र प्रश्नोत्तरले विशेष प्राथमिकता दिनुपर्छ ।

**घ) सोच जोडीमा छलफल र आदानप्रदान (Think Pair and Share)**

समान सोच भएका जोडीहरू बनाउन र तिनका माध्यमबाट सिकाइमा लगाव जगाउने अथवा पाठप्रति विद्यार्थी उत्सुकता जगाउन यो विधि उपयोगी मानिन्छ । जसमा विद्यार्थीहरूलाई सिर्जनशील भएर छलफलको विषयबारे चिन्तन गर्न र आफ्नो विचारहरू अरूसँग आदानप्रदान गर्न प्रोत्साहित गरिन्छ । यस विधिका चरणहरूः

**पहिलो चरण**: शिक्षकले दिएका प्रश्नहरूका बारेमा निश्चित समय अवधिभित्र सोच विचार गर्ने ।

**दोस्रो चरण**: आफ्नो जोडीसँग छलफल गरेर साझा विचार बनाउने ।

**तेस्रो चरण**: सबै जोडीले आफ्नो विचार सबैसामु प्रस्तुत गर्ने प्रस्तुत भएका विचारहरू टिपोट गर्ने ।

**ङ) सङ्क्षिप्त/द्रुत लेखन (Quick write)**

छलफल गरिएका र गरिने क्रममा आएका स्वतस्फूर्त रचनात्मक र सिर्जनात्मक असल विचारलाई तत्कालै टिपोट गर्न र त्यसलाई लिपिबद्ध गर्न यो विधि उपयोगी मानिन्छ। जतिसुकै विद्यार्थीहरूबिच सञ्चालन गर्न सकिने यस विधिमा ५ देखि १० मिनेटमा क्रियाकलाप गर्न सकिन्छ। यसका निम्न चरणहरू रहेका छन्।

**पहिलो चरण:** निश्चित समय अवधिभित्र आफूले दिनलागेको विषयमा नरोकिईकन आफ्नो विचार लेख भनेर बताउने।

**दोस्रो चरण:** विद्यार्थीलाई लेख्नका लागि निर्दिष्ट विषय दिने।

**तेस्रो चरण:** समय तोकिदिने।

**चौथो चरण:** विद्यार्थीले तयार गरेका लेख प्रस्तुत गर्न लगाउने । यसरी प्रस्तुत भएका लेखलाई आवश्यक काँटछाँट र सङ्कलन गरी प्रकाशन योग्य बनाउन सहयोग गरिदिएर उनीहरूलाई हौसला प्रदान गर्ने।

**च) मान्यता (Value Line)**

फरक फरक जवाफ आउन सक्ने विषयमा विद्यार्थीहरूको विचार प्रकट गर्न लगाउने विधि मान्यता हो। यो एउटा सहयोगात्मक सिकाइ क्रियाकलाप हो। विचारमा रहन सक्ने विभेद पहिचान गर्न सक्नु तथा विभेदको सम्मान गर्न सक्नु यसको राम्रो पक्षहो। आफ्नो मान्यतामा अडिग रही रचनात्मक र सिर्जनात्मक गुणको विकास विद्यार्थीले गर्न सक्दछन्। यस किसिमको अभ्यासले कुनै विषयमा ध्यान दिने आफ्नो धारणा बनाउने, अरूका विचार सुन्ने तथ्य र निष्कर्षमा पुगी स्वीकार वा अस्वीकार गर्ने जस्ता पक्ष यसमा पर्दछन्। यसका चरणहरू:

**पहिलो चरण:** शिक्षकले विद्यार्थीहरूलाई प्रश्न त्यस्तो विषयमा सोध्नुपर्छ, जसका बारेमा कसैले त्यसको पक्षमा कडा समर्थन र कसैले कडा विरोध गरुन्।

**दोस्रो चरण:** प्रत्येक विद्यार्थीले यो प्रश्नको जवाफ एक्ला एक्लै सोच्ने र आफ्नो विचार स्वतन्त्रपूर्वक टिपोट गर्ने।

**तेस्रो चरण:** शिक्षक र विद्यार्थी विपरीत दिशामा रहने छलफल गर्न लागिएको विषय पनि बिलकुल उल्टो धारणा आउने प्रकृतिको रहेको हुनुपर्ने।

**चौथो चरण:** विद्यार्थीलाई आफ्नो मत मिल्ने समूहतिर लाग्न निर्देशन गर्ने र समूह विभाजित हुने।

**पाँचौँ चरण:** समान मत भएका विद्यार्थी बिच छलफल गराउने। फरक/भिन्न मत भए अर्कोमा पठाउने।

**छैटौँ चरण:** दुवै समूहका विद्यार्थीले तर्क र तथ्यका आधारमा छलफल जारी राख्ने।

**सातौँ चरण:** प्रत्येक समूहका प्रतिनिधि एक/एक जनालाई विचार प्रस्तुत गर्न लगाउने। तथ्य र तर्कमा आधारित रहेर गरिएको विचारलाई मान्यता दिने।

माथि उल्लेख गरिएका बाहेक शव्दार्थ चित्र (Sematic map) जोडीमा पढाइ र जोडीमा सारांश (Paired reading, Paired Summarizing) घुलमिल/स्थिर/जोडी (Mixed freeze pair) जस्ता अन्य समालोचनात्मक चिन्तन विधिहरू पनि अगाडि सारिएका छन्। विद्यार्थीको सिकाइलाई प्रभावकारी बनाउन जुनसुकै विधि अवलम्बन गरे पनि क्रियाकलाप गराउँदा विद्यार्थी केन्द्रित हुन आवश्यक पर्दछ । विद्यार्थी सहभागितालाई प्राथमिकतामा राखेर शिक्षण गराउनुपर्दछ।

**३. शिक्षण सिकाइ क्रियाकलाप**

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्र भन्दा विषयवस्तुसँग सम्बन्धित क्षेत्रमा गरिने क्रियाकलापमा जोड दिनुपर्दछ। यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, प्रदर्शन,

छलफल अन्तर्क्रिया आदि गराउनुपर्छ । स्थानीय बाली, तरकारी, पशुपन्छी, फलफूल, घरेलु सामान, विषयसँग सम्बन्धित विज्ञ विगतको बारे इतिहासकार, भाषाविद, संस्कृतिविद्, गीतकार, सङ्गीतकार, कथाकार, व्यावसायिक संस्था, व्यक्तिसँग छलफल अन्तर्क्रिया गराउन सकिन्छ । यसै गरी अन्य विषयवस्तुका लागि पनि त्यस विषयवस्तुसँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रदर्शन, सहभागिता, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप र विधि प्रयोगमा ल्याउन सकिन्छ । आधारभूत तहमा विद्यार्थीकेन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिइने छ । यस तहमा कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । विद्यार्थी केन्द्रित शिक्षणसिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, बालबालिकाहरूले व्यावहारिक शिक्षा तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रस्फुटनको सम्भावना रहने भएकाले शिक्षणसिकाइ क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री वा बालमनोविज्ञानमा आधारित शिक्षण विधि अपनाउनुपर्ने छ । सबै प्रकारका आवश्यकता भएका विद्यार्थीलाई समेट्न कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्ने छ । प्रत्यक्ष अवलोकन गरी सिक्ने कुरामा सहयोग पुग्न वा पुऱ्याउनको साथै शिक्षण सिकाइ क्रियाकलापसँगसँगै यस स्थानीय पाठ्यक्रममा भएका सिकाइ उपलब्धि हासिल गराउन एवम् प्रत्यक्ष सक्षमता देखिने निम्न नियमित क्रियाकलाप सञ्चालन गर्न सकिने छ ।

१. प्रत्येक विद्यालयले विद्यालयको हाताभित्र वा नजिक फूलबारी तथा करेसाबारी निर्माण गरी नियमित पुष्प र तरकारी खेती सञ्चालन गर्ने ।
२. प्रत्येक विद्यालयले विद्यालय वरिपरि रहेका खाली जग्गामा स्थानीय स्तरका तरकारी, फलफूलका बिरुवाहरू रोप्ने र संरक्षण गर्ने ।
३. एउटा कक्षाकोठामा शिक्षक, विद्यार्थी र अभिभावकको सहभागितामा स्थानीय घरेलु प्रविधिका सामग्री, स्थानीय लोक संस्कृतिसँग सम्बन्धित सामग्री, वेशभूषा जस्ता सामग्रीको सङ्ग्रहालय स्थापना गरी, संरक्षण गर्ने र विद्यार्थीको सिकाइ क्रियाकलापमा प्रयोग गर्ने ।
४. नाम्खाको भूगोल, धार्मिक, सांस्कृतिक, जातजाति जस्ता कुरा समेटी नाम्खागान तयार गर्न सकिने र शिक्षक, विद्यार्थीहरूबाट नियमित गाउनुपर्ने व्यवस्था गर्न सकिन्छ ।
५. आ-आफ्नो जातजाति, धर्म, परम्पराअनुसारका ढोग अभिवादन गर्ने तरिका संरक्षण गर्न हरेक दिन कक्षा सञ्चालनपूर्व र विद्यालय छुट्ने समयमा स्थानीय ढोग तथा अविवादनलाई नियमित गर्न सकिन्छ ।

## ४. विद्यार्थी मूल्याङ्कन

स्थानीय पाठ्यक्रमको मूल्याङ्कन पनि केन्द्रीय पाठ्यक्रमले निर्देश गरेअनुसार नै गर्नुपर्छ । मूल्याङ्कनका सबै तरिका अवलम्बन गरिएता पनि शिक्षण सिकाइ क्रियाकलापकै क्रममा बालबालिकाले गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कनमा जोड दिनुपर्दछ । प्रत्येक विद्यार्थी कार्य सञ्चयिका बनाइ अभिलेख राख्नुपर्दछ । आधारभूत तह (१-३) मा लिखित परीक्षालाई भन्दा निरन्तर मूल्याङ्कनलाई महत्त्व दिएर मूल्याङ्कन गर्नु पर्दछ । विद्यार्थी मूल्याङ्कन निम्न दुई तरिकाले गर्न सकिन्छ ।

### क. आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कन

१. आधारभूत तहमा (१-३) निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो । यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटकपटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ ।

२. कक्षा १-३ का विद्यार्थीको कार्यसञ्चयिका (प्रगति विवरण/ Portfolio) फाइल राखिनेछ।
कार्यसञ्चयिका फाइललाई विद्यार्थीको कक्षा कार्य, परियोजना कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तन अवलोकन, हाजिरी आदिका माध्यमले अध्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक महिना अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्यमै बढी जोड दिनुपर्छ वा पुरकको रूपमा दिइनुपर्दछ।

३. कक्षा १-३ मा निर्माणात्मक पद्धतिका आधारमा विद्यार्थीको मूल्याङ्कन गरी उदार कक्षोन्नति नीति लागु गरिने छ।

४. कक्षा १-३ मा उदार कक्षोन्नति गरिने भएकाले उत्तीर्णाङ्क तोकिएको छैन। तर विद्यार्थी सिकाइ उपलब्धिस्तर बढाउनलाई निरन्तर मूल्याङ्कन प्रक्रिया भने जारी राख्नुपर्ने छ।

५. उदार कक्षोन्नतिको मुख्य ध्येय शैक्षिक सत्रभरिको शिक्षण सिकाइ क्रियाकलापमा सरिक भइसकेका विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप उनीहरूकै व्यवहार परिवर्तनलाई आधार मानी कक्षोन्नति गर्नु हो। विद्यालयमा अति कम उपस्थिति भएका र न्यूनतम सिकाइ उपलब्धि हासिल नगरेका विद्यार्थीहरूका लागि पुनः सिक्ने अवसर दिने गरी सम्बन्धित शिक्षक, अभिभावक र प्रधानाध्यापकको निर्णयबाट ग्रेड वृद्धिबाट कक्षोन्नति गर्न सकिने छ।

६. निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ। यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ। यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ।

## ५. आन्तरिक मूल्याङ्कनको तालिका

**तालिका नं. १**

| क्र.सं. | आन्तरिक मूल्याङ्कनको पक्ष | अङ्कभार | समावेश क्रियाकलाप |
|---|---|---|---|
| | सहभागिता | ५ | सहभागिताअन्तर्गत हाजिरी, कक्षा कार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्ष रहनेछन्। |
| | प्रयोगात्मक तथा परियोजना कार्य | ३५ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्तालगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ। |
| | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकका लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ। यसका लागि प्रत्येक परीक्षाका लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ। |
| | जम्मा | | |

विस्तृत प्रयोगात्मक मूल्याङ्कनका लागि देहायका आधारहरूमा देहायबमोजिम अङ्कभार रहेको छ ।

**तालिका नं. २**

| क्र.सं. | विषय/क्षेत्र | अङ्क भार/ विभाजन |
|---|---|---|
| १ | उपस्थिति, नियमितता र सक्रिय सहभागिता | ५ |
| २ | प्रयोगात्मक कार्यको अभिलेख र सम्पादन | ५ |
| ३ | सिर्जनात्मक सोधखोज गरी प्रतिवेदन तयारी (प्रविधिको प्रयोगसहित) | ६ |
| ४ | स्थानीय मौलिक, ऐतिहासिक, भौगालिक, वातावरणीयलगायतका क्षेत्रका वस्तु सङ्कलन, अवलोकन र अभिलेखीकरण | ६ |
| ५ | शिष्टाचार, अनुशासन, योग, सरसफाइ व्यवस्थापन, अभिनयलगायतका व्यक्तित्व विकासका कार्यमा गरेको सक्रिय सहभागिता र सो को अभिलेख/मौखिक परीक्षा | ६ |
| ६ | योजनाको खाकासहित लघुपरियोजना कार्य सम्पादन र प्रस्तुति | ४ |
| ७ | चेतनामूलक कार्य सञ्चालन, सहभागिता र सक्रियता | ४ |
| ८ | सहपाठी सिकाइ र उत्प्रेरणा | ४ |
| ९ | त्रैमासिक परीक्षा कक्षा ४-८ सम्म | १० |
| | जम्मा | ५० |

**नोटः** कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कन प्रणालीबाट हुने भएकाले त्रैमासिक परीक्षाको १० अङ्कलाई शिक्षकले दिएको शीर्षकमा विभाजन गरी थप गर्न सकिने छ । अभिभावक प्रतिक्रियालाई समेत केही अङ्क विभाजन गर्न सकिने छ ।

### ६. सैद्धान्तिक पक्ष

यो पाठ्यक्रम आधारभूत तह (१-३) सम्म शत प्रतिशत आन्तरिक तथा निरन्तर मूल्याङ्कनको आधारमा र आधारभूत तह (४-८) मा ५० पूर्णाङ्कको व्यावहारिक र ५० पूर्णाङ्कको लिखित परीक्षा हुनेछ । पाठ्यक्षेत्र तथा विषयवस्तुको प्रकृति एवम् पाठ्यघण्टासमेतको आधारमा ज्ञान र बोध तहका ४५ प्रतिशत, सिप/प्रयोग तहका ३५ प्रतिशत र उच्च दक्षताका २० प्रतिशत पर्ने गरी लिखित परीक्षाको प्रश्न निर्माण गर्नु पर्ने छ ।

कक्षा ४-८ मा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) र ५० प्रतिशत निर्माणात्मक पद्धतिबाट विद्यार्थीको लेखाजोखा गरिने छ । निर्माणात्मक र निर्णयात्मक दुवै पद्धतिका आधारमा विद्यार्थीलाई कक्षोन्नति गरिने छ । लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ र उत्तीर्णाङ्क ल्याइ उतिर्ण हुनुपर्नेछ ।

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । यसलाई त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षामा अङ्क विभाजन गरी वा सिधै अन्तमा परीक्षाबाट मूल्याङ्कन गर्न सकिन्छ । त्रैमासिक र अर्धवार्षिक परीक्षाले अन्तिम परीक्षा सुधारका लागि प्रयोग गरी निर्माणात्मक मूल्याङ्कनमा पनि जोड्न सकिन्छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्चदक्षतामा आधारित हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य अनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्नलिखित विशिष्टीकरण तालिकाको पाठ्य र अङ्कभारअनुसार निर्माण र विभाजन गरी उपलब्धि परीक्षा लिनुपर्ने छ ।

निर्माणात्मक मूल्याङ्कनमा औषत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूका हकमा सम्बन्धित अभिभावक कक्षा वा विषय शिक्षक, र प्र.अ. को निर्णयबाट थप सिकाइको मौका दिइ कक्षोन्नति गरिने छ।

### ७. तहगत पाठ्यक्रमको थिमगत पाठ्यघण्टा र अङ्क विभाजन (कक्षा १-३)

**तालिका नं. -३,**

| क्र.सं. | थीम/क्षेत्र/एकाई | कक्षा-१ | | कक्षा-२ | | कक्षा-३ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य घण्टा | अङ्क भार | पाठ्य घण्टा | अङ्क भार | पाठ्य घण्टा | अङ्क भार |
| १. | हाम्रो नाम्खा | २४ | १६ | २४ | १६ | २४ | १६ |
| २. | हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास | २२ | १४ | २२ | १४ | २२ | १४ |
| ३. | हाम्रो धर्म, संस्कृति र परम्परा | २० | १२ | २० | १२ | २० | १२ |
| ४. | हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत | २२ | १४ | २२ | १४ | २२ | १४ |
| ५. | हाम्रो कला, सिप र सूचना प्रविधि | १६ | १२ | १६ | १२ | १६ | १२ |
| ६. | हाम्रो खेल तथा मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास | १६ | १२ | १६ | १२ | १६ | १२ |
| ७. | हाम्रो सामाजिक विकास र सेवा प्रवाह | २० | १० | २० | १० | २० | १० |
| ८. | हाम्रो वातावरण संरक्षण र विपद व्यवस्थापन | २० | १० | २० | १० | २० | १० |
| | **जम्मा** | १६० | १०० | १६० | १०० | १६० | १०० |

यसमा पूरै अङ्क आन्तरिक तथा प्रयोगात्मक मूल्याङ्कन वा निरन्तर मूल्याङ्कनको माध्यमले मूल्याङ्कन गरिनेछ।

### ८. तहगत पाठ्यक्रमको थिमगत पाठ्यघण्टा र अङ्क विभाजन (कक्षा ४-५)

**तालिका नं. -४**

| क्र.सं. | थीम/क्षेत्र/एकाई | कक्षा-४ | | कक्षा-५ | |
|---|---|---|---|---|---|
| | | पाठ्य घण्टा | अङ्क भार | पाठ्य घण्टा | अङ्क भार |
| १. | हाम्रो नाम्खा | २० | १४ | २० | १४ |
| २. | हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास | १८ | १४ | १८ | १४ |
| ३. | हाम्रो धर्म, संस्कृति र परम्परा | १६ | १४ | १६ | १४ |
| ४. | हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत | १८ | १४ | १८ | १४ |
| ५. | हाम्रो कला, सिप र सूचना प्रविधि | १४ | १२ | १४ | १२ |
| ६. | हाम्रो खेल तथा मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास | १४ | १० | १४ | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | हाम्रो सामाजिक विकास र सेवा प्रवाह | १४ | १२ | १४ | १२ |
| ८. | हाम्रो वातावरण संरक्षण र विपद व्यवस्थापन | १४ | १० | १४ | १० |
| | **जम्मा** | १२८ | १०० | १२८ | १०० |

यसमा ५०% आन्तरिक मूल्याङ्कन र ५०% अङ्कको लिखित परीक्षाबाट मूल्याङ्कन गरिनेछ।

## ९. तहगत पाठ्यक्रमको थिमगत पाठ्यघण्टा र अङ्क विभाजन (कक्षा ६-८)

**तालिका नं. - ५**

| क्र.सं. | थीम/क्षेत्र/एकाई | कक्षा-६ | | कक्षा-७ | | कक्षा-८ | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्य घण्टा | अङ्क भार | पाठ्य घण्टा | अङ्क भार | पाठ्य घण्टा | अङ्क भार |
| १. | हाम्रो नाम्खा | १८ | १४ | १८ | १४ | १८ | १४ |
| २. | हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास | १८ | १४ | १८ | १४ | १८ | १४ |
| ३. | हाम्रो धर्म, संस्कृति र परम्परा | १६ | १२ | १६ | १२ | १६ | १२ |
| ४. | हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत | १८ | १४ | १८ | १४ | १८ | १४ |
| ५. | हाम्रो कला, सिप र सूचना प्रविधि | १४ | १२ | १४ | १२ | १४ | १२ |
| ६. | हाम्रो खेल तथा मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास | १४ | १० | १४ | १० | १४ | १० |
| ७. | हाम्रो सामाजिक विकास र सेवा प्रवाह | १४ | १२ | १४ | १२ | १४ | १२ |
| ८. | हाम्रो वातावरण संरक्षण र विपद व्यवस्थापन | १६ | १२ | १६ | १२ | १६ | १२ |
| | **जम्मा** | **१२८** | **१००** | **१२८** | **१००** | **१२८** | **१००** |

कक्षा ४-८ सम्म १०० पूर्णाङ्कको ५०% आन्तरिक मूल्याङ्कन र ५०% अङ्कको लिखित परीक्षाबाट मूल्याङ्कन गरिनेछ। यससम्बन्धी विस्तृत विवरण तालिका नं. ८ र ९ मा दिएको विशिष्टिकरण तालिका र ढाँचाअनुसार हुने छ।

## १०. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

विद्यार्थीको सिकाइ, उपलब्धिको लेखाजोखा गर्ने मुख्य आधार मूल्याङ्कन हो। मूल्याङ्कनलाई निर्णयात्मक र निर्माणात्मक गरी दुई तरिकाले प्रयोग गर्न सकिन्छ। निर्माणात्मक मूल्याङ्कन निरन्तर चलिरहने मूल्याङ्कन प्रक्रिया हो। निरन्तर मूल्याङ्कनबाट विद्यार्थीको ज्ञान, सिप, प्रकृति मूल्यमान्यता काम गर्ने तत्परता आदि विविध पक्षको मूल्याङ्कन गर्न सकिन्छ। निर्माणात्मक सुधारात्मक मूल्याङ्कनको एउटा रूप निरन्तर मूल्याङ्कन हो। यसको सैद्धान्तिक आधार रचनावाद (Constructivism) हो। सबै प्रकारको सुधारात्मक मूल्याङ्कन भने निरन्तर मूल्याङ्कन होइन।

विद्यार्थीहरूको उपलब्धि र स्तरलाई सुधार गरी पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू ज्ञान, सिप अभिवृत्ति, मूल्यमान्यता, व्यवहार विद्यार्थीमा हासिल गराउन निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका हुन्छ। यसले विद्यार्थीको कमीकमजोरी पहिचान गरी आवश्यक सुधारात्मक शिक्षण गर्न सहयोग पुर्‍याउँछ। तसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नका लागि निम्न लिखित कार्य तथा साधनहरूको प्रयोग गरिन्छ।

**१. कक्षा सहभागिताः** विद्यार्थी नियमित रूपमा कक्षामा नआउँदा शिक्षकले गरेको सिकाइ कार्यमा विद्यार्थी कमजोर हुने भएकाले नियमित रूपमा हाजिरी र कक्षा सहभागितामा पनि ध्यान दिनुपर्दछ । विद्यार्थीको कक्षा कार्यमा सहभागिताको परीक्षण गर्ने विभिन्न साधनहरू तयार गरी विद्यार्थीको उपलब्धि र सक्षमताको मूल्याङ्कन गर्न सकिन्छ ।

**२. लिखित तथा मौखिक कार्यः** अध्ययन अध्यापनका क्रममा कुराकानी तथा छलफललगायत लिखित तथा मौखिक प्रश्नहरू गरेर पनि सिकाइ अवस्थाका बारेमा जानकारी लिन सकिन्छ । विद्यार्थीलाई छोटाछोटा औपचारिक वा अनौपचारिक रूपमा लिखित तथा मौखिक परीक्षा लिएर पनि मूल्याङ्कन गर्न सकिन्छ । यस्ता कार्यबाट आएका नतिजाको आधारमा आवश्यक मात्रामा पृष्ठपोषण प्रदान गर्न सकिन्छ । कक्षामा गर्न नसकिएका कार्य र थप अभ्यासहरू गर्न केही गृहकार्यको रूपमा दिन सकिन्छ । गृहकार्य बोझको रूपमा नभइ सामान्य सिकाइ क्रियाकलापको अभ्यासको रूपमा हुनुपर्दछ ।

**३. परियोजना तथा प्रयोगात्मक कार्यः** विद्यार्थीको क्षमता, स्तर, पाठ्यक्रम र विषयवस्तुसँग मिल्दाजुल्दा परियोजनाका कार्यहरू दिनुपर्दछ । यस चरणमा विद्यार्थीले व्यवस्थित रूपमा पूरा कार्य गरे वा नगरेको अवलोकन तथा अध्ययन गरी आवश्यक भए थप सुझाव दिनुपर्दछ ।

**४. अवलोकनः** विद्यार्थीले सिकेका कुरा व्यवहारमा पूरा गरे वा नगरेको कार्य सम्पादन गर्न सके वा नसकेको अवलोकन गरी पृष्टपोषण दिन सकिन्छ ।

**५. विद्यार्थीको कार्यको प्रर्दशनः** विद्यार्थीले गरेका कार्यहरूको प्रर्दशन गराइ उनीहरूको कार्यको मूल्याङ्कन गर्न सकिन्छ । यसमा सिर्जनात्मक कार्य कविता, कथा लेखन, चित्र बनाउने आदिको प्रर्दशन गराउन पनि सकिन्छ ।

**६. घटनावृत्त अभिलेखः** विद्यार्थीले कुनै घटनामा प्रर्दशन गरेका व्यवहार तथा कार्यको विवरण सङ्कलन तथा अध्ययन गरी विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ ।

**७. स्व (आफै) र सहपाठी मूल्याङ्कनः** विद्यार्थीले आफूले अध्ययन गरेका विषयवस्तुमा आफै मूल्याङ्कन गरेर वा सहपाठी साथीले एक अर्काको कार्यको मूल्याङ्कन गर्न सँगै बसेर गरिएको कार्यको मूल्याङ्कन गर्ने गरी पृष्ठपोषण प्राप्त गर्न अवसर प्राप्त गर्न सकिन्छ ।

**८. अभिभावकको प्रतिक्रियाः** विद्यार्थीले कार्य सम्पादन व्यवहारमा आएको परिवर्तन र विशिष्ट तथा समग्र सिकाइका बारेमा अभिभावकको राय तथा प्रतिक्रियाबाट पनि विद्यार्थीको मूल्याङ्कन गर्न सकिन्छ । यसमा शिक्षक र अभिभावक छलफल गर्ने वा शिक्षक अभिभावक र विद्यार्थी बिच छलफल गरेर विद्यार्थीलाई आवश्यक पृष्ठपोषण दिन सकिन्छ भने शिक्षकले पनि यसबाट शिक्षण सिकाइ प्रक्रियामा सुधारका लागि आधार पनि प्राप्त हुन सक्छ ।

**९. विद्यार्थीको सिकाइ उपलब्धि स्तर र मापनः** विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने उल्लेखित कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षाकार्य, व्यवहार, परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीको कार्यको प्रर्दशनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न किसिमका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा सिकाइ उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्य सञ्चयिका (Portfolio) तयार गरी विद्यार्थीको प्रगति के कति मात्रमा र के कसरी भइरहेको छ के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरी हटाइ सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ ।

## ११. विषय क्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फारामहरू

सामान्यतया सबै विद्यार्थीको सिकाइ स्तर न्यूनतम ३ पुऱ्याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइ स्तर १ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटक, पटकको सुधारात्मक सिकाइबाट पनि सिकाइ स्तर एक भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारात्मक उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक तथा निर्माणात्मक शिक्षण सिकाइ आवश्यक हुन सक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुऱ्याउनु अपेक्षित हुन्छ ।

## १२. विद्यार्थीको सिकाइ उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या

**तालिका नं. -६**

| उपलब्धिको स्तर | मापन/अङ्कन | उपलब्धि स्तर र त्यसको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर Weak | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबै जसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य Basic | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो Good | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएका |
| उच्च Advance | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

विषय क्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषय क्षेत्र तथा थिमको समग्र उपलब्धिलाई प्रतिशतमा निम्नअनुसार निकाल्नु पर्दछ ।

उपलब्धि स्तरको अङ्कनको जोड

क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत = .......................................................... x १००

४ x मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या

विषय क्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरी सकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छः

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरि निम्नानुसार प्रस्तुत गर्नुपर्दछ ।

## १३. क्षेत्रगत तथा थिमगत सिकाइ उपलब्धि र प्रतिशत

**तालिका नं. -७**

| सिकाइ उपलब्धि प्रतिशतमा | अक्षरमा उपलब्धि स्तर | स्तरीकृत अङ्क GPA | Level of Achievement | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| 91-100 सम्म | A+ | 4.0 | Out standing | सर्वोकृष्ट |
| 81-90 सम्म | A | 3.6 | Excellent | उत्कृष्ट |
| 71-80 सम्म | B+ | 3.2 | Very good | उत्तम |

| | | | | |
|---|---|---|---|---|
| 61-70 सम्म | B | 2.8 | Good | राम्रो |
| 51-60 सम्म | C+ | 2.4 | Satisfactory | सन्तोषजनक |
| 41-50 सम्म | C | 2.0 | Acceptable | ग्राह्य/स्वीकार्य |
| 35-40 सम्म | D+ | 1.6 | Basic | आधारभूत/न्युनतम/कमजोर |
| 35 भन्दा कम | NG | -- | Non-Grading | अवर्गीकृत |

**१४. विद्यार्थीको व्यक्तिगत विवरण**

**१. विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण**

क. विद्यालयको नाम ...........

ख. ठेगाना ......................

ग. विद्यार्थीको नाम ..........

घ. जन्ममिति .................

ङ. विद्यार्थीको घरको ठेगाना ................

च. पारिवारिक विवरण ....................

अ. आमाको नाम ............... पेसा ........... सम्पर्क नं .................

आ. बाबुको नाम ................. पेसा ........... सम्पर्क नं .................

छ. बाबुआमा बाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावक वा संरक्षकको

अ. नाम ......................... पेसा .................. सम्पर्क नं .................

आ. विद्यार्थीसँगको नाता ............................

ज. विद्यालय भर्ना मिति र कक्षा .......................

झ. मातृभाषा, घरपरिवारमा बोलिने भाषा र अन्य भाषिक क्षमता

ञ. अघिल्लो अनुभव

अ. कक्षा १ मा भर्ना भएको भए प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव भए/नभएको

आ. अन्य कक्षामा भर्ना भएको भए अन्य विद्यालयको अनुभव

**२. स्वास्थ्य सम्बन्धी विवरण**

| मिति | तौल (के.जी) | उचाइ (से.मी) | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

ट. कुनै अपाङ्गता सम्बन्धी समस्या भए विवरण ..........

ठ. स्वास्थ्य सम्बन्धी विशेष समस्या भए टिपोट ..........

ड. अन्य कुनै थप विवरणहरू भए उल्लेख गर्ने ...........

**१५. स्थानीय पाठ्यक्रमको ढाँचा**

स्थानीय पाठ्यक्रम - २०८०

स्थानीय पाठ्यक्रमको मूल नाराः "सुन्दर, शान्त, विशालः समृद्ध नाम्खा हाम्रो अभियान"

स्थानीय पाठ्यक्रमको शीर्षक/नामः **"हाम्रो नाम्खा"**

पाठ्यक्रमको प्रकृतिः एकिकृत, सैद्धान्तिक र प्रयोगात्मक

तहः आधारभूत (१-८)

पूर्णाङ्कः १००

जम्मा कार्य घण्टाः

साप्ताहिक पाठ्यघण्टाः कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टा र कक्षा ४-८ मा ४ पाठ्यघण्टा

जम्मा पाठ्यघण्टाः कक्षा १-३ मा वार्षिक १६० घण्टा र कक्षा ४-८ मा वार्षिक १२८ घण्टा

**१६. पाठ्यक्रमको परिमार्जन**

समय गतिशिल र परिवर्तनशील छ। समय र परिस्थितिअनुसार सिकारू, व्यक्ति तथा सामाजिक इच्छा, आकाङ्क्षा र आवश्यकता पनि वृद्धि र परिवर्तन हुन्छन। ती आवश्यकताहरू शैक्षिक पाठ्यांशमा समावेश हुनुपर्दछ, जसले विद्यार्थीको रुचि, ज्ञान, सिप र व्यवहारका क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन सकोस। यसै अनुरूप यो पाठ्यक्रम पनि बदलिँदो सामाजिक आवश्यकतालाई सम्बोधन हुन पनि समय समयमा परिमार्जन हुनुपर्दछ। यस क्षेत्रका प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक र वातावरणीय पक्षहरूको सकारात्मक सन्दर्भहरूको खोज, अनुसन्धान र गहिरो अध्ययन गर्दै जानेछ र प्राप्त निष्कर्ष तथा नयाँ ज्ञान र सिपलाई पुन यस पाठ्यक्रममा समावेश गर्दै लगिने छ। समय सान्दर्भिक नयाँ तथा थप आवश्यक विषयवस्तुलाई स्थान दिँदै समेटेर लैजान यस पाठ्यक्रमलाई समयसापेक्ष बनाउँदै लैजान यसको आवश्यक परिमार्जन कार्य हुँदै जानेछ।

**१७. पाठ्यक्रम मूल्याङ्कन**

पाठ्यक्रमको मूल्याङ्कनका आधार निम्नानुसार हुने छन्:

(क) विद्यार्थीको उपलब्धि स्तर

(ख) शिक्षकको कार्य सम्पादन स्तर

(ग) पठनपाठनमा उपयोग गरिएको समय

(घ) विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव

(ङ) अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा, धारणा र प्रतिक्रिया

उपर्युक्त पक्षमा समेतका आधारमा प्रत्येक पाँच वर्षमा पाठ्यक्रमको मूल्याङ्कन गरिने छ। यसो गर्दा व्यक्ति, परिवार र समाजमा परेको प्रभावसमेतलाई हेरिने छ।

**१८. सिकाइ वा शिक्षाको माध्यम**

आधारभूत तह (कक्षा १-३) मा शिक्षणको माध्यम भाषा मातृभाषामा हुनेछ भने (४-८) सम्म सामान्यतया मातृभाषा, बहुभाषा वा नेपाली भाषामा पनि हुने छ।

स्थानीय भाषा विषय अध्ययन गराउँदा शिक्षा (सिकाइ) को माध्यम सोही भाषा हुने छ।

## १९. पाठ्यक्रम कार्यान्वयन योजना

स्थानीय पाठ्यक्रमका सिद्धान्त तथा मार्गदर्शनमा आधारित पाठ्यक्रम निम्नअनुसार परीक्षण तथा कार्यान्वयन हुनेछः

आ.व. २०८०/०८१ भित्र स्वीकृत प्रदान गरि पाठ्यक्रम प्रबोधीकरण, बहुभाषी शिक्षकको व्यवस्थापन, शैक्षिक सामग्री तथा सन्दर्भ सामग्री सङ्कलन, निर्माण र व्यवस्था गर्दै स्थानीय विषयवस्तु, भाषा र लिपिलाई जोड्दै शैक्षिक वर्ष २०८१/०८२ बाट कार्यान्वयन गरिने।

## २०. विशिष्टीकरण तालिका

### कक्षा ४-८ सम्मका सैद्धान्तिक मूल्याङ्कन

पूर्णाङ्कः ५० समयः २ घण्टा

**तालिका नं. ८**

| एकाई | विषय/क्षेत्र | पाठ्य भार | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्च दक्ष | | | जम्मा प्रश्न सङ्ख्या | | | जम्मा अङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो नाम्खा | २० | १ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | २ | १ | १ | ८ |
| २ | हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास | १८ | १ | ० | ० | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | १ | १ | ७ |
| ३ | हाम्रो धर्म, संस्कृति र परम्परा | १६ | ० | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० | २ | १ | ७ |
| ४ | हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत | १८ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | ० | २ | १ | ७ |
| ५ | हाम्रो कला, सिप र सूचना प्रविधि | १४ | १ | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ० | २ | १ | ० | ५ |
| ६ | हाम्रो खेल, मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास | १४ | १ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | १ | ० | ५ |
| ७ | हाम्रो सामाजिक संस्था, विकास र सेवा प्रवाह | १४ | ० | ० | १ | ० | १ | ० | ० | ० | ० | १ | ० | ० | १ | १ | १ | ६ |
| ८ | हाम्रो वातावरण | १४ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० | २ | १ | ० | ५ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संरक्षण र विपद व्यवस्थापन | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | ५ | ३ | २ | ३ | ३ | २ | ० | २ | ० | २ | २ | १ | १० | १० | ५ | ५० |

**प्रश्न सङ्ख्या र अङ्क विभाजन**

| प्रश्नका किसिम | प्रश्न सङ्ख्या | जम्मा अङ्क | | प्रश्न | प्रतिशत |
|---|---|---|---|---|---|
| लामो प्रश्न | ५ | ५x४=२० | | प्रश्न | र प्रतिशत |
| छोटा प्रश्न | १० | १०x२=२० | | ज्ञान र बोध | ५० |
| अति छोटा प्रश्न | १० | १०x१=१० | | प्रयोग र सिर्जना | ३० |
| **जम्मा** | **२५** | **२५** | | उच्च दक्ष | २० |

उच्च दक्षतामा विश्लेषण, समालोचनात्मक चिन्तन, मूल्य अभिवृत्तिसँग सम्बन्धित प्रश्नहरू तयार गरी सोध्नुपर्ने छ। ६-८ कक्षाको लागि ज्ञान, बोधका साथै उच्च दक्षताको अङ्कभार बढाउन सकिने छ।

प्रश्ननिर्माण गर्दा पाठ्यघण्टा र अङ्कभारको आधारमा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग ) तथा उच्चतहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका विषय, क्षेत्र समेटेर प्रश्नहरू र सबै एकाईको पाठ्यघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ। यसमा लामो उत्तर, छोटो उत्तर र अति छोटो उत्तर आउने खालका गरी तीन किसिमका प्रश्न निर्माण गर्नुपर्ने छ। अति छोटाअन्तर्गत ठिक/बेठिक, खाली ठाउँ, जोडा मिलाउ, शब्द अर्थ, बहुवैकल्पिक प्रश्न सोधिनुपर्छ भने छोटा र लामा प्रश्नमा ज्ञान, बोध र व्याख्या विश्लेषणात्मक प्रश्नहरू सोध्नुपर्ने छ। अति छोटो प्रश्न १ अङ्कसम्म, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कसम्मका दरले सोध्न सकिने छ।

## २१. प्रयोगात्मक तथा आन्तरिक मूल्याङ्कन

**तालिका नं.-९,**

| क्र. सं. | विद्यार्थीको नाम | प्रयोगात्मक कार्य, अभिलेख - ५ | प्रतिवेदन निर्माण र प्रस्तुति - ६ | परियोजना, सिर्जनात्मक कार्य - ५ | त्रैमासिक परीक्षा - १० | स्थानीय मौलिक ज्ञान - ६ | अनुशासन सहभागिता - ५ | चेतनामूलक कार्य वा सिकाइ - ६ | सहपाठी सिकाइ मूल्याङ्कन - ५ | जम्मा - ५० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | | | |
| 2 | | | | | | | | | | |
| 3 | | | | | | | | | | |
| 4 | | | | | | | | | | |
| 5 | | | | | | | | | | |
| 6 | | | | | | | | | | |
| 7 | | | | | | | | | | |
| 8 | | | | | | | | | | |
| 9 | | | | | | | | | | |
| 10 | | | | | | | | | | |

**नोटः** कक्षा १-३ सम्म निरन्तर मूल्याङ्कन प्रणालीबाट हुने भएकाले त्रैमासिक परीक्षाको १० अङ्कलाई शिक्षकले दिएको शीर्षकमा विभाजन गरी थप गर्न सकिने छ। अभिभावक प्रतिक्रिया र अतिरिक्त क्रियाकलाप सहभागी बापत जोड्न सकिने छ।

# थीमगत विषय विस्तृतीकरण र स्थानीय शब्दावली तालिका

**१. थिमगत विषयवस्तु र शीर्षक/पाठ**

यस थिमका विषयवस्तु, क्रम र क्षेत्रहरू एकिकृत र अन्तर सम्बन्धित रहेका छन। यसलाई पूर्वज्ञानको आधारमा सरलबाट जटिलतिर क्रम रहेकाले जुनसुकै थिमका विषयवस्तु र पाठलाई आवश्यकअनुसार शिक्षण सिकाइ गर्न सकिने छ। विषयवस्तुको संक्षिप्त तथा विस्तृत जानकारी दिन शिक्षकले यस तालिकाको प्रयोग गर्न सकिने छ।

**तालिका नं. – १०**

| क्र. सं. | थीम | विषयवस्तु पाठ/शीर्षक | शीर्षक/पाठको विस्तृतिकरण र स्थानीय शब्दावली |
|---|---|---|---|
| १. | **हाम्रो नाम्खा** | **परिचय तथा पहिचान हामी र हाम्रो समुदाय** | (**परिचय**-ङोइटोद्, र **पहिचान**-ङोइताग् , **नाम**-मीङ्, **वरपर**-फुङहि छुङहि, दादो, फालाछुला, **दायँबायाँ**-याइयोन, **आफ्नो**-राङगी, **घरपरिवार**-परल, नङमी, **साथीभाइ**-रोअराम्दा, **आफन्त**-ङ्यानपुन, **छरछिमेक**-खिम्छे, **घर**-खिम, खाङबा, **घरको सामग्री**-खिम्जी च्यालाग् पालाग्, **घरधुरी**-टोङ्बा, त्हुछाङ, **वंश गोत्रा**-रूइवा, **दलित**-रिग्ङान, **लोपोन्मुख**-जोग्पी ङ्येन्खा, **जनसङ्ख्या**-मिट्हाङ्ग, मिबोर, **टोल**-दगडा, **गाउँ**-य्हुल, **बाटो**-ल्हाम्, डोल्हाम्, **सडक**-ग्याल्हाम, **बजार**- छोङ्रा, **सहर**-ट्रोङदे, य्हुल्छयेन, **बस्ती**-श्ही छया र **समुदाय**- य्हुल्वा, **समुदायको नाम**-य्हुलमीङ्, **दैनिक कार्य**-ग्युन्दु, नम्युन, श्हाग्ताङ्, **जीवन**-मिछे, **गुम्बा**-गोन्बा, **मन्दिर**-ल्हाखाङ, छयोखाङ, **जिल्ला**-य्हुल जोङ, **भूगोल**-साछ्या रिग्पा, पाटीपौवा, वडा तथा पालिकाको भौगोलिक सिमाना, क्षेत्रफल, नक्सा र हावापनी, घरपालुवा जनाबर, वरपरको बोटबिरुवा |
| | | **स्थानीय सरकार, संरचना र सञ्चालन** | **जनप्रतिनिधि** र **नाम**-दम्पी मि, मिमाङ दम्पा, **काम**-लाइका, **उद्देश्य**-लाइत्होन, **समिति**- छोम्च्युङ, **वडापालिका**-य्हुल्छो, **गाउँपालिका**-ट्रोङ्दे लेखुङ, विषयगत समिति, न्यायिक समिति, संविधान, ऐन, नियम, कानुन, मेलमिलाप, प्रशासन, सभा, बैठक, अधिकार, काम कर्तव्य, जिम्मेवारी, शिक्षा, स्वास्थ्य, पूर्वाधार, आर्थिक, रोजगारी, सुरक्षा |
| | | हाम्रो विगत, नाम्खाको सिमाना र अन्तर्राष्ट्रिय सम्बन्ध | **इतिहास**-च्हुङराब, लोग्युई, गाउँ, समुदाय पुर्खाको उत्पत्ति, उद्यम स्थल, बस्ती विकास, जातजाति र समूह, नामकरण, ऐतिहासिक स्थल, वस्तु, व्यक्तित्व, स्मारक, स्थानीय समुदायको इतिहास, ऐतिहासिक ग्रन्थ, किंवदन्ती, शिलालेख, ताम्रपत्र, पुरातत्त्व, पुरानो गुम्बा, गुफा, छाप, दरबार, राज्य, व्यवस्था, लडाइँ, युद्ध, महामारी, भाषा, धर्म, संस्कृति, व्यापार, तीर्थटन, सन १९५९ अघि र पछिको तिब्बत र चीनसँगको सम्बन्ध र परिवर्तन, सिमाना, मैत्रीभाव। |

| | | | |
|---|---|---|---|
| २. | **हाम्रो स्वास्थ्य, सुरक्षा, सरसफाइ र व्यक्तित्व विकास** | **व्यक्तिगत सरसफाइ** | **व्यक्तिको सरसफाइ**-ङोइचाङ्गा, **शरीर**-लुइपो, **शारीरिक सरसफाइ**-नुहाउने, हातमुख धुनु, दाँत माझ्नु, नङ् काट्नु, शौचालय प्रयोग, धारा, र लुगा, भाँडाकुँडा, सरसफाइको सामग्री, **कोठा (भान्सा, सुत्ने कोठा), घर आँगन, बाटोको सरसफाइ, महिनावारी**-क्येद्पा ग्याक्च्ये, शारीरिक अभ्यास, महिनावारी व्यवस्थापन, शारीरिक, सरसमानको सरसफाइ तथा घर परिपरिको सरसफाइ, |
| | | व्यक्तित्व विकास | **स्वभाव**-च्हावा, **बानीव्यवहार**, मिठो बोली वचन, आकर्षण, सुन्दरता **ढोग**-छयाग्, **सत्कार**-गासु, **अभिवादन**-छयाग्, **कृतज्ञ**-सेम्गा, **मिलनसार**-छयाम्पो, **वानीव्यवहार**-च्याह च्हेताँ, **दैनिकी**-ङ्यीन्थो, शहाक्ताङ, समय पालक, **आज्ञाकारी**, **सृजनशिल**-लाएका सार्वा, सारलाइ, **रुचि**-च्यिङिन, सहयोगी भावना, **सुसंस्कार**-च्योद्जाङ, **शान्त स्वभाव**-ट्राज्याम्पु, **शारीरिक अभ्यास**-लुइ ज्योङ, लुइचाल, सहयोगी बानी, नम्र, धैर्य र सहनशिलता, अनुशासन, सकरात्मक सोच र सहयोगको भावना, |
| | | सामुदायिक तथा वातारणीय सरसफाइ | **शौचालय, ढल निकासा, धारा, घर आँगन, बाटो, वायु**-लुङबु, **पानी**-छयु, **सामुदायिक**-च्यीछोग, **सरसफाइ**-चाङ्गा, **फोहोर मैला**-बावा, चोक्पा, **व्यवस्थापन**-ट्हडीग् (प्लाष्टिक-छयुस्योग, **सिसा**-स्येल, **टिन**-च्याग्टीन), **शान्ति**-लोदेहुँ, ज्याम्थीङ, |
| | | पोषणः पोषिलो खानेकुराहरू | **पोषण**-च्युद्, पोषिलो खानेकुरा-च्युद् शाये, च्युछयेन, **हरियो सागपात-ङो छाई, तरकारी**-पा, **फलफूल**-सिङ्तोक, **गेडागुडी**-ड्रु दोग, **अन्न**-डुथोग, **दुग्ध परिकार**-करछयु, **माछा मासु**-ङ्या, स्या, **स्वच्छा र सफा पानी**-छयु चाङ्गा, **तातोपानी**-छयु छा, **चिया**-च्हा, छयाङ्, **रक्सी**-आराग, **जुस तथा अन्य पेय पदार्थ**-ङिखु, खुवा, छयु ङार्मु, **अर्गानिक खाद्य**-क्येदन श्हाइ, **तयारी तथा प्याकेट खानेकुरा**-तुम्पी शायेरिग, थुमड्रिल **बासी खाना**-श्हाइ ल्हाग, **विषक्त खाना**-त्हुक शाय, **आहार विहार बानी**-शालु, ड्रोलु, **अभ्यास**-लुइ ज्योङ् आदि |
| | | स्थानीय रोग र रोगका प्रकारः रोगका प्रकार, लक्षण, कारण, रोगथाम, खोप, औषधि उपचार | **स्थानीय रोग व्याधीहरू**-सानाइगी नाचा, **सर्ने र नसर्ने रोगहरू**-गोइकान, फोइकान नाचा, मिफोइवी नाचा, **रोगका लक्षणहरू**-नाची ताग, **कारण**-ग्युम्छन, **रोकथाम वा बच्ने उपाय**-गोगथाप, **घरेलु उपचार**-ख्यीमनाङ मानच्योइ, **प्राथमिक उपचार-देवीदेवता**-ल्हा लु, **पूजापाठ-** का-कुरम, जडीबुटी **आयुर्वेद**-मान्चा, **भाइरस**-नाड्ढ, **औषधि**-मान, **खोप**-गोक्मान, **विषादि**-त्हुक, **सर्जरी** वा **चिरफार**-स्याग च्योइ, **महामारी रोग**-रीमनाद, **रोग**-नाछा, सरुवा/नसर्ने, **चोटपटक**-क्यान्छयाग्, **झिंगा**-डाङ्गा, **किरा फट्याङ्ग्रा**-बुसीङ, **वैद्य**-आम्ची, **स्वास्थ्य शिक्षा- स्वास्थ्य चौकी**-मान्खाङ, **सन्तुष्ट**-लोदेओ, **आनन्द**-गाकिद, रोगी-नाट्रो, **निरोगी**-ठ्रोदन, म्हिनाह, थाङ्बु, प्राकृतिक उपचार |
| ३. | **हाम्रो धर्म, संस्कृति र** | धर्म र धार्मिक सम्प्रदाय, | **धर्म-छयोइ, नाङ्पा-बुद्ध, ञिमा (छयोइलुग) - धर्म सम्प्रदाय, कग्युद्, ड्रिगुङ्, साक्य, बोन, मोन, धार्मिक पूजा/पाठहरू**-ङेनाइ, छोग, छयोत्पा, |

| | | | |
|---|---|---|---|
| | **परम्परा** | आस्था, सद्भाव, विश्वास र क्रियाकलाप | कुरेम, छाम/डुवा, छोइ, योग, ध्यान/तपस्य, **प्रार्थना**-मोलाम, **पाप**-दिग्पा, **धर्म**-छयोइ, गेवा, सत्कर्म, सत्वचन, **ढोग**-छयाग, **मूर्ति**-कु, **मन्दिर**- छयोर्तेन, गुम्बा, मठ-चैत्य, लामा (साङ्गे), **पाठ**-दोन्बा, **ध्यान**-थुन, **सदाचार**-तान्बु, **नैतिक शिक्षा**-च्योद्जाङ म्हारगे, **धार्मिक तीर्थस्थल**-नाइचेन **तीर्थ यात्रा**-नाइकोर, **सद्भाव**-थुन्स्ये, **धूप**-साङ, **दीप**-छयोम्हे, **देवीदेवता**-ल्हा-ल्हामो, **देवता थान**-ल्हा, ल्हासा, **देवालय**-ल्हाखाङ्, **धर्म र पाप कर्म**- गेवा र मिगेवा लाय, ग्युछर्येन त्हुइ-छे च्यु, ङेर्ङा, च्याङा नाम्गाङ, **गुरुमन्त्र**- वज्रगुरु, मानि, योग अभ्यास। |
| | | संस्कृति र परम्परा सामाजिक मूल्यमान्यता, चाडपर्व, रीतिथिति र चालचलन | (**साइनो**-साइनु, **नाता**-ङ्यान्डेल, **ढोग**-छयाग्, **उमेर**-लो **अर्मपर्म**-रोग्च्योल, **मितेरी**-रोग्पु, **भोजन**-शहाये, **परिकार**- शहाहिना, **पहिरन**-क्होलोग, **गरगहना**-ग्यान्छया, **अंश**-काल्दो, **जात**-रीग, **वंश**-रिग्युद, दुङ्ग्युद्, **खलक**-पट्टि, **मेला**-गातोन, **चाडपर्व**- त्हुच्येन, **लोक गीत**-लु, खुङ्लु, ज्युङ्लु, **लोक नृत्य**-चेमो, ठाप्तोन, स्याप्टो, स्याब्रु, **कथा**-लोग्युइ, **स्थानीय भाषा**-य्हुल्का, खलुग्, **संवाद**-ट्रोइताम, **स्थानीय खेल**-लुङ्पी चेमो, **खेलहरूको नाम..........** -**वेशभूषा**-छयाई, छयाइक्होइ, साहित्य, गीतसङ्गीत, **स्वागत**-च्होन्जे, सुइमा, **सत्कार**-छयाग्, थोङछयेन, गासु, स्थानीय **सङ्ग्रहालय**-डेम्तोन्खाङ, **चाडपर्व**-त्हुइछयेन, लोसार, म्हानी, डेनाई, लाज्याङ, नियमित पूजापाठ, च्होज्याङ्, दुज्याङ, दुट्राल, पिकनिक-खाशुर, ख्याती प्राप्त व्यक्ति र व्यक्तित्वहरूको जीवनी, योगदान आदि |
| | | सामाजिक संस्कार जन्म, विवाह, मृत्यु र बसाइँसराइ | **मानवीय अवस्था जन्म**-केच्ये, गर्भवत्ती, मातृशिशु, वच्चाको जन्म-केच्ये, केवा, नामकरण, पारी, ठलुग, **विवाह**-छयाङ्सा, प्हाग्तोन, विवाह **संस्कार**-गाप्हालेन, प्हालेन **दाइजो**-दैंजु, काल्दो-अंश, रेये-माग्नु, छिग-वचन खुवाउनु, श्हुडो, माइती मान्नु-फाँमाने, छयँगु, केकोँ लोक्च्ये, **मृत्यु**-सित्चे, दुर्घटना, ज्योतिष पात्रो, दिशा, वर्ष, दासंस्कार, प्हार्दो, फोअ-, लाम्दोन, श्हाग्ज्यी, दुनज्याग्, सेर्गु, त्हुइ सोय, केवा, मोलाम, छयाग् छयोद्वे, कुरेम, शिंहखाम, ङ्याखाम, ङ्याल्व, हिताग, बसाइँसराइ, जीवनचक्र। |
| ४. | **हाम्रो काम, पेसा, व्यवसाय र आयस्रोत** | परम्परागत काम र पेसा कृषि, पशुपालन, पूरक तथा व्यवसाय पन्छी, मौरी, तरकारी र फलफूल खेती | **निर्वाहमुखी, परम्परागत, कामः कृषि/खेती**-श्हीङलाइ, **पशुपालन**-ढ्रोक्लाइ, (त्हुरू, गुप्च्यु सोये), **अन्नबाली**-डुथोग, तोन्थोग सागपात, **तरकारी**-पा, छाइ, डोछाइ, **फलफूल**-सीङ्तोग, **उद्योग**-जोटा, दलहन, तेलहन, **मदिरा**-छयाङ, आरग, **व्यवसाय**-श्हीलाइ, करेसाबारी, बगैंचा, कौंसी तरकारी, **होटल**-शाखाङ, **व्यापार**-छोखाङ्, **पसल**-छोङखाङ, **जागिर**-श्हुङलाइ, **रैथाने बाली**-सानाइ लोथोग, **अर्गानिक**-लाक्जोइ, **स्थानीय उत्पादन**-सानाइ थोन्बाव, **जडीबुटी**-मान्चा, सिप तालिम-जोचाल ज्योङ्दार। |
| | | उद्यम, व्यवसाय तथा अन्य आयस्रोतका | **व्यवसाय**-श्हीलाइ, उत्पादनमुखी, (तरकारी, फलफूल, नर्सरि खेती, मौरी, चौरी, गाई, कुखुरापालन, भेडाबाख्रा, खच्चड पालन, पाकशिक्षा, गाइड, जडीबुटी, फर्निचर, होटल व्यवसाय, फलफूल प्रशोधन, जडीबुटी खेती तथा |

| | | | |
|---|---|---|---|
| | | अन्य क्षेत्र उद्योग, व्यापार, पर्यटन र जडीबुटी | प्रशोधन, सुन्दर/ब्युटी पार्लर), **फुरु व्यापार**-फुर्छोङ, नाफा, घाटा, **बजार**-छोङ्रा, खरीद, बिक्री, **बजारीकरण**-ङ्योप्छोङ्, **प्रवर्धन**-पेल्जे, फेल्गे, **विज्ञापन**-ख्याप्ड्रग, **वैदेशिक रोजगार**-छियग्याल लाइका, व्यावसायिक तथा व्यापार कामहरू, प्रविधिमैत्री। |
| ५. | **हाम्रो कला, सिप र सूचना प्रविधि** | स्थानीय कला, सिप विकास र प्रबर्द्धन, | (परम्परागत प्रविधि, **काष्ठकला**-सिंज्रो, फुरू, **माटोकला**-साजो, **धातुकला**-च्याजो, **कपडा**-राइछया, क्होइ, **सिलाई**-छेम्जो, **बुनाई**-लाये, **रङ्गाई**-छोइजोये, **चित्राङ्क**-थाङ्का ट्रहिग्च्ये, लप्रीइ, **छाला**-क, पाँमु ङ्येद्च्ये, **पानीघट्ट**-छ्युरा, **तेल पेल्ने**-हाराप, छयाङ रक्सी बनाउने, नृत्य, अभिनय, गायन, सङ्गीत (वाद्यवादन), पुतली खेलौना, बनाउने, रेखात्मक, चित्रात्मक। |
| | | सूचना, सञ्चार, प्रविधि र प्रयोग | **सूचना प्रविधि**-ठुल छयाइ, **सामाजिक सञ्जाल**-ट्रहख्याप, **मोबाइल**-लाग् फोन, **कम्प्युटर**-लोक्लाद्, घडी-छयुछोद, रेडियो-गाम्लु, टिभी-ग्याङ्तोन), क्याल्कुलेटर, साइबर क्राइम, सुरक्षित इन्टरनेट, सिकाइ पोर्टल। |
| | | स्थानीय नाप र आधारभूत गणितीय ज्ञान, सिप र प्रयोग | **अङ्क**-अङ्की, **सङ्ख्या**-ट्राङ्ग, **परिमाण**-ट्राङ्बोर, **गन्ती**-ट्राङ्का, **नाप**-छोताङ्, **तौल**-जिलोद, जिछद, **लम्बाइ**-रिङथुङ, **क्षेत्रफल**-ग्याछयेन, साग्र्यां **आकार**-श्होप्रा, जोप्रा, **प्रकार**-नागा, **समय**-त्हुइछोद्, **रङ**-छोइ, छोइदोग, **जोड**-दोम, नोन, **घटाउ**-थेन, च्योक्चे, **गुणा**-ग्युर, ग्युर्ची, **भाग**-गोचे, **प्रतिशत**-ग्याछया, **दशमलब**-छाक, च्यु छया, दिन, बार, महिना, वर्ष, पात्रो, ट्राङ, सेर, ट्रेह, फक्टीन, मानु, गिउरी, ठु, थो, जुब, सेमो, दोबा, क्होन्बा **।** |
| ६. | **हाम्रो खेल तथा मनोरञ्जन, रमणीय स्थल र पर्यटन विकास** | खेल तथा मनोरञ्जन | (**खेलहरू**-चेमो त्हाङ् य्हा य्हा, **बालबालिकाको खेल**-टुको चेमो/य्हाया, **प्रौढले खेल्ने खेल**-मि छयेपो चेमो, **चाडपर्वको खेल**-त्हुइछयेन चेमो, **प्रतियोगिताका खेल**-ठ्राप्नोनको चेमो, (मुसा बिरालो, रूमाल लुकाउने, तातो आलु, डोरि तान्ने, हुप्लेसिङ्, एक खुट्टे, गीत, सङ्गीत, संवाद, गाउँखाने कथा, अन्तक्षरी गीत, उद्घोषण, चित्रलेखन-ट्रिक्ङ्याम, लुकामारी-हिप्ट्रे, दन्त्य कथा, बाघचाल, चेस, लोकदोहोरी, कपर्दी, उखान, देउसी भैलो), खेलकुद, दौड, घोडा दौड, कपर्दी |
| | | रमणीय र पर्यटकीय स्थलहरू | (**रमणीय स्थल/ठाउँ**- प्राकृतिकः पार्क, चौतारा, भन्ज्याङ, हिमाल, ताल, झर्ना, नदी, तातोपानी मूल, **धार्मिक कार्य**, गुम्बा, पूजा, धार्मिक मेला र पर्व, **सांस्कृतिक**-नाचगान, गीतसङ्गीत-सम्पदाः चाडपर्व, पदमार्ग, अथिति सत्कार, होटेल, पर्यटन प्रवर्धन, ताल, हिमाल, नदी, छहरा/झरना, पर्यटन विकास र सम्भावना, स्थानीय लोकप्रिय रमाइलो ठाउँहरू हिमालःसैपाल, तील, क्हँछयु, छुङ्सा, भन्ज्याङ नारा, न्यालु, लाप्चा, साँगे, पारा, चाला, तालः छोम्गु, सेलिमा, छुङ्सा, उपत्यका तलुङ, लिमी, रानी सैन, चौरः याल्वाङ, यारी, सल्ली, छुङ्सा, लिमी, लेकधिंगा, केर्मी तातोपानी, झरना/छहराः च्याछहरा, छुङ्सा, नदी/खोलाः कर्णाली, बुङ्छये, तलुङ, टाक्ची, ङिङ्खोला, सल्ली, याङ्गारखोला, काराङखोला, ताकोरखोला, हेप्काखोला |

| | | | |
|---|---|---|---|
| ७. | **हाम्रो सामाजिक संस्था, विकास र सेवा प्रवाह** | सामाजिक सङ्घसंस्था र सेवा प्रवाह | (**वडा कार्यलय**-ग्हुल्वी लेखाङ, **सेवा**-श्याब्शु , पञ्जीकरण-थोगोद्, जन्म-, विवाह, मृत्यु **दर्ता**-यिग्थो, **सिफारिस**-ङोटोद्गी यिगी, **आफन्त**-ङ्यानपुन छोग्पा, **सामाजिक**-च्यिछोग, **सुरक्षा**-स्रुङक्योप, **सामाजिक संरचना**-च्यिछोग जोम्रा, **मूल्यमान्यता**-च्यीछोग नेताङ, **छात्रवृत्ति**-लोपयोन, **स्वास्थ्य सुरक्षा**-ठ्रोतेन दाम्पो, **समूह**-छोग्पा, **क्लब**-छोग्च्युङ, **उपभोक्ता समिति**-लेत्होन छोग्पा, **शिक्षा**-लोप्ज्योङ, **सङ्घसंस्था**-छोगड्रीग, **पूर्वाधार विकास**-माङशही ग्हार्गे, **शैक्षिक संस्था**-लोपडेर खाङ, **बैङ्क**-ङुल खाङ, स्वास्थ्य संस्था, **सहकारी**-लेड्रेल छोग्पा, सार्वजनिक स्थल, |
| | | हाम्रो सामाजिक समस्या र समाधान | **घरेलु**-ख्यिम नाङ्गी, **हिंसा**-नोद्जान्, ठ्रुग्पु, **बालविवाह**-ज्यीवि प्हालेन, ट्रुग्को प्हालेन, **बालश्रम**-ट्रुको लाइयोग्, **बोक्सीप्रथा**-सोन्ड्रे, सिन्ड्रे यित्छ्ये, **वलिप्रथा**-स्रोग्च्योद, ङ्येलु प्रथा, **बहुविवाह**-नामा माङ्पो लुक्स्रोल, **मदिरापन**-छ्याङ आराग तुङ्जे, **झैझगडा**-ङिमु, ड्रा-ठ्रुग्पा, **जुवातास**-स्यो-प्हाग्, **दुर्व्यवहार**-च्योद्पा ङान्पा, **सामाजिक विवाद**-च्यीछोग शीङ्छ्या, **द्वन्द्व**-माग्ठ्रुग, **सार्वजनिक सम्पत्तिको दुरपयोग**-च्यीछोग ङ्याम च्योइ, **अनियमित र भ्रष्टचार**-लाइङान, कोग्ङान, **भेदभाव**-याबेद, **असमान**-मिच्यिग, मिड्रिग, छ्याङ्योम मेता, **झुटो बोल्नु**-जुन ड्रीग्च्ये, **चोरी**-कुन्मा, **डकैती**-च्याग्पा, **मानव बेचबखान**-मिछोङ, **गरिवी**-मेत्पु, **सामाजिक चेतना**- च्यीछोग त्होनाङ |
| | | स्थानीय विकास र प्रवर्धन | **विविधता**-नाछोग, **बालबालिका**-ट्रुको, च्हीवा, **युवा**-नाछ्युङ, ख्योग्तोङ, **लिङ्ग (सेक्स)** -फोमो छोन्ताग **महिला**-केमा, प्हुमो, **पुरूष** - प्हु, प्हुचा, **सामाजिक लिङ्ग (जेन्डर)** - फोमो येवा, **ज्येष्ठ नागरिक**-गनगुन, **अपाङ्ग**-नुइमेत, **समावेशी**-छाङ्गा थेहे, सहभागिता, **समान**-छ्या ङ्योम, **नागरिक**-मिसेर, **विभेद**-याबेद, **इन्धन**-जाइ, **विषयगत**-त्होन ड्रीक्पी, **समिति**-छोग्च्युङ, परोपकार-ज्यीन्वा, समाजसेवा-फान्तोग, शिक्षा प्रणाली, स्थानीय मातृभाषा अध्ययन, **संरक्षण**-स्रुङक्योप, **प्रयोग**-प्हेच्योद, अध्ययन अनुसन्धान, उपभोक्ता सचेतना, विकास कार्यमा सूचना सञ्चार प्रविधिको पहुँच र प्रयोग। |
| ८. | **हाम्रो वातावरण संरक्षण र विपद व्यवस्थापन** | स्थानीय भूगोल, धरातलीय स्वरूप, हावापानी र मौसम | (**प्राकृतिक**-रङज्युङ, **जल**-छ्यु, **जमिन**-सा, **वायु**-लुङ्, **स्रोत साधन**-होङ्सा, थोन्सा, **खोलानदी**-लुङ्बा, **हिमाल**-क्हाँ, **डाँडाकाँडा**-रि बोग, रिरोङ, **वनजङ्गल**-रि, सिंना, **जडीबुटी**-मान्चा, **वन्यजन्तु**-समच्येन, **मौसम**-नम्सी र **हावापानी**-नम्सी, **खर्क**-ट्रोङ, **तापक्रम**-छाट्रङ, **ऋतु**-नमत्हुइ, **वसन्त**-सोयका, **वर्षा**-यार्का, **हिउँद**-गुन्खा, **शरद**- तोङ्खा, **दिन वार**-श्याग, जा, **महिना**-दा/दावा, **वर्ष**-लो, **वर्षा**-छ्यार छ्यु/छ्यार्वा, हिउँ, असिना, हावा, चिसो, **पात्रो**-लोथो, गर्मी-छादी, चिसो, जाडो-ट्राङ्गु, बादल-ट्रिन्बा, कुहिरो-मुँग्पा, हुस्सु, **थोलोद**-उचाइ |
| | | स्थानीय प्राकृतिक सम्पदा | **स्थानीय**-सानाय, **वनजङ्गल**-सिङनाग्, **वनस्पति**-सिङदोङ्, **खोलानाला**-लुङ्पा, **नादी**-चाङछ्यु, **ताल**-छो, पोखरी, **झर्ना**-छ्यार-ख्याप, **हिमाल**-क्हाङ, |

| | | | |
|---|---|---|---|
| | | | **डाँडा**-बोक्तु, **पहाड**-लाह्, **जडाबुटी**-मान्चा, **वन्यजन्तु** वा **जीवजन्तु**-सेमच्येन, सेमच्येन, **भन्ज्याङ**-ला, तोङ् ङयाक्, **उपत्यका**-लुङस्योङ, **चरन फाँट**-चरी, **पानीका स्रोत**-छयुम्गो, छयु थोन्सा, **खनिज**-तेर (स्थानीय लोकप्रिय, ऐतिहासिक, धार्मिक, रमाइलो ठाउँहरूको नाम, विशेषता) |
| | | स्थानीय विपद र जोखिम व्यवस्थापन | **मानव सृजित**-मिजोइवी केन, **प्रकृतिक विपत्ति**-रङज्यूङ गी नोद्छे, **भूकम्प**-सगुल/सायोम, **आगलागी**-म्हे श्हुचे, खडेरी-नम्य्हाग्, **बाढीपहिरो**-श्योलोग/छयुलोग, **चिसो**-ठ्राङ्गो, **ढुङ्गा खस्ने**-बोप ग्याक्च्ये, **हिमपहिरो**-रूद, **हावाहुरी**-लुङछयेन, असिना-सेर्रा, हिमपात-खाह, **चट्याङ**-डुग ग्याग्चे, **सरुवा रोग**-फोइ नाद/गोइनाद्, **महामारी**-रीमनाद्, खडेरी, सडक सुरक्षा, ट्राफिक नियम र सङ्केत, (**पानी र वायु प्रदुषण**-छयु, लुङ् बाचोग, **कारण**-ग्युम्छान र **रोकथाम**-गोग्थाप/थाब्से), **प्राकृतिक प्रकोप**-रङ्ज्युङगी केनङान, **जोखिम व्यवस्थापन**-ङ्यान्खा च्योक्पी ट्रडिग, विपद योजना र पूर्व तयारी, **राहत**-क्योप्सु, **उद्धार**-क्योप लाय, रोग्रेम, |

## २. स्थानीय पाठ्यक्रमको अवधारणा र विकासका चरणबद्ध कार्य

**तालिका नं. -११**

| क्र.सं. | मिति | भएका क्रियाकलाप (तालिम/बैठक/निर्णय) | कैफियत |
|---|---|---|---|
| १. | २०६९/१२/११ देखि २० गते | शैक्षिक तालिम केन्द्र, सुर्खेतमा मातृभाषा तथा बहुभाषी शिक्षक तालिमको लागि प्रशिक्षक प्रशिक्षण (ToT) तालिम सञ्चालन (स्थानीय पाठ्यक्रम निर्माण अभ्याससहित) | जिल्ला शिक्षा कार्यालय हुम्लाको समन्वयमा |
| २. | २०७० जेठ १६ देखि २५ सम्म | जिल्लाको २४ वटा सामुदायिक विद्यालयका शिक्षकहरूलाई मातृभाषा तथा बहुभाषी शिक्षक तालिम सञ्चालन | शैक्षिक तालिम केन्द्र सुर्खेतको सहयोग र जिल्ला शिक्षा कार्यालय हुम्लाको समन्वयमा |
| ३. | २०७० कात्तिक १० देखि १९ सम्म | जिल्लाको २० वटा सामुदायिक विद्यालयका शिक्षकहरूलाई मातृभाषा तथा बहुभाषी शिक्षक पुनताजकी तालिम सञ्चालन (स्थानीय पाठ्यक्रम निर्माण र अभ्याससमेत गरेको) | शैक्षिक तालिम केन्द्र बाँकेको सहयोगमा र जिल्ला शिक्षा कार्यालय हुम्लाको समन्वयमा |
| ४. | २०७० कात्तिक १५ | बहुभाषी शिक्षक तालिमले स्थानीय भाषामा पाठ्यक्रम र सन्दर्भ सामग्री आवश्यक भएको र सो निर्माण तथा व्यवस्थापनको लागि सङ्घसंस्था, स्रोत केन्द्र र जिल्ला शिक्षा कार्यालयको सहयोगमा निर्माण तथा व्यवस्थापन कार्यको पहल गर्ने निर्णय र सहयोग माग प्रस्ताव गरेको। | स्रोत व्यक्ति, सङ्घसंस्थाको प्रतिनिधि र तालिममा सहभागी शिक्षकहरू |
| ५. | २०७० असार २२ | हिमाली बाल समाज र आई.एस. आइ.एस. चिल्ड्रेन्स फाउन्डेनको संयुक्त आयोजनामा जिल्ला शिक्षा कार्यालयमा जिल्ला स्तरीय शिक्षा सरोकार पक्ष सङ्घसंस्थाहरू बिच १ दिनको कार्यशाला गोष्ठी सञ्चालन, उक्त गोष्ठीमा स्थानीय | जिल्ला शिक्षा अधिकारी कुलबहादुर फडेरा, स्रोत व्यक्तिहरू छविलाल पन्थी, गङ्गाप्रसाद भट्ट, कुमार लामा, |

| | | | |
|---|---|---|---|
| | | पाठ्यक्रम स्वीकृत भएको मात्र सहयोग क्षेत्रका विद्यालयहरूमा विद्यालयहरूमा पठनपाठन गर्ने भन्ने छलफलबाट स्थानीय सन्दर्भ र विषयवस्तुमा स्थानीय पाठ्यक्रम निर्माण नभएकोले बौद्ध महासङ्घबाट तयार गरेको भोट-भाषा पुस्तकलाई, भाषा र लिपि सिकाइ प्रयोजनमा लागु गर्ने निर्णय गरेको थियो। | बोधराज पन्थ र कन्जोक लामा, अङ्गबहादुर लामा, किर्डाक नेपाल, गुड नेबर्स संस्था। |
| ६. | २०७९ असार ४ गते | नाम्खा गाउँपालिकाले शिक्षा सरोकार समूहबिच स्थानीय शिक्षा ऐन मस्यौदा माथि सुझाव सङ्कलनमा, ऐनको दफा ७ (३) मा स्थानीय आवश्यकताको आधारमा स्थानीय पाठ्यक्रम तयार गरी लागु गर्ने उल्लेख भई पारित भएको | गाउँशिक्षा समिति पदाधिकारी, विव्यस, प्रअ, शिक्षामा सहयोग गर्ने सङ्घ संस्थाको सहभागितामा |
| ७. | २०८० साउन २८ गते | कन्जोक लामाद्वारा नाम्खा गाउँपालिकामा स्थानीय पाठ्यक्रम तथा मातृभाषाको सम्भावना र चुनौती विषयक गोष्ठी कार्य-पत्र गाउँ शिक्षा समितिसमक्ष प्रस्तुत तदपश्चात् कार्यपत्रमाथि उपस्थित सरोकारवाला बुद्धिजीवीबाट टिप्पाणी, राय-सुझाव सङ्कलन | गाउँ कार्यपालिका सदस्यज्यूहरू र शिक्षा समितिका सदस्यहरू, विद्यालयका प्रअज्यूहरू समक्ष प्रस्तुत गरेको। |
| ८. | २०८० साउन २८ गते | सोही कार्यपत्रपश्चात् स्थानीय पाठ्यक्रम निर्माणको आवश्यकता बोध गरी नाम्खा गाउँपालिका सामाजिक समितिको संयोजक श्री सम्क्यप तामाङज्यूको अध्यक्षतामा नौ सदस्य रहने गरी स्थानीय पाठ्यक्रम निर्माण कार्यदल वा समिति गठन गरी कार्य प्रारम्भ गर्ने निर्णय गरेको। | गाउँकार्यपालिका सदस्यज्यूहरू, शिक्षा समितिका सदस्यहरू, विद्यालका प्रअज्यूहरू उपस्थिति रहेको। |
| ९. | २०८० भदौ २० गते | नाम्खा गाउँपालिका र शिक्षा तथा खेकुद शाखा समक्ष स्थानीय पाठ्यक्रम निर्माण समितिको तर्फबाट कार्ययोजना-सहित प्रस्ताव योजना पेस गरिएको। २०८० पुस ८ गते अध्यावधिक र योजनाअनुसार कार्य प्रगतिको जानकारी। | स्थानीय पाठ्यक्रम निर्माण समिति सदस्य कन्जोक लामाले तयार गरी पेस गरेको। |
| १०. | २०८१ वैशाख १९ र २१ | नाम्खा गाउँपालिका शिक्षा समिति समक्ष स्थानीय पाठ्यक्रम अवधारणा, विकासक्रम, निर्माण प्रगति र कार्यन्वयनका चरण सम्बन्धमा प्रगति प्रतिवेदन प्रस्तुत, २१ गते सरोकार पक्षबाट प्रगति प्रतिवेदन (थिमगत) छलफल गरि सो माथि सुझाव सङ्कलनबाट अन्तिम प्रतिवेदनको मस्यौदामा समेट्ने कार्यशाला सम्पन्न गरेको। | महाबौद्ध मावि, याल्वाङमा सरोकार पक्ष र विद्यालका प्रअ, शिक्षक र बालक्लब सदस्यज्यूहरू उपस्थिति रहेको |
| ११. | २०८१ असार १ गते | सरोकार पक्षको सुझावहरूलाई समेटेर अन्तिम मस्यौदा तयार गरी प्रस्तुत गर्ने कार्यबाट थप सुझावसहित विषय र भाषा विज्ञको सम्पादनबाट अन्तिम प्रति तयार गरी स्वीकृतिका लागि गाउँ कार्यपालिकामा पठाइ छपाइ प्रक्रियामा अगाडि बढाउने निर्णय। | गाउँकार्यपालिका सदस्यज्यूहरू, शिक्षा समितिका सदस्यहरू, विद्यालका प्रअज्यूहरू उपस्थिति रहेको। |

## सुझाव सङ्कलन तथा अन्तर्क्रिया

(२०८१ वैशाख १९, २१ र असार १ गते)

**नाम्खा गाउँपालिका केन्द्र, याल्वाङ**

### अन्तर्क्रिया छलफलका सहभागी तथा सुझावकर्ताहरू

**तालिका-१२,**

| **क्र.सं.** | **नाम, थर** | **पद/कार्यालय/विद्यालय** | **कैफियत** |
|---|---|---|---|
| १. | पासाङ लामा - प्रअ | श्री मोतिराम आधारभूत विद्यालय, नाम्खा-३ | |
| २. | धर्मनन्द लामा - प्रअ | श्री बुद्ध आधारभूत विद्यालय, नाम्खा-१ | |
| ३. | फुन्जोक लामा - प्रअ | श्री तातोपानी आधारभूत विद्यालय, नाम्खा-२ | |
| ४. | उर्गेन लामा - प्रअ | श्री खासारपानी आधारभूत विद्यालय, नाम्खा-५ | |
| ५. | प्रकास लामा - प्रअ | श्री नामोबुद्ध आधारभूत विद्यालय, नाम्खा-१ | |
| ६. | धनराज सिहं - प्रअ | श्री सत्य आधारभूत विद्यालय, नाम्खा-३ | |
| ७. | रामबहादुर शाही - प्रअ | श्री च्याछहरा आधारभूत विद्यालय, नाम्खा-२ | |
| ८. | हरिनारायण चौधरी - प्रअ | श्री अरनिको आधारभूत विद्यालय, नाम्खा-५ | |
| ९. | कर्णबहादुर ऐडी - प्रअ | श्री खिरपानी आधारभूत विद्यालय, नाम्खा-५ | |
| १०. | पदमबहादुर लामा - प्रअ | श्री नाम्खा ख्युङ्जोङ आधारभूत विद्यालय, नाम्खा-१ | |
| ११. | लक्ष्मण थापा - प्रअ | श्री महाबौद्ध माध्यमिक विद्यालय, नाम्खा-४ | |
| १२. | पेमा थार्चिन लामा - शिक्षक | श्री महाबौद्ध माध्यमिक विद्यालय, नाम्खा-४ | |
| १३. | छेवेल डुक्के - मातृभाषा शिक्षक | श्री महाबौद्ध माध्यमिक विद्यालय, नाम्खा-४ | |
| १४. | कर्णजित बुढा - प्रअ | श्री सुनखानी आधारभूत विद्यालय, नाम्खा-६ | |
| १५. | नारायण लामा - प्रअ | श्री नम्डुछोमु आधारभूत विद्यालय, नाम्खा-१ | |
| १६. | रामराज शाही - प्रअ | श्री कर्णाली माध्यमिक विद्यालय, सिमकोट -७ | |

**समाप्त**